# भाग -१

## १. परिचय (Introduction)

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the study)

कुनै पनि पेशा वा व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिताले नैतिक अनुशासनको रूपमा काम गरेको हुन्छ । प्राचीन युगमा सामाजिक अनुशासन कायम गर्न र समाजलाई व्यवस्थित रूपमा संचालन गर्नका लागि धार्मिक र सामाजिक नियमको रूपमा आचारसंहिता प्रयोग भएको थियो । विश्वमा सञ्चार माध्यमको विकास हुँदै गएपछि सञ्चार क्षेत्रमा जटिलता उत्पन्न हुन थाल्यो भने संचारकर्मीहरूबाट प्रेस स्वतन्त्रताको दुरूपयोग हुन थाल्यो । यसले गर्दा उनीहरूले गरेका कार्यहरू पत्रकारिताको धर्म विपरित हुन थाल्यो । १९ औ शताब्दीको शुरूवातदेखि सूचना बाँडफाडलाई व्यवस्थित पार्न र सामाजिक मर्यादा कायम गर्नका लागि आचारसंहिताको महसुस गरिएको थियो । आमसञ्चार माध्यममा संलग्न भई काम गर्ने संचारकर्मी र पत्रकार भनेका समाजमा सूचनाका संवाहक हुन् । सत्यतथ्यमा आधारित सूचना सम्प्रेषण गरी आम जनतालाई सुसूचित पार्नु पत्रकारहरूको कर्तव्य हो । विद्वानहरूको मतमा पत्रकार आचारसंहिता एक किसिमको नैतिक बन्धन हो । तर यो राज्यद्वारा निर्माण हुने कानुन भने होइन । यस्तो आचारसंहिता विश्वमा पत्रकारिता क्षेत्रसँग सम्बद्ध संस्थाहरू जस्तैः प्रेस काउन्सिल, पत्रकार संघ, समाचार समिति, सञ्चार गृह र पत्रकार स्वयंले आफूलाई पत्रकारिता पेशाप्रति मर्यादित तथा व्यवस्थित गर्नका लागि बनाएका हुन्छन् । समाचार संस्थामा कार्यरत पत्रकारहरूको कार्यप्रणालीलाई गतिशीलता प्रदान गर्न एवं कानुनी द्विविधा, भाषागत प्रयोग र उपहार लिने नलिने बारेमा पुस्तिका निर्माण गरेका हुन्छन् । यो पनि एक किसिमको आचारसंहिता नै हो । पत्रकार आचारसंहिताले संचारकर्मीहरूलाई पत्रकारिताको अभ्यासमा आइपर्ने कठिनाईहरूबाट बचाउँछ । आचारसंहिता हरेक मुलुकको शासन व्यवस्था, धार्मिक, सांस्कृतिक, सञ्चारमाध्यमको विकासको स्थिति र शैक्षिक अवस्था अनुसार फरक फरक हुन सक्छ ।

विश्वमा १९ औं शताब्दीको अन्तितिर प्रेस काउन्सिलको अवधारणा देखापरेपछि *स्वीडेन*मा सन् १९१६ मा प्रेस काउन्सिल गठन भएको हो । सन् १९२३ मा ***अमेरिकन न्यूज पेपर्स एडिटर सोसाइटीद्वारा*** पत्रकारिताको उच्च व्यावसायिक मापदण्डलाई प्रोत्साहित गर्न बनेको आचारसंहितालाई विश्वमा पहिलो पत्रकार आचारसंहिताको रूपमा लिइन्छ । त्यसपछि सन् १९२३ मा अमेरिकन सोसाइटीको Canon of Journalism / International Principle of Ethics in Journalism जस्ता निश्चित आचारसंहिता जारी भएको थियो । पाश्चात्य मुलुकहरू जस्तैः *जर्मनी, अमेरिका, बेलायत*मा विश्वमै पहिला आमसञ्चारको विकास भएकाले तिनीहरूलाई व्यवस्थित गर्नका लागि सबै भन्दा पहिले देखि नै आचारसंहिता निर्माण भयो । तर विकासोन्मुख मुलुकहरूमा धेरै पछि सञ्चार माध्यमहरूको विकास भएकाले विकसित मुलुकको तुलनामा धेरै पछि मात्र आचारसंहिता निर्माण भएको पाइन्छ । हुन त तेस्रो विश्वमा सूचना सुदृढ पार्न र पत्रकारको नैतिक मूल्यमा जोड दिन सन् १९७७ मा 'Sean Mc. Bride Commission' को गठन भएको थियो । यसले पत्रकार आचारसंहितालाई पत्रकारिताको अभ्यास गर्दा विभिन्न परिस्थितिमा आइपर्ने समस्या र द्विविधाबाट छुट्कारा पाउने आत्मनिर्देशन मानेको छ ।

"Code of Conduct shows inner direction for the individual decisions in the various situation and dilemma which comfort him/her in his/her professional work" (*International communication community and change– Daya Kishan Thussu).*

*भारत*मा सन् १९५४ को प्रेस आयोगले काउन्सिल स्थापनाको सिफारिस गरेको निक्कै लामो समयपछि सन् १९६५ मा औपचारिकरूपमा प्रेस काउन्सिल बन्यो । त्यस्तै *पाकिस्तान*मा सरकार र काउन्सिल अफ पाकिस्तान बीच सम्झौता भई सन् १९६५ मा त्यहाँको संसदद्धारा आचारसंहिता जारी भएको पाउँछौ । यता *श्रीलंका*मा सन् १९८१ मा त्यहाँको संसदद्धारा र *बंगलादेश*मा सन् १९७० को अन्त्यतिर आचारसंहिता जारी भएको थियो ।

पत्रकार आचारसंहितालाई Code of Conduct, Canon of Journalism, Ethics in Journalism, Declaration of right and obligation जस्ता विविध शीर्षकहरूमा समेटेको पाइन्छ । स्वच्छ र स्वस्थ अभ्यासद्धारा सरकारप्रति प्रत्यक्ष वा परोक्ष कुनै पनि रूपबाट प्रभावित नभई जनमतलाई परिचालन गर्नु, स्वच्छ र स्वतन्त्र रूपमा विचारको विनिमय, सूचनाको प्रवाह, तथ्यको खोजी, मतको संकलन, विचारको अभिव्यक्ति गर्न पाउनु नै सञ्चार साधनको प्रजातान्त्रिक उपभोग गरिएको मानिन्छ । प्रेस अमर्यादित भयो भने स्वच्छ जनमतको सृजना गर्नेतर्फ भन्दा विनासको बाटोलाई निम्त्याउँछ । जवाफदेही विनाको स्वतन्त्र अन्याय सिर्जना गर्ने शक्तिशाली उपकरण मात्र बन्न पुग्दछ । स्वतन्त्रता निरंकुश र स्वेच्छाचारी कार्य गर्ने प्रमाणपत्र होइन । प्रेस स्वतन्त्रता र प्रेस नैतिकता निकट रूपमा अन्तरनिर्भर छन् । प्रेस विना प्रेस नैतिकता हुँदैन र प्रेस नैतिकता विना प्रेस स्वतन्त्रता जीवित रहन सक्दैन । यसैलाई आत्मसाथ गरी आचारसंहिताको निर्माण हुन पुगेको पाइन्छ ।

## १.२ अवधारणाको विकास (Development of Concept)

सन् १४५५ मा जर्मनीमा जोन गुटेनवर्गले छापाखानाको आविष्कार गरेपछि आमसञ्चारको विकासमा यसले ठूलो योगदान दिएको मानिन्छ । त्यसै वर्ष गुटेनवर्गले सोही छापाकलबाट तीन सय थान वाइवल मुद्रण गरि पेरिस पठाएका थिए । बेलायतमा भने सन् १४७६ मा पहिलो मुद्रण पसलको स्थापना भयो । सन् १६६५ मा वेलायतमा पहिलो समाचारपत्र *अक्सफोर्ड ग्याजेट* प्रकाशित भयो । सन् १७०२ मा लण्डनबाट *डेली कुराण्ट* नामक अंग्रेजी भाषाको पहिलो दैनिक अखवार प्रकाशनमा आयो । उता अमेरिकामा सन् १५३५ मा पहिलो प्रिन्टिङ प्रेसको स्थापना भयो । सन् १६९० मा वोस्टन शहरमा बेञ्जामिन ह्यारिसले *पब्लिक अक्करेन्स* प्रकाशित गरे । त्यस्तै सत्रौं शताब्दीतिर बेलायतमा साप्ताहिक पत्रिका प्रकाशित हुन थाले । सन् १७०४ मा अमेरिकाबाट *वोस्टन न्युज लेटर* प्रकाशित भयो । यसरी समयको विकासक्रमसगै पत्रकारिताको विकास पश्चिमा मुलुक हुँदै अन्य मुलुकतिर फैलिएको पाइन्छ । पश्चिमा मुलुकमा पत्रकारिताको विकासको क्रममा १९ औं शताब्दीको अन्त्यतिर *जोसेफ पुलित्जर*ले भित्र्याएको पीत पत्रकारिता तथा *लर्ड नर्थ क्लिफ*को ***'पपुलर जर्नालिजम रेभुलेसन'*** ले निक्कै महत्वपूर्ण स्थान पाए । यी दुबैको समष्टिगत प्रयास समाचारलाई अतिरञ्जित बनाउनु थियो । उनीहरूको प्रयासले पत्रपत्रिकामा पाठकको संख्या ह्वात्तै बढ्यो, तर पत्रपत्रिकामाथि विश्वास त्यसरी नै घट्यो । छोटो समयमा नै यसप्रकारको *'सनसनीपूर्ण'* विवादको घेरामा पर्‍यो । त्यसपछि पश्चिमी मुलुकमा पत्रपत्रिकाले निश्चित मापदण्डभित्र आफूलाई राख्नुपर्ने अवधारणा ल्याए । त्यसै अनुरूप विभिन्न देशहरूमा आचारसंहिता निर्माण र परिपालन गराउने

निकायको सम्बन्धमा फरक-फरक प्रयासहरू भए । कतिपय मुलुकमा पत्रकारितासँग सम्बन्धित संघ, संस्थाहरू आफैले आचारसंहिताको निर्माण गर्ने र त्यसको पालना गर्ने गराउने अभ्यास गर्दै आएको देखिन्छ । प्रेस काउन्सिल र पत्रकारहरूका संघ, संगठनहरूले नै आचार संहिताको निर्माणमा पहल गरेका दृष्टान्तहरू प्रशस्त छन् । पत्रकारिता जगत आफैंले तयार पारेको मापदण्ड अनुरूप आचारसंहिता बनाउँदा नै प्रभावकारी भएको पाइएको छ।

विश्वमा १९ औं शताब्दीको अन्ततिर प्रेस काउन्सिलको अवधारणा आएपछि *स्वीडेन*मा सन् १९१६ मा प्रेस काउन्सिल गठन भएको हो । सन् १९२३ मा ***अमेरिकन न्यूज पेपर्स एडिटर सोसाइटीद्वारा*** पत्रकारिताको उच्च व्यावसायिक मापदण्डलाई प्रोत्साहित गर्न बनेको आचारसंहितालाई विश्वमा पहिलो पत्रकार आचारसंहिताको रूपमा लिइन्छ । यसपछि सन् १९२३ मा अमेरिकन पत्रकारिता सोसाइटीको Canon of Journalism / International Principle of Ethics in Journalism जस्ता निश्चित आचारसंहिता जारी हुन गएको थियो । "सम्पादकलाई घोषित आचारसंहिताले पनि निर्देश गरेको हुनसक्छ यदि त्यस्तो संहिता मौजूदा छ वा छैन भने सम्पादकले पेशागत अघोषित आचरणबाट वा अभ्यासको अनुभवबाट जे जस्तो अवधारणा बनाएको हुन्छ त्यसैको आधारमा निर्णय गर्दछ वा व्यक्तिगत अवधारणा प्रक्रिया (Individual intuitive process) द्वारा निर्णयमा पुग्दछ । सन् १९८६ फेब्रुवरीमा *स्वीडेन*का तत्कालीन प्रधानमन्त्री ***ओलफ पामी***को स्टकहोममा हत्या भएपछि वास्तविक हत्यारा को हो भन्ने खुल्दुली जनमानसमा व्यापक भयो । सञ्चारमाध्यमले विश्वस्त सूत्रबाट शंकास्पद व्यक्तिका हुलिया प्राप्त गर्न थालेपछि शंकाको घेरामा परेको एक जना व्यक्तिलाई *'३१ वर्षे मानिस'* मात्र भनेर वर्णन गरेका थिए । यो मानिसलाई शंकाको घेराबाट बाहिरिएपछि अर्को शंकास्पद व्यक्ति देखा परेपछि उसलाई पनि *'४१ वर्षे मानिस'* मात्र भनेर हूलिया दिएका थिए । *स्वीडेन*का सञ्चारमाध्यमको यस किसिमको अभ्यास त्यस मुलुकको आचारसंहिताको जीवन्त परम्पराबाट प्रभावित भएको छ" ।[१]

"शान्ति प्राप्तिका लागि नैतिक आचारण र ज्ञानको जरूरत हुन्छ । आचारसंहिता नैतिक दर्शनशास्त्रको व्यापक अध्ययनको विषय हो । यसले हरेक घटना, कार्य र क्षेत्रसँग सम्बन्ध राख्छ । आचारसंहिताले पत्रकार भएर नैतिक दायित्व निर्वाह गर्दा लिनुपर्ने सजकता तथा परिमाणले गर्ने पेशागत द्विविधाहरूका बारेमा विषयवस्तुलाई सीमित गर्ने काम गर्दछ । सञ्चारमाध्यममा कार्य सम्पादन गर्दा आइपर्ने समस्याहरूको समाधानका लागि केहि सर्वस्वीकार्य मान्यताहरूको आवश्यकता पर्छ, जसको अनुशरणले सबै पक्षलाई पारस्परिक फाइदा पुऱ्याउँछ । आफ्ना सामुन्नेमा रहेका परिस्थितिको समीक्षा गर्नु, त्यसको सामाजिक असर पार्ने व्यक्ति वा समूहको पहिचान गर्नु, आफ्ना आस्था र विश्वास तथा पेशागत उत्तरदायित्व बीच सजग रहनु, त्यस्तो स्थितिसँग संलग्न अन्य व्यक्ति वा समूहहरूको आस्था र विश्वास पत्ता लगाउनु र आफूले गरेको निर्णय तथा कार्यले ल्याएको परिणामलाई मूल्यांकन गर्दै भविष्यमा त्यस्तो स्थितिप्रति अपनाइनुपर्ने व्यवहारका वारेमा निष्कर्ष निकाल्न सजिलो होस् भन्ने लक्ष्य आचारसंहिताले राख्दछ । यस्ता विवेचनाले पत्रकारलाई आफ्नो नैतिक धरातल तथा अवस्थाप्रति परिचित गराउँछ, जसले निश्चित समयमा उसको सूचना प्रवाहको क्षमतालाई स्वतस्फूर्त रूपले निर्देशित गर्छ"।[२] तसर्थ

[१] यो अंश प्रा. लालदेउसा राईले "पत्रकारिता तथा आमसञ्चारमा नैतिकताको प्रश्न" सम्बन्धी कार्यपत्रमा प्रस्तुत गर्नु भएको हो ।
[२] मैनाली, रघु, रेडियो वचन-२०५९ पृष्ठ १६ ।

आचारसंहिताको पालना गर्ने कि नगर्ने पत्रकारहरूको स्वेच्छामा भर पर्दछ । सञ्चार माध्यममा दण्ड विधानको अभावले गर्दा यसको पालना ऐच्छिक हुन्छ । तर अधिकांश आचारसंहिताहरू बीच पत्रकारिताका सर्वसम्मत विधान र मूल्यबारे धेरै अन्तर भने पाइँदैन ।

## १.३. आचारसंहिताको परिभाषा (Definition of Ethics)

Ethics ग्रीक भाषाको 'Ethos' बाट आरम्भ भएको हो । यसको अर्थ हुन्छ, चरित्र (Character) निर्माण । पत्रकारिताको नैतिक सिद्धान्त पत्रकारितामा के राम्रो, के नराम्रो तथा पत्रकारिताको कर्तव्य र दायित्व के हो भन्ने कुरासँग सरोकार राख्दछ । पत्रकारिताको सिद्धान्त पत्रकारले पालना गर्नुपर्ने नैतिक जिम्मेवारीका साथै पेशागत मूल्य, मान्यता र विवेकमा आधारित हुन्छ । यसर्थ पत्रकारिताको नैतिक सिद्धान्त भनेको पत्रकारिताको धर्म हो । यसलाई पत्रकारले पेशागत अनुशासन र नैतिक मूल्यका रूपमा पालना गर्नु पर्दछ । यो राज्यले निर्माण गरेको कानुन भने होइन । संचार माध्यमहरूले पत्रकारहरू लागि बनाएको यो सिद्धान्त पत्रकारहरूले सम्मान गरी व्यावसायिक जीवनमा पालना गर्दछन् । पत्रकारिताको नैतिक सिद्धान्त विस्तृत छ, जसअर्न्तगत पत्रकार आचारसंहिता पनि पर्दछ । पत्रकार आचारसंहिताले पत्रकार आफू कस्तो आचरणमा रहेर पत्रकारिताको अभ्यास गर्ने भन्ने जानकारी दिन्छ । नैतिक सिद्धान्तले पत्रकार भएर रहेपछि के-के गर्नु हुन्छ र के-के गर्नु हुँदैन तथा पेशाको केन्द्रबिन्दु के हुन्छ भन्ने बिषयमा बुझेको हुनुपर्दछ ।

कुनै पनि व्यावसायिक आचरणको सीमा वा नैतिक बन्धन नै आचारसंहिता हो । कुनै पनि पेशामा संलग्न व्यक्तिले के गर्न हुन्छ, के गर्न हुँदैन भनेर मापदण्ड निर्धारण गर्छन् । यही कामको सीमा नै आचारसंहिताका रूपमा लिंदै आएको पाइन्छ । तर, यो कुनै कानून नभै व्यावसायिक संस्थाहरूले नैतिक बन्धनमा रहन तयार गरेको सीमा मात्र हो । राज्यको चौथो अंग मानिने प्रेसले छाडा रूपमा प्रस्तुत हुँदा जनता सु-सूचितको ठाउँमा कुसूचित हुने खतरा सिर्जना हुन्छ । त्यसैबाट टाढा रहन आचारसंहिता प्रयोगमा ल्याइन्छ । आचारसंहिताको उद्देश्य पेशागत मर्यादा, नैतिक बन्धन, कानूनको सम्मान जस्ता विषयमा सचेत पार्ने हुन्छ । पत्रकारिताको अध्ययन गर्न सन् १९७७ मा युनेस्कोले गठन गरेको ***म्याक ब्राइड*** कमिसनले 'द्विविधाबाट उन्मुक्ति दिएर व्यावसायिकतामा जान मार्गदर्शन गर्ने कुरा नै आचारसंहिता हो' भनेको छ ।[३] "आचारसंहिताको परिभाषाका वारेमा आचारशास्त्रीहरूबीच मतऐक्य छैन । तर आचारसंहिताको अध्ययनका विषयमा भने धेरै आचारशास्त्रीहरूले सहमति जनाएका छन् । उनीहरूका अनुसार आचारसंहिताको अध्ययन क्षेत्र अन्तर्गत सामाजिक मूल्यको प्रकृति र व्यक्तिका स्वभाववबीचको द्वन्द्व र समझदारीलाई बुझाउँछ । तर आचारसंहिता प्रारम्भमै वैयक्तिक हुन्छ । यसले व्यक्तिका स्वतस्फूर्त बानी व्यहोरासँग सरोकार र सम्बन्ध राख्छ । यो व्यक्ति स्वयंद्वारा निर्मित र निर्देशित हुन्छ । यस सन्र्दभमा परिभाषित गर्दा पत्रकारहरूका लागि आचारसंहिता भनेको व्यक्तिका विवेकपूर्ण व्यवहारहरूको मौन सिद्धान्त हो । अर्को शब्दमा

---

[३] Thussu, Daya Kishan, International Communication continuity and change, page -46 "The Mc.Bride Commission Report".

भन्दा आचारसंहिता त्यस्तो विवेकपूर्ण सजकता हो, जसले व्यक्ति तथा पत्रकारका व्यवहारहरू तय गर्छ  साथै ठीक-वेठीक, असल-खराव तथा जिम्मेवारी- गैरजिम्मेवारी बीचको भेद छुट्याउने आधारभूत चेतना दिन्छ" ।[४]

यता प्राध्यापक *जोन मेरिल*ले आफ्नो पुस्तक *इम्परेटिभ अफ फ्रिडममा* आचारसंहिताले पत्रकारका कामकारवाहीको गुणस्तरसँग प्रत्यक्ष सम्बन्ध राख्छ भनेका छन् । त्यस्तै *कोलिनस डिक्स्नेरी अफ सोसियोलजी*का अनुसार आचारसंहिता दर्शनशास्त्रको त्यस्तो शाखा हो जसले नैतिकवान बन्नका लागि मानिसले के कस्ता कार्य गर्नुपर्छ भन्ने कुरासँग सरोकार राख्छ भनेका छन् । प्रजातान्त्रिक समाजले जवाफदेही विनाको प्रेस स्वतन्त्रतालाई अन्ततः ग्रहण गर्न मान्दैन । जहाँ जवाफदेही हुदैन, त्यहाँ स्वतन्त्रताको कुनै अर्थ रहँदैन । संयम, मर्यादित र जवाफदेहीपूर्ण पत्रकारिताले नै जनमतलाई सशक्त बनाउन सक्छ । यसैकारणले गर्दा पत्रकारिताको व्यावसायिक आचारण कायम गर्न निश्चित सिद्धान्तहरूका आधारमा तय गरेका मान्यता नै पत्रकारको आचारसंहिता हो । पत्रकारिता व्यवसायलाई उच्चतम, आदर्शमय, मर्यादित र जिम्मेवारीपूर्ण बनाउन पत्रकार *आचारसंहिता*को निर्माण गरिएको हुन्छ जसलाई परिपालन गर्नु पत्रकारहरूको व्यावसायिक कर्तव्य ठर्हछ ।

## १.४. प्रेस काउन्सिलको स्थापना (Establishment of Press Council)

प्रेस स्वतन्त्रताको संरक्षण र समाचारपत्रहरूको स्तर अभिवृद्धि गर्ने उद्देश्यले प्रेस काउन्सिलको अवधारणा उत्पन्न भएको हो । सर्वप्रथम सन् १९१६ मा *स्वीडेन*मा प्रेस स्वतन्त्रता र अखबारहरूको स्तर अभिवृद्धि गर्न प्रेस काउन्सिलको स्थापना भएको थियो । *वेलायत*मा पनि शाही प्रेस आयोगको सिफारिस बमोजिम सन् १९५३ मा *जनरल काउन्सिल अफ प्रेस* को नामबाट स्थापित संस्था पछि सन् १९६३ मा प्रेस काउन्सिलको रूपमा परिणत भयो । *भारत*मा सन् १९५४ को प्रेस आयोगले काउन्सिल स्थापनाको सिफारिस गरेको निकै लामो समयपछि सन् १९६५ मा औपचारिक रूपमा प्रेस काउन्सिल बन्यो । कतिपय वेलायती पूर्व उपनिवेशका मुलुकमा स्वेच्छिक निकायको रूपमा प्रेस काउन्सिल रहेता पनि पछिल्ला वर्षमा तेस्रो विश्वका धेरै मुलुकहरूमा विधायिकी कानुनद्वारा निष्पक्ष र स्वशासित अंगको रूपमा प्रेस काउन्सिलको स्थापना भएको पाइएको छ भने केहि मुलुकहरूमा ***"प्रेस अम्वुड्समयान"*** को स्थापना गरेर प्रेसलाई व्यवस्थित गर्ने गरेको पाइन्छ । *स्वीडेन*मा पनि पत्रकारले आपनो आचारसंहिताको उल्लङ्घन गरी गरेका कार्यहरू उपरका उजुरीहरू लिने र त्यसलाई निर्णयार्थ प्रेस काउन्सिलमा पठाउने कार्य प्रेस अम्बुड्सम्यानले गर्दछ । *बेल्जियम, जापान, अमेरिका*जस्ता मुलुकमा प्रेस काउन्सिल नभएता पनि त्यहाँका संवाददाता, सम्पादक र प्रकाशकहरूका संस्थाले आचारसंहिता परिपालनामा अग्रसरता देखाउँदै आएका छन् । राजनीतिक वातावरण नभएता पनि पत्रपत्रिकाको संख्यामा आएको वृद्धिसगै नेपालमा पनि प्रेस काउन्सिलको अवधारणा केही वर्षमै भित्रिएको थियो । "२०२४ सालमा गठन भएको *प्रेस सल्लाहकार समिति* वि.स. २०२७ सालमा *'प्रेस सल्लाहकार परिषद्'* को नाममा परिणत हुँदै अन्ततः २०२७ साल आश्विन ६ गते ११ सदस्यीय *प्रेस काउन्सिल* गठन भयो" ।[५]

---

[४] मैनाली, रघु, रेडियो वचन -२०५९, पृष्ठ १७

[५] छापाखाना र प्रकाशन ऐन, २०१९ को दफा ३० क मा उल्लेख

प्रेस स्वतन्त्रताको जगेर्ना गर्न स्थापना भएको प्रेस काउन्सिलमा हुने नियुक्तिले यसका कार्यलाई प्रभावित गर्दछ । *वेलायत*को ऐनमा स्वतन्त्र व्यक्ति अध्यक्ष र बाँकी पेशागत संगठनका प्रतिनिधि रहने ३७ सदस्यीय काउन्सिलको व्यवस्था छ । *भारतमा* भने लोकसभाका सभामुख, राज्यसभाका अध्यक्ष र प्रेस काउन्सिल सदस्यहरूबाट चुनिएको एक प्रतिनिधिको समितिले काउन्सिलको अध्यक्षको चयन गर्ने प्रणाली कायम रहेको अवस्था छ । *भारत*को प्रेस काउन्सिलमा २९ सदस्यीय रहने व्यवस्था छ, भने *नेपाल*मा सर्वोच्च अदालतको अवकाश प्राप्त न्यायधिश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट श्री ५ को सरकारबाट मनोनित व्यक्ति अध्यक्ष रहने गरी अध्यक्ष सहित १४ सदस्य रहने व्यवस्था गरेको छ। यसमा सर्वोच्च अदालतको अवकाशप्राप्त न्यायधिश वा वरिष्ठ अधिवक्ता वा पत्रपत्रिकाको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारबाट मनोनित व्यक्ति अध्यक्ष, प्रतिनिधी सभा र राष्ट्रिय सभाका सदस्य मध्येबाट अध्यक्षले मनोनित एक/एक जना सदस्य, नेपाल पत्रकार महासंघ सभापति एक जना, पत्रकार, सम्पादक र प्रकाशकमध्येबाट दुईजनाको हिसावले श्री ५ को सरकारले मनोनित ६ जना, श्रमजीवी पत्रकारबाट एक जना, पत्रकारिता क्षेत्रमा विशिष्ट योगदान गरेका व्यक्ति दुई जना, साहित्यिक पत्रकारिताबाट एक जना, र प्रेस सूचना विभागको महानिर्देशक सदस्य सचिव रहने व्यवस्था प्रेस काउन्सिल ऐन २०४८ ले गरेको छ।[६]

प्रेस काउन्सिल र आचारसंहिता आपसमा सरोकारका विषय हुन् । *नेपाल*मा प्रेस काउन्सिल ऐन २०४८ ले स्वस्थ पत्रकारिताको वातावरण बनाउने, स्वतन्त्रताको दुरूपयोग हुन नदिन आचारसंहिता बनाउने, सरकार र प्रेसबीचमा समन्वय गर्ने, पत्रकारिताको मर्यादामाथि हस्तक्षेप हुन नदिन प्रयत्नशील रहनेजस्ता उद्देश्य निर्दिष्ट गरेको छ । यी कार्यका लागि काउन्सिलले सरकारलाई प्रेससम्बन्धी नीतिमा सल्लाह दिने, आचारसंहिता लागू गर्ने, पत्रपत्रिकाको अद्यावधिक विवरण राख्ने, उजुरीहरूको सुनुवाइ गर्ने, पत्रपत्रिकाको अवस्थाका बारेमा सरकारलाई प्रतिवेदन दिनेजस्ता अधिकारहरू प्रदान गरेको छ । तर यस्ता जिम्मेवारी प्राप्त भएता पनि प्रेस काउन्सिलले त्यो अनुसार प्रेस स्वतन्त्रताको रखवारी गर्न भने सकेको पाइँदैन । सरकार परिवर्तनपिच्छे काउन्सिलमा हुने राजनीतिक नियुक्तिले व्यावसायिक संस्थाको सर्वोच्चतामाथि प्रश्नचिन्ह उब्जाउने वातावरण पैदा गर्न नैतिक बल पुऱ्याएको छ ।

## २. समस्याको कथन (Statement of the problem)

वास्तवमा सर्वमान्य सत्य के हो भने समाजका कमजोर वर्ग राज्य कानुनबाट शासित हुन्छन् । यस विपरीत शक्तिशाली वर्गले भने कानुनलाई नै चुनौती दिन्छन् । पत्रकार, चिकित्सक, वकिलजस्ता वर्ग शक्तिको दायरामा पर्छन् । उनीहरूका गतिविधि कतिपय अवस्थामा सामान्य कानुनले रोक्न नसक्ने खालका हुन्छन्, यस्तो बेला उनीहरूको मार्गदर्शक आचारसंहिता हुन्छ । त्यसैले पनि सामाजिक रूपमा नियन्त्रित गर्ने एउटा माध्यम हो,

---

[६] प्रकाशनको दिग्दर्शन, पृष्ठ -४०, चौथो संस्करण,२०६०, प्रेस काउन्सिल नेपाल

आचारसंहिता । तर यसको परिपालना भने त्यो अनुसार हुन सकेको पाइँदैन । एकातिर आचारसंहिताले बन्देज गरेका कुराहरू गर्ने, अर्कोतिर व्यवसायिक पत्रकारिताको अर्ती दिनेहरूको संख्या नेपाली पत्रकारितामा कम छैन । कमजोर आर्थिक धरातलमा उभ्भिएको नेपाली पत्रकारिताले व्यवसायिक क्षेत्रबाट अपेक्षाकृत विज्ञापन पाउन नसकेको अवस्था छ । वेला वखत आफूलाई ठूला अखवार भनाउँदाहरूले समेत एकातिर पृष्ठमा विज्ञापन र अर्को पृष्ठमा त्यही विज्ञापनदाताको समाचार पनि छापेको पाउँछौं । अहिले विज्ञापनलाई समाचारको रूपमा दिने प्रचलन कायमै छ । आचारसंहिता विपरितको यो कार्य रोक्न सम्बद्ध पक्षले सकिरहेको छैन । पत्रकारिता गर्नेहरू केही सिद्धान्त, आदर्श र समाजको परिवर्तनको ढ्वाङ रच्दै पत्रकारितालाई मागी खाने भाडो बनाउने तर्फ लागेको पाइन्छ । अर्कोतिर समाचार वा सूचनालाई आफू अनुकूल हुने गरी प्रकाशन, प्रसारण गराएर फाइदा लुट्ने र चौथो अंगको एक प्रकारले शोषण गर्ने स्वार्थी समूहको पनि नेपालमा कमी छैन । यसरी विकृतिको जालोमै परेको नेपाली पत्रकारितामा कति सम्पादकीय स्वतन्त्रता छ भन्ने कुरा पनि तातो बहसको विषय बन्न सक्छ । अर्कोतिर धेरै ठाउँहरूमा साप्ताहिकहरूको समाचार प्रस्तुति अझै पनि सुध्रिन सकेको छैन । खास गरी नेपाली पत्रकारितामा अपराध, सुरक्षा र राजनीतिक मामिलामा रिपोर्टिङ गर्नेहरूले आचारसंहिताको सही पालना गर्न नसकेको पाइन्छ । *जनआस्था* साप्ताहिकले २०५९ असोज २३ गते बुधबार ***"फिल्म नगरीको रंगीन रात"*** शीर्षकमा नायिका श्रीषा कार्कीको निजी जीवनलाई लक्षित गरी प्रकाशन गरेको समाचार आचारसंहिताको धज्जी उडाउने घटनाकै रूपमा लिन सकिन्छ । सम्बद्ध नायिकासँग प्रतिक्रिया नै नलिई स्रोतको उद्धरणकै आडमा प्रकाशित समाचारलाई लिएर प्रेस काउन्सिलले पनि आचारसंहिताको उल्लंघन नै गरेको ठहर गरेको थियो । प्रेस काउन्सिलको प्रतिवेदनअनुसार नेपालमा आचारसंहिता उल्लंघनका अधिकांश उजुरी गाली बेइज्जतीसँग सम्बन्धित छन् । त्यसपछि सर्वाधिक उजुरीहरू चरित्रहत्या र मानहानीमा पर्दछन् । उजुरीका आधारमा प्रेस काउन्सिलले सम्वद्ध अखबारको ध्यानाकर्षण गराउने, खण्डन छपाउनेजस्ता कार्यहरू गर्ने प्रचलन पनि विद्यमान रहेको छ ।

दैनिक अखवारहरूमा पनि नेपालमा बारम्बार आचारसंहिताको कुरा उठिरहन्छ । एक अर्काबीचको सम्बन्ध व्यवसायिक हुनुपर्ने भनिएता पनि केही प्रतिष्ठित दैनिकहरूकै बीच चल्ने द्वन्दलाई आचारसंहिताको सन्दर्भमा उठाउन सकिन्छ । केही समय अघि मात्र एउटै घटनालाई आफू अनुकूल हुने गरी व्याख्या गर्ने र प्रतिद्वन्दी अखबारको खैरो खन्ने घटना देखा परेको थियो । त्यसभित्रका अन्तरनिहीत उद्देश्यहरू आफ्नै ठाउँमा भएता पनि त्यस्तो अभ्यास कति हदसम्म स्वीकार्य हुनसक्छ भन्ने विषयले बहसको रूप लिन सक्छ । यस्तो अभ्यासले अन्ततः पाठकलाई दिग्भ्रमित त पार्दछ नै, साथमा अखबारको वर्षौसम्मको अथक प्रयासको कमाइको रूपमा रहेको विश्वास र सम्मान माथि पनि संकट आइपर्न सक्छ, जुन व्यवसायिकताको हिसाबले पनि घातक ठहरिन सक्छ । त्यसो त यस्ता घटनामा अखवारका प्रकाशकहरूको दोष मात्रै देखाएर पन्छिन सक्ने अवस्था रहन्न । एउटै व्यक्तिले धेरै माध्यमहरूमा लगानी गर्न पाउने नपाउने, छापामा भएको विदेशी लगानीलाई सरकारी नीतिले कसरी लिने भन्नेजस्ता मुलभूत प्रश्नको समाधान भए यी आपसी कलहका घटना स्वतः रोकिने अवस्थाको सिर्जना हुन सक्छ । वास्तवमा आचारसंहिताको उल्लंघन भएको लागेमा कारवाही अघि बढाउने अधिकार प्रेस काउन्सिललाई नै रहेको छ । प्रेस काउन्सिलले पीडित पक्षको भनाइ पत्रिकामा प्रकाशित गर्न लगाउने, मर्का पर्ने पक्षसँग क्षमा माग्न लगाउने र धेरै पटक आचारसंहिताको उल्लंघन गरेको खण्डमा सरकारबाट अखबारले पाउने सहुलियत रोक्का गर्न सिफारिस गर्न सक्नेसम्मको अख्तियारी कानुनले काउन्सिललाई प्रत्यायोजित गरको छ । तर शाही

कदमपछि देखा परेको 'सञ्चार सम्बन्धी केही नेपाल ऐन संसोधन गर्ने अध्यादेश- २०६२' ले प्रेस काउन्सिल ऐनमा संसोधन गरी पत्रकार आचारसंहिता पालना नगरेमा प्रेस पास रद्ध गर्न सक्ने प्रावधान राखेको थियो । यस अर्न्तगत पत्रकारले पाएको प्रेस प्रतिनिधि प्रमाण पत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र रद्ध गर्न काउन्सिलले सरकारलाई सिफारिस गर्न सक्ने प्रावधान राखिएको थियो । तर जन आन्दोलन भाग-२ को १९ दिने लामो आन्दोलन पश्चात प्राप्त लोकतन्त्रपछि गठित मन्त्रिपरिषदको निर्णय अनुसार २०५९ असोज १८ पछि शाहीकालमा जारी गरेको सबै अध्यादेशहरू स्वतः खारेजी गर्ने भनिएकोले सो प्रावधान पनि खारेजीमा परेको छ । यता प्रेस काउन्सिल ऐन-२०४८ मा काउन्सिलको निर्णय पालना नगर्ने पत्रकार उपर काउन्सिलले खेद प्रस्ताव पारित गरी सो कुरा सार्वजनिक रूपमा प्रकाशन गर्न लगाउन सक्ने तर यस्ता कारवाही गर्नुपूर्व सम्बद्ध सञ्चारमाध्यम र पत्रकारहरूलाई स्पष्टिकरणको अवसरबाट बन्चित गर्न नपाइने पनि प्रावधान रहेको छ ।

*नेपाल*मा पत्रकार आचारसंहिता तयार गरी लागू गर्ने जिम्मेवारी प्रेस काउन्सिल ऐन -२०४८ को दफा ७ (ख) ले प्रेस काउन्सिललाई प्रदान गरेको काउन्सिलले पत्रकारिता सम्बन्धित नीतिको अवलोकन गरी समय-समयमा नेपाल सरकारलाई (*श्री ५ को सरकारको सट्टा २०६३ जेठ ४ गते मन्त्रिपरिषदको बैठकले नेपाल सरकार घोषित*) सुझाव पनि दिनुपर्दछ । पत्रकारिताको वर्तमान स्थिति देखिनै अभिलेख राख्ने र पत्रकारिताको विकासका लागि सरकारलाई सुझाव दिने जस्ता महत्त्वपूर्ण कार्य पनि उक्त ऐनले प्रेस काउन्सिलको जिम्मा लगाएको छ । प्रेस काउन्सिल ऐन-२०४८ को दफा ७(ङ) ले पत्रिकामा प्रकाशित समाचारसँग सम्बन्धित विषयलाई लिएर कसैले प्रेस काउन्सिलमा उजुरी दिएमा सो सम्बन्धमा आवश्यक कारवाही गर्ने अधिकार एवं कर्तव्यको व्यवस्था गरेको छ । यो व्यवस्थालाई सरसर्ती हेर्दा कसैको उजुर नपरी काउन्सिलले केहि गर्न सक्दैन कि ? भन्ने जस्तो देखिन्छ । तर, प्रेस काउन्सिल ऐनको दफा ७ (छ) मा पत्रपत्रिकाको छानवीन गर्ने अधिकार दिइएको छ । पत्रकार आचारसंहिता विपरितका कार्यहरू आपत्तिजनक हुन् भन्ने कुरामा सन्देह नभएकाले त्यस्तो आपत्तिजनक प्रकाशनमा कारवाही गर्न कसैको उजुरी पर्खनु पर्ने स्थिति छैन । तर व्यवहारमा भने प्रेस काउन्सिलमा उजुरी परे मात्र तात्ने नत्र कानमा तेल हालेर बस्ने परिपाटीको विकास भएको आभास हुन्छ । एकातिर प्रेस काउन्सिलले पत्रकार आचारसंहिता कार्यान्वयन गर्न सक्दो रूपमा नसकेको कुरालाई प्रेस काउन्सिलको तीसौं वार्षिक प्रतिवेदनले पनि स्वीकार गरेको छ । प्रेस काउन्सिलमाथि जनविश्वास कम भैंदिदा पनि पत्रकार आचारसंहिता विरूद्धका मुद्दा प्रेस काउन्सिलमा भन्दापनि सिधैं अदालत जाने प्रचलन बढ्दो छ । अतः यस अध्ययनमा मूलतयाः निम्न प्रश्नहरूको जवाफ खोजिने छ ।

(क) नेपालमा पत्रकार आचारसंहिताको कार्यान्वयनमा प्रेस काउन्सिलले कस्तो भूमिका निर्वाह गरेको छ ?

(ख) नेपाली पत्रकारिता जगतमा पत्रकार आचारसंहिता कार्यान्वयनमा के-कस्ता समस्याहरू विद्यमान छन् ?

(ग) पत्रकार आचारसंहिताको पालनाका लागि के-कस्ता उपाय अवलम्वन गर्न सकिन्छ वा सक्नुपर्छ ?

(घ) नेपालमा पत्रकार आचारसंहिताको वर्तमान अवस्था कस्तो छ ?

## ३ अध्ययनको उद्देश्य (Objectives of the study)

यो अध्ययनको उद्देश्य पत्रकार आचारसंहिता कार्यान्वयनको दिशामा प्रेस काउन्सिलको प्रयास कसरी कायम भैइरहेको छ भन्ने पत्ता लगाउने हो । पत्रकार आचारसंहिता पालना नहुँदा के हुन्छ र पालना हुँदा के हुन्छ भनेर यसको चुरो खोजिनुपर्ने जरूरी छ । प्रेसलाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिताको पालना अनिवार्य पूर्वसर्तको रुपमा मानिन्छ । तर संहिता कार्यान्वयन नहुँदा यसले समाजमा जघन्य अपराध पनि निम्त्याउन सक्छ । उदाहरणका लागि श्रीषा हत्या प्रकरण, हृतिक रोशन प्रकरण काण्ड आदिलाई लिन सकिन्छ । पत्रकारले आचारसंहिता पालना गरि स्थानीय तहसम्मलाई सूचना प्रवाह गर्न, सूचित गराउन, जागरूक र उत्प्रेरित गराउन र सहभागी गराउन सक्नुपर्छ । यसअनुसार नेपालमा पत्रकार आचारसंहिता पालनाका दिशामा यथार्थता तथ्य पत्ता लगाउनु प्रस्तावित शोधको मूल उद्देश्य हो । सँगसँगैं प्रस्तावित शोधका उद्देश्यहरूलाई निम्न बुँदामा प्रस्तुत गर्न सकिन्छ :-

(क) मूलधारको नेपाली पत्रकारितामा पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको व्यवहारिक र सैद्धान्तिक समन्वयको तुलनात्मक अध्ययन गरिएको छ ।

(ख) पत्रकार आचारसंहिताको उपयोगिता र सार्थकताबारेको खोजी गरिएको छ ।

(ग) आचारसंहिता कार्यान्वयनमा विद्यमान कठिनाइहरूको पहिचान गरिएको छ ।

(घ) नेपालमा पत्रकार आचारसंहिता कार्यान्वयनमा विविध निकायबाट तर्जुमा गरिएको आचारसंहिताको कानूनी र नीति बीच समन्वयको आधारको खोजी गरिएको छ ।

## ४. अध्ययनको महत्त्व (Importance of the study)

पत्रकार जगतले आफूलाई निश्चित आचारसंहिता अनुरूप हिंडाउन सक्यो भने मात्र मर्यादित पत्रकारिताको विकास हुन्छ र पत्रकारिता क्षेत्र, समाज र राष्ट्रको हितमा समुचित संरक्षण गर्न समेत सक्षम हुन्छ भन्ने विश्वास गरिन्छ । त्यसैले विभिन्न मुलुकमा पत्रकारितासित सम्बन्धित संघ, संस्थाहरू र पत्रकारहरूबाट पत्रकार जगतले पालना गर्नुपर्ने आचारसंहिताको निर्माण गर्ने र त्यसको पालना गर्ने गराउने अभ्यासहरू समेत हुँदै आएका छन् । त्यसै अनुरूप नेपालमा पनि धेरै अगाडिदेखि यस्ता अभ्यासहरू हुँदै आएका छन् । प्रेस काउन्सिल ऐन-२०४८ ले प्रेस काउन्सिल नेपाललाई पत्रकार आचारसंहिता जारी गर्ने अधिकार दिएको छ । पत्रकार आचारसंहिता -२०५५ भन्दा अगाडिसम्म नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिलले छुट्टा-छुट्टै रूपमा पत्रकार आचारसंहिता जारी गर्ने गरेको पाउछौं तर यस पछि भने प्रेस काउन्सिलले पत्रकार जगतसँग समन्वय राखी पत्रकार आचारसंहिताको निर्माण गर्ने र पत्रकार जगतबाट त्यसको पालना हुने अवस्थाको सिर्जना गर्ने कुरालाई आफ्नो कर्तव्यको रूपमा लिएको देखिन्छ । तर ऐन कानुनका समस्या भन्दा पनि मानवीय धरातलमा आएको नैतिक ह्रासले धेरै समस्या निम्त्याएको देखिन्छ । छलकपटलाई दण्डहिनताले प्रश्रय पाएको छ । योग्यतालाई चाकडी र चाप्लुसीले ओभ्रेलमा पारेको छ । पारदर्शिताको नाममा नाङ्गोपन र स्वतन्त्रताको नाममा स्वच्छन्दता हावी भएको छ । यो विषम परिस्थिति विकासक्रमकै एउटा चरण हो । अव यसलाई पार गर्नुपर्ने स्थिति छ । त्यसो हुँदा यो अध्ययनले,

- ☛ प्रेस काउन्सिलको भूमिकालाई प्रष्ट पार्ने तथा यसका कमजोरीलाई चित्रण गर्न सक्नेछ ।

☛ नेपालमा पत्रकार आचारसंहिताको वर्तमान स्थितिका बारेमा जानकारी पाउनेछ ।

☛ नेपालमा पत्रकार आचारसंहिताको विकासका सम्बन्धमा जानकारी हासिल गर्न सकिनेछ ।

☛ नेपालमा प्रेस काउन्सिलले जारी गर्ने आचारसंहिता र सार्क मुलुकका आचारसंहितासँग तुलनात्मक अध्ययन गर्न सकिनेछ ।

☛ यसबाट नेपाली मिडियाहरूले आचारसंहिता पालना गर्न नसक्नुका वस्तुगत कारणहरू अवगत हुन्छ र समस्या निराकरण गर्न तथा नेपाली प्रेस जगतको अभिवृद्धि गर्नमा सघाउ पुऱ्याउने छ ।

## ५ परिकल्पना (Hypothesis)

☞ नेपालमा पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका कमजोर छ ।

☞ आचारसंहिता पालना गराउन प्रेस काउन्सिलको अनुगमन र मूल्याङ्कन गर्ने संरचना फितलो छ ।

☞ प्रेस काउन्सिलको गठन प्रक्रियामा दलीय राजनीतिले पनि प्रभाव पारेको छ ।

☞ प्रेस काउन्सिलको जवाफदेहीता संसदप्रति हुने वा अन्य निकायप्रति भन्नेमा अन्योल छ ।

☞ सरकारी सूचना नपाइने र महत्त्वपूर्ण सरकारी सूचना लुकाउने प्रवृतिले गर्दा (सूचनाको हक सम्बन्धी कानुन नबन्दा) पनि आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलले समस्या भोगेको छ ।

## ६. अध्ययनको सीमा (Limitation of the Study)

नेपाली पत्रकारिता अहिले केन्द्रिकृत अवस्थामा नै छ । अर्थात साधन, श्रोत जनशक्ति प्रविधि, लोकप्रियता सबै दृष्टिकोणले काठमाडौं केन्द्रित पत्रकारिता नै अगाडि छ । त्यसैले यस अध्ययनको क्षेत्र पनि काठमाडौंलाई नै कार्यक्षेत्र बनाइएको छ । यो अनुसन्धान अध्ययनमा प्रेस काउन्सिलको सबै गतिविधि विश्लेषण गर्न सम्भव नहुनेभएकोले सबै पाटा समेट्न सकिएको छैन । मुख्यतः प्रेस काउन्सिलले आचारसंहिता कार्यान्वयनका दिशामा के कस्ता प्रयासहरू गर्दै आएको छ भनी यसले खेलेको भूमिका केलाउने प्रयत्न गरिएको छ । अध्ययनका लागि २०५०/५१ देखि २०६१/६२ सालसम्मको गतिविधिलाई अध्ययन गर्दै, केही दृष्टान्त प्रस्तुत गरिएको छ । यस अध्ययनमा २०६२ साल चैतसम्मका आचारसंहिता कार्यान्वयन गर्न प्रेस काउन्सिलले गरेका कामकारवाहीलाई पनि अवलोकन गरिएको छ । साथै अध्ययनका रूपमा हृतिक रोशन, श्रीषा हत्या र आप्का हाउस प्रकरणलाई घटनावली अध्ययनमा समेटिएको छ ।

# भाग-२

## २. पूर्व प्रकाशित सामग्रीको समीक्षा (Review of the literature)

आचारसंहिता व्यावसायिक आचरणको सीमा वा नैतिक बन्धन हो । कुनै पनि पेशा वा व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिताले नैतिक बन्धनको रूपमा काम गरेको हुन्छ । आमसंचारमा कार्यरत पत्रकारहरूका लागि आचारसंहिता भनेको उनीहरूको व्यवहारहरूलाई विवेकतर्फ उन्मुख गराउनु हो । अर्थात् आचारसंहिता त्यस्तो विवेकपूर्ण सजगता हो, जसले व्यक्तिका रूपमा पत्रकारका व्यवहारहरू तय गर्छ, निर्देशित गर्छ साथै ठीक-बेठीक, असल-खराब तथा जिम्मेवारी-गैरजिम्मेवारी बीचको भेद छुट्टयाउने चेतना दिन्छ । सीधा अर्थमा आचारसंहिताले पत्रकारका काम कारवाहीको नैतिक र मानवीय स्तरसँग प्रत्यक्ष सम्बन्ध कायम राख्छ । साथै पत्रकारहरू समाजमा सूचनाका संवाहक हुन भने सत्य-तथ्यमा आधारित सूचना सम्प्रेषण गरी आम जनतालाई सुसूचित बनाउने नैतिक दायित्व बोकेका सचेत वर्ग पनि हुन् । पत्रकारिताको व्यवसायलाई उच्च आर्दशमय, मर्यादित र जिम्मेवारपूर्ण बनाउन पत्रकार आचारसंहिता निर्माण गरिएको हुन्छ, जसलाई परिपालन गर्नु पत्रकारको व्यावसायिक कर्तव्य हो । प्रजातान्त्रिक समाजले जवाफदेही विनाको प्रेस स्वतन्त्रतालाई ग्रहण गर्नसक्दैन । जहाँ जवाफदेहीता हुँदैन त्यहाँ स्वतन्त्रताको कुनै अर्थ हुदैन । मर्यादित र जवाफदेहीपूर्ण पत्रकारिताले नै जनमतलाई सशक्त गराउन सक्छ । प्रजातान्त्रिक राज्यको निमित्त जिम्मेवारीपूर्ण प्रेस अत्यावश्यक कुरा हो, तर पनि आचारसंहिताको प्रयोग व्यवहारिक तथा प्रभावकारी रूपमा लागू हुन सकिरहेको छैन । आचारसंहिता कार्यान्यिनमा प्रेस काउन्सिलको भूमिकाका बारेमा विभिन्न लेखक तथा बुद्धिजीवीहरूले आफ्ना लेखहरू प्रकाशित गरिएको पाइन्छ ।

'पत्रकारिता तथा आम सञ्चारमा नैतिकताको प्रश्न' विषयक गोष्ठीमा प्रध्यापक लालदेउसा राईले पत्रकार आचारसंहिताका वारेमा यसरी उल्लेख गर्नुभएको छ, "पत्रकारिताको अभ्यास गर्दा कुन कुरा समाचारको रुपमा छाप्ने, कुन चिज नछाप्ने, कुन प्रसारित गर्ने वा कुन नगर्ने भन्ने प्रश्न सम्पादकीय कक्षमा दिनरात महत्त्वपूर्ण निर्णयको विषय बन्ने गर्दछ । यस्तो प्रश्न कानूनी दृष्टिकोणबाट टुंग्याउन सकिन्छ यदि कानूनका धारा वा दफा प्रष्ट छन् भने, छैनन भने सम्पादकले आफ्नो जिम्मेवारीमा निर्णय गर्न सक्छ र नगर्न पनि सक्छ । यस्तो जिम्मेवारी कानूनी प्रकृतिको नभई नीतिपरक वा नैतिकतामा आधारित हुन्छ । सम्पादकलाई घोषित आचारसंहिताले पनि निर्देशन गरेको हुनसक्छ यदि त्यस्तो संहिता मौजुदा छ भने, छैन भने सम्पादकले पेशागत अघोषित आचरण वा अभ्यासको अनुभवबाट जे जस्तो अवधारण बनाएको हुन्छ त्यसकै आधारमा निर्णय गर्दछ वा individual intuitive process द्धारा निर्णयमा पुग्दछ" ।[७] गोकुल पोखरेलले *विधिको शासन र मर्यादित पत्रकारिता* विषयमा यसरी भन्नुभएको छ, "प्रजातन्त्रमा विधिको शासनप्रति आदरभाव र तदनुरूप आचरणबारे चेतना जगाउन स्वतन्त्र प्रेसले महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ । तर नेपालको स्थितिमा यसो हुन सकेको छैन । कारण प्रेस पनि

---

[७] २०६० भाद्र २८ गते नेपाल प्रेस इन्स्टिच्युट हेटौडाद्धारा आयोजित "पत्रकारिता तथा आम सञ्चारमा नैतिकताको प्रश्न" विषयक गोष्ठीमा प्रा. लाल देउसा राईद्वारा प्रस्तुत कार्यपत्रबाट

राजनीतिक पक्ष विपक्ष र दाउपेचको अखडा बनेको छ । जनआवाजलाई आत्मसाथ गर्दै बृहत्तर समाजको स्वार्थलाई अघि सारेर निष्पक्ष भूमिका निर्वाह गर्न अग्रसर व्यावसायिक पत्रकारिता अब शुरू हुने क्रममा छ । यो नै प्रजातन्त्रको दिगो विकासका लागि आवश्यक तत्व हो । पार्टीको प्रभाव र दवदवामा हावी भएका प्रेसको तुलनामा आफ्नो अस्तित्वका लागि स्वतन्त्र व्यावसायिक पत्रकारिताले अझै धेरैं सघर्षका चरणहरू पार गर्नु आवश्यक छ । सार्वजनिक सूचना र पत्रकारिता क्षेत्र पनि कमजोरीहरूबाट मुक्त छैनन् । व्यावसायिक मर्यादाको पालनाभन्दा व्यापारिक लाभको लागि माध्यमको दुरूपयोग गर्ने प्रवृत्तिले प्रश्रय पाएको छ । राजनैतिक पार्टीहरूले पत्रकारितालाई आफ्नो प्रभाव विस्तार गर्ने साधन बनाएका छन् । त्यही प्रवृत्तिलाई माओवादी समेतले पनि उपभोग गर्दैछन् । अहिले त्यसमा रोक लगाइनु वेग्लै कुरा हो । यस्तै व्यक्तिहरूको चरित्रहत्या गर्ने, सत्यको पुष्टि नगरी भ्रमात्मक ढंगले केवल सनसनी पैदा गर्न समाचार, लेख, टिप्पणी प्रकाशित गर्ने प्रवृत्तिहरू कम गम्भीर छैनन्"।[८]

त्यसैगरी *सञ्चार जगत* पुस्तकमा चिरञ्जीवी खनाल लेख्नुहुन्छ, "नेपाली पत्रकारितालाई वि.स.२०४६ साल अगाडि प्रतिकूल कानूनी प्रावधान कै कारण यस क्षेत्रको व्यावसायिकता फष्टाउन नसकेको तथ्य औल्याउने गरिन्छ । त्यो समयको यो यथार्थता पनि थियो । वि.स. २०४६ सालपछि प्रजातन्त्र आयो । पत्रकारिता क्षेत्रका असजिला कानूनहरू खारेज भए । आज नेपाली पत्रकारितालाई प्रत्यक्ष आँच पुऱ्याउने खालका कानून नहुँदा पनि किन यस क्षेत्रको व्यावसायिकताको विकास हुन सकेको छैन ? किन राजधानी र मोफसलको पत्रकारिताबीचको अन्तर झन् बढ्दै गइरहेछ ? पत्रकारिताले कहिल्यै झुटो बोल्दैन तर हाम्रो पत्रकारिताले सत्य बोल्छ भन्ने विश्वास पाठकहरूमा किन पलाउन सकेको छैन ? यस क्षेत्रमा संलग्न बौद्धिक जनशक्ति के झारो टार्न मात्र पत्रकारिता गर्दैछन त ? निहित स्वार्थ पूरागर्न मात्र पत्रकारिता गर्दछन् ? समाजमा काम नपाएर अल्मलिन मात्र पत्रकारिता गर्दछन् ? अथवा साँच्चै व्यावसयिक पत्रकारिताको सेवा गर्ने उद्देश्य राखेर समाज र राष्ट्रप्रति जिम्मेवारी बोधभई यस क्षेत्रमा प्रवेश गरिरहेका छन् ? यो मनन् गर्ने बेला आइसकेको छ । पत्रकारिता सत्य तथ्यमा आधारित हुनुपर्दछ । घटनाविवरणहरू ठीक छन् छैनन् ? कुन घटना कहाँ, कसरी, कहिले, किन, र कसका कारण घटेको छ त्यसको वास्तविक विवरण समाचारपत्रमा आउनैपर्दछ । यो विश्वव्यापी प्रचलन पनि हो । समाचारमा सन्तुलन भएन भने त्यसमा विश्वसनियता रहँदैन । समाचारपत्रका भरपर्दा सम्पत्ति भनेका पाठकहरू हुन तर एक पटक विश्वास गुमाइसकेका समाचार पत्रिकाले आफ्नो व्यावसायिकता बढाउन कम्मे नै पर्दछ"।[९] *प्रेसकाउन्सिल र पत्रकार आचारसंहिताः प्रमुख नेपाली दैनिक समाचारपत्रहरूमा आचारसंहिताको अभ्यास* विषयक अप्रकाशित शोधपत्रमा श्रीराम खनाल लेख्नुहुन्छ, "पत्रकारिताको अभ्यासमा आचारसंहितालाई सूक्ष्मरूपमा अध्ययन गर्ने हो भने प्रेस स्वतन्त्रता, मानवअधिकारको रक्षा, सत्यता, जवाफदेहिता र सु-सुचित हुने अधिकार महत्त्वपूर्ण मानिन्छ । तर पत्रकारिताको आधारभूत मान्यता नै नबुझेका कतिपय पत्रकारहरूले सामाजिक उत्तरदायित्व वहन गर्ने पेशा भन्दा पनि पत्रकारितालाई व्यक्तिगत फाइदाको रूपमा लिने साधनको रूपमा अङ्गिकार गरेका छन् । प्रायगरी सत्यतथ्यको गहिराइमा पुग्नु भन्दा पनि सतही, कपोलकल्पित र भ्रामक समाचारले साप्ताहिक समाचारपत्रहरूमा

---

[८] पोखरेल, गोकुल, विधिको शासन र मर्यादित पत्रकारिता, पूर्णाङ्क-३१ कानून पत्रिका

[९] खनाल, चिरञ्जीवी, सञ्चार जगत-२०५९

बढी स्थान पाएको छ" ।[१०] *पत्रकार आचारसंहिताः आजको सन्दर्भ* विषयमा डा.रामकृष्ण तिमिल्सिना लेख्नुहुन्छ, "अहिलेको स्थिति मूल्यांकन गर्ने हो भने प्रेस काउन्सिलले विभिन्न समस्याका कारण तोकिएका कार्य प्रभावकारीरूपमा गर्न सकेको देखिएको छैन । आर्थिक स्रोतको अभाव, मानवीय संशाधनको अभाव, मूल्यांकन र अनुगमनको अभावका कारण प्रेस काउन्सिल हामीले सोचेको स्थितिमा पुग्न सकेको छैन । प्रेस काउन्सिललाई सक्षम नियामकको रूपमा देख्न श्री ५को  सरकारका (२०६३ जेठ ४ गतेबाट नेपाल सरकार भनिएको) तर्फबाट अझै धेरै गर्न बाँकी छ । प्रेस काउन्सिलको संस्थागत एवं कार्यात्मक सुदृढिकरणमा स्वयं प्रेस काउन्सिलका पदाधिकारीको जिम्मेवारी पनि बिर्सन मिल्दैन । किनभने  आधाभन्दा बढी काम अरूमा होईन आफ्नै तत्परतामा निर्भर गर्दछ । लाग्दछ, प्रेस काउन्सिल यस दिशामा गम्भीर छ"।[११] *पत्रकारिता हातेकिताव*मा गोकुल पोखरेल उल्लेख गर्नुहुन्छ, "आचारसंहिताहरू पालना गर्नु, नगर्नु पत्रकारहरूको स्वेच्छामा भर पर्दछ । यो कानून नहुनाले यसको पालना ऐच्छिक हुन्छ । तर धेरै जसो आचारसंहिता बीच पत्रकारिताका सर्वसम्मत सिद्धान्त र मूल्य वारे धेरै अन्तर पाईन्न । यी मान्यता र सिद्धान्तहरूलाई केहि वाक्यहरूमा छोटकरीमा पनि व्यक्त गर्न सकिन्छ । जस्तो अमेरिकी समाचारपत्र र सम्पादक समाजले गरेको छ" ।[१२] *बहुलवादी नेपाली समाजमा आमसंचार* पुस्तकमा लेखिएको छ, "लेखनद्धारा सार्वजनिक अपराध गर्नु, सर्वसाधरण व्यक्तिको वेइज्जती गर्नु वा राष्ट्र सेवकको इज्जतमा धक्का पुऱ्याउनु नीजि समाचारपत्र पत्रिकाकालागि सामान्य कुरा भइरहेको पाइन्छ । अश्लील भाव आउने शब्दहरूको तथा चित्र प्रयोगबाट सार्वजनिक स्थानमा प्रर्दशन, विक्रीवितरण हुने समाचार पत्रपत्रिका वा अन्य प्रकाशनद्धारा सर्वसाधरण जनताको सदाचार, नैतिकता र समाजिक मर्यादामा आघात पार्ने समाचारले छुट पाईरहेको देखिन्छ । मासिक, अर्धमासिक, पत्रिकाहरूको त कुरौ नगरौं, साप्ताहिक र दैनिक समेतले आफ्नै समाचार स्रोत संवाददाताबाट लेख्ने गराई वा विदेशी समाचार समितिका सामग्रीहरू प्रकाशन गरी नेपाली समाजले पचाउन नसक्ने अभिव्यक्ति गर्ने शब्द र चित्रहरू पत्रपत्रिकामा छ्यास-छ्यास्ती देख्न पाईन्छ" ।[१३] "नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपछि नेपाल अधिराज्यको संविधानले वाक् तथा प्रकाशन स्वतन्त्रताको प्रत्याभूति प्रदान गरेको र तदनुरूपका ऐनहरू निर्माण भएकोले देशमा संचारका माध्यममा अभूतपूर्व विकासको चरण उद्‌घाटित भएको पाइन्छ । निजी क्षेत्रमा पत्रपत्रिका, एफएम रेडियो तथा टेलिभिजनका स्टेशनहरू खुल्दै गएका र तिनको प्रभाव समाजमा बढ्दै गएको भएपनि आचारसंहिताको प्रभावकारी कार्यान्यवनको अभावमा प्रेस स्वतन्त्रता स्वच्छन्दतामा र प्रजातन्त्र अराजकतामा परिणत हुन थालेका गुनासाहरू सबै क्षेत्रबाट आउन थालेको वास्तविकताप्रति कसैबाट छिपेको छैन । पत्रकार आचारसंहिताको पालनामा देखिएको शिथिलता र त्यसको अनुगमनमा भएको सुस्तताले त्यो अवस्था सिर्जना भएको हो । त्यसैले  त्यो अपवादबाट नेपाली संचारका

---

[१०] खनाल, श्रीराम, प्रेसकाउन्सिल र पत्रकार आचारसंहिताः प्रमुख नेपाली दैनिक समाचारपत्रहरूमा आचारसंहिताको अभ्यास विषयक अप्रकाशित शोधपत्र-२०६२ ।

[११] तिमिल्सिना, डा. रामकृष्ण, पत्रकार आचारसंहिताः आजको सन्दर्भ - पत्रकारिता- २०६१ पुष पृष्ठ- १०-१३

[१२] पोखरेल, गोकुल, पत्रकारिता मर्यादित र जिम्मेवारी -पत्रकारिता हातेकिताव ।

[१३] बहुलवादी नेपाली समाजमा आमसंचारः, त्रि.वि.वि. पत्रकारिता विभाग,फेडरिक इवर्ट स्टिफटुङ

माध्यमहरूलाई जोगाउन र मर्यादित पत्रकारिताको विकास गर्न संचारका माध्यम र प्रेस काउन्सिलको पारस्परिक सहयोग बढाउन आवश्यक मात्र होइन, अपरिहार्य भएको छ" । [१४]

विरगञ्जमा मध्यमाञ्चल स्तरीय पार्षद भेला तथा आचारसंहिता समीक्षा गोष्ठीमा प्रस्तुत कार्यपत्रमा उल्लेख गरिएको छ, "पत्रकार आचारसंहिताको पूर्ण पालना मर्यादित एवं जिम्मेवार व्यावसायिक पत्रकारिताको विकासको लागि एक अभिन्न एवं अपरिहार्य विषय भएकोले आचारसंहिताप्रति प्रत्येक पत्रकारले पूर्ण प्रतिबद्धता जाहेर गर्दै त्यसको अक्षुण्ण पालना गर्नु नैतिक कर्तव्य हो । पत्रकार महासंघको समन्वयनमा प्रेस काउन्सिलले आचारसंहिताको प्रभावकारी अनुगमनको व्यवस्था गर्न र आचारसंहिताको वारेमा नागरिक सचेतता बढाउन आवश्यक देखिन्छ । साथै प्रेस काउन्सिलको गठन र संचालनमा पनि सुधारको आवश्यकता छ" । [१५] यसै सर्न्दभमा नरहरि आचार्यले *गोरखापत्र*मा लेख्नुभएको छ, "दश बाह्र वर्षसम्मका अवधिमा मिडिया क्षेत्रमा जुन किसिमका परिवर्तन  देखिएका छन् ती परिवर्तनले खासगरी छापामाध्यम र इलेक्टोनिक माध्यममा पनि र अहिले केहि समयदेखि टेलिभिजनमा समेत विस्तारै विविधता र नयाँपनहरूको प्रवेश भएको छ । यस प्रवेशले एकातिर मिडिया क्षेत्रमा परिवर्तनलाई प्रशस्त अनुभव गर्न सक्ने अवस्था सिर्जना गरेको छ भने अर्कोतिर यसका अगाडि नयाँ किसिमका चुनैतीहरू पनि त्यत्तिकैं आइरहेका छन् । वास्तवमा परिवर्तनले मिडिया क्षेत्रको विकास गरेको छ र सँगसँगै चुनैती पनि सिर्जना गरेको छ । यसको जुन किसिमको संरचना छ, त्यस संरचनाले प्रेस काउन्सिललाई छापा माध्यमसँगै सम्बन्धित संस्था मात्र देखाउदैं आएको छ । हुन पनि यसको गठन, नाम र मूलतः छापा माध्यमका क्षेत्रसँग सम्बन्धित रहेको पनि छ । यसै पृष्ठभूमिमा हामी मिडिया आयोगको सम्भावना हेरिरहेका छौं । यस अवस्थामा छापा क्षेत्रलाई मात्रै नहेरेर रेडियो टेलिभिजनको दुवै क्षेत्रमा विस्तार आईरहेको छ । त्यस विस्तारलाई पनि समेट्ने गरेर एउटा अलग्गै आयोगको आवश्यकता सम्भवतः महसुस गरिएको हुनसक्छ । बाह्र वर्षको अवधि खासगरी राष्ट्रिय संचार नीति -२०४९ बनेपछि यस क्षेत्रमा जुन किसिमका परिवर्तन आएको छ त्यस परिस्थितिलाई एकपटक गम्भीर पुनरावलोकन गर्नु जरूरी छ । संचार नीति बनेपछि कै हिसावले पनि दश वर्षको प्रयोगमा हामीले त्यस नीतिलाई पनि केहि परिवर्तन गर्नु र थप स्पष्टता दिनु आवश्यक छ । त्यसैले यस सर्न्दभमा वीच वीचमा भएका अध्ययनहरू विभिन्न किसिमका सुझावहरू ती सबैलाई एक ठाउँमा राखेर संचार नीतिकै एकपटक पुनरावलोकन गर्ने र त्यससँग सम्बन्धित संस्थाहरूलाई एकपटक नयाँ ढगंबाट फेरी हेर्ने काम जरूरी छ । यसबारे संस्थागत भूमिकाहरूको फेरी मूल्याङ्कन गर्नु जरूरी छ । आजको आवश्यकता भनेको प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा परिवर्तन गर्न ऐनमा परिवर्तन र सुधार जरूरी भएको छ । छापा माध्यममा मात्रै आफ्नो कार्यक्षेत्र केन्द्रित गर्दै आएको प्रेस काउन्सिलले मिडिया क्षेत्रमा आज आएको विविधता र व्यापकता समेत ध्यानमा राख्दै आफ्नो कार्यक्षेत्रको विस्तार गर्नु बढी व्यवहारिक र औचित्यपूर्ण

[१४] काउन्सिलका पूर्व अध्यक्ष माथवरसिंह वस्नेतले तिसौं वार्षिक प्रतिवेदनमा दिनुभएको वक्तव्य

[१५] वीरगञ्जमा मध्यमाञ्चल स्तरीय पार्षद भेला तथा आचारसंहिता समीक्षा गाष्ठीमा प्रस्तुत कार्यपत्र, पत्रकारिता-२०५७ वैशाख-जेठ अंक

देखिन्छ" ।[१६] *नेपाल जागरण* साप्ताहिकमा काशीराज दाहाल लेख्नुहुन्छ, "पत्रकारिता व्यवसायलाई उच्च आर्दशमय, मर्यादित र जिम्मेवारपूर्ण बनाउन पत्रकारको आचारसंहिता निर्माण गरिएको हुन्छ, जसलाई परिपालन गर्नु पत्रकारको व्यावसायिक कर्तव्य हो । प्रजातान्त्रिक समाजले जवाफदेही विनाको प्रेस स्वतन्त्रतालाई ग्रहण गर्न सक्दैन । जहाँ जवाफदेही हुँदैन त्यहाँ स्वतन्त्रताको कुनै अर्थ हुदैन । मर्यादित र जवाफदेहीपूर्ण पत्रकारिताले नै जनमतलाई सशक्त गराउन सक्छ । प्रजातान्त्रिक राज्यको निमित्त जिम्मेवारीपूर्ण प्रेस अत्यावश्यक कुरा हो । पत्रकारिता पेशाको सबभन्दा महत्त्वपूर्ण आधार विश्वसनियता हो । आफ्नो विश्वसनियता कायम राख्न प्रेस जवाफदेहीता, लगनशीलता, सत्यता, यथार्थता, संयमता र शिष्टता जस्ता आचारणजन्य मान्यताहरूलाई सधैं परिपालन गर्नुपर्ने हुन्छ । नेपाल अधिराज्यको संविधान २०४७ ले विचार र अभिव्यक्तिको स्वतन्त्रता एवं छापाखाना र पत्रपत्रिका सम्बन्धि हकको प्रत्याभूति, सूचनाको हकको संरक्षण, संविधान प्रदत्त हकको अतिक्रमण भएमा प्रभावकारी उपचारको व्यवस्था जस्ता कुराहरूको संवैधानिक सुनिश्चितता प्रदान  गरेको भए पनि पत्रकारिताको वर्तमान स्थितिको समीक्षा गर्दा सवैधानिक सीमा एवं आचारसंहिताको मान्यता भित्र रहेर सूचनाको संम्प्रेषण गर्ने कार्यले परिपक्कता पाइसकेको देखिंदैन । व्यक्तिको ख्याति मर्यादामा प्रतिकूल प्रभाव पार्ने, सदाचार  शिष्टतामा प्रभाव पुऱ्याउने, व्यक्तिको नीजिपनामा अतिक्रमण गर्ने, अदालतको स्वतन्त्रता र मर्यादामा प्रतिकूल प्रभाव पुऱ्याउने, जातजाति वा सम्प्रदायहरू बीच सुसम्बन्धमा खलल पर्ने जस्ता समाचारहरू संप्रेषण भई नै रहेका देखिन्छन् । यसरी एकातर्फ व्यक्तिगत रूपमा अभिव्यक्तिको स्वतन्त्रताको दुरूपयोग गर्ने प्रवृति बढिरहेको छ भने अर्कोतर्फ अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्दा सरकारी हस्तक्षपद्वारा अभियोग लगाउने र मुद्दा चलाउने कार्यहरू पनि यदाकदा भैइरहेको देखिन्छ । यसैगरी राजनीतिक शक्तिहरूबाट पत्रकारहरूलाई बन्धन बनाउने एवं हस्तक्षेप गर्ने कार्यहरू पनि यदाकदा भैइरहेको अवस्था छ । व्यावसायिक मर्यादा कायम राख्ने अभिप्रायले जारी गरिएका आचारसंहिताको उल्लंघन गर्ने प्रवृतिमा समेत कुनै कमी आएको देखिन्न । प्रेस स्वतन्त्रताको प्रयोग संयमित र मर्यादित रूपमा गर्न सकिएमा नै समाजलाई प्रजातान्त्रिकरण गर्न सहायक सिद्ध हुनसक्छ । सबै शक्ति र स्वतन्त्रताहरू जनताबाट प्राप्त नासो हो । यस्तो स्वतन्त्रताको प्रयोग जनताको हित र कल्याणका लागि मात्र प्रयोग गरिनुपर्छ । आचारसंहिता यो आफैले आफूलाई संयमित बनाउने आफैद्वारा निर्मित बन्धन मात्र हो । जसमा कानूनी बन्धनभन्दा नैतिक बन्धन प्रवल हुन्छ । तर पनि प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिता नैतिक बन्धन मात्र नभएर कानूनी बाध्यकारी शक्ति प्राप्त छ, यसलाई पत्रकार जस्तो समाजको प्रवुद्ध वर्गले उल्लंघन गर्नु भनेको आफूले नै बनाएको कानूनलाई आफूले नमान्ने कानूनी शासनको मान्यता प्रतिकूलको व्यवहार हो । प्रजातान्त्रिक समाज भनेको विधिको शासन हो । यसै मान्यतालाई आत्मसाथ गर्न आफूले बनाएको कानूनलनई आफैले मिच्ने संस्कृति भन्दा मान्ने संस्कारको विकास गर्नु आजको  आवश्यकता हो" ।[१७]

---

[१६] प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण किन नगर्ने - नरहरि आचार्य । २०५८ कार्तिक १ गते *गोरखापत्र*मा प्रकाशित लेख

[१७] पत्रकार आचारसंहिताः सिद्धान्त र व्यवहार, काशीराज दाहाल, २०५८ कार्तिक २७ *नेपाल जागरण साप्ताहिक*बाट

अच्युतमणि नेउपानेले *कान्तिपुर* दैनिकमा लेख्नुहुन्छ, "प्रेस जगत र सरकारवीच सौहाद्रपूर्ण सम्बन्ध कायम राख्ने समेतको उद्धेश्यले स्थापित प्रेस काउन्सिल नेपालले स्वच्छ पत्रकारिताको विकासका लागि के कति योगदान दियो ? सार्वजनिक नैतिकता र नागरिकहरूको मर्यादा कायम राख्न कतिसम्म सफल रहँदै आएको छ ? प्रेसको स्वतन्त्रता र पत्रकारिताको मर्यादामाथि हस्तक्षेप रोक्न के कस्ता कार्यहरू गर्दै आएको छ ? भन्ने विषयमा मूल्याङ्कन गर्नुपर्ने देखिन्छ । प्रेस काउन्सिलले आफ्नो कार्यक्षेत्रलाई व्यवस्थित बनाउँदैं लगेता पनि जनशक्तिको कमी, कामको जटिलता कार्यनीति र ऐन नियमावली वीच सामान्जस्यता हुन नसक्नुले आफूलाई सशक्त रूपमा अगाडि बढाउन सकेको छैन । दुई वा दुईभन्दा बढी पत्रिकाको सम्पादकीय वा समाचार सामग्री अक्षरशः एउटै प्रकाशित भएको देखिएमा त्यस्तो छाप्ने पत्रिकालाई वर्गीकरणमा समावेश नगर्ने वितरण संपरीक्षण समितिको नीति भएतापनि विगत दुई वर्षदेखि त्यस्ता पत्रिकाहरू काउन्सिलको वर्गीकरणमा पर्दै आएका छन् । यसले गर्दा स्वस्थ पत्रकारिताको विकास गर्ने उद्देश्य बोकेको काउन्सिलले चोरी पत्रकारितालाई प्रोत्साहन दिएको जस्तो देखिएको छ । कानूनी रूपमा प्रेस काउन्सिल स्वशासित संगठित संस्था भएतापनि सरकारी अनुदानबाट चलेको हुनाले सरकारको प्रभावबाट मुक्त छ भन्न सकिदैन । पत्रकारिता हितका लागि सरकारलाई जागरूक गराई प्रेस स्वतन्त्रताको संरक्षण गर्नमा आज पनि प्रेस काउन्सिलको दायित्व उत्तिकै छ" ।[१८]

माथिका कुराहरूबाट यो प्रष्ट हुन्छ कि आचारसंहिता बाध्यात्मक रूपमा पालना नभएको र प्रेस काउन्सिलको निर्णयपछि पनि यस्तो पत्रिकाले आचारसंहिता प्रभावकारी रूपमा हुन सकेको देखिदैन । एकै विषयको एकै दिनको एउटै घटनालाई विभिन्न पत्रिकाले छुट्टाछुट्टै किसिमले तथ्य समेत फरक पारी प्रकाशित गर्छन । गाइजात्रे दिनमा काल्पनिक, व्यङयात्मक प्रतिकात्मक या भ्रामक समाचार प्रकाशित गरे पनि दोष दिन पाईदैन तर केही पत्रिकाहरूलाई हेर्दा उनीहरू ३ सय ६५ दिन नै गाईजात्रा मनाइरहेको जस्तो देखिन्छ । आचारसंहिता पालनाप्रति नेपाली पत्रपत्रिकाहरू सजग नभएको पाइन्छ । यस तर्फ पत्रकार आचारसंहिता निर्माण गर्ने र कार्यान्वयन गराउने अभिभारा पाएको प्रेस काउन्सिलले सशक्त कदम चाल्न सकेको छैन । साथै *आमसंचार र पत्रकारिता* पुस्तकमा निर्मलमणि अधिकारी लेख्नुहुन्छ, "आचारसंहिता कानून भन्दा पृथक वस्तु हो । आचारसंहिता कानून जस्तो राज्यले लागू गर्ने होइन र यो राज्यको दण्डात्मक शक्तिका कारण लागू हुने पनि होइन । बरू आचारसंहिता त कुनै व्यवसायमा व्यावसायिक आचरण कायम गर्न निश्चित सिद्धान्तहरूका आधारमा तय गरिने मान्यताहरू हुन् । विभिन्न पेशामा आ-आफ्ना आचारसंहिता हुन सक्दछ । सोही अनुरूप पत्रकारिताको व्यवसायलाई उच्चतम आर्दशमय, मर्यादित र जिम्मेवारी बनाउन आचारसंहिता निर्माण गरिएको हुन्छ । यसलाई पालना गर्नु पत्रकारको व्यावसायिक कर्तव्य मानिन्छ" ।[१९]

प्रेस काउन्सिलको सत्रौं प्रतिवेदनमा उल्लेख गरिएको छ, "हाम्रो देशमा बहुसंख्यक पत्रकारहरू राजनीतिमा संलग्न भएको पाइन्छ । २०४६ सालको जनआन्दोलन पश्चात राजनीतिक परिर्वतन आयो जब कि पत्रकारहरूले राजनीति गर्ने मानसिकतामा कुनै परिर्वतन आएन । समय सापेक्ष मनस्थितिमा परिर्वतन नआउँदा पार्टीको झण्डा

---

[१८] नेपाली पत्रकारिता र प्रेस काउन्सिलको भूमिका - अच्युतमणि नेउपाने । २०५९ असोज ६ गते कान्तिपुरमा प्रकाशित लेख

[१९] अधिकारी, निर्मलमणि आमसंचार र पत्रकारिता-२०६१ पृष्ठ १३१

र पत्रकारिताको पेशा सँग-सँगै डोरिएको देखिन्छ । ***"द न्यूर्योक टाइम्स"*** का *ए. एमं राजेयेलले* एक पटक भनेका थिए -पत्रकारले मतदान गर्नु बाहेक अन्य कुनै किसिमको राजनीतिक क्रियाकलापमा लाग्नु हुदैन । यो पत्रकार भएबापत हामीले चुकाउनुपर्ने मूल्य हो तर नेपालका बहुसंख्यक पत्रकारहरूलाई सो कुरामा विश्वास छैन । वास्तवमा पत्रकार आचारसंहिता मान्ने, उच्चतम व्यावसायिक नैतिकता परिपालन गर्ने भन्ने कुराको समाजको विभिन्न पक्षसँग अति सम्बन्ध हुन्छ । पत्रकारिताको इतिहास, शिक्षा, सामाजिक आर्थिक बनोट, राजनीतिक प्रणाली, व्यक्तिको मर्यादा, समाजको मूल्य र मान्यता, पाठकको रूचिले व्यावसायिक आचारसंहितालाई प्रभाव पार्दछ । तर कुनै हालतमा पनि पत्रकारितामा आएको छाडापन वा आचारणलाई आजको अवस्थामा यसै छोडिदिन चाँहि हुदैन । कारण यसले समाजमा विकृति फैलाउँछ र फैलाइरहनेछ । समाचारपत्रले कुनै विषयवस्तु वा घटनाबारे समाचार प्रकाशन गर्दा प्रस्तुत समाचारबाट समाज र देशमाथि त्यसको कस्तो असर पर्छ भन्ने गम्भीरतालाई हेर्दै नहेरी प्रस्तुत गर्ने परम्परा युक्तिसंगत देखिदैन । समाचारपत्रले राष्ट्रिय समस्यामाथि छलफलको लागि जुन मञ्च प्रदान गर्दछ त्यसमा उठेका तर्क, विर्तक, पाठक प्रतिक्रिया, बुद्धिजीवीहरूको प्रतिवाद पनि राष्ट्रिय परिप्रेक्ष्यमा हेरिनुपर्दछ । स्वतन्त्र प्रेसको परिभाषाभित्र प्रेसको दायित्व पनि हुन्छ । जहाँ दायित्व हुन्छ त्यहाँ संविधान, राष्ट्र, राष्ट्रले अंगिकार गरेको वैदेशिक नीति आदिका सम्बन्धमा पनि बडो चनाखो भएर आफ्नो कर्तव्य निर्वाह गर्नुपर्ने पत्रकारिताको धर्म पनि हो । निजी क्षेत्रका पत्रपत्रिकामा प्रयोग गरिने भाषा र समाचारको शीर्षक आदिले नै प्रष्ट्याउँछ । शीर्षकप्रधान समाचारले एकै छिनकोलागि पाठकलाई आकर्षित गर्न सफल भए पनि यस्ता शर्षिकमा लेखिने भाषागत शब्द चयन अवश्य पनि पाठकलाई र आम जनतालाई चित्तबुझ्दो भएको देखिदैन" ।[२०]

आचारसंहिताका सम्बन्धमा Key Concept of Journalism Studies पुस्तकमा पत्रकार आचारसंहिताका सम्बन्धमा उल्लेख गरिएको छ-"Journalism ethics are the moral principles, reflected in rules, written or unwritten, which prescribe how journalist should work to avoid harming or distressing others eg, when gathering information; when deciding what to publish; when responding to complaints about their work. Consideration of ethics also helps define journalist's wider social purpose, and therefore a journalist's duty in any particular assignment, eg, when he/she decides whether it is in the public interests to destroy someone's privacy or (false) reputation.

Though rules may be collated into written, ethical codes downup collectively by journalist's employers' organization or newroom may have its own distinct ethical or unethical culture in unwritten traditions. It then becomes a basic, ethical matter for a journalist to decide whether he/she can work there with a clear conscience. National

[२०] प्रेस काउन्सिलको सत्रौं प्रतिवेदनबाट

cultures also influence journalism ethics. (Weaver, 1998; 469-73) Ultimately conscience must be the ethical well-spring in situations where formal codes give no clear guidance or morality dictates that such guidance is not appropriate. The more experienced a journalist is, the more readily he/ she should recognize that such code are not all-inclusive. If followed code usually offer the public greater proctection , from unethical journalism, that the law does , eg. in the UK, the code used by the '*press complaints commission'* states that rape, victims, even in rare cases when UK law permits them to be named, should not have their identities revealed without adequate (ethical) justification.

Adherence to ethical duty may place a journalist in conflict with the law, when he/she refuses to reveal the indentity of a cofidential source, in defiance of a court order ( Welsh and Greewood, 2003; 327-51)

*नेपाली पत्रकारितामा भाषा* पुस्तकमा किशोर नेपाल लेख्नुहुन्छ, "२०४६ सालको जनआन्दोलन पश्चात स्थापित प्रजातन्त्रपछि नेपाली पत्रकारितामा संस्थागत प्रकाशनको प्रकृया शुरूवात भयो । व्यावसायिकताको हिसावले पनि यो निकै अघि बढ्यो । तर भाषा, शैली र प्रस्तुतीको हिसावले नेपाली पत्रकारिताले फड्को मार्न सकेन । पत्रकारितामा सूचनालाई यथावत रूपमा अर्थात त्यसलाई जे जस्तो रूपमा प्राप्त भएको छ, त्यही रूपमा खपत गर्ने चलनका कारण भाषा र शैली पछाडि पऱ्यो । भाषाको प्रभावकारितालाई बढाउन प्रयोग गर्नै पर्ने व्याकरणका नियम र संकेतहरू प्रयोग हुनै छाड्यो । यसले गर्दा नेपाली पत्रकारिताको भाषा प्रभावहीन हुन थाल्यो । केही पत्रपत्रिकाहरूले भाषा, शैली र प्रस्तुतीको अलग्गै शैली अपनाउन खोजेता पनि समग्रमा पत्रकारितामा यसको प्रभाव विस्तारित हुन सकेन । त्यसैले अहिलेको नेपाली पत्रकारिता सूचनाको दृष्टिले समृद्ध जस्तो देखिएता पनि पत्रकारिताका दृष्टिले अलमलिएको जस्तो देखिन्छ" ।[२१] प्रेस काउन्सिलको उनन्तीसौं वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ, "प्रेस जगतलाई जिम्मेवार, मर्यादित र प्रभावकारी बनाउने सिलसिलामा जारी भएको नयाँ आचारसंहिताप्रति पत्रकारहरूले सम्मान र प्रतिबद्धता देखाए पनि त्यसको पालना अपेक्षितरूपमा हुन सकेको छैन । पत्रकारहरूका लागि आचारसंहिता समाज र नागरिकहरूप्रति जिम्मेवारी बोधको अभिव्यक्तिका साथै कर्तव्य निर्वाहको प्रत्याभूति हो । पत्रकार आचारसंहिताले सञ्चारकर्मीहरूलाई आफ्नो व्यावसायिक धर्म निर्वाहका साथै नागरिकका आधारभूत अधिकारको संरक्षण र सम्बद्धनका निम्ती सधैं सजग र दृढ रहन प्रेरित गर्ने तथ्य स्वतः स्पष्ट छ । प्रजातन्त्र, न्याय, समानता तथा शान्तिको संरक्षण र संम्बद्धन गर्न सत्य तथ्य, निष्पक्ष एवं समाजिक उत्तरदायित्वप्रति सचेत रहन आचारसंहिताले मार्गदर्शकको काम गरेको छ । यो आचारसंहिताको पालनाले प्रेस

[२१] नेपाल, किशोर नेपाली पत्रकारितामा भाषा पुस्तकबाट

जगतलाई पत्रकारिताको आर्दश- मान्यताअनुरूप अगाडि बढाउने मात्र होइन, सम्पादकीय स्वतन्त्रताको पक्षपोषण गर्ने तथा उच्च व्यावसायिक अभ्यास र आपसी सम्बन्धलाई दिशानिर्देश गर्न पनि सहयोगी सावित भएको छ । "पत्रकारिता पेशालाई मर्यादित एवं विश्वसनीय बनाउने दायित्व पत्रकारहरूकै हो । पत्रकारहरू आफ्नो पेशागत कर्तव्यप्रति जति सचेत हुन सके, त्यति नै यो पेशाको मर्यादा उच्च हुन सक्दछ । यो वर्ष प्रेस जगतमा आपसी हिलो छयाप्ने, एक अर्काको साख गिराउने र प्रचार युद्ध नै चलाउने र व्यावसायिक मर्यादा विरूद्धको प्रर्दशन पनि भयो । प्रेसमाथिको विश्वासलाई यस्ता अस्वस्थ प्रतिस्पर्धाले निक्कै चोट पुऱ्याएको छ । एकले अर्काको आलोचना गर्ने मात्र होइन, खेदो नै खन्ने प्रवृत्ति प्रेस शक्तिको दुरूपयोग तर्फको गम्भीर खतरा हो" ।[२२]

आचारसंहिताको पालनामा प्रेस काउन्सिल त्यति गम्भीर नभएको तथा आचारसंहिता पालना गराउन आमसञ्चार माध्यमहरूलाई बाध्य पार्न नसकेको आरोप लाग्ने गरेको छ । अपेक्षितरूपमा राजनीतिक, आर्थिक तथा सामाजिक रूपान्तरणको क्रममा रहेको समाजमा संविधान र कानूनको पालना हुन सकिरहेको हुदैन । काउन्सिलले आचारसंहिता पालना गराउने जस्तो उच्च नैतिक आग्रहमा सबैलाई समेट्न, अटाउन र डोऱ्याउन अझ धेरै श्रम र समय खर्च गर्नुपर्ने स्वतः स्पष्ट छ । त्यही पनि अग्रगामी समाजका अंगमा परेको दवाव यसले पनि अनुभव गर्नै परेको छ । प्रेस स्वतन्त्रताको अवधारणाले प्रेसको जिम्मेवारी पनि थपेको हुन्छ, यसमा पत्रकार र सम्पादकहरूलाई नैतिक मर्यादाभित्र बाँधेको हुन्छ, त्यसैले स्वतन्त्रता सँगसँगै पत्रकार आचारसंहिताका कुरा आएका हुन् । त्यसैले Freedom of the press imposes a corresponding responsibility upon the press, involving the acceptance of and compliance with high ethical standards by editors and journalists भन्ने कुरा विश्वभर स्थापित मान्यता हो र यसको पालनामा जोड दिइएको हुन्छ । तर वारम्वार नेपाली सञ्चारमाध्यमले आचारसंहिता पालनामा कमजोर रहेको गुनासाहरू आउने गरेका छन् । "नेपाली आमसञ्चारलाई मर्यादित र स्व-अनुशासित बनाउने उद्देश्यले प्रेस काउन्सिलले आचारसंहिता-२०५५ लाई परिमार्जन गरी पत्रकार आचारसंहिता-२०६० ल्याएको हो । प्रेस काउन्सिल एक स्वायत्त संस्था र आमसञ्चारमाध्यमका लागि आचारसंहिता निर्माण गर्ने, यसको कार्यान्वयन तथा अनुगमन गर्ने निकाय भएता पनि यो दण्डकारी निकाय भने होइन । त्यसैले पनि आमसञ्चारमाध्यम र त्यसमा कार्यरत पत्रकारहरूले आचारसंहिता पालना गर्नमा आफै तत्पर हुनुपर्छ । प्रजातन्त्र पुनःस्थापनापछि जसरी संख्यात्मक रूपमा सञ्चारमाध्यमको विकास भयो, त्यसै अनुरूप तिनको गुणात्मक पक्षतर्फ ध्यान पुगेन वा वेवस्ता गरियो । यसको फलस्वरूप आमसञ्चारको विकासबाट समाजमा जुन प्रभाव पर्नुपथ्यो, त्यो नपरेको हो कि भन्ने चर्चा चल्ने गरेको छ । सबै क्षेत्रबाट आमसञ्चार साधनहरूले जिम्मेवारी बहन नगर्दा र आचारसंहिताको प्रभावकारी रूपमा पालना नहुँदा प्रेस स्वतन्त्रता स्वच्छन्दतामा र प्रजातन्त्र अराजकतामा परिणत हुन थालेका गुनासाहरू आउन थालेका छन् । पत्रकार आचारसंहिताको पालनामा देखिएको शिथिलता र त्यसको अनुगमनमा देखापरेको सुस्तताले अहिलेको अवस्था सिर्जना भएको हो । नेपाली सञ्चारमाध्यमलाई प्रभावकारी र विश्वासिलो बनाउन र मर्यादित पत्रकारिताको विकास गर्न सञ्चार माध्यमले बढी जिम्मेवार र अनुशासित बन्नै पर्छ । यस्ता सञ्चारमाध्यामले मात्रै मुलुकको

[२२] प्रेस काउन्सिलको उनन्तीसौं वार्षिक प्रतिवेदनबाट

राष्ट्रियता, प्रजातन्त्र र मानव अधिकारको संरक्षण तथा मुलुकको विकासमा सकारात्मक योगदान पुऱ्याउन सक्दछ नत्र समाज अराजकतातर्फ मोडिनसक्छ" ।[२३]

यसै सर्न्दभमा रत्नराज्य लक्ष्मी क्याम्पसका उप-प्राध्यापक प्रबलराज पोखरेल *राजधानी* दैनिकमा लेख्नुहुन्छ, "आचारसंहिता दण्डात्मक व्यवस्था नभई नैतिक, व्यावसायिक, आर्दशमय मापदण्डको झाँकी मापन गर्ने आचारणको माध्यम हो । विश्वमा प्रेस काउन्सिल व्यावसायिक रूपमा नेपाल पत्रकार संघ, आन्तरिक सञ्चारका संगठित संस्थाहरूले एकल साथै एकीकृतरूपमा आचारसंहिताको निर्माण, कार्यान्वयन तथा अनुगमन गरेको पाइन्छ । सूचनाले समाजका आधुनिक प्रजातान्त्रिक परिपाटीलाई सम्भव बनाउन सरकारको कुनै पनि अधिकारसँग बरावर रूपमा प्रजातन्त्रलाई प्रोत्साहन गर्न सूचना प्रदान नगरे यो प्रणालीले अवश्यभावी मृत्युवरण गर्न पुग्दछ । जानाजानी चोरी, दुर्नियत तवरको प्रतिनिधित्व, मानहानी तथा अनधिकृतरूपमा आरोपप्रत्यारोपमा संलग्न हुने कार्यलाई पत्रकारको धर्म मानिदैन । कुनैपनि घटना सम्प्रेषण गर्दा समाज तथा व्यक्तिलाई दूरगामी नकारात्मक मनोवैज्ञानिक संवेदनशील असर पर्न सक्दछ । तर, विडम्बनावश समाचारपत्र  वा अन्य प्रकाशनद्वारा सर्वसाधरणको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पार्ने समाचारले छुट पाइरहेको देखिन्छ । वास्तवमा आचारसंहिता अनुशीलनको घटनाको परिपालनबाट सामाजिक प्रतिष्ठामा अभिवृद्धि हुन पुग्दछ । यसरी आमसञ्चारकर्मीले स्वतःस्फूर्त नै आचारसंहिताको समूल उद्देश्य मुखरित गर्दा पेसाको सार्वजनिक महत्व बढेको देखिन्छ । तदनुरूप नै पत्रकार आचारसंहिताको जननी स्वीडेनमा पत्रकार आचारसंहिता उल्लंघन भएवापत तिर्नुपर्ने रकमको व्यय पत्रकार स्वयको दक्षता हासिल गर्ने विधामा खर्च गरी भविष्यमा आचारसंहिताको महत्वतर्फ पत्रकारलाई अग्रसर हुन उत्प्रेरित गरेको पाइन्छ । यद्यपि, प्रेस काउन्सिलले श्रव्यदृश्यात्मक सामग्रीको अनुगमन गर्ने परिपाटीको शुभारम्भ भएको छैन । वास्तवमा विश्वमा प्रेस काउन्सिलले आचारसंहिता उल्लंघन भए/नभएका घटनाको अनुगमन कार्यप्रति सरकारभन्दा पनि संसदप्रति जवाफदेही हुँदा यो निकाय बढी जिम्मेवारीयुक्त हुन्छ । साथै वर्गीकरणमा पर्न नहुने अनियिमित पत्रिकाले समेत भनसुनको भरमा नियमित श्रेणीमा पर्ने गरेकाले पत्रपत्रिकाका सुपरीवेक्षणको कार्य प्रभावकारी हुनसकेको देखिदैन"।[२४]

आचारसंहिताकै विषयमा रत्नराज्य लक्ष्मी क्याम्पसका प्रा. लालदेउसा राई भन्नुहुन्छ, "नैतिक आचारसंहितालाई संचालन गर्न विभिन्न मुलुकहरूमा आ-आफ्नै संयन्त्रहरू खडा गरेका हुन्छन । जसरी नेपालमा प्रेस काउन्सिलले यसलाई हेर्ने गर्दछ । हामी नेपाली शास्त्रीय नैतिकतासँग पनि नजिक छौं । हामी गीताले भनेका रामले भनेका उद्गारमा विश्वास गर्छौ तथा नैतिक बन्धनमा बाधिन्छौं । वास्तवमा हाम्रो मूल्य मान्यता भनेको नै एशियाली मूल्य मान्यता हो । तसर्थ  पत्रकार आचारसंहिता एसियाली मूल्य मान्यताबाट आएको मान्न सकिन्छ । ती मान्यताहरू Truth, Objectivity, Social equality, र Non–Voilence हुन् । यी चार वटा तत्व आचारसंहिताका विश्वव्यापी मान्यता पनि हुन्" ।[२५] यता नैतिक आयम कस्तो हुनुपर्दछ भन्ने सम्बन्धमा विद्वान

[२३]प्रेस काउन्सिलको तिसौं प्रतिवेदन

[२४]उप-प्राध्यापक प्रबलराज पोखरेलको २०६३ असार २ गते *राजधानी* दैनिकमा प्रकाशित लेखमा उल्लेख

[२५]प्रा.लालदेउसा राईसगँको कुराकानीबाट

जे. मिरर (J.Merril) ले भनेका छन्- "When laws are externalised or passed and imposed form outside the individual person, we have then departed the world of ethics and have gone into the world of legalism" अर्थात जब कानूनलाई बाहिर निकालिन्छ वा बाहिर आउँछ तब यसले दवाव सृजना गर्छ जसको कारण विश्वव्यापी आचारसंहिताको आयमबाट हामी छुट्टिन्छौं । किनकी कानूनमा शक्ति हुन्छ र वैधानिकता छ तर नैतिकता भने छैन । त्यसैले पनि प्रेस काउन्सिलले निष्पक्ष भएर काम गर्न नसकेको हो वा विवादमा आएको हो । एउटा व्यक्तिले आफूप्रति, समाजप्रति र राष्ट्रप्रति कस्तो कर्तव्यको पालना गर्नुपर्दछ भन्ने धारणालाई भौतिक र आध्यामिक मूल्य र मान्यताको तराजुमा जोखेर व्यवहार देखाउनु पर्दछ । पेशा र व्यवसायमा कसरी लाग्नु पर्दछ भन्ने नीतिशास्त्रको अर्थमा धर्मलाई लिनु पर्दछ । तसर्थ हाम्रो जस्तो गरिब मुलुकमा आचारसंहिता धर्मबाट निर्धारित हुनुपर्छ । प्रेस काउन्सिलका समस्याका बारेमा पहिचान गर्न गठित हरिहर विरही कार्यदल (२०५९ पुष ९ गते) को आयोगले औंल्याए अनुरूप पत्रपत्रिका एवम पत्रकारहरूको अभिलेख राख्ने, र तिनको अनुगमन गर्ने लगायतका काम कारवाहीको लागि छापाखाना तथा प्रकाशन ऐन, श्रमजीवी पत्रकार ऐनले कल्पना गरेअनुसारको प्रेस रजिष्ट्रारको कार्यालय स्थापना हुन सकेको छैन । यस कार्यदलले प्रेस काउन्सिलको स्वायत्ततालाई अझ प्रभावकारी बनाउन तथा प्रेस जगतको संरक्षण र विकासको प्रतिष्ठित एवं केन्द्रीय निकायका रूपमा विकास गर्न यसको संगठनात्मक संरचना र नियुक्ति प्रक्रियामा परिर्वतन गरिनुपर्ने, प्रेस काउन्सिललाई चुस्त, प्रभावकारी तथा सक्षम र शक्तिशाली बनाउन मौजुदा ऐनमा संशोधन गर्नुपर्ने लगायतका सुझावहरू यस कार्यदलले श्री ५ को सरकारलाई बुझाएको थियो, तर जुन आजसम्म कार्यान्वयन हुन सकेको छैन । (*कार्यदलका सुझावहरू हेर्नुहोस अनुसूची २ मा*) त्यस्तै दक्षिण एशियाली स्वतन्त्र पत्रकार संगठन( साफ्मा)को प्रथम राष्ट्रिय संचार सम्मेलन२०६१ ले पनि प्रेस काउन्सिलका बारेमा छ वटा बुँदागत रूपमा संशोधनको प्रस्ताव अघि सारेको थियो, जसमा प्रेस काउन्सिलका पदाधिकारीहरूको नियुक्ति प्रकिया लगायतका अन्य विषयहरू समावेश थिए । (*हेर्नुहोस अनुसूची ३ मा*) यतातर्फ पनि श्री ५ को सरकारले कुनै चासो देखाएको छैन । यसरी प्रेस काउन्सिलका बारेमा केही अध्ययन भएता पनि किन पत्रकार आचारसंहिता कार्यान्वयनमा यसको भूमिका सशक्त हुन सकिरहेको छैन ? आचारसंहिता पालनाका समस्याहरू के कस्ता छन् भनेर ठोस अध्ययन भएको पाइँदैन । पत्रकार आचारसंहिताले समाजलाई सहि बाटोमा डोऱ्याउने भएकोले पनि आचारसंहिता विनाको पत्रकारिता अनियन्त्रित नदीको भेल जस्तै हुनजान्छ । जसरी अनियन्त्रित नदीको भेलले खेतीपाती नष्ट गर्दछ, त्यसरी नै आचारसंहिता विनाको पत्रकारिताले समाजमा जघन्य अपराध पनि निम्त्याउन सक्छ ।

# भाग -३

## ३. अध्ययनको विधि (Research Methodology)

जवाफदेहीता, लगनशीलता, सत्य, यथार्थ, सदाशयता, स्वच्छता, संयम, मर्यादा र शिष्टता जस्ता गुणहरू नै पत्रकारको आचारसंहिता हो । यी कुरालाई सन् १९२३ को *"अमेरिकन समाचार सम्पादक समाज*ले तय गरेका हुन् । मुख्यतः प्रजातान्त्रिक मुलुकहरूले देहाय बमोजिमको पत्रकार आचारसंहिता जारी गरेको देखिन्छ ।

१. सत्य, तथ्य र वस्तुनिष्ठता

२ .निरपेक्षता र स्वच्छता

३. निजी व्यक्तित्वको सम्मान

४ निजी स्वार्थबाट मुक्त

५. समाज र सार्वजनिक हितप्रति उत्तरदायी

६. विद्यमान कानुनहरूको सम्मान

७. नैतिक मर्यादा तथा निष्ठा

८. प्रेस स्वतन्त्रता र स्वाधिनता

९. इमान्दारी

१०. साहस

**३.१. सर्वेक्षण विधिः** प्राथमिक स्रोतमा सूचना प्राप्तिका लागि माथिका कुराहरूलाई आधार मानेर विभिन्न संचार माध्यममा कार्यरत ५० जना पत्रकारहरूसँग ***प्रश्नावलीका*** माध्यमबाट प्रेस काउन्सिलको वर्तमान अवस्था, र आचारसंहिता कार्यान्वयनमा काउन्सिलले खेलेको भूमिकावारे जानकारी लिने काम भएको छ । प्रश्नावली भराउन Random Sampling Method का आधारमा पत्रकारहरूको छनोट गरिएको छ । यो प्रश्नावली मूलधारका (Mainstream) सञ्चारमाध्यमहरू *कान्तिपुर, अन्नपूर्ण पोष्ट, नेपालसमाचारपत्र, गोरखापत्र, राजधानी*मा कार्यरत पत्रकारहरूबीच भराइएको छ । प्रश्नावली भराइएका पत्रकारहरूमध्ये २१ जना पत्रकारिता विषय अध्ययनपश्चात यस पेशामा आवद्ध भएका छन् भने बाँकी २९ जना अन्य विषय पढी पत्रकारिता सम्बन्धी प्रशिक्षण लिएर यस क्षेत्रमा कार्यरत पत्रकारहरू छन् । त्यस्तै शैक्षिक योग्यताका हिसावले ११ जना पत्रकारहरू स्नातकोत्तरतह उर्तीण गरेका, २० जना स्नातकतहसम्म अध्ययन गरेका तथा बाँकी १९ जना प्रविणता प्रमाणपत्र तहसम्मको अध्ययन पुरा गरेका छन् । जसमा पुरूष पत्रकारहरूको सख्या ४१ जना  छन भने महिला पत्रकारहरूको संख्या ९ जना रहेका छन् । त्यसका अतिरिक्त संचारविद्, प्रेस काउन्सिलका  प्रतिनिधिहरू, पत्रकार महासंघका प्रतिनिधि एवं विभिन्न संचारमाध्यममा कार्यरत सम्पादक, पत्रकारहरूसँग प्रत्यक्ष वार्तालाप गरी जानकारी लिइएको छ ।

**३.२. पुस्तकालय विधिः** यस अध्ययनमा द्वितीय तथ्याङ्क र सूचना प्राप्तिका लागि प्रेस काउन्सिलका वार्षिक प्रतिवेदनहरू, पुस्तक, जर्नल, कार्यपत्र, कार्यदलका सुझाव, वेभसाइट लगायत  विभिन्न पत्रपत्रिकामा प्रकाशित लेख, रचना, टिप्पणी र भनाई आदिको अध्ययन र विश्लेषण गरी  सहयोग लिएको छ । यस विधि अर्न्तगत प्रेस काउन्सिल समक्ष पत्रकार आचारसंहिता उल्लंघन भएकै कारण परेका उजुरीहरूको अध्ययययन समेत गरिएको छ ।

साथै प्रेस काउन्सिलले पत्रकार आचारसंहिताको निर्माण तथा परिपालनाका सम्बन्धमा गरेका कामकारवाहीलाई पनि केलाउने प्रयास गरिएको छ।

### ३.३ घटनावली अध्ययन विधि

आचारसंहिताको पालना सम्बन्धमा सञ्चार माध्यममा प्रकाशित सामग्रीहरूको घटनावलीहरूको अध्ययन पनि गरिएको छ । घटनावली अध्ययनका लागि ***हृतिक रोशन प्रकरण, श्रीषा हत्या प्रकरण, आप्का[२६] हाउस प्रकरणलाई*** मुख्य घटनावलीको रूपमा अध्ययन गरिएको छ । विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित यस्ता समाचारबाट समाजमा सृजित परिस्थितिको परिणामलाई समेत नियाल्ने प्रयास गरिएको छ।

### ३.४ प्रश्नावली निर्माण (Questionaire)

अध्ययनको क्रममा छलफलका लागि दैनिक पत्रिकाका पत्रकारहरूका निम्ति प्रश्नावली तयार गरिएको छ। यो प्रश्नावली विभिन्न क्षेत्रमा कार्यरत पत्रकारहरूलाई लक्षित गरि परिमार्जन गरिएको छ । पत्रकारले नै आचारसंहिताको पालना गर्नुपर्ने भएकोले पनि पत्रकारहरूलाई लक्षित गरिएको हो। तसर्थ यो प्रश्नावली पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलले खेलेको भूमिका बुझ्ने उद्देश्यले तयार पारिएको हो। यसमा उनीहरूको ज्ञान, व्यवहार, कार्यनीति, अनुभव र आचारसंहिताको परिपालनका सम्बन्धमा काउन्सिलले गरेका कामका विषयहरूलाई विशेष महत्त्व दिइएको छ। यो प्रश्नावली खाकाको रुपमा मात्र छ। प्रश्नावलीहरूमा ३३ वटा बन्द प्रश्नावली र चार वटा खुल्ला प्रश्नावलीहरू समावेश गरिएका छन् । यसको आधारमा पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिकाका वारेमा उनीहरूसाग गुणात्मक हिसावले कुराकानी पनि गरिएको छ।*(हेर्नुस् प्रश्नावली अनुसूची १ मा)।*

## ३.५ अध्ययनको अवधि (Period of the study)

यस शोध-अध्ययन तीन महिना अवधिमा तयार पारिएको हो । यसका लागि २०६३ साल जेष्ठ देखि श्रावण महिनाको अवधिसम्ममा पूर्ण गरिएको हो । यस अर्न्तगत पूर्व साहित्य-समीक्षा, तथ्याक संकलन एवं विश्लेषण र लेखन कार्य पुरा गरिएको छ।

### ३.६ अध्ययनको ढाँचा (Structure of the study)

आचारसंहिता भनेको के-हो ? यो किन आवश्यक छ ? आचारसंहिता पालनामा प्रेस काउन्सिलको भूमिका के छ ? आचारसंहिता पालना भएन भने के कस्ता समस्या देखापर्दछन् ? भन्ने कुरालाई आधार बनाएर प्रेस काउन्सिल जस्तो एउटा स्वायत्त, स्वतन्त्र संगठित संस्थाको भूमिकाले के कस्तो योगदान पुऱ्याउन सक्छ त भन्ने जान्नका लागि सोही अनुसार प्रश्नावली बनाई पत्रकारहरू समक्ष राखी प्राप्त उत्तरहरूलाई आँकडाको रूपमा लिई गणितीय विधिको प्रयोग गरी तालिका वृत्तचित्रमा राखी व्याख्या र विश्लेषण विधिबाट यो अध्ययन गरिएको छ। तसर्थ यो अध्ययनलाई विवरणात्मक, व्याख्यात्मक र विश्लेषणात्मक ढाँचामा आधारित अध्ययन भन्न सकिन्छ।

[२६] आप्का (APCA) एउटा संस्थाको नाम हो। यसको पुरा रूप Asia -Pasific Communication Association हो। *दि हिमालयन टाइम्स* र *अन्नपूर्ण पोष्ट दैनिक* प्रकाशन आप्का हाउसको नामबाट प्रकाशित हुँदै आएका छन्।

# भाग-४

## ४. विश्वमा प्रेस काउन्सिलको गठन

प्रेस काउन्सिलको जन्म सर्वप्रथम *स्वीडेन*मा सन् १९१६ मा समाचारको स्तर अभिवृद्धि गर्ने, स्वच्छ पत्रकारिताको विकास गर्ने तथा प्रेस स्वतन्त्रताको जर्गेना गर्ने अभिप्रायले भएको मानिन्छ । *स्वीडेन*मा प्रेस काउन्सिलको स्थापना भएको सात वर्ष पछि पत्रकारितालाई जिम्मेवारी तथा उत्तरदायी बनाउने कार्य प्रारम्भ भयो । यसको शुरूवात सन् ***१९२३ मा अमेरिकन सोसाइटी अफ न्यूजपेपर्स एडिटर्सले*** ६ बुँदे आचारसंहिता जारी गऱ्यो । यस अर्न्तगत जिम्मेवारी, प्रेस स्वतन्त्रता, निष्पक्षता, सत्य, तथ्य र शिष्टताका अनुभूति प्रकट हुन्थ्यो । यसरी संस्थागत रूपमा आचारसंहिता जारी गरी प्रेसलाई अझ बढी सम्मानित र व्यवस्थित बनाउने प्रयास भएको धेरै वर्ष पछि अन्य देशमा पनि *प्रेस काउन्सिल* गठन प्रकिया अघि बढेको पाइन्छ । *स्वीडेन*मा प्रेस काउन्सिल स्थापना भएको २० वर्ष पछि अर्थात सन् १९३६ मा *नर्वे*मा प्रेस काउन्सिल गठन भएको थियो । तथा छिमेकी मुलुक *भारत*मा सन् १९६५ मा *प्रेस काउन्सिल*को गठन भएको पाइन्छ ।

*नेपाल, भारत, पाकिस्तान र बंगलादेश*मा मूलतयाः सरकारले नै प्रेस काउन्सिलको गठन गर्ने गरेको पाइन्छ । तर अधिकांश पश्चिमी देशहरूमा भने पत्रकार, सम्पादक, प्रकाशक आफैले प्रेस काउन्सिलको गठन गर्ने गरेको पाईन्छ । *स्वीडेन*मा प्रेस काउन्सिलको संचालन पत्रिका प्रकाशन र पत्रकारहरूको संयुक्त प्रयासमा संलग्न भएको पाइन्छ । *अमेरिका*मा ***हाचिन्सन कमिसनले*** सन् १९४७ मा प्रेस काउन्सिलको गठन गर्ने सिफारिस गरेता पनि त्यहाँका तत्कालिन पत्रकारवर्गबाट रूचि नदेखाइएका कारण सन् १९७३ मा राष्ट्रिय समाचार परिषद् गठन भएको पाईन्छ । *अमेरिका*मा प्रेस काउन्सिल छैन, तर संघीय रूपमा राज्यहरूले प्रेस काउन्सिल आ-आफ्नैं किसिमले गठन गर्ने गरेका छन् । ***अमेरिकी नेशनल न्युज काउन्सिलले (National News Council)*** ले प्रेसमा देखा परेका सामग्रीबारे जनताको गुनासो सुन्ने गर्दछ । *फ्रान्स*मा प्रेस काउन्सिल छैन । त्यहाँ स्वेछिक नियन्त्रणको कुनै व्यवस्था छैन । *वेलायत*मा सन् १९५३ मा ***जेनरल काउन्सिल अफ प्रेस (General Council of Press)*** को नामबाट स्थापित संस्था सन् १९६३ मा प्रेस काउन्सिलका रूपमा परिणत भयो । *स्वीडेन*बाट आरम्भ भएको ***प्रेस अम्बुड्स्यान***को अवधारणा पश्चिमी राष्ट्रहरूमा फैलन पुग्यो । *जापान, वेल्जीयम* जस्ता देशमा प्रेस काउन्सिल नामको संस्था नभएता पनि सम्पादक, संवाददाता, प्रकाशकहरूको संस्थाले प्रेस काउन्सिलको कार्य गर्दछ । ती संस्थाहरूद्धारा नै आचारसंहिता परिपालना गर्ने गराउने कार्य गर्दै आएका छन् । ***अष्ट्रेलियामा Australian Journalist Association, Australian Association Country Press, Australian Major Publisher*** जस्ता स्वतस्फूर्त स्थापित संस्थाहरूले प्रेस काउन्सिलको कार्य गरिरहेका छन् । प्रेस काउन्सिल गठनको प्रक्रिया देशै पिच्छे फरक फरक प्रकृतिको रहेको पाइन्छ । कुनै देशमा सरकारको मातहतमा त कुनै देशमा सम्पादक, प्रकाशक, संवाददाता स्वयं मिली प्रेस काउन्सिल गठन गर्ने गरेको पाइन्छ ।

## ४.१. विश्वमा आचारसंहिताको अभ्यास

विश्वमा छापाखाना (Printing Press) को आविष्कार भएको झण्डै चार शताब्दी पार गर्दा पनि छापामाध्यमले विश्वका अधिकांश भागमा पहुँच जमाइसकेको थियो । बीसौं शताब्दीको शुरूवातमा आइपुग्दा त *अमेरिका*मा छापामाध्यम समाचारको प्रमुख स्रोतको रूपमा विकास भइसकेको थियो । अमेरिकी जनतासँग त्यसबेला छापामाध्यमको सत्यता बुझ्न अरू कुनै वैकल्पिक बाटा थिएनन् । तर उता जिम्मेवार मानिएको छापामा भने वस्तुपरक भन्दा पनि सम्पादकले गर्ने व्याख्याले समाचारको रूपलाई मोड्ने गरेको थियो । त्यही बेला *हंगेरी*मा जन्मिएका र पछि *अमेरिका* प्रवेश गरेका ***जोसेफ पुलित्जरले*** पत्रकारितामा सनसनीपूर्ण प्रस्तुति लिएर उदाए । खासगरी सन् १८९६ देखि १८९८ को बीचमा ***Pulitzer*** को ***The New York World*** र ***William Randolph Hearst*** को ***Journal*** बीचमा वितरणको निकै ठूलो प्रतिस्पर्धा नै चल्यो । अतिरञ्जना र सन्सनीपूर्ण होडबाजी नै शुरू भयो । यस्तो कदमको जनस्तरबाट तीव्र आलोचना भयो । त्यही वेलादेखि विश्व पत्रकारिताको इतिहासमा ***पीत पत्रकारिता (Yellow Journalism)*** को प्रार्दुभाव भयो । व्यवसायतिर उन्मुख पत्रकारितामा यही समय प्रतिस्पर्धा त गर्ने तर कति हदसम्म त्यसका दायराहरू हुने ? भन्ने बहसको थालनी भयो । जति व्यापारीकरण भए र जति प्रतिस्पर्धा चलेता पनि त्यसका सर्वस्वीकार्य दायराहरू हुनुपर्ने भन्ने एउटा सामान्य सोच त्यसको दुई दशकपछि आचारसंहिताको रूपमा परिणत भयो ।

छापामाध्यम चुलीमा पुगिसकेको र संसारमा रेडियोले पनि वैकल्पिक स्वरूप धारण गर्न थालेको वेला सन् १९२३ मा *American Society of Newspapers Editors (ASNE)* ले ***Canons of Journalism*** को प्रकाशन गरको पाइन्छ । सो अमेरिकी समाचारपत्र सम्पादक समाजद्धारा पत्रकारिताको मान्यताका रूपमा आचारसंहिताको स्वीकार गरी सन् १९७५ मा संशोधन गरी *'सिद्धान्तहरूको घोषणापत्र'* का नाममा जारी गरिएको थियो । सो घोषणाको प्रस्तावनामा भनिएको थियो- "कुनै पनि कानुनले संकुचित नपार्ने गरी अभिव्यक्ति स्वतन्त्रता पत्रकारिताको माध्यमबाट समेत संवैधानिक हकका रूपमा आमजनतालाई प्रत्याभूत गर्ने गरिन्छ र त्यसका लागि पत्रकारहरूमा यसप्रति गहन दायित्व निहित छ"। ६ दफा रहेको सो, घोषणापत्रमा उत्तरदायित्व, प्रेस स्वतन्त्रता, स्वतन्त्र, सत्य र तथ्यपरक, भेदभावरहित, न्यायसंगत विषयहरू समेटिएका छन् । सो घोषणापत्रको दफा १ मा भनिएको छ "समाचार तथा विचार संकलन र प्रवाहको आधारभूत मान्यता जनतालाई सूचित गर्ने तथा उनीहरूलाई समय अनुसारका मुद्दामा आफ्नो राय दिन सक्षम बनाई जनहितमा काम गर्नु हो । कुनै पत्रकारले आफ्नो स्वार्थ तथा गलत उद्धेश्य पूर्तिका लागि व्यवसायिक पत्रकारिताको भूमिका निर्वाह गर्दैन भने, त्यो जनविश्वास माथिको कुठाराघात हो । त्यस्तै दफा २ मा प्रेस स्वतन्त्रता माथि जनताको स्वामित्व छ । यसैले कुनै पनि क्षेत्र चाहे त्यो सरकारी होस् वा नीजिबाट हुने स्वतन्त्रता माथिको अतिक्रमण वा स्वतन्त्रता कुण्ठित गर्ने प्रयासको प्रतिकार गर्नुपर्छ । पत्रकारहरूले सधैं 'जनताको काम जनताकै लागि' भन्ने कुरामा सचेत रहनुपर्छ । कसैले प्रेसलाई आफ्नो निजी स्वार्थका लागि प्रयोग गर्न सक्छ भन्ने कुरामा सदैव सर्तक रहनुपर्छ भनिएको छ । यसैगरी दफा ३ को स्वतन्त्र भन्ने बुदाँमा पत्रकारले सदैव गलत आचरण र स्वार्थहरूको टकरावबाट टाढा रहनुपर्ने, आफ्नो इमानदारितामा सम्झौता हुने वा देखिने किसिमको कुनै वस्तु स्वकिार गर्ने वा कुनै क्रियाकलापमा भाग लिनुहुँदैन भनिएको छ । दफा ४ मा सत्य र तथ्यपरक बुदाँमा अगाडि भनिएको छ - "पाठकमाथिको इमानदारिता

नै असल पत्रकारिताको आधारशीला हो । समाचारलाई तथ्यपरक र पक्षपातरहित बनाउदैं सम्बन्धित सबै पक्षको भनाई समाहित गर्न यथासम्भव प्रयास गर्नुपर्छ । सम्पादकीय, विश्लेषणात्मक लेख/टिप्पणीहरु, समाचार जसरी नै तथ्यपरक हुनुपर्छ । तथ्यमा भएका गल्तीलाई इमानदारिताका साथ भूल सुधार गर्नुपर्छ" । दफा ५ भेदभावरहित भन्ने बुदाँमा निष्पक्षताका नाममा प्रेसले सम्पादकीय/टिप्पणी आदिबाट कसैको आलोचना नै नगर्ने भन्ने होइन । तर पाठकका लागि समाचार र विचारको बीच स्पष्ट फरक देखाउनुपर्दछ व्यक्तिगत विचार वा प्रस्तुति पनि स्पष्टसँग छुट्टिनुपर्छ भनी उल्लेख गरिएको पाइन्छ । अन्तमा, दफा ६ न्यायसंगत भन्ने बुदाँमा पत्रकारले समाचारसँग सबद्ध व्यक्तिहरुको अधिकारको कदर गर्नु, साझा सामाजिक मर्यादाको निगरानी गर्नु तथा समाचारलाई न्यायसंगत बनाउनुपर्छ । सार्वजनिकरुपमा आरोपितव्यक्तिलाई जतिसक्दो चाँडो प्रतिक्रिया दिने अवसर दिनुपर्छ । गोप्य सूचना दिने  स्रोतको जुनसुकै हालतमा पनि संरक्षण गर्नुपर्छ । यसलाई हल्का रुपमा लिनुहुँदैन भन्ने कुरा उल्लेख गरिएको छ ।[२७]

सन् १९५४ अप्रिल २५-२८ मा बोर्दोमा सम्पन्न अर्न्तराष्ट्रिय पत्रकार महासंघको दोस्रो सम्मेलनद्वारा पारित एवं १९८६ जुन २- ६ मा हेल्सिन्कीमा सम्पन्न अर्न्तराष्ट्रिय पत्रकार महासंघको १८औं सम्मेलनद्वारा संशोधित पत्रकारहरूको आचारसंहिता सम्बन्धी घोषणापत्रको ९ बुँदाहरू छन् ।

१.) सत्यलाई स्वीकार गर्ने, सर्वसाधरणलाई सत्य तथ्य सूचना दिने कार्यलाई पत्रकारको पहिलो कर्तव्य मानिएको छ ।

२.) आफ्नो कामलाई प्रोत्साहन गर्न इमान्दारीपूर्ण तरिकाले समाचार संकलन र प्रकाशन , प्रसारण गर्न र स्वस्थ आलोचना गर्न जहिले पनि स्वतन्त्रता सम्बन्धी सिद्धान्त अवलम्बन गर्नुपर्छ ।

३.) सत्य र तथ्यपूर्ण घटनाको स्रोत खोलेर मात्र पत्रकारले सूचना प्रवाहित गर्नुपर्दछ , पत्रकारले अनावश्यक जानकारी लुकाउनु हुँदैन । आवश्यक प्रमाण अदल- बदल पनि गर्नुहुँदैन ।

४.) पत्रकारले सूचना वा जानकारी प्राप्त गर्न वा फोटो खिच्न स्वस्थ तरिका अपनाउनुपर्छ, छलकपट गर्नुहुदैन ।

५.) हानी पुऱ्याउन सक्ने वा अविश्वसनीय रूपमा प्राप्त सूचना वा जानकारीलाई शुद्ध वा तथ्यपूर्ण बनाउन पत्रकारले हरतरहले कोसिस गर्नुपर्दछ ।

६.) विश्वासमा परेर सूचना वा समाचार दिने स्रोत गोप्य राख्ने, व्यवसायिक धर्मलाई पत्रकारले सदैव पालना गर्नुपर्दछ ।

७.) संचारमाध्यममा हुनसक्ने भेदभावपूर्ण व्यवहारको खतराप्रति पत्रकार सचेत हुनैपर्दछ ।

जात, जाति, यौन व्यवहार, धर्म, राजनीति लगायत अल्पविचार, राष्ट्रिय वा सामाजिक उत्पत्तिस्थान आदिमा आधारित भेदभावपूर्ण व्यवहार हटाउन सकेसम्म कोसिस गरिनुपर्दछ ।

८.) पत्रकारले निम्न कुरामा ध्यान पुऱ्याउनुका साथै बच्ने कोसिस गर्नुपर्दछ ।

☛लिखत-चोरी

☛ द्वेष वा इर्ष्यापूर्वक झुठा कुरा गर्नु

---

[२७] John Herbert, Practising Globlal Journalism

☛प्रकाशन वा अप्रकाशन गरेवापत जुनसुकै स्वरूपमा घुस लिने

९.) माथि उल्लेखित आचारसंहिता पालना गर्ने र विश्वासपूर्ण काम गर्ने भएकोले पत्रकारहरूको नाम आदरपूर्वक लिने गरिन्छ । सामान्य कामका लागि सरकार लगायत अन्य कसैले अस्तक्षेप नगरे पनि आ-आफ्नो देशको कानुन बमोजिम नै पत्रकारले काम गर्नुपर्छ ।

पाश्चात्य मुलुक *वेलायत*मा सन् १९९४ मा *वेलायती पत्रकार युनियनले* स्वीकार गरेको आचारसंहितामा उच्च व्यवसायिक तथा नैतिकतामा काम गर्नु हरेक पत्रकारको कर्तव्य मानेको छ । हरेक पत्रकारले प्रेस स्वतन्त्रताका सिद्धान्त र आमसंचारसँग सम्बन्धित सूचना संकलन, विचार तथा टिप्पणीको स्वतन्त्र प्रवाहप्रतिको सिद्धान्तको प्रतिरक्षा गर्नुपर्दछ । पत्रकार सधैं समाचार दवाउने प्रयास, प्रेस सेन्सरसिप र सत्यको तोडफोडको अन्त्य गर्न प्रयासरत रहन्छ । यो आचारसंहितामा निम्न कुरा भनिएको छ :

☛ सम्प्रेषित समाचारको शुद्धता, निष्पक्षता पुष्टि गर्न तथा गलत प्रतिनिधित्व वा तोडमोडबाट स्थापित गरिएको प्रतिकियाबाट बच्न पत्रकार सधैं प्रयत्नरत रहनेछ ।

☛ पत्रकारले सधैं भयङ्कर त्रुटीबाट बच्न र गल्ती भइहालेमा भूलसुधार र क्षमायाचना गर्नेछ ।

साथै महत्त्वपूर्ण मुद्दामा आलोचित व्यक्तिलाई आलोचनाको जवाफ दिने अधिकार प्रदान गर्नेछ ।

☛ पत्रकारले सूचना, फोटोग्राफी र रेखाचित्रहरूको प्रस्तुती सिधा एवं स्पष्टताको माध्यमबाट प्रस्तुत गर्नुपर्छ । अरू माध्यमबाट प्रस्तुत गर्दा जनचासोलाई लिएर गरिएको पुष्टि गर्न सक्ने हुनुपर्दछ । पत्रकारले त्यस्ता माध्यमहरू प्रयोग गर्दा व्यक्तिगत चेतनाको उपयोग गर्नुपर्छ ।

☛ पत्रकारले जनचासोको विषयलाई जोडदार रूपमा प्रस्तुत गर्ने नाममा अरूलाई व्यक्तिगत रूपमा दुःख पीडा हुने कुरा गर्नुहुँदैन ।

☛ हरेक पत्रकारले सूचनाको गोप्य स्रोतलाई संरक्षण गर्नुपर्छ ।

☛हरेक पत्रकारले व्यवसायिक काममा आँच आउने गरी कुनै खालको उपहार, घुस वा प्रभावमा पर्ने अन्य कुरालाई स्वीकार गर्नुहुँदैन

☛विज्ञापन वा अन्य कारणले पत्रकारले सत्यलाई लुकाउने वा तोडमोड गर्नुहुँदैन ।

☛ हरेक पत्रकारले अत्यन्त सार्न्दभिकता बाहेक कुनै पनि व्यक्तिको रंग, जाति, वर्ण , धर्म वैवाहिक स्थिति वा लिंग आदि बारे उल्लेख गर्नुहुदैन । तर सार्न्दभिकता देखाउने नाममा पनि जातीय, धार्मिक विवाद बढाउने अन्याय गर्ने खालका सूचना उत्पादन वा प्रवाह गर्नु हुँदैन ।

☛सूचना सार्वजनिक नहुदै कुनै पत्रकारले सूचनाको आधारमा कुनै व्यक्तिगत फाईदा लिनुहुँदैन ।

☛एउटा पत्रकारले आफ्नो कामको सुरक्षा गर्न वा आफू जागिर खाने संस्थाको प्रर्वद्धन गर्न कुनै व्यवसायिक उत्पादन वा सेवाको विज्ञापन हुने गरी कुनै भनाई, आवाज र दृश्यलाई ठाउँ दिनुहुँदैन ।

## ४.२ विश्वमा पत्रकार आचारसंहिताको विकासक्रम

सन् १९२० को दशकमा पाश्चात्य मुलुकको पत्रकारिता अभ्यासलाई नैतिक मार्गदर्शन प्रदान गर्न प्रारम्भिक रूपमा आचारसंहिताहरू घोषणा हुन थालेको थियो । सन् १९२३ मा *अमेरिकन अखवारी सम्पादक*

*समाजले* *Canon of Journalism* अंगीकृत गरेपछि लिखत आचारसंहिता घोषित रूपमा देखापर्न थालेको हो । दोस्रो विश्व युद्धको लगत्तै *बेलायत* र *अमेरिका*मा प्रेस कमिसनको नियुक्ति साथै आचारसंहिताको घोषणा हुन थाल्यो । यसबाट पत्रकारिता स्वछन्द र निरंकुश स्वतन्त्रता उपभोग गर्न सक्ने संस्था नभई समाजप्रति जिम्मेवार बहन गर्ने संस्था हो भन्ने अवधारणाको विकास भयो । सन् १९७५ मा अमेरिकी अखवार सम्पादक समाजको संचालक समितिद्धारा सन् १९२३ को आचारसंहिता *Canon Of Journalism* लाई खारेज गरी नयाँ आचारसंहिता लागू गरे । यसैगरी संयुक्त राष्ट्रसंघको विशिष्टीकृत संस्था *युनेस्को*ले पनि सन् १९५० मे मा भाण्टेवोडीमा बैठकबाट लिखित आचारसंहिता तयार पारी विश्वभर प्रचार गर्न थाल्यो । यस आचारसंहिता अनुसार प्रेसले स्वतन्त्रता, मानवीय मौलिक अधिकार तथा विश्व शान्तिको तथ्य उजागर गऱ्यो । यसकारण स्वयं पत्रकारहरूले आफ्नो प्रवृत्तिको सम्बन्धमा केहि नैतिक नियमहरूको पालना गर्ने धारणा अंगीकार गऱ्यो । यहाँ समाचार विल्कुल सत्य हुनुपर्ने, कसैले बद्नामी सामग्री छाप्न नहुने, व्यक्तिगत जीवनमा घृणा लगायत अशोभनीय सामग्री छाप्न नहुने, छापिएको सामग्री असत्य हुनासाथ भूलसुधार गर्ने तथा व्यक्तिको प्रतिष्ठाको सम्मान गर्नुपर्ने कुरामा जोड दिइएको थियो ।

यसैगरी सन् १९५४ मा अर्न्तराष्ट्रिय पत्रकार महासंघले पत्रकारका कारवाहीलाई निर्देशन गर्ने मान्यता आवश्यकता महसुस गरी ९ बुँदे आचारसंहिता जारी गऱ्यो । यो आचारसंहिता जारी गर्दा पत्रकारहरूको पेशालाई व्यवहारको मानकका रूपमा लिइएको थियो । त्यस्तै सन् १९६२ मा चौथो एशियाली प्रसारकहरूले पारित गरेका आचारसंहिताहरूमा निम्न बुँदा सम्मिलित थिए :-

१) समाचारलाई सन्तुलित र निष्पक्ष टिप्पणीसहित प्रसारण गर्ने कुरा सुनिश्चित गर्ने ।

२) शिक्षा र संस्कृतिको प्रबर्द्धन गर्ने ।

३) सबै कार्यक्रमहरूको उच्चस्तर कायम गर्ने ।

४) युवा पुस्तामा असल नागरिकको सिद्धान्तमा उत्प्रेरित गर्ने कार्यक्रम प्रसारित गर्ने ।

५) सामुदायिक सद्भाव, धार्मिक सहिष्णुता र अर्न्तराष्ट्रिय समभ्रूदारी प्रवर्द्धन गर्ने ।

६) मानव अधिकार र प्रतिष्ठाको सम्मान गर्ने ।

( खरेल पी. र देउजा ध्रुव कुमार, रेहियोकर्मी अवधारणा र अभ्यास पुस्तकबाट)

पाश्चात्य मुलुकहरू जस्तै *जर्मनी, अमेरिका, बेलायत*मा विश्वमै आमसंचारको विकास भएकोले व्यवस्थित गर्न धेरै पहिले नै आचारसंहिता निर्माण भयो । तर विकासोन्मुख मुलुकहरूमा धेरै पछि मात्र आचारसंहिता निर्माण भएको पाइन्छ । भारतमा सन् १९५४ मा प्रेस काउन्सिलद्धारा केहि निर्देशक बुँदाहरू जारी गरेको थियो । यसलाई आधार मान्दै यहाँका संचारमाध्यमहरू निर्देशित छन् । *पाकिस्तान*मा सरकार र *काउन्सिल अफ न्युज पेपर्स एडिटर* बीच सम्झौता भई सन् १९६५ मा त्यहाँको संसदद्धारा आचारसंहिता जारी भएको पाइन्छ । यता *श्रीलंका*मा १९८१ मा त्यहाँको संसदद्धारा र *बंगलादेश*मा सन् १९७० को अन्त्यतिर आचारसंहिता जारी भएको थियो । पाश्चात्य मुलुकमा पत्रकारहरूले आफुखुसी आचारसंहिता तयार गरी आत्म निर्देशनका प्रयास गरिरहेका छन् तर दक्षिण एसियामा प्रेस काउन्सिल र यसबाट घोषणा हुने आचारसंहितामा सरकारी दवाब वा प्रभाव परेको देखिन्छ । आचारसंहिताको निर्माण विद्युतीय माध्यम *रेडियो* उद्योगका लागि सन् १९३७ मा चलचित्र उद्योगका लागि सन् १९३० मा तथा टेलिभिजन उद्योगका लागि सन् १९५२ मा भएको पाइन्छ । अर्न्तराष्ट्रिय

आचारसंहिताको रूपमा सन् १९९१ को प्रेस काउन्सिल र प्रेस मर्यादा नैतिकता विषयक *स्टकहोम* सम्मेलन-१९९१ ले सत्य तथ्य समाचार सम्प्रेषण हुनुपर्ने , समाचारको स्रोत खुलाउनुपर्ने, गोपनीयता भंग गर्न नहुने , लैंगिक र जातीय विभेद गर्न नहुने, उच्च मर्यादा कायम गर्न राख्नुपर्ने लगायतका २२ बुँदाहरूमा जोड दिइएको थियो । यसमा निम्न कुराहरू समेटिएको छः-

१) सत्य, स्पष्टताको सम्प्रेषण हुनुपर्ने

२) बेनामे स्रोतको प्रयोग गर्न नहुने

३) गोप्यता कायम गर्नुपर्ने

४) सच्याउनुपर्ने

५) गलत प्रतिनिधित्व गर्न नहुने

६) अश्लील र अशिष्ट भाषाको प्रयोग गर्न नहुने

७) समाचार तथा लेखहरूको खरिद गर्न नहुने

८) सूचनाको चोरी गर्न नहुने

९) जातीय विभेद गर्न नहुने

१०) विना जानकारी अन्तर्वार्ता, टेलिफोन कुराकानी रेकर्ड गर्न नहुने

११) गोपनीयता भंग गर्न नहुने

१२) लैंगिक विभेद गर्न नहुने

१३) निर्भिक भई यर्थाथ मात्रै प्रेषण गर्नुपर्ने

१४) आर्थिक प्रभावबाट पत्रकारिताको संरक्षण

१५) बालवालिकाको संरक्षण

१६) यौनअपराधमा पीडितको नाम गोप्य राख्ने

१७) चित्र र नामको प्रयोगमा सावधानी

१८) टिप्पणी, हचुवा निष्कर्ष र तथ्यबीचको भिन्नता कायम गर्ने ।

१९) नबुझ्भी निर्णय नलिने

२०) उच्च मर्यादा कायम राख्नुपर्ने

२१) हिंसाजन्य कार्यलाई प्रोत्साहन गर्न नहुने

२२) तस्वीर प्रकाशन गर्दा सावधानी अपनाउनुपर्ने ।

यथार्थमा पत्रकारहरूले निश्चित आचरण र नैतिकताको सीमाभित्र आफूलाई आवद्ध गराउनु पर्दछ भन्ने अवधारणाले विश्वव्यापी मान्यता कायम गरेको देखिन्छ । आचारसंहिता बारे ***सीन म्याक ब्राइड कमिशन***ले (***Sean Mc. Bride Commission***) निम्न विषयहरूमा ध्यान दिएको छः-

१. पूर्ण तथा समानुपातिक संचारको विकास गर्न जरूरी छ ।

२. समाचार तथ्यपरक, सहि र पुर्पक्ष वेगरको हुनपर्दछ ।

३. विज्ञापनको प्रस्तुतिकरण तथा स्थानान्तरण मिल्दोजुल्दो हुनुपर्दछ ।

४. श्रव्य तथा दृश्यात्मक आकृति पारस्परिक रूपमा मिल्दोजुल्दो हुनुपर्दछ ।

५. समाचारको छनोट तथा संचालनमा स्वादिलो धारणा अपनाउनु  पर्दछ ।

६. विश्लेषणत्मक शैली अपनाउनुपर्दछ ।

७. विषय, ढाँचा र प्रस्तुतिकरणको सुपरिवेक्षण गरिनुपर्दछ ।

९. विवादस्पद विषयमा व्यक्तिगत घटना, व्यवसायिक तथा मौलिक विचार अख्तियार गरिन्छ ।

( पोखरेल, प्रबलराज, पत्रकारिताको समान्य परिचय पुस्तकबाट)

यसरी बीसौं शताब्दीको मध्यतिर आएर जनतासँग प्रत्यक्ष सरोकार राख्ने व्यवसायहरूमा आचारसंहिताको आवश्यकता महसुश भयो । यी आचारसंहिताहरू समय-समयमा सयुक्त राष्ट्र संघले जारी  गरेको घोषणापत्र , अर्न्तराष्ट्रिय सन्धि तथा अभिसन्धिका आधारमा परिमार्जन समेत हुने गरेको पाइन्छ । तर अझ पनि आचारसंहिताहरूमा एकीकृत रूपको अर्न्तराष्ट्रिय सहमति कायम हुन भने सकेको छैन । तर देश पिच्छे आ-आफ्नो संस्कृति, मूल्य मान्यता र विश्वव्यापी आचारसंहिताका यी चार कुराहरू सत्य, तथ्य, सामाजिक न्याय र अहिंसा (Truth, Objectivity, Social equal, Non- violence) लाई आधार मानेर आचारसंहिता जारी गर्ने गरिन्छ । यी बुँदालाई हामी एशियाली दृष्टिकोण (Asian Perspectives) भनेर पनि बुझिन्छ ।

## ४.३. दक्षिण एशियामा पत्रकार आचारसंहिता

### ४.३.१ भारत

भारतको प्रेस काउन्सिल दक्षिण एशियाको सबैभन्दा पुरानो प्रेस काउन्सिल हो । *बेलायती* उपनिवेशबाट *भारत* मुक्त भएको करीव ७ वर्षपछि सन् १९५४ मा त्यहाँ गठित प्रेस आयोगले प्रेस काउन्सिलको स्थापना गर्नुपर्ने सुझाव दिएको करीव दश वर्षपछि सन् १९६५ मा त्यहाँको सरकारले प्रेस काउन्सिल ऐनको निर्माण गरेको थियो । सो ऐन सन् १९७६ मा खारेज भयो र पुनः सन् १९७८ मा नयाँ ऐन जारी गरियो । *भारत*मा *बेलायती* शैलीबाट प्रभावित भएर *अम्बुड्सम्यान* जस्तै प्रेस सम्बन्धी उजुरी सुन्ने, सुनुवाई गर्ने, स्पष्टीकरण माग गर्ने, कारवाही गर्ने रक्षा  दिनेजस्ता उद्देश्यलाई समेटेर सो ऐन जारी गरिएको थियो । *भारत*मा पनि प्रेस स्वतन्त्रताको संरक्षण, समाचारपत्रहरूको स्तरमा सुधार र स्वस्थ पत्रकारिताको विकासलाई नै जोड दिएर विधायिकी कानूनद्धारा स्वतन्त्र निष्पक्ष र स्वशासित संस्थाको रूपमा काउन्सिलको स्थापना गरिएको देखिन्छ । भारतीय प्रेस काउन्सिल ऐनमा अध्यक्ष १ र २८ जना सदस्यहरू रहने प्रावधान छ । लोकसभाको सभामुख, राज्यसभाको अध्यक्ष र काउन्सिलद्धारा निर्वाचित एकजना रहेको समितिले अध्यक्ष चयन गर्ने व्यवस्था छ । साथै अध्यक्ष पुनः मनोनित हुनसक्ने कानूनी प्रावधान पनि रहेको छ । भारतीय प्रेस काउन्सिल ऐन १९७८ अनुसार भारतीय प्रेस काउन्सिललाई समाचारपत्र र संस्थाहरूबीच समन्वय राख्न सहयोग गर्ने, पत्रकार आचारसंहिता जारी गर्ने, नागरिकलाई सूचनाको अधिकार र कर्तव्यको सुनिश्चितता प्रदान गर्ने, पत्रकारलाई समाज र राज्यप्रति दायित्वबोध गराउने, विदेशी लगानी सम्बन्धमा अनुगमन गर्ने, सार्वजनिक अहितका समाचारमा लगाइने  प्रतिबन्ध  उपर पुनरावलोकन गर्ने, विदेशी पत्रिकाबाट भित्रिएको असरलाई अध्ययन गर्ने र सञ्चार स्वामित्व  सम्बन्धी विषयमा ध्यान दिने लगायतका जिम्मेवारी दिइएको छ । *भारत*मा प्रेस काउन्सिलले केवल छापा पत्रकारहरूका लागि भनेर केहि नैतिक आचारसंहिता निर्देशिका निर्माणमा सहायक हुने मुलभूत विषय शीर्षकहरू जारी गरेको छ । तर यसअघि नै All India

Newspapers Editors Conferences ले सन् १९६८ मा समाचार माध्यममा रिपोर्टिङका लागि तिन बुँदे आचारसंहिता छापा पत्रकारहरूका लागि जारी गरेको थियो ।

(क) स्वतन्त्र प्रेसले मात्र स्वतन्त्र समाजको निर्माण गर्न सक्छ । विभिन्न समुदाय यस मुलुकका गहना हुन र खतरा पनि हुन् । त्यसैले पत्रकारले विभिन्न सम्प्रदायबीच ऐक्यबद्धताका लागि विश्वसनीय हुनुपर्छ  र सर्वसाधरणको सेवा र जनहित रक्षामा दृढ रहनुपर्छ ।

(ख) एकताको भावना पैदा गर्नु प्रेसको दायित्व हो र आफ्नो कर्तव्य निर्वाह गर्दा नागरिकको आधारभूत मानव र सामाजिक अधिकारसँगै साम्प्रदायिक हित र आफ्नो व्यवसायिक मर्यादा ख्याल राखेर निष्पक्ष समाचार र टिप्पणी गर्नुपर्छ ।

(ग) भ्रम सिर्जना गर्ने प्रकृतिका समाचार र टिप्पणीमा पत्रकारले चनाखो र सतर्क भएर विशेष जानकारीको यथार्थ प्रवाह गर्न सक्नुपर्छ ।

उक्त आचारसंहितामा पत्रकारिताको कुनै पनि रूपबाट साम्प्रदायिक सद्भावनामा खलल पुग्ने र कसैप्रति हिंसा प्रेरित टिप्पणी गर्न रोक लगाईएको छ । कुनै समुदायको देशभक्तिको भावना र आकांक्षामा ठेस लाग्ने, भेदभावजन्य  असत्य समाचार त्याग्न भनिएको छ । त्यस्तै ठूला घटना, हिंसात्मक र अमानवीय घटनालाई प्रस्तुत गर्दा पूर्ण वस्तुपरक नभएर मानव संवेदनालाई ख्याल गरी प्रस्तुत गर्न भनिएको छ । कानूनी मूल्य मान्यतालाई बढावा दिएर शान्ति  र आपसी सम्बन्धलाई अझ प्रगाढ बनाउने समाचारका विषयवस्तुलाई प्राथमिकता दिईनुपर्छ, भनिएको छ । समुदायवीचको उत्कण्ठामा ठेस लाग्ने तस्वीर, कार्टुन, कविता आदिको प्रकाशनमा समुदायलाई होच्याउने प्रकृतिका विषयमा सावधानी अपनाउन पनि भनिएको छ । साथै श्रोत खुलाउन पूर्ण आधिकारिक समाचारमात्र संप्रेषण गर्न पनि सो आचारसंहितामा अनुरोध गरिएको छ । *भारत*मै पत्रकारका लागि तोकिएको एक अर्को व्यवहार मापदण्डमा पत्रकारिताका सिद्धान्त तथा नैतिक मान्यता निम्न हुने तोकिएको छ ।

(१) तथ्य तथा निष्पक्षता

(२) प्रकाशन अघि पुर्नपुष्टि

(३) कसैको मानहानी हुने किसिमका सामग्री प्रकाशन गर्नु अघि सावधानी अपनाउनुपर्ने हुन्छ । यसमा पनि पूर्ण सत्य र जनहित प्रतिकूल नभए प्रकाशन  गर्ने र मरिसकेको तथा त्यसमाथि पुनः टिप्पणी गर्न नसक्ने व्यक्तिको बारेमा मानहानी हुने सामग्री प्रकाशन नगर्ने । कुनै व्यक्तिको टिप्पणी गरिसकेपछि उसलाई पनि सफाई तथा प्रतिटिप्पणी गर्ने मौका प्रकाशनमार्फत दिने ।

(४) सरकारी अधिकारीहरूका कार्य तथा व्यवहारसम्बन्धी टिप्पणी गर्न प्रेसलाई सीमित अधिकार तोकिएको छ । अदालत तथा संसदको मानहानी नहुने गरी र स्थानीय अधिकारीहरूले उनीहरूमाथि लागेको आरोप उपर सफाई दिन सक्ने गरी यो अधिकार प्रयोग गर्न सकिने छ । अपराधी तथा दोषीलाई सहयोग पुग्ने गरी सरकारी गोप्य ऐन( Official Secrets Act) १९२३ अनुसार गोप्य राखिएका सूचना अनधिकृत ढंगबाट लिएर प्रचारप्रसार गर्न मिल्दैन, तर मनोरञ्जन दिने गरी कार्टुन नक्कल गर्न सकिनेछ ।

(५) कसैको व्यक्तिगत गोपनियताको अधिकारको हनन हुने सामग्री प्रकाशन गर्न पाइँदैन ।

बलात्कार, अपहरण र यौन दूव्यर्वहारका समाचार प्रकाशन गर्दा त्यसबाट पर्नसक्ने प्रभावलाई ध्यानमा राख्ने र उनीहरूलाई सार्वजनिक नगर्ने ।

(६) कुनै व्यक्तिको पूर्व अनुमति नलिइकन उसको अन्तर्वाता तथा फोनवार्ता प्रकाशन नगर्ने तथा तस्वीर र अन्य माध्यमबाट जालसाजी नगर्ने ।

(७) पत्रकारले कुनै पनि सामग्री , तथ्यलाई पनि अनुमानको भरमा उठाउनु हुँदैन ।

(८) कुनै विवादास्पद विषयमा कसैले भनेकै आधारमा कसैलाई आरोप नलगाउने ।

(९) कुनै प्रकाशित सामग्री गलत पाइएमा तत्काल भूलसुधार तथा खेद प्रकट गर्ने ।

(१०) कुनै व्यक्ति प्रेसद्धारा प्रवाहित सामग्रीकै कारण प्रभावित भएमा उसलाई सफाई तथा जवाफ दिने मौका दिने । प्रेस काउन्सिलको सक्रियतामा यदि कसैले सफाई पाएमा एउटा सम्पादकीय नोट प्रकाशित गरिदिने । कुनै पनि विषयमा श्रोता पाठकलाई नै अन्तिम मूल्याङकन गर्न दिने ।

(११) कुनै पनि विवादास्पद विषयमा एकपक्षीय विचारमात्र नराख्ने । तर दुईपक्षबाटै आएको तर्कमध्ये कुनलाई प्रथम स्थान दिने सम्पादकमा निर्भर रहन सक्छ ।

(१२) छाडा तथा अश्लिल सामग्री, विज्ञापन, तस्वीर प्रकाशन नगर्ने ।

(१३) हिंसा, सशस्त्र लुट, आतंककारी गतिविधी र सामाजिक विकृति विसंगतिलाई निरूत्साहित गर्ने ।

(१४) साम्प्रदायिक विवादका सामग्री प्रस्तुत गर्दा पूर्ननिश्चित गरेर र विभिन्न समुदायबीच आपसी सामञ्जस्य, मित्रता र शान्ति प्रगाढ हुने सामग्रीमात्र प्रकाशन गर्ने । उत्तेजक र दुरूत्साहन गर्ने शीर्षक र सामग्री त्याग्ने ।

(१५) शीर्षकमा उल्लेख गरिएको कुरालाई पुष्टी गर्ने आधारहरू समाचारमा अनिवार्य रूपमा प्रस्तुत गर्ने ।

(१६) जात जाति, धार्मिक आस्था र सामुदायिक पृष्ठभूमिको आधारमा भेदभाव नगर्ने ।

(१७) कुनै पनि प्राकृतिक प्रकोपका समाचार तथा दृश्यहरूलाई बढाएर उत्तेजक बनाएर र आफू निश्चित नभई प्रकाशन नगर्ने ।

(१८) राष्ट्र, समाज र व्यक्तिको हक अधिकारलाई सर्वोपरी मान्ने । कुटनैतिक सम्बन्धको दुरूपयोगलाई रोक्दै सम्बन्धमा खाडल भएमा पुर्ने । जनसरोकारका विषय र जनताबाट लुकाउन खोजिएको सार्वजनिक विषयमा अधिकृत श्रोतबाट जानकारी चुहाएर, सन्तुलित, पूर्ण, तथ्य र आधिकारिक विषय बाहिर ल्याउने । स्वतन्त्र र भरपर्दो जानकारी ल्याएर निर्दोषलाई बचाउने अनुसन्धानात्मक पत्रकारिता पनि स्वागत योग्य हुनेछ । तर जनसरोकारको विषय नभएमा वा पूर्ण प्रमाण नभई कुनै सार्वजनिक व्यक्तिको व्यक्तिगत जीवन तथा गोपनियता खुलाउनु हुँदैन ।

(१९) यदि विश्वासनीय श्रोतबाट समाचार प्राप्त भएको छ भने श्रोत गोप्य राख्न सकिन्छ । तर कुनै विवाद उत्पन्न भएमा उसलाई गोप्य रूपमा काउन्सिलमा सार्वजनिक गर्नुपर्नेछ । श्रोतको अनुमति पश्चातमात्र दिईएको सामग्री प्रकाशित गर्नुपर्दछ । कानुनी कार्यसम्पादनका सम्बन्धमा निष्पक्ष, सत्य र आधार प्रस्तुत गर्न सकिने कुरामात्र ल्याउनुपर्छ । अदालतको मानहानी हुने तथा अदालतलाई काम कारबाही अगाडि बढाउन र अदालतलाई निष्पक्ष ढंगबाट निर्णय लिन अप्ठ्यारो पर्न सक्ने सामग्री प्रकाशन गर्नु हुँदैन ।

(२०) आफ्नो उच्च व्यवसायिक मर्यादालाई विर्सेर तुच्छ व्यवसायिक स्वार्थका लागि कुनै सामग्री प्रस्तुत नगर्ने । कुनै सामग्रीको स्रोत उल्लेख नगरी सामग्रीलाई तोडमोड गरी आफ्नो बनाएर चोरी प्रकाशन (Plagiarism) नगर्ने अन्य पत्रपत्रिकाका समाचारलाई आफ्नो बनाउँदा चोरी गरेर तथा श्रोत नखुलाई कुनै आलेख तथा अन्य

सामग्री मनखुसी प्रकाशन नगर्ने । कुनै अप्रकाशन योग्य सामग्री प्रकाशित नभएमा सम्बन्धित लेखकलाई नै फिर्ता गर्ने ।

(२१) विज्ञापनलाई समाचार तथा सम्पादकीय सामग्री बनाएर, धार्मिक मनोभावना प्रतिकूल हुने, निषेधित , गैरकानुनी अनधिकृत र पत्रकारिताको संहिता प्रतिकूलका विज्ञापन प्रकाशित प्रसारित नगर्ने । विज्ञापनको दर स्पष्ट खुलाउने, विज्ञापन सम्बन्धका अन्य जानकारी सम्पादकीय विभागलाई अनिवार्य हुने । कस्तो विज्ञापन दिने वा नदिने सम्बन्धमा सम्पादकले निर्णय गर्न सक्नेछ । कुनै पनि समाचार संस्थाबाट प्रकाशित वा प्रसारित सम्पूर्ण सामग्रीप्रति सम्पादक जिम्मेवार हुनेछ ।

यसैगरी भारतकै विभिन्न सञ्चार माध्यमका सम्पादकहरूको सम्मेलन पश्चात अखिल भारतीय पत्रिकाहरूले (All India Newspapers) ले जारी गरेको आचारसंहितामा पत्रकार विश्वसनिय हुनुपर्ने, उसले जनभावनाको सेवा र सुरक्षा गर्नुपर्ने, आफ्नो कर्तव्य निर्वाह गर्दा व्यवसायिक मर्यादालाई कायमै राखि कुनै पनि व्यक्तिको सामाजिक  आधारभूत हकको ख्याल गरी गर्नुपर्ने उल्लेख छ । नागरिकबीचको सम्बन्धमा खलल पुऱ्याउने विषयहरूका सम्बन्धमा विशेष  संयमता अपनाउने, राष्ट्रियतामा जोड दिने, राष्ट्रिय अखण्डतामा विशेष ध्यान दिने लगायतका छन् । समाचार तयार पार्दा तथ्य, उत्तरदायित्व, व्यवसायिक गोपनियता, स्वस्थ खण्डन तथा गल्ती स्वीकार आदिमा ध्यान दिने । पत्रकारले आफ्नो पदको दुरूपयोग नगर्ने, व्यवसायिक चरित्र हुनुपर्छ । पत्रकारले इमान्दारीपूर्ण टिप्पणी गर्नुपर्छ र सार्वजनिक चासो नभएको व्यक्तिगत मुद्दालाई उठाउनुहुँदैन भन्ने कुरा उल्लेख गरिएको पाइन्छ ।

भारतमा अल इण्डिया रेडियो (All India Radio) र दूरदर्शनले छुट्टाछुट्टै विद्युतीय सञ्चारमाध्यमका आचारसंहिता जारी गरेका छन् । भारतीय स्तरीय विज्ञापन काउन्सिलले (Advertising Standards Council of India) पनि विज्ञापन सम्बन्धी आचारसंहिता जारी गरेको छ । भारतमा कुनै समाचारपत्र वा समाचारमा प्रकाशित विषयमा कसैले उजुर गरेमा त्यस्तो सामग्री छाप्ने वा लेख्ने लेखक वा पत्रकारले पेशागत आचारसंहिताको उल्लंघन गरेको मानिने र उजुर मनासिव भएमा प्रेस काउन्सिलद्धारा त्यसउपर छानवीनको कार्य शुरू  गरिन्छ । भारतीय प्रेस काउन्सिल ऐनले त्यस्ता उजुर उपर अदालतमा मुद्दा चलेकामा हस्तक्षेप गर्न नसक्ने, छानवीनको प्रकिया शुरू  गर्नुपरेमा त्यस्तो अभियोग लागेको व्यक्तिलाई म्याद पठाउने र उपस्थित गराउने, त्यस्ता लिखतहरू मगाउने, प्रमाण बुझने, कुनै कार्यालय वा अदालतबाट सार्वजनिक अभिलेखहरू मगाउने, साक्षी लिखत परीक्षणको लागि आयोग गठन गर्न सक्ने जस्ता अधिकारहरू काउन्सिललाई प्रदान गरेको छ । उसलाई त्यस्तो आपत्तिजनक कुराले कुन ऐन नियमको आधारमा असर पुऱ्याएको हो सो समेत उल्लेख गर्नुपर्ने, त्यसरी उजुर गर्दा त्यस्तो पत्रिका, समाचार संस्था, लेख्ने पत्रकार, सम्पादकलाई व्यक्तिगत रूपमा ध्यानाकर्षण गराएको हुनुपर्ने कुरा ऐनद्धारा तोकिएको छ । उजुरी गर्दा दैनिक पत्रिका, साप्ताहिक र समाचार संस्थाको हकमा सामग्री प्रकाशित भएको मितिले दुई महिनाभित्र र अरूको हकमा चार महिनाभित्र उजुरी दिईसक्नुपर्ने कानुनी व्यवस्था छ । काउन्सिलले सबुद प्रमाणको मूल्याङ्कन गरी आचारसंहिताको उल्लंघन गर्ने पत्रकारलाई समाचारको गम्भिरताको आधारमा चेतावनी दिने, समाचारपत्र र सञ्चार संस्थालाई प्रतिबन्ध लगाउने जस्ता निर्णयहरू गर्न सक्छन् । त्यहाँ काउन्सिलको निर्णय अन्तिम हुने कानुनी व्यवस्था छ । *भारत*मा पनि वेला वखतमा भएका समाचारपत्र सम्पादक सम्मेलनहरूले आचारसंहिता तय गर्ने गरेको पाईन्छ । सन् १९५३ मा *अखिल भारतीय समाचारपत्र सम्पादक*

सम्मेलनको स्थायी समितिले १५ सूत्रीय आचारसंहिता घोषणा गरेको थियो । यस्तैं सन् १९७५ मा प्रधानमन्त्री इन्दिरा गान्धीको समयमा आपत्कालिन स्थितिको घोषणा हुँदा कैयौं समाचारपत्रहरू माथि प्रतिवन्ध समेत लगाइयो । यस वेला समाचारपत्र सम्पादक सम्मेलनको आयोजना भयो । यसले १४ सूत्रीय आचारसंहिताको घोषणा गऱ्यो । सो घोषणा पत्रमा निम्न कुरा उल्लेख गरिएको थियो ।

१. आफ्नो कर्तव्य निर्वाह गर्दा पत्रकारले मूलभूत रूपमा मानवीय एवं सामाजिक अधिकारबारे ध्यान राख्छन् र समाचारको प्रस्तुतीकरण एवं विचारको अभिव्यक्ति दिँदा सद्भावना तथा न्यायपरायणतालाई आफ्नो व्यवहारिक उत्तरदायित्व सम्झन्छन् ।

२. पत्रकार र समाचारपत्रले राज्य एवं जनताको त्यस्तो गतिविधि माथि प्रोत्साहित गर्दछ । यसबाट राष्ट्रिय एकताको सुदृढिकरण, अखण्डता साथै आर्थिक र सामाजिक प्रगतिलाई बल पुऱ्याउँछ ।

३. जुन कुराबाट नागरिकमा उथलपुथल, विद्रोह र हिंसाको संभावना हुन्छ , त्यस्तो कुरालाई पत्रिकामा स्थान दिनुहुँदैन ।

४. पत्रिकामा प्रकाशित हुने हरेक सामग्री तथ्यमा आधारित हुनुपर्दछ र कुनै पनि तथ्यलाई तोडमोड गर्नुहुँदैन ।

५. समाचारपत्रमा उत्तेजना पैदा गर्ने र अर्थको अनर्थ लाग्ने काल्पनिक समाचारलाई स्थान दिनु हुँदैन ।

६. व्यवसायिक गोपनियताको रक्षा गर्नुपर्दछ ।

७. पत्रकारले आफ्नो पद र प्रतिष्ठाको उपयोग गैरपत्रकार प्रयोजनका लागि वा गैरपत्रकार उद्देश्यका लागि गर्नुहुँदैन ।

८. पत्रकारले आर्थिक प्रलोभनमा परेर कुनै पनि समाचार वा टिप्पणी प्रकाशन गर्नु हुँदैन ।

९. पत्रकार र समाचारपत्रले कुनै वादविवाद नगरी लोकहितको लागि काम गर्नुपर्दछ ।

१०. पत्रकार र समाचारपत्रले अफवाह वा व्यक्तिको जीवनसँग सम्बन्धित संदिग्ध समाचार प्रकाशन गर्नुहुँदैन ।

११. समाचारपत्रमा विज्ञापनको रूपमा पनि अश्लिल सामग्री (जसले समाजहित विपरित अपराध गर्न प्रोत्साहन गर्छ) लाई प्रकाशन गर्नु हुँदैन ।

१२. पत्रकार एवं समाचारपत्रबाट लोकतन्त्र, धर्म निरपेक्षता र समाजवादको राष्ट्रिय उद्देश्यलाई बढवा दिनुपर्दछ ।

१३. पत्रिकामा कुनै जाति, सम्प्रदाय, धर्म, क्षेत्रीय वा भाषिक गुटबाट सम्बन्धित दंगाका समाचार प्रकाशित गर्नुहुँदैन ।

१४. देशको संप्रभुसत्ता र अखण्डता, सुरक्षा अथवा वैदेशिक सम्बन्धमा आघात पुग्ने गरी कुनै पनि सूचना वा टिप्पणी प्रकाशित गर्नु हुँदैन ।

## ४.३.२ पाकिस्तान

इस्लामिक गणतन्त्र *पाकिस्तान*मा सरकार अधिनस्थ प्रेस क्रमशः सरकारी नियन्त्रणबाट स्वतन्त्र हुने प्रयासमा छ । सैनिक शासित *पाकिस्तान* क्रमशः वास्तविक प्रजातान्त्रिकरण तर्फ लागेको दावी त गर्दैछ, तर त्यहाँको प्रेसको अवस्थालाई अध्ययन गर्दा सबै प्रक्रिया स्वच्छ र स्पष्ट छैनन् । पाकिस्तानी सूचना मन्त्रालयका अनुसार सन् २००२ मा जारी अध्यादेश अनुकूल स्थापित पाकिस्तानी प्रेस काउन्सिलले स्वस्थ र उत्तरदायी

पत्रकारिताको अभ्यासको लागि प्रेस स्वतन्त्रता र जनगुनासोका सवालमा र आचारसंहिताको उल्लंघन सम्बन्धमा छानविन गर्न सक्नेछ । सो काउन्सिलमा राष्ट्रपतिबाट मनोनित एक अध्यक्ष समेत गरी १७ सदस्यीय हुनेछ । सर्वोच्च अदालतको न्यायधिश हुने हौसियत राख्ने कुनै उच्च न्यायलयको अवकासप्राप्त न्यायधिश अध्यक्षका लागि योग्य मानिने प्रावधान रहेको छ । काउन्सिलमा पत्रकारको हक हितका लागि गठित *काउन्सिल अफ पाकिस्तान न्यूजपेपर्स एडिटर्स* र *द अल पाकिस्तान न्यूजपेपर्स सोसाईटी*बाट चार-चार जनालाई मनोनयन गर्ने प्रावधान रहेको छ । साथै काउन्सिलमा तल्लो सदनको नेता र माथिल्लो सदनको विपक्षी नेताद्धारा सिफारिस गरिएका एक-एक जना, *द नेशनल कमिसन अन द स्ट्याटस अफ वीमन, पाकिस्तानी वार काउन्सिल, द फेडरेशन अफ पाकिस्तान चेम्बर अफ कमर्स एण्ड इण्डष्ट्री* र कुनै एक प्रसिद्ध मानवअधिकारवादी संस्थाबाट एक-एक जना प्रतिनिधी सदस्यको रूपमा रहनेछन् । सो काउन्सिलले सरकारबाट अनुमोदन गराई १४ बुँदे प्रेसको आचारसंहिता (Press Ethics) जारी गराएको छ । सो आचारसंहिता समाचार, लेख, सम्पादकीय, आलेख, कार्टुन तस्वीर र विज्ञापन लगायत जस्तोसुकै प्रकाशन सामग्रीका लागि पनि मार्गनिर्देशक हुने सो संहिताको माथिल्लो अनुच्छेदमा नै स्पष्ट पारिएको छ । यसले पहिचान गरेको नैतिक मूल्य र मान्यता मापदण्डहरू दक्षिण एशियाली मुलुकका आचारसंहितासँग मिल्दा जुल्दा छन् । तर प्रेसले राष्ट्रिय सुरक्षा, ऐक्यबद्धता र विचारलाई अवमूल्यन गर्ने कुनै पनि समाचार, टिप्पणी, तस्वीर र विज्ञापन कुनैपनि प्रकाशनमा ल्याउने छैन भनी प्रष्ट अंकित गरिएकाले अन्य मुलुकका संहिताभन्दा फरक देखाउँछ ।

सो काउन्सिल पत्रकार, प्रकाशक, सम्पादक, समाचार संस्था र समाचारपत्रहरूलाई पत्रकारिताको नैतिक संहिताको सुनिश्चित ढंगले पालना गराउन सशक्त हुनेछ । काउन्सिलले पत्रकारिताको मर्यादा विपरित कार्य भएमा एउटा छानवीन आयोगको कार्यालय, मुख्य/प्रान्तिय/ क्षेत्रीय रुपमा स्थापना गरी कार्य गर्न सक्नेछ । साथै काउन्सिलले सरकार, राजनीतिक दल, कुनै संस्था वा व्यक्तिद्धारा प्रेस नियन्त्रण वा हस्तक्षेपको विरूद्ध समेत कदम चाल्न सक्नेछ । सन् २००२ मा जारी "*Newspapers and News Agencies*" अध्यादेशले कुनै प्रकाशनमा अयोग्य समाचार प्रकाशित भएमा सम्बन्धित सञ्चारमाध्यमले स्पष्टीकरण पेश गर्नुपर्नेसम्मको प्रावधान राखेको छ । तर सन् २००३ मै जारी प्रेस काउन्सिल अध्यादेशले प्रेसले आचारसंहिताको उल्लंघन गरेमा सामान्य जरिवाना लिनसक्नेछ । तर कुनै प्रकाशन बन्द गर्न सरकारी दवाव दिन सक्ने छैन । साथै काउन्सिलले सम्बन्धित पत्रकार तथा प्रकाशकसँग स्पष्टीकरण पनि सोध्न सक्नेछ । अध्यादेशमा मिडियालाई अझ बढी सावधान, उत्तरदायी र अनुशासित राख्न नैतिक परीक्षण अथवा अनुगमन पनि गर्न सक्ने व्यवस्था छ । सन् २००२ कै अगस्त ३१ मा पाकिस्तानी सरकारले आचारसंहिता उल्लंघन गर्नेलाई तीन महिनाको लागि कैद, ५० हजार रूपैयासम्मको जरीवाना लिन सक्ने गरी नयाँ आचारसंहिता जारी गऱ्यो । कसैको मानहानी हुने सामग्री प्रकाशन गरेमा लेखक, सम्पादक वा अन्य उत्तरदायी व्यक्तिलाई मानहानी कानुन बमोजिम सजाय दिने व्यवस्था भएतापनि सो सम्बन्धमा छानवीन गर्ने अधिकार प्रेस काउन्सिललाई दिइएको छ । तर पाकिस्तानी वार एशोसिएसनले तत्काल मानहानी अध्यादेशका नामबाट प्रेस स्वत्रन्त्रतामा कडी कडाउ गर्न लागेको भनी सो सरकारी कदमप्रति खेदप्रस्ताव पारित गरेको थियो । पाकिस्तानमा प्रेस स्वतन्त्रताको सुरक्षा र स्वच्छ पत्रकारिताको विकास गर्ने उद्देश्यले गठित *The Newspapers Editors Council of Pakistan* ले पत्रकारले सत्यको सेवा र तथ्यको सञ्चार गर्नुपर्नेमा जोड दिएको छ । पाकिस्तानी संविधानको धारा १९ मा प्रत्याभूत गरिएको प्रेस स्वतन्त्रतामा

उल्लेखित प्रावधानलाई पूरा गर्न यस काउन्सिलले सरकारको हस्तक्षेप ननिम्त्याउन पत्रकारले निम्न Canons of Journalism को पालना गर्नुपर्ने तोकेको छ । Responsibility, Freedom of Press, Independence, Sincerity, Accuracy, Impartiality, Fairplay and Decency and to realise the goals expounded in the Declaration of objectives adopted by the NECP

यसमा कुनै पनि अनैतिक र अश्लिल समाचार सामग्री, हिंसा तथा अपराध प्रोत्साहन  गर्ने समाचार सामग्री प्रकाशन/प्रसारण गर्न नहुने लेखिएको छ । त्यस्तै नागरिकको सत्य जान्न पाउने अधिकारको आदर गर्न, सर्वसाधरणसँग सम्बन्धित जानकारी, उनीहरूको चासोको विषय उजागर गर्न व्यक्तिको व्यक्तिगत इज्जतको रक्षा गर्न, श्रोत खुलाइएका विश्वसनीय जानकारी प्रवाह गर्न यो आचारसंहिताले प्रशस्त ध्यान दिएको छ । त्यस्तै यहाँको आचारसंहितामा दक्षिण एशियाकै अन्य प्रजातान्त्रिक मुलुकमा राखिएका प्रावधानहरू पाउन सकिन्छ ।

### ४.३.३ बंगलादेश

सन् १९७१ मा पूर्वी *पाकिस्तान*बाट विखण्डन भएर स्थापित स्वतन्त्र मुलुक *बंगलादेश* दक्षिण एशियामा नै पत्रकारिताको विजारोपण गर्ने वंगाली मुलुक मानिन्छ । सन् १७८० मा तत्कालीन *बेलायती* उपनिवेशमा समाहित भारतबाट नट्क्रिदै **जे. ए. हिक्कीले** पहिलो दक्षिण एशियाली ***पत्रिका बंगाल गजेट वा क्यालकटा जनरल एडभरटाइज्र*** प्रकाशित गरेका थिए । स्वतन्त्र बंगलादेशको स्थापना भएको तेस्रो वर्षमै त्यहाँको व्यवस्थापिकाले प्रेस स्वतन्त्रताको संरक्षण गर्न र नागरिक तथा संस्थाहरू मिडियाबाट प्रताडित तथा शोषित हुन नपरोस् भनेर प्रेस काउन्सिल ऐन जारी गऱ्यो । सो काउन्सिलले पत्रिका र त्यहाँका समाचार समितिहरूको स्तर सुधार्ने उद्देश्य पनि बोकेको थियो । सन् १९८४ मा गठित प्रेस आयोगले सरकार अधिनस्थ पत्रिकाहरूको उन्मूलन गरी प्रेस स्वतन्त्रता सम्बन्धी कानूनको निर्माणमा जोड दियो । साथै सो आयोगले सन् १९७४ को प्रेस काउन्सिल ऐनको संशोधन र उत्तरदायी प्रेसको विकासमा पनि जोड दिएको छ । सो ऐनको दफा ११ को उपधारा २ ले प्रेस स्वतन्त्रताको सुरक्षा तथा पत्रपत्रिकालाई आत्मनिर्भर बनाएर उच्च व्यावसायिक मापदण्ड कायम राख्न एउटा आचारसंहिताको निर्माण गर्न सक्ने व्यवस्था गरेको छ । सो ऐनले संविधानको धारा ३९(१) को प्रदत्त कुनै पनि नागरिकको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता प्रत्याभूत गर्न प्रेस काउन्सिललाई सशक्त बनाएको पाउन सकिन्छ । तर सो ऐनमा सरकारद्धारा संविधान प्रदत्त प्रेस स्वतन्त्रतामाथि हस्तक्षेप भएमा के गर्ने भन्ने बारे कानुनी व्यवस्था लागू गरेको छैन  न त सो ऐनले सरकारले कुनै प्रेस विरूद्ध कारवाही चलाउँदा काउन्सिलको परामर्श लिनैपर्ने व्यवस्था गरेको छ ।

बंगलादेशमा सरकारद्धारा प्रेसमाथि भएका हस्तक्षेपका अनगिन्ती घटना छन् । यहाँसम्म कि सरकार स्वयंले सन् १९७५ मा विशेष ऐन निर्माण गरेर सरकारी स्वमित्वमा रहेको चार पत्रिका बाहेक अन्य सम्पूर्ण पत्रिकाको प्रकाशन खारेज गरेको थियो । सन् १९९१ मा प्रजातन्त्रको पुर्नवहाली पछि मात्रै बंगलादेशमा प्रेसमाथिको सरकारी नियन्त्रण कम हुदै गएको पाउन सकिन्छ । सन् १९९० ताका बंगाली पत्रकारिताको अवधारणामाथि चर्चा गर्दै अमेरिकी राज्यविभागले अधिकांश बंगाली छापा पत्रकारहरू केहि हदसम्म आत्म-प्रतिबन्धित भएर काम गर्ने गरेको पाइएको उल्लेख छ । उनीहरू सत्तापक्ष वा प्रतिपक्षमा रहेका र राजनीतिक पृष्ठभूमि भएका व्यक्तिको स्वच्छ आलोचना गर्न र संवेदनशील विषयमा कलम चलाउन समेत संभावित

प्रत्याक्रमण र शारीरिक सजाँयका कारण हिच्कचाउँछन् । *बंगलादेश*मा पछिल्लोपटक सन् १९९३ मा पत्रपत्रिका, समाचार संस्था र पत्रकारहरूका लागि भनेर २२ बुँदे आचारसंहिता तोकिएको छ । सो आचारसंहितामा पत्रकारको दायित्व जनतासँग सरोकार राख्ने विषयमा उनीहरूको चेतनास्तर र व्यक्तिगत अधिकारको सम्मान गर्दै जनतालाई सु-सूचित पार्नु हुनेछ भनी तोकिएको छ । तर बंगलादेशी पत्रकारहरू नैतिक संहिताको भन्दा कानूनी पत्रकारिता अभ्यास गर्दछन् भनी पत्रकारिता तथा आमसञ्चारमा नैतिकताको प्रश्न विषयमा त्रि.वि.वि.का प्राध्यापक लाल देउसा राईले प्रस्तुत गरेको कार्यपत्रमा उल्लेख छ । बंगलादेशीहरू कानुनी राजव्यवस्था अर्न्तगत रहेर पत्रकारिताका समस्याहरू छिनोफाने गर्ने पक्षमा रहेका पाइन्छन्- कार्यपत्रमा उल्लेख छ । सो संहितामा पनि अन्य प्रजातान्त्रिक दक्षिण एशियाली मुलुकमा झनै आचारसंहितामा सत्य, तथ्य, विश्वसनीयता र पत्रकारको जिम्मेवारीप्रति नै जोड दिइएको छ । आचारसंहिताले जनतालाई सूसुचित गर्ने, आधारहिन समाचारहरू प्रकाशित नगर्ने, विवादित विषयमा सत्य, तथ्य जानकारी मात्र बाहिर ल्याउने, कुनै वर्ग तह वा समुदायवीच भेदभाव नहुने प्रकृतिका समाचार प्रकाशन प्रसारणमा जोड दिएको छ । यहाँ पनि हानी नियन्त्रण (Damage Control) का लागि सम्बन्धित पत्रिकाले जिम्मेवारी लिएर सत्य स्पष्ट पार्ने व्यवस्था छ । अन्य प्रावधान अदालत, उत्तेजक सामग्री प्रकाशन, समाचारको चोरी आदिमा पनि प्रायः समान व्यवस्था गरिएको पाउन सकिन्छ । यसमा आफ्नो समाचारसंस्थाबाट प्रवाहित गरिएको कुनै पनि सामग्रीप्रति सम्पादक नै जिम्मेवारी हुनुपर्ने पनि उल्लेख छ । सो आचारसंहिताले समाजका नैतिक मान्यतालाई प्रकाश गर्ने र पुरूष महिलाबीच असमानता हुन जाने प्रकृतिका समाचारमा विशेष ध्यान दिन पनि निर्देश गरेको छ ।

### ४.३.४ श्रीलंका

हिन्द महासागरमा अवस्थित टापु *श्रीलंका* दक्षिण एशियाकै सबैभन्दा बढी अर्थात ९० प्रतिशत भन्दा पनि बढी जनसख्या शिक्षित रहेको राष्ट्र हो । अनुमानित २ करोड भन्दा बढी जनसंख्यामा करीव ३ चौथाई बौद्ध धर्मालम्बी रहेको *श्रीलंका*मा मूलतयाः *सिंहाली,* तथा अल्पसंख्यकमा *तामिल, एङ्ग्लो इण्डियन* र *अरवी*हरूको बाहुल्यता छ । दक्षिण एशियाली मुलुकमै सबभन्दा राम्रो शैक्षिक विकास भएको *श्रीलंका*मा ५ देखि १४ वर्ष उमेर समूहका वालवालिकाहरूलाई विद्यालय शिक्षा अनिवार्य गरिएकोले त्यहाँ झण्डैं शतप्रतिशत जनता साक्षर छन् । *वेलायती* उपनिवेशबाट सन् १९५१ मा स्वतन्त्र भएको *श्रीलंका*मा सन् १९७३ देखि संघीय गणतन्त्र प्रणाली लागू छ । स्वतन्त्रता देखिनै यो मुलुकले सवैधानिक र बहुदलीय पद्धतिको अभ्यास गर्दै आएको छ । *कमनवेल्थ* राष्ट्रको स्वतन्त्र सदस्य समेत रहेको प्रजातान्त्रिक समाजवादी गणतन्त्रात्मक *श्रीलंका*को शासनपद्धती सन् १९७८ मा जारी संविधान अनुरूप नै सञ्चालित छ । *नेदरल्याण्ड* निवासी **डचहरूले** सन् १७३७ मा नै *श्रीलंका*मा पहिलो मुद्रण प्रेसको स्थापना गरेका थिए । आजभन्दा करीव २ सय वर्ष अघि सन् १८०२ मा नै वेलायती साम्राज्यवादीहरूले ***सरकारी गजेट*** नामक साप्ताहिकको प्रकाशन गरेर *श्रीलंका*मा पत्रकारिताको विजारोपण गरेका थिए । तर श्रीलंकामा १९ औं शताब्दीको मध्य तथा अन्त्यतिर आएर मात्रै प्रकाशनको भेल उर्लेको पाउन सकिन्छ । सन् १९२५ मा प्रसारणको शुरूवात तत्कालिन सरकारले शुरू गरेको थियो । रेडियो सेवाहरू शुरूका ६ वर्ष अंग्रेजीमा मात्र प्रसारण गरिएता पनि पछि आएर *सिंहाली, र तामिल* भाषामा पनि दिन सुरू गरियो । टेलिभिजनको शुरूवात

भने स्वतन्त्रताको करीव ३० वर्षपछि सन् १९७९ मा आएर निजी क्षेत्रबाट भएको थियो । तर दुई महिनामै सरकारले सो स्टेशनमाथि कव्जा जमायो ।

***गुणरत्ने*** नामक विद्धानले गणतन्त्रात्मक शासन पद्धतीको शुरूवातपछि करीव २० वर्ष त्यहाँ प्रेसले उल्लेख्य स्वतन्त्रता उपभोग गरेको उल्लेख गरेका छन् । सन् १९७३ प्रेस स्वतन्त्रता कायम राख्नमा प्रेस काउन्सिल ऐनको निर्माण गरिएको थियो । सरकारबाट नियुक्त सात सदस्यीय परिषद्ले प्रेस विरूद्धका अभियोग तथा उजुरीमाथि छानवीन गर्ने व्यवस्था बमोजिम त्यहाँ काम भइरहेछ । तर ***उदागामा*** नामक विद्धानले एक पुस्तकमा जारी प्रेस काउन्सिल ऐनले कुनै विशेष प्रकारको जानकारी, सरकारी अधिकारीको पूर्व अनुमतिविना प्रकाशन प्रसारण गर्न नहुने भनी प्रकाशन स्वतन्त्रतामाथि हस्तक्षेप गरिरहेको विश्लेषण गरेका छन् । उनका अनुसार नीति तथा कार्ययोजना मन्त्रिपरिषदका कारवाही र वार्षिक नीति सम्बन्धमा ती व्यवस्था लागू गरिएको हो । सो व्यवस्थाले ती विषयमा जनतालाई अध्यांरोमा नै राखिएको पाइन्छ । साथै ती विषयमा खुला छलफल गर्नबाट बञ्चित राख्छन् ।

## श्रीलंका प्रेस काउन्सिलद्धारा जारी आचारसंहिता

प्रजातान्त्रिक समाजवादी *श्रीलंकन* गणतन्त्रको सन् १९८१ को एक गजेटमा प्रकाशन गरी *श्रीलंका* प्रेस काउन्सिलले खण्ड ३०(१) (अ) अनुसार बनाएर सोहि खण्डको ३ उपखण्ड बमोजिम संसदद्धारा पारित गरी जारी गरिएको आचारसंहितामा निम्न ११ बुँदा समेटिएको थियो ।

१. यी नियम प्रेस काउन्सिल नियम १९८१ हुन् र प्रत्येक पत्रकारलेः-

(क) प्रकाशनपूर्व नै कुनै पनि विषयमा सक्दो अनुसन्धान गरेर विषयवस्तु सुनिश्चित गर्नुपर्छ ।

(ख) असत्य र गलत ठानिएका समाचार हटाउनुपर्छ ।

(ग) कुनै आयोग तथा व्यक्तिगत दवावमा आएर सत्यलाई बङ्ग्याउनु हुँदैन ।

(घ) कुनै पनि असामग्री प्रकाशन हुन गएमा आफू जवाफदेही भएर सकभर चाँडो र यथोचित स्थान दिएर सच्याउनुपर्छ ।

(ङ) जनचाहना विपरितको अमर्यादित समाचारका विषयलाई संकलन तथा प्रसारण गर्नु हुँदैन ।

२. कुनै तथ्यपरक भनाई र अर्कातर्फ अर्कै अभिव्यक्ति तथा कारणको भिन्नता चित्रण गर्न सकेसम्म बढी साधनको प्रयोग गर्नुपर्छ ।

३. सूचनाको स्रोत सम्बन्धित अधिकार सम्पन्न स्रोतले सार्वजनिक गर्न नचाहेसम्म सार्वजनिक गर्नु हुँदैन ।

४. कुनै पनि व्यक्तिको मर्यादालाई ख्याल राखी कसैको व्यक्तिगत जीवनमा असर पर्ने समाचार जनहितमा छैन र जनचासोको हैन भने प्रकाशन गर्नु हुँदैन ।

५. (१) अपराध र अपराधी मुद्दाहरूको समाचार संकलन तथा प्रकाशन सम्बन्धमा:

(क) यौन अपराधमा पीडितको नाम खोल्न हुँदैन ।

(ख) फौजदारी अभियोग लागेको १८ वर्षमुनीको व्यक्तिको नाम सार्वजनिक गर्नु हुँदैन ।

(ग) जनचासो र सम्बन्धित कारण नभई कुनै अभियुक्तसँग जोडेर अन्य व्यक्तिको चरित्रहत्या गर्नु हुँदैन ।

(२) वैवाहिक सम्बन्धका वारेमा अनर्गल र अपराधिक विवरण छाप्नु हुँदैन ।

६. समाचारको स्रोत उल्लेख नगरी समाचार छाप्नु हुँदैन ।

७. समाचारलाई कुनै पनि रूपमा चोरी गर्नु हँदैन ।

८. हिंसालाई प्रोत्साहन गर्ने सामग्री प्रस्तुत गर्नु हुँदैन ।

९. अश्लिल र नागरिकको अहित हुने सामग्री प्रचार प्रसार गर्नु हुँदैन ।

१०. साम्प्रदायिक हिंसा जगाउने सामग्री प्रचार प्रसार गर्नु हुँदैन ।

११ आफ्नो व्यवसायिक मर्यादा कायम राख्ने, कुनै सामग्री प्रकाशन गरेवापत वा व्यवसायिक सेवा प्रदान गरे वापत कुनै अनुचित लाभ लिनु हुँदैन ।

## ४.३.५ भुटान

सक्रिय राजतन्त्रात्मक शासन पद्दति विद्यमान रहेको दक्षिण एशियाकै एकमात्र मुलुक *भुटान* तीब्र गतिमा विकास पथमा लम्किरहेको छ । ४७ हजार वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको *भुटान*मा सन् १९९८ देखि आंशिक कार्यकारिणी अधिकार मन्त्रिपरिषद्लाई दिन थालिएको पाउन सकिन्छ । *भूटान*मा कुनै संविधान छैन । तर अर्धप्रजातान्त्रिक पद्दतिबाट गठित **सोड्दु** नामक राष्ट्रिय सभाले राजाको शक्तिलाई सीमित गर्नसक्ने प्रावधान छ र सोही सभाले मन्त्रिपरिषद्को पनि चयन गर्ने गरेको छ । त्यहाँ हालसम्म पनि राजनीतिक दलहरूको कानूनी अस्तित्व छैन । भुटानमा विद्यमान कानूनहरू पनि बौद्धदर्शनबाट प्रभावित छन् । एउटा सरकारी गजेटको रूपमा ***क्युनसेल*** नामक द्वैमासिक पत्रिकाको प्रकाशनसँगै सन् १९६५ मा *भुटान*मा पत्रकारिता शुरू भएको हो । हाल यो १२ पृष्ठको Tabloid साप्ताहिकको रूपमा स्थानिय *जोड्खा, नेपाली* र *अंग्रेजी* भाषामा प्रत्येक शनिवार निस्कने गर्दछ । सन् १९७२ मा राष्ट्रिय युवासंघ *भुटान*ले रेडियो प्रसारण शुरू गरेको थियो । तर सन् १९७९ मा आएर भुटानी सञ्चार मन्त्रालयले त्यसमाथि नियन्त्रण जमाएर त्यसलाई ***भूटान ब्रोडकास्टिङ् सर्भिस***को रूप दियो । सो सर्भिसले श्रव्य-दृश्य कार्यक्रम उत्पादन गर्न थालको केहि वर्षपछि सन् १९९९ मा आएर मात्र *भुटान*मा टेलिभिजन प्रसारण शुरू भयो । आजसम्म *भुटान*ले प्रेस आचारसंहिताको छुट्टै विकास गर्न सकेको छैन । हामी त्यहाँको धार्मिक मान्यता र प्रसारण संस्थाका निर्देशनहरूनै त्यहाँ कानुन हुने गरेको नजीर पाउन सक्छौ । तीनको पालनालाई नै मर्यादित पत्रकारिताको संज्ञा दिने गरिएको छ । सन् १९९२ मा प्रकाशित राजाज्ञाले भुटानी सञ्चारसंस्थाहरूलाई केहि हदसम्मको स्वायत्तता प्रदान गरेको छ । यसको उद्देश्य समग्र विकास प्रवर्द्धनमा भुटानी मिडियालाई सहभागी हुन सहज वातावरण बनाइदिनु र सञ्चार माध्यमहरूलाई प्रोत्साहित गर्नु रहेको छ । सञ्चार माध्यमले आफ्नो भूमिका निर्वाह गर्दा विकेन्द्रीकरणको राष्ट्रिय नीति, जसले प्रत्येक वर्गलाई अधिराज्यको सामाजिक, आर्थिक र राजनीतिक विकासमा संलग्न गराउनमा जोड दिनुपर्ने सो राजाज्ञामा उल्लेख छ ।

***भुटानी ब्रोडकास्टिङ् सर्भिस***द्वारा सन् १९९२ मा जारी मार्गनिर्देशनहरू (Guidelines) ले पनि कानुनीसँगै नैतिक कर्तव्यप्रति पत्रकारलाई सजग गराएका छन् । सो मार्गनिर्देशनमा निम्न कुरा उल्लेख गरिएको छ ।

**कुनै पनि सामग्रीले**

(क) जनताको धार्मिक विश्वास वा मान्यतालाई अवमूल्यन गर्नु हुँदैन ।

(ख) श्रोताको भावना प्रतिकूल सन्देश दिनुहुँदैन ।

(ग) अदालतको अवहेलना गर्नु हुँदैन ।

(घ) मित्रराष्ट्र तथा दौत्य सम्बन्ध स्थापना भएका राष्ट्रको आलोचना गर्नु हुँदैन ।

(ङ) कसैको आपत्तिजनक तवरले मानहानी गर्नुहुँदैन ।

(च) कसैलाई हिंसात्मक बनाउनु हुँदैन ।

(छ) श्रोतालाई दिग्भ्रमित पार्ने वा डर उत्पन्न गर्ने सामग्री प्रकाशित गर्नु हुँदैन ।

(ज) राष्ट्र, राजा र जनताको सम्बन्धमा अफवाह फैलाउनु हुँदैन ।

### ४.३.६ माल्दिभ्स

सन् १९६५ मा *वेलायती* उपनिवेशबाट मुक्त *माल्दिभ्स*मा सुल्तानहरूले करीव तिन वर्ष आफ्नो हुकुम चलाए । तर सन् १९६८ को जनमतसंग्रहले त्यहाँ गणतन्त्रात्मक शासन प्रणाली स्थापना गऱ्यो । २९८ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको माल्दिभ्स १२ सय भन्दा बढी छुट्टाछुट्टै टापूहरू सम्मिलित राष्ट्र हो । तर त्यहाँ दुई सय टापूमा मात्र मानव बसोवास गर्छन । दक्षिण एशियामै रहेर पनि *माल्दिभ्स*मा सामाजिक सञ्चारका माध्यमहरू भर्खरै विकास प्रक्रियामा छन् । *माल्दिभ्स*को पत्रकारिताले  लगभग ६८ वर्षजतिको इतिहास बोकेको छ । ***Al -Islam*** त्यहाँको पहिलो पत्रिका हो । त्यहाँ प्रेसमाथि सरकारी नियन्त्रण कायमै छ । पत्रकारलाई सरकारले पक्राउ गर्नु त्यहाँ कुनै नौलो मानिदैन । त्यहाँको सरकारले सन् १९६२ मा रेडियो र सन् १९७८ मा *टेलिभिजन* सेवा शुरू गरेको पाइन्छ । *माल्दिभ्स*को प्रेस स्वतन्त्रता तथा प्रेसमा कसरी काम गर्ने भन्ने निर्देशिकाहरू इस्लाम समाजको मूल्य मान्यताबाट प्रेरित भएको पाउन सकिन्छ । इस्लाम सिद्धान्त प्रतिकूलका सामाजिक स्थायित्व र अखण्डतामा खलल पुऱ्याउने प्रकृतिका र कुनै व्यक्तिको मर्यादामा आँच आउने प्रकृतिको समाचारमूलक सामग्रीमा त्यहाँ कडा प्रतिबन्ध लगाइएको छ । त्यहाँ आचारसंहिता त के तिनीहरूको कार्यक्षेत्र निर्धारणका लागि कुनै कानूनी प्रारूप तयार पारिएको छैन । त्यहाँको स्वतन्त्रता गृह (Freedom House) ले जनतालाई सरकारविरूद्ध भड्काउने, धर्मविरूद्धका भाषणमासमेत प्रतिबन्ध लगाउने गरेको छ । अस्वस्थ आलोचनालाई लिएर सरकारले छापाखाना जफत गर्ने, पत्रकारमाथि प्रतिबन्ध लगाउने र जिम्मेवार सम्पादकलाई कारवाही गर्न सक्ने व्यवस्था पनि सरकारले गरेको छ ।

## ४.४. सार्क देशहरूको आचारसंहिताको तुलनात्मक अध्ययन

सांस्कृतिक परम्परा विचार र आचारणको दृष्टिकोणबाट प्रायः समान जस्तै देखिने नेपाल लगायत अन्य दक्षिण एसियाली मुलुकहरूमा पत्रकारहरूबाट पनि उस्तै नैतिकताको अपेक्षा गरिएको हुन्छ भन्ने कुरा यी मुलुकहरूमा जारी गरिएको आचारसंहिताको अध्ययनबाट पनि थाहा पाउन सकिन्छ । यस्ता मापदण्डहरूको आधारमा भारतीय अखबारी पत्रकारहरूका लागि लिखित आचारसंहिता तयार हुनसक्दछ । वास्तवमा *भारतीय* सञ्चारमाध्यम जस्तै *'टाइम्स अफ इण्डिया'* र केहि पत्रकारिताका संघहरूले आ-आफ्ना प्रयोगका लागि आचारसंहिता जारी गरेको पाइन्छ । राष्ट्रिय प्रेस आयोगले राष्ट्रिय स्तरको आचारसंहिता त्यहाँ वान्छनीय नभएको कुरा  ठहर गरेको छ । *भारत*को प्रेस काउन्सिल दक्षिण एसियाका सबैभन्दा पुरानो प्रेस काउन्सिल हो । यसको स्थापना ऐन बमोजिम सन् १९६५ मा भएको हो र सो  ऐनले सबै किसिमका आचारसंहिता निर्माण गर्ने अधिकार

प्रदान गरेको भए तापनि यसले यसो गर्नबाट आफूलाई अलग राखेको छ । यसले पत्रकार वा अखवारलाई सचेत गराउने काम मात्र गरेको पाईन्छ ।भारतमा प्रेस काउन्सिलले पत्रकारहरूका लागि आचारसंहिता निर्माण गरेको छैन । केवल छापा पत्रकारहरूका लागि भनेर केहि नैतिक आचरण संहिता निर्देशिका निर्माणमा सहायक हुने मूलभूत विषय शीर्षकहरू जारी गरेको छ । ती अनुसूची (२) मा प्रस्तुत छन् । तर All India Newspapers Editors' Conference ले १५ बुँदे आचारसंहिता छापा पत्रकारहरूका लागि जारी गरेको छ । यसका तीन प्रमुख आचारसंहिताहरू यसप्रकार छन् ।

1. A Journalist should regard their calling as a trust and be eager to serve and guard their public interests.

2. In the discharge of their duties journalists should attach due value to fundamental, human and social rights and shall hold good faith and fair play in news reports and comments as essential professional obligations.

3. Journalists should observe special respond in reports and comments dealing with tensions likely to lead, or leading or civil disorder.

विद्युतीय सञ्चारमाध्यमका आचारसंहिता पनि *'अल इण्डिया रेडियो' र 'दूरदर्शन'* ले जारी गरेका छन् तर ती खासगरी विज्ञापनसम्बन्धी छन् । Advertising Standards Council of India ले पनि विज्ञापनसम्बन्धी आचारसंहिताहरू जारी गरेका छन् । निष्कर्षमा भन्नुपर्दा भारतमा प्रेस काउन्सिलले आचारसंहिताको निर्माण आफैं नगरी केवल निर्माण गर्दा ध्यानमा राख्नुपर्ने सैद्धान्तिक बुदाँहरू तयार गरेका छन् भने छापा माध्यमका पत्रकारहरूका लागि सम्पादक समाजले आचारसंहिता बनाएको छ । विद्युतीय माध्यमका लागि रेडियो र टेलिभिजन प्रसारण संस्थाहरूले आ-आफ्नैं प्रयोगका विज्ञापन केन्द्रित आचारसंहिता निर्माण गरेका छन् । तर अब भारतीय विद्युतीय माध्यमहरूको पनि निजीकरण हुने नीति लागू भइरहेको परिप्रेक्ष्यमा आचारसंहिताको निर्माणमा पनि परिवर्तन आउने संकेत देखापर्दैछ । श्रीलंकामा प्रेस काउन्सिलले तयार पारेको आचारसंहिता संसदबाट अनुमोदन गराई जारी गरिएको छ । यो संहितामा ११ वटा आचारसंहिता पत्रकारहरूबाट पालना हुनुपर्दछ भन्ने अपेक्षा गरिएको छ । ती मध्ये केहि महत्त्वपूर्ण बुँदाहहरू यहाँ प्रस्तुत गरिएको छ ।

Every Journalist shall.

- Ascertain prior to publication the veracity of contents of any article written by him.
- Refrain from reporting any matter which you know to be false or inaccurate.
- Refrain from distorting the truth by any act or communication or willful omission.
- Observe secrecy regarding any source of information.
- Shall respect the reputation of and refrain from reporting any information or comment regarding an individual's private life.

) Shall not name victims of sex or name any young person accused of a criminal offence who is below the age of 18, or name any person as being a relative of a person accused or convicted of a crime.

) Shall not report any matter that is obscene, that is designed to promote sadism, violence or salacity.

) Shall not report any matter for the purpose of promoting commercial or religious discord of violence.

Shall safeguard the dignity of his profession, shall not accept any bribe in money, kind or service.

*पाकिस्तान*मा सन् १९९३ मा स्थापित Council of Pakistan Newspapers Editors ले सरकारबाट अनुमोदन गराई १४ बुँदे Press Code या Ethics जारी गराएको छ । यसले पहिचान गरेको नैतिक मूल्य र मान्यता मापदण्डहरू अरू दक्षिण एसियाली मुलुकका आचार संहितासँग तुलना गर्न सकिन्छ । तर The Press shall not publish news or comment, photography or advertisements which may undermine the security of the state or solidarity of the nation and its ideology भन्ने जस्ता बुदाँहरू पनि संहितामा प्रस्ट अंकित गरिएकोले अन्य मुलुकका संहिता भन्दा फरक पनि देखापर्दछ ।

*बंगलादेश*मा पनि २१ बुँदे आचारसंहिता जारी छ । ती दक्षिण एसियाली मुलुकको आचारसंहितासँग मिल्दाजुल्दा नै छन् । तर यो संहिताबाट मार्गनिर्देशत भएर बंगलादेशी पत्रकारहरूले बिरलै पत्रकारिताको अभ्यास गरेको पाइन्छ । उनीहरूले कानुनी पत्रकारिताको अभ्यास गरेको पाइन्छ । उनीहरू कानुनी राजव्यवस्था अर्न्तगत रहेर पत्रकारिताका समस्याहरू छिनोफानो गर्ने पक्षमा रहेका पाइन्छन् । अन्य एशियाली मुलुकहरूका सांस्कृतिक परम्परा तथा सामाजिक मूल्य र मान्यताहरू पनि दक्षिण एशियाली पत्रकार भन्दा त्यति फरक छैन् । यी मुलुकहरूका आचारसंहिताहरूको मुलभूत सिद्धान्त, धर्म वा धम्म र अहिंसाका अवधारणबाट नै प्रभावित भएको मान्न सकिन्छ । राजनैतिक व्यवस्थाको विशेषताका कारण पनि यी मुलुकहरूका आचारसंहितामा केहि फरकपन पाइन्छ । जस्तैं *चीन*को समाजवादी पत्रकारिता आचारसंहिताका केहि बुँदा यस्ता छन् : " Being loyal to the country and communism and faithfully propagating and carrying out the party's principles of policies" "Truthfully and comprehensively reporting news events, using the philosophy of dialectical materialism when analyzing and reporting the objective facts"[२८] चिनीयाँ आचारसंहिताको अर्को पाटो ताइवानमा पाइन्छ । यस मुलुकको आधुनिक संस्कृतिलाई पाश्चात्य मुलुकको प्रजातन्त्रको अवधारणाले प्रभावित गरेको छ । इस्लामी धर्मालम्बी मुलुकहरूमा नैतिकतासम्बन्धी सोच विचार अभ्यास सामान्यतः दुई भिन्न तर प्रमुख पक्षमा आधारित पाइन्छ ।

[२८] Shelton, A Gunaratne, Handbook of the Media in Asia, 2002

Hamid Mowlana का शब्दमा ती हुन् :

1. Normative religious ethics as explained in the primary source of Islam, the Quran and the tradition of the Prophet and the Imams.

2. Normative secular ethics, ranging from the Greek tradition of popular platonism to the Persian tradition of giving advice to Sultans and Wajir about government and politics, to the more contemporary ethical framework introduced by the West.

*स्वीडेन*बाट १९ औं शताब्दीको अन्ततिर पाश्चात्य मुलुकहरूमा आचारसंहिताको रचना गर्ने परम्परा प्रकाशनका क्लव (Publicists' Club) ले असल पत्रकारिताबारे सार्वजनिक बहसको सिलसिला सुरू गरेपछि भएको हो । यसले २०औं शताब्दीको प्रारम्भमा अपराधमा शंकास्पद युवावारे समाचार नबनाउने निर्णय गरी सबैं सदस्य पत्रकारहरूलाई जानकारी गराए । त्यहाँ आधुनिक आचारसंहिताको अवधारणको वीजारोपण यसरी भएको थियो । सन् १९१६ मा प्रेस काउन्सिलको गठन *स्वीडेन*मै भएपछि पाश्चात्य मुलुकमा प्रेस काउन्सिलको अवधारणासँग जोडिएको आचारसंहिताको अवधारणा एवम् यसको संस्थागत निर्माण पद्धतिको विकास भएको हो । सन् १९२३ मा Publicists Club ले लिखित आचारसंहिता बनाएको समयमा नै अमेरिकामा पनि American Society of Newspapers Editors ले Canons Of Journalism स्वीकार गरी लागू गरे । यस पहिलो अमेरिकाली संहिताका मान्यता पाएका मूलभूत मूल्यहरू यसप्रकार थिए :-

1. Responsibility of newspapers as a public trust

2. Freedom of the right to discuss whatever is not explicitly forbidden by law

3. Independence from all obligations that of fidelity to the public interest

4. Sincerity, Truthfulness, Accuracy in good faith with the reader

5. Impartiality in news reports

6. 'Fair play' by giving opportunity to the accused to be heard before publishing unofficial charges affecting his/her reputation or moral characters fair play by avoiding invasion/ illusion of private rights or feeling; fair play by making prompt and complete correction of one newspaper's own mistakes of fact or opinion.

7. Decency for the cause of the general good.

*अमेरिका*को पत्रकारितालाई नैतिक मापदण्डद्धारा मार्गनिर्देशन गर्ने यो मौलिक आचारसंहिता जारी भएपछि आजसम्म त्यहाँ विभिन्न पेशागत पत्रकारहरूको संघ संस्थाले आ–आफ्नै प्रयोगकालागि छुट्टाछुट्टै आचारसंहिता जारी गरेका छन् । यस सन्दर्भमा एशियाली मुलुकमा आचारसंहितासँग अमेरिकाका आचारसंहिताहरू दाँजेर हेर्दा के भिन्नता पाइन्छ भन्ने प्रश्नबारे भिक्टर गुणवर्धने (Victor Gunewardena) को धारणा मननयोग्य छ । उहाँ भन्नुहुन्छ :

"Both in the US and in South Asia the electronic media come under close state supervision and regulation in respect of advertisements and some aspects of entertainments. But the difference between the American Journalists experience and the South Asian one is a higher degree of professional organization and independence from government. In south Asia the Code of Ethics is required to he monitored by the Press Councils, which appear to have some nexus with the government of the day."
सञ्चार आचारसंहिता सदाकाल र सर्वस्थानका लागि समाधान गर्ने साधन हो भन्नु अतिशयोक्ति र भ्रमात्मक हुनजान्छ । तसर्थ सञ्चारकर्मीहरूलाई स्वतन्त्रताका उपभोग गर्न नैतिक दिशानिर्देश गर्ने मूल्य मान्यताको मापदण्ड आवश्यक पर्दछ । यो साँचो कुरा हो । राज्यले आचारसंहिता कार्यान्वयन गराउन सकारात्मक भूमिका खेल्नुपर्छ । तर राज्यको यस्तो भूमिकालाई राजनैतिक संस्कृतिको सर्न्दभलाई पन्छाएर बुझ्न पनि सकिदैन र बुझ्नु पनि हुँदैन । यस प्रसंगमा एकपटक फेरि Gunewardena भन्छन् :- It is a fact that the press in each of the South Asian countries reflects the deep divisiveness within each of our multi-ethnic, multi-lingual and multi-religious societies. The factors of discords is compounded by other constrains that impinge on the communication industry. The onus, therefore, of ensuring the observance of communication ethics is ultimately the shared responsibility of the professional communicator, the State and Civil Society."

यसरी एकातिर एउटा मुलुकभित्र पनि विभिन्न आचारसंहिताको आवश्यकता पर्नसक्छ भने अर्कोतिर सांस्कृतिक परम्परा एवम् मूल्य र मान्यतामा बढी भिन्नता नभएका वा बढी समानता भएका मुलुकहरूमा जारी हुनसक्ने साझा नैतिक मापदण्डको आधारमा आचारसंहिता निर्धारण हुनसक्ने सम्भावना पनि नकार्न सकिदैन । यसै प्रसंगमा International Commission for the Study of Communication Problems बाट प्रस्तुत गरिएको सुझावलाई मनन गर्न सकिन्छ । यसमा भनिएको छ : " The adoption of codes of ethics at national and in some cases, at the regional level is desirable, provided that such codes are prepared and adopted by the profession itself-without government interference." अर्थात आचारसंहिताको ग्रहण राष्ट्रिय तथा क्षेत्रीय तहमा अपरिहार्य हुन्छ, जुन चाँही हस्तक्षेप विना व्यवसायी स्वयंले तयार गरी लागू गरेका हुन्छन् ।

## ४.५. दक्षिण एशियामा प्रेस स्वतन्त्रता

दक्षिण एशियाली मुलुकहरुमध्ये भारतले आफ्नो आकार-प्रकार अनुरुप आमसंचारको माध्यम तथा पत्रकारिताको वीजारोपण, जगेर्ना र विकासको क्रममा अग्रणी स्थान तथा भूमिका ओगटेको छ । सन् १९४७ मा भारतीय उपद्वीपमा बृटिस साम्राज्यको पतन भएपछि धर्मनिरपेक्ष राज्यको रुपमा भारत र इस्लामी गणतान्त्रिक राज्यको रुपमा पाकिस्तानको जन्म भएको थियो साथै सन् १९७१ मा पाकिस्तानको विभाजनबाट बंगलादेशको

जन्म भएको हो । अतः यी तीन मुलुकहरुले बृटिस उपनिवेशी शासन कालका प्रेस स्वतन्त्रताको धारणामा तथा परम्परामा हुर्केका पत्रपत्रिकाहरुको इतिहास तथा संस्कृतिलाई वर्तमान राज्य व्यवस्था अनुकूल ढालेर प्रेस स्वतन्त्रतालाई मान्यता दिने प्रयास गरिरहेको पाइन्छ । यी तीनै मुलुकहरुका संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्तिको स्वतन्त्रतालाई प्रत्याभूति दिएर प्रेस स्वतन्त्रताको मौलिक अधिकार दिएको छ । संचार माध्यमका आधारशीला पनि यी तीनै मुलुकहरुमा तुलनात्मक रुपमा तीब्र रुपले विकसित भइरहेको पाइन्छ । श्रीलंका र नेपाल अधिराज्यको संविधानले आ-आफ्नै राज्य व्यवस्था अनुरुप प्रेस स्वतन्त्रताको प्रत्याभूति दिएको छ भने, भुटानमा सक्रिय राजतन्त्रात्मक व्यवस्था बमोजिम राजआज्ञाबाट प्रेस स्वतन्त्रता परिभाषित हुने गरेको पाइन्छ । त्यस्तै माल्दीभ्समा पनि राष्ट्राध्यक्ष नै सरकार प्रमुख हुने व्यवस्था भएकोले राष्ट्राध्यक्षको इच्छा र आज्ञा बमोजिम प्रेस स्वतन्त्रता परिभाषित हुने गरेको पाइन्छ । आमसंचारका माध्यमहरुका लागि आवश्यक आधारशीला भुटानमा भन्दा माल्दीभ्समा बढी विकसित भएको पाइन्छ । यसैगरी नेपालमा भन्दा श्रीलंकामा आधुनिक पत्रकारिता तथा संचारमाध्यमको औद्योगिक रुप बढी विकसित भएको पाइन्छ । तर श्रीलंकाको संविधानले प्रकाशनको स्वतन्त्रताको मौलिक अधिकारको मात्र प्रत्याभूति एक शब्द र वाक्यमा दिएको छ भने नेपालको संविधानले दक्षिण एशियाकै सबै सवैधानिक प्रेस स्वतन्त्रता भन्दा प्रष्ट र दुई छुट्टाछुट्टै धाराहरुमा अभिव्यक्तिको स्वतन्त्रता साथ साथै पत्रपत्रिका वा प्रेस र प्रकाशनको स्वतन्त्रताको मौलिक अधिकार प्रदान गरेको छ । तर नेपालमा वि.स. २०६१ साल माघ १९ गते राजा ज्ञानेन्द्रबाट सबै अधिकार खोसी राज्यको शासनव्यवस्था आफूमा निहित रहेको घोषणा गरेपश्चात नेपाली प्रेसले निकै सास्ती खप्नुपर्‍यो । राजाको प्रत्यक्ष शासन पछि पत्रिकाका कार्यालयहरुमा सेनाको प्रत्यक्ष उपस्थिति रह्यो । देशमा संकटकाल घोषणा गरियो र पत्रपत्रिकाहरुमाथि  कठोर नीति अपनाउन शुरु गरियो । त्यसैले पनि त्यस समयमा नेपाली प्रेस जगतले प्रेस स्वतन्त्रताका लागि सडक सर्घष समेत गर्नु पर्‍यो । विभिन्न मुलुकहरुको प्रेस स्वतन्त्रताका वारेमा वर्षेनी रिर्पोट सार्वजनिक गर्दै आएको Freedom House ले यसअघि नेपाल आंशिक स्वतन्त्रता (Partly Free) मा पर्दै आएकोमा शाहीकदम पछि नेपाली प्रेसमाथि बढेको हस्तक्षेपका कारण सन् २००५ को वर्गीकरणमा नेपाललाई स्वतन्त्रता गुमेको राष्ट्र (Not Free) मा राखियो । सन् २००५ को सार्क देशहरुले गरेको प्रेस स्वतन्त्रता सम्बन्धी वर्गीकरण यसप्रकार छ :-

### सन् २००५ को स्वतन्त्रता गृह (Freedom House) ले निकालेको तथ्याङ्क

| Country | Rating | Status |
|---|---|---|
| India | 38 | Partly Free |
| SriLanka | 56 | Partly Free |
| Pakistan | 61 | Not Free |
| Bhutan | 66 | Not Free |
| Bangladesh | 68 | Not Free |
| Maldives | 68 | Not Free |
| Nepal | 69 | Not Free |

Source: www.freedomhouse.org (2005)

यसरी माथिको स्वतन्त्रता गृहको वर्गीकरणलाई नियाल्ने हो भने सन् २००५ मा भारत र श्रीलंकामात्रै आंशिक स्वतन्त्रता प्राप्त रहेका मुलुकमा गनिएका छन् भने बाँकी पाकिस्तान, भुटान, बंगलादेश, माल्दिभ्स, र नेपाल सबै एउटै वर्गीकरण अर्थात प्रेस स्वतन्त्रता नभएका राष्ट्रमा परेका छन् । यसबाट हामी यी मुलुकहरुमा पत्रकारहरुले कस्तो प्रेस स्वतन्त्रताको उपभोग गरिरहेका छन् त भनी आंकलन गर्न सक्दछौं । शाही कदम पश्चात गुमेको स्वतन्त्रता र अधिकार प्राप्तिका लागि नेपाली जनताले १९ दिने लामो जन-आन्दोलनबाट प्राप्त लोकतन्त्र स्थापना भएपछि भने नेपाली प्रेस जगतमा केही आशाका लहर पलाएर आएको पाउँन सकिन्छ । हाल बनेको आन्तरिम मसौदा संविधानमा पनि प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्न नहुने कुरा स्पष्ट रुपमा व्याख्या गरेको छ । त्यस्तै नेपाली संचार माध्यमका समस्याका बारेमा पहिचान गर्न गठित उच्चस्तरीय मिडिया सुझाव आयोगले प्रेस स्वतन्त्रता र नेपाली प्रेसमा रहेको विदेशी लगानीको अन्यौल सम्बन्धमा स्पष्ट रुपमा ४९ प्रतिशत सम्म लगानी गर्न पाउँने तर त्यस्ता लगानी भएका संस्थाको व्यवस्थापन प्रमुख र सम्पादकीय विभागमा काम गर्ने सबै कर्मचारी नेपाली नागरिक मात्रै हुनुपर्ने सुझाव दिएको छ । हालको अवस्थामा नेपाली संचारक्षेत्रको प्रेस स्वतन्त्रताको कुरा गर्दा नेपाल सरकार प्रेस स्वतन्त्रताको ग्यारेण्टीका लागि कटिबद्ध रहने संकेत देखाएको छ ।

# भाग-५

## ५. नेपाली पत्रकारितामा आचारसंहिताको विकासक्रम

कुनै पनि व्यवसायिक आचरणको सीमा वा नैतिक बन्धन नै आचारसंहिता हो । कुनै पनि पेशामा संलग्न व्यक्तिले के गर्न हुन्छ, के गर्न हुदैन भनेर मापदण्ड निर्धारण गर्छन् । यही कामको सीमा नै आचारसंहिताका रुपमा लिइदै आएको पाइन्छ । तर, यो कुनै कानून नभै व्यवसायिक संस्थाहरूले नैतिक बन्धनमा रहन तयार गरेको सीमा मात्र हो । राज्यको चौथो अंग मानिने प्रेसले छाडा रुपमा प्रस्तुत हुँदा जनता सूचितको ठाउँमा कुसूचित हुने खतरा सिर्जना हुन्छ । त्यसैबाट टाढा रहन आचारसंहिता प्रयोगमा ल्याइन्छ । पेशागत मर्यादा, नैतिक बन्धन, कानूनको सम्मान जस्ता विषयमा सचेत पार्ने आचारसंहिताको उद्देश्य हुन्छ ।

विश्वमा पत्रकारिता व्यवसायिक रुपमा अघि बढेर त्यसको नियन्त्रणका लागि आचारसंहिता हुनुपर्दछ भन्ने सोचको थालनी हुँदा नेपालमा भने बल्ल सरकार नियन्त्रित साप्ताहिक अखबार जन्मियो । वि.सं १९५८ साल वैशाख २४ गते नेपाली पत्रकारिताको इतिहासमा एउटा कोशेढुङ्गाका रुपमा *गोरखापत्र* जन्मियो । त्यसभन्दा अगाडि नै वि.स. १९५५ मा *सुधासागर* भन्ने साहित्यिक मासिक पत्रिका देखापरेको थियो । तर गोरखापत्र आएपछि मात्रै त्यसलाई व्यवस्थित गर्न प्रकाशन गर्न हुने र नहुने कुराहरू किटेर *सनद* जारी भएको थियो । तर गैरसरकारी क्षेत्रबाट यस्तो काम भएन । त्यतिबेला एकातिर प्रेसले उद्योगको रुप लिएको थिएन भने अर्कोतिर २००७ सालसम्म निजी अखबार फष्टाउने वातावरण पनि थिएन । पत्रकारहरूलाई एकताको सूत्रमा बाँध्ने उद्देश्यले २००८ सालमा सत्यनारायण श्रेष्ठको अध्यक्षतामा नेपाल पत्रकार संघको स्थापना भयो। यो संघ बीचमै बिलाएपछि २०१२ सालमा आएर कृष्णप्रसाद उपाध्याय (भट्टराई) को अध्यक्षतामा अर्को पत्रकार संघको स्थापना भयो । आपसी विग्रह र कलहमा रुमलिंदै २०१९ सम्ममा आइपुग्दा नेपालमा पत्रकार संघ तीन वटा बन्न पुगे । २०२३ सालमा पछिल्ला दुई संघको एकीकरण भएपछि त्यही बेला संघले २२ बुँदे आचारसंहिता जारी गरेको थियो । पत्रकारहरूले नै यसरी आचारसंहिता बनाएको नेपालको इतिहासमा यो प्रथम पटक थियो ।

यसअगावै आचारसंहिता निर्माणका दिशामा प्रशस्त प्रयासहरू भने भएका थिए । २०१४ सालमा गठन भएको नेपालको पहिलो सरकारी प्रेस कमिसनले पहिलो पटक पत्रकारिताको तत्कालीन अवस्था र त्यसको विकासका लागि गर्नुपर्ने सुधारका पक्षलाई समेटेर प्रतिवेदन प्रस्तुत गरेको थियो । प्रतिवेदनको परिच्छेद १२ मा पत्रकारका लागि आचारसम्बन्धी १८ बुँदे संहिताको सिफारिस गरेको थियो । यसमा पनि सत्य, तथ्य, निष्पक्ष र स्वार्थरहित पत्रकारिताका कुराहरू नै समाहित छन् । स्वच्छ पत्रकारिताको विकास गर्न विश्व प्रचलनमा रहेको प्रेस काउन्सिलको गठन भने नेपालमा वि.सं २०२७ सालमा मात्र भयो । यसैको अवधारणाअनुसार २०२४ मा प्रेस सल्लाहकार समितिको गठन भएको थियो । त्यसलाई परिमार्जन गरी केही समयपछि सल्लाहकार परिषद् बनाइयो । तत्कालीन न्यायाधीश नैनबहादुर खत्रीको अध्यक्षतामा गठन भएको परिषद्ले २१ बुँदे आचारसंहिता जारी गरको थियो । नेपालमा छापाखाना र पत्रपत्रिकासम्बन्धी ऐन २०३२ ले काउन्सिललाई छापाखाना र प्रकाशन आचारसंहिता जारी गर्ने अधिकार दिएको थियो । राष्ट्रिय दृष्टिकोण एवम् राष्ट्रिय हितलाई ध्यानम राखी देश, नरेश र दलविहीन पञ्चायती व्यवस्थाप्रति पूर्णतः आस्थावान् हुने पत्रकारिताको विकासका लागि भन्ने उद्देश्य राखेर

सरकारी स्वीकृति लिई प्रेस काउन्सिलले २०३३ मा २२ सूत्रीय छापाखाना र पत्रकार आचारसंहिता जारी गरेको थियो । तर संहिताहरू बने पनि लागू हुन भने सकेनन् । आचारसंहिता लागू गर्न नसकेपछि छापाखाना र प्रकाशन ऐन २०३९ ले प्रेस काउन्सिललाई अझै सशक्त पार्ने व्यवस्था गऱ्यो । नयाँ व्यवस्थामा काउन्सिलले प्रेस प्रतिनिधि प्रमाणपत्र खारेजी वा निलम्बनको सिफारिस गर्ने अधिकारसमेत पायो । काउन्सिलले २०४१ माघमा फेरि ११ बुँदे आचारसंहिता सार्वजनिक गऱ्यो । त्यसको लगत्तै २०४२ सालमा नेपाली पत्रकारहरूको तर्फबाट आचारसंहिता निर्माणको पहल भयो । पत्रकारितालाई स्वतन्त्र र मर्यादित बनाउन त्यसबेलाका प्रतिष्ठित दैनिक र साप्ताहिक गरी १४ वटा पत्रिकाका सम्पादकहरूको हस्ताक्षरमा १० बुँदे आचारसंहिता जारी भयो । २०४६ सालको राजनीतिक परिवर्तनपछि प्रेस काउन्सिलले २०४७ मा नयाँ आचारसंहिता सार्वजनिक गऱ्यो । पछि २०४८ मा नयाँ प्रेस काउन्सिल ऐन पारित भएपछि त्यसअघिको सो आचारसंहितालाई परिमार्जनसाथ पत्रकार आचारसंहिता २०४९ जारी भयो । २०५० सालमा फेरि नेपाली पत्रकारहरू जुर्मुराए । संघको भेलाले वीरगञ्ज घोषणापत्र जारी गऱ्यो । घोषणापत्रमा १४ बुँदा रहेको आचारसंहिता जारी भयो र त्यसको कार्यान्वयनका लागि अनुगमन गर्न कानुनविद् बासुदेव ढुंगानाको संयोजकत्वमा ५ सदस्यीय आचारसंहिता अनुगमन समितिको गठन भयो । पछि २०५५ सालमा महासंघ (पहिले संघ) र काउन्सिलले दुवै संहिताहरूलाई मिलाएर *पत्रकार आचार संहिता २०५५* जारी गरे । छापामा मात्रै केन्द्रित त्यसअघिका आचारसंहिताका तुलनामा यो संहिताले विद्युतीय सञ्चारलाई पनि समेटेको छ । आचारसंहिताको यस विकासक्रममा २०६० बैशाख २० गते महासंघ र काउन्सिलले पत्रकारले गर्न हुने र नहुने भनेर स्पष्टै छुट्याएर *नयाँ आचारसंहिता* सार्वजनिक गरेका छन् । पछिल्लो संहिताले छापामाध्यम अतिरिक्त विद्युतीय माध्यम र अनलाइन सेवा आदिलाई समेट्ने प्रयास गरेको छ । तसर्थ नेपालमा पत्रकार आचारसंहिताको विकासक्रमलाई यसरी क्रमबद्ध रुपमा विश्लेषण गर्न सकिन्छ ।

## (क). गोरखापत्रका लागि अख्तियार सनद - १९५८ साल

*नेपाल*मा छापा पत्रकारिताले एक शताब्दी लामो इतिहास पार गरिसकेको छ । नेपाली छापामा आचारसंहिता कैं रूपमा नआएपनि *गोरखापत्र* प्रकाशन हुनुपूर्व के छाप्न हुने र के छाप्न नहुने भनि वि.स. १९५८ साल बैशाख ११ रोज २ मा *गोरखापत्र* प्रकाशनका सम्बन्धमा जारी गरिएको '***सनद***' नै नेपाली छापा पत्रकारिताको पहिलो आचारसंहिता मानिदै आएको पाइन्छ । सो सनदमा अगाडि भनिएको थियो- "पंडित नरदेव पाण्डेले पुर्जी हेरी *गोर्खाली* अखवार हप्तावारी जम्मा १००० थान छापा गरी जारी गर्ने काम तिम्रा तालुकमा राखी बक्याको हुनाले सो कामलाई मद्दत समेत गर्न टायप छापाखाना लेथोग्राफ छापाखाना समेत गाभी तपसील बमोजिम उर्दि सवाल गरी बक्स्याको छ सो बमोजिम रीत पुऱ्याई काम काज गर ।" भन्ने व्यहोराको उल्लेख थियो । सो सनदमा १५ वटा बुँदा छाप्न हुने र ६ वटा बुँदा छाप्न नहुने गरी वर्गीकरण गरिएको थियो । जुन यसप्रकार थियोः

गोरखा पत्रिकामा छापने

☛ दुनियालाई हुन्या इस्तीहार नटासीने कुरा र नयाँ जारी भयाको ऐनको कुरा कलकत्ताको र यहाँको दर भाउ ।

☛ जंगी निजामतिले असल तरकी गरेकोमा उनको पुर्खावलि देखीको बयान ईष्टान वृगडीयर कर्णेल गंभीर सिंह माझीले ५० रूपैयाँ उठतिको जग्गा विर्ता पायाको ।

☛ हामीबाट र मुखतयारले दुनियालाइ इसपची दिएको ।

☛ अनोठा अनोठा कुरा अर्थात आकासमा उडेर जाने समुद्र भित्र जाहाज लगेको देषका दायाको र याहाँ भयाको कुरा । अदालत विषयमा अन्याय भयाको प्रमाण पुग्याको दोभिता भयाको अड्डा खानाका हाकिम अड्डामा नवसी फोहर गरेकोमा गरेको पक्का गरी छापनु ।

☛ कसैले मैले यो काम लियाको छु नोकरी पाउ भन्या र यस ठाउँमा मैले धाउ पाया भनी जाहेर गर्न आयाको दामली छापी दिनु ।

☛ कसुर भैं हाकिमहरू अदली बदली भयाको कुरा पनि छापी दिनु ।

☛ पहाड मदेशमा जुलुस भयाको कुरा छपाउन आयो भने भन्न आउने मानिसको सैंछाप गराई बेदाममा छापी दिनु ।

☛ खेती पाति विषय ईलम विषय धर्म विषय उन्नतिको असल असल कामको कीतापको  उलथा गरी छापनु ।

☛ श्री ५ सरकारको ठुलो ठुलो उत्सवको कुरा छापनु हुन्छ सोर्गेवासी श्री ३ महाराजको तारीप छापनु हुन्छ ।

☛ बाबुले कमायाको धन जुवा रंडीवाज बदनियत गरी खर्च गर्नेको दिड पनि छापी दिनु ।

☛ सीकारका विषय हाम्रा गोर्खालीले फलानाले खुकुरीले चीतुवा भालुलाई हाने मारे भने  इत्यादि बाहादुरी गरेको छापनु हुन्छ ।

☛ ग्याजेट प्रोग्राम पनि छापनु ।

☛ बैंकटेशवर बंगवासी छापाको असल- असल कुरा उलथा गरी छापी दिनु ।

☛ दुनियाँको बदचलन फतुरा खर्चबाट दिल हटाउने राय छापनु हुन्छ ।

☛ डाक्टरहरूले यसलाई आराम गर्दा यति खिल्लत पाया भन्या ।

नछाप्ने

☛ श्री ५/३ सरकारका दरवार भित्रका स्वस्नी मानिसका विषय ।

☛ फौज विषय र हातहतियार राजकाज विषय ।

☛ सरकारका आम्दानी खर्च विषय ।

☛ भोटको र हाम्रो सेवानाका विकट वाटाको वयान सुनखानीका धाउ पायाको कुरा ।

☛ अनेत्र पंचराज्ये विषयलाई तारीफ हुने कुरा भयाका कितापका उलथा गरी नछापनु ।

☛ हाम्रो तारीफका कुरा नछाप्नु

## (ख). प्रेस कमिसनको आचारसंहिता, २०१५

२००७ सालको परिर्वतनपछि नेपाली पत्रकारिता जगतमा निजी क्षेत्रमा पत्रपत्रिकाहरू देखा पर्न थाले, पत्रपत्रिकाको विकास गर्न वि.स. २०१४ सालमा गठित ***प्रेस कमिशन*** गठन भयो  पत्रकारहरूकै तर्फबाट गरिएको यो प्रयासमा  तत्कालिन प्रधानमन्त्री *डा.के.आई.सिंह*ले बहालवाला न्यायधिस कृष्णप्रसाद चापागाईको अध्यक्षतामा पत्रकार *गोपालदास श्रेष्ठ र रामराज पौडेल* समेतको सात सदस्यीय प्रेस कमिशन गठन  गरेका थिए । । कमिशनले २०१५ मा प्रकाशित प्रतिवेदनमा पत्रकारहरूको लागि आचारणसम्बन्धी केही नियमहरू सिफरिस गरेका छन् व्यक्तिगत तथा दलगत स्वार्थलाई विर्सी प्रेसले राष्ट्रिय हितलाई सर्वोपरि राख्नुपर्ने, मौलिक मानव अधिकारको

कदर  गर्नुपर्ने, हिंसालाई प्रोत्साहन गर्ने समाचार छाप्न नहुने, सामग्री सत्यतथ्यमा आधारित हुनुपर्ने, झुठो समाचारको खण्डन छाप्नुपर्ने जस्ता १८ बुँदाहरू समावेश गरिएको थियो । *( पौडेल, रामराज पत्रकारिता २०२७)*

### (ग). पत्रकार संघको आचारसंहिता, २०२३

नेपाल पत्रकार सघंको प्रथम सम्मेलनले २०२३ मा २२ सूत्रीय नेपाली पत्रकारिताको आचारसंहिता पारित गरेर जारी गऱ्यो । स्वस्थ र स्वच्छ जनमतको निर्माण गर्नुपर्ने, मौलिक हकको कदर गर्नुपर्ने, समाचार सत्यतथ्यमा आधारित हुनुपर्ने, गोपनीयताको रक्षा गर्नुपर्ने, गलत समाचार सच्याउनुपर्ने, हिंसा विग्रह र विखण्डनलाई प्रोत्साहित गर्न नहुने, शिष्ट र मर्यादित हुनुपर्ने जस्ता कुराहरू उल्लेख गरिएका छन् ।

### (घ). प्रेस सल्लाहकार परिषदले जारी गरेको आचारसंहिता २०२५

माननीय न्यायधिस नयनबहादुर खत्री क्षेत्रीको अध्यक्षतामा २०२४ सालमा प्रेस सल्लाहकार समिति गठन भएको थियो । यसैलाई पछि *'प्रेस सल्लाहकार परिषद्'* नामाकरण गरियो  यसले २०२५ सालमा पत्रकारहरूको आचारसंहिता जारी गऱ्यो । त्यसमा पंचायती व्यवस्था अनुरूप जनमत तयार गर्नुपर्ने, विश्वास, इमान्दारी, सत्यता, निष्पक्षता र न्यायलाई व्यवसायिक कर्तव्य सम्झनुपर्ने, असत्य समाचार आफै सच्याउनुपर्ने, राजभक्ति, देशभक्ति र राष्ट्रिय भावनालाई प्रोत्साहित गर्नुपर्ने जस्ता २१ बुँदाहरूको संहिता जारी गरिएको थियो ।

### (ङ). छापाखाना र प्रकाशन आचारसंहिता, २०३३

२०१५ सालको प्रेस कमिशनको सुझाव अनुसार नै प्रेस काउन्सिललाई *"छापाखाना र प्रकाशन ऐन २०३२"* को दफा २८ मा छापाखाना र प्रकाशन आचारसंहिता जारी गर्न सक्ने अधिकार दिइएको थियो । सोही अनुरूप पत्रकार संघको सहमतिबाट २२ सूत्रीय *"छापाखाना र प्रकाशन आचारसंहिता, २०३३"* जारी गरियो । सो संहितामा देश नरेश र दलविहिन पंचायत व्यवस्थाप्रति पूर्ण आस्थावान हुनुपर्ने, स्वस्थ, स्वच्छ निष्पक्ष र उत्तरदायित्वपूर्ण पत्रकारिताको विकास गर्न कटिबद्ध हुनुपर्ने कुरा उल्लेख गरिएका छन् । गाउँ फर्क राष्ट्रिय अभियानबाट प्रतिपादित सिद्धान्त र कार्यक्रमलाई आधार मान्नुपर्ने कुरामा समेत जोड दिइएको थियो ।

२०३८ सालमा *शाही प्रेस आयोग*ले आचारसंहिता सम्बन्धी विविध मुद्दा र बुँदाहरू निर्धारण गरेको पाईन्छ ।

©राजमुकुटप्रति भक्ति र आस्था जगाउने

©स्वतन्त्रता, सार्वभौमसत्ता र राष्ट्रिय एकताको संरक्षण र राष्ट्रिय विकासप्रति अग्रसर हुने

© असंलग्न परराष्ट्र नीतिको अनुसरण गर्ने

© श्री ५ को वक्तव्य, सूचना, भाषण नीतिप्रति समर्थन जनाउने

© स्वस्थ र स्वच्छ जनमतको सिर्जना गर्ने

© तथ्य र स्वच्छ आलोचना गर्नु

© असत्य समाचारप्रति सजग गर्ने

© सामाजिक, ऐतिहासिक, सांस्कृतिक महत्त्वलाई बढावा दिने

© मानवअधिकार, सार्वजनिक कल्याण तथा न्यायको कदर गर्ने

© शान्ति र पारस्परिक सद्भावनामा जोड दिने

© शिष्ट भाषाको प्रयोग गर्ने

© उत्तेजना र सनसनीपूर्ण समाचारको प्रचारमा नलाग्ने

© भ्रष्टाचारमा नफस्ने

© पेशाप्रति इमान्दारी प्रकट गरी गोपनीयता राख्ने

© दैवी प्रकोप, दुर्घटनाप्रति साहस, नैतिकता तथा सहयोगको भावना फैलाउने । (*पोखरेल, प्रबलराज, पत्रकारिताको सामान्य परिचय पुस्तकबाट*)

**(च) प्रेस काउन्सिलद्वारा जारी गरिएको छापाखाना र प्रकाशन आचारसंहिता, २०४०**

गाउँफर्क राष्ट्रिय अभियान विघटन गरिएको नयाँ सन्दर्भमा त्यसको अस्तित्वलाई हटाई प्रेस काउन्सिलले २०४०/८/२९ मा निर्णय गरी ११ सूत्रीय आचारसंहिता जारी गर्‍यो । समाचार प्रस्तुत गर्दा समाचारको मुख्य अंशमा कुनै टिप्पणी र समाचार संकलनको निजी धारणा व्यक्त गर्न नपाइने, व्यक्तिगत लाञ्छाना र तथ्यहीन समाचार दिन नहुने, कुनै समुदाय विशेषलाई आघात पर्न नपाइने, संविधान विपरित लेख्न नपाइने जस्ता बुँदाहरू उल्लेख गरिएको थियो ।

**(छ). पत्रकार भेलाद्वारा जारी आचारसंहिता २०४२**

वरिष्ठ पत्रकारहरूको एक भेलाले २०४२ सालमा १० सूत्रीय आचार संहिता प्रकाशनमा ल्याएर पत्रकारहरूले आफै बढी उत्तरदायी बन्ने, अमर्यादित, असंयमित, उत्तेजनात्मक अभिव्यक्तिलाई ठाउँ नदिने प्रतिबद्धता व्यक्त गरेका थिए । भाषाको शिष्टता र आचरणको पवित्रतालाई पालना गर्ने कबुल गरेका थिए । नेपालका चौध पत्रिकाका सम्पादकहरूले २०४२ साल २५  साउनमा लामो छलफल गरी श्री मदनमणी दीक्षित, मणिन्द्रराज श्रेष्ठ, माणिराज उपाध्याय, चन्द्रलाल झा, गोपाल शिवाकोटी, शक्ति लम्साल, इन्द्रकान्त मिश्र, गोविन्द वियोगी, कृष्णसुन्दर मल्ल, हिरण्यलाल श्रेष्ठ, कृष्णप्रसाद शिवाकोटी, पदम ठकुराठी र गोविन्द प्रधानका हस्ताक्षरबाट आफूलाई मर्यादित बनाई आदर सम्मान र सुरक्षा प्राप्ति निमित्त नेपाली पत्रकारिताको आचारसंहिता सम्बन्धी घोषणा जारी गरेका थिए ।

**(ज). प्रेस काउन्सिलद्वारा जारी आचारसंहिता २०४७**

ऐतिहासिक जनआन्दोलनको परिणाम स्वरूप प्रेस स्वतन्त्रताको प्रत्याभूति भएको नेपाल अधिराज्यको संविधान २०४७ जारी भएपछि प्रेस काउनिसलले तदनुरूप १० सूत्रीय आचारसंहिताको तर्जुमा गर्‍यो । मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार, देशहित र सार्वजनिक कल्याणनिम्ति सदा समर्पित रहनुपर्ने, सत्यता, विश्वास र इमान्दारिभई अड्नुपर्ने,  पेशागत गोपनीयताको पालना गर्नुपर्ने, चरित्रहत्यातर्फ लाग्न नहुने , अश्लील, अशिष्ट  र अमर्यादित भाषा र सामग्री प्रयोग गर्न नहुने र आपसी सम्बद्ध व्यवसायिक बनाउने कुरा त्यसमा उल्लेख गरिएका थिए । सो संहितामा २०४८ र २०४९ सालमा परिमार्जन गरी पुनः प्रकाशित गरिएको थियो ।

### (झ) नेपाल पत्रकार संघ (हालको महासंघ) बाट जारी पत्रकार आचारसंहिता २०५०

नेपाल पत्रकार संघद्धारा (हालको महासंघ) वीरगञ्जमा अधिवेशन गरेर २०५० मा घोषणा गरिएको पत्रकार आचार संहितामा जनताको सुसूचित हुने हकको प्रयोग, प्रचलन र रक्षाको निम्ति सदैव तत्पर र क्रियाशील रहने, मानवीय मूल्य, प्रजातान्त्रिक संस्कार, देशहित र सार्वजनिक कल्याणका निम्ति समर्पित रहने, सत्यता, विश्वास, इमान्दारी, तत्परता, न्याय र निष्पक्षतालाई आफ्नो व्यवसायका मूल आधार बनाउने जस्ता १४ सूत्रीय संहिताहरू उल्लेख गरिएको थियो । नेपाल पत्रकार संघका तत्कालिन सभापति होमनाथ दाहालको अध्यक्षतामा सो वीरगञ्ज अधिवेशन सम्पन्न भएको थियो ।

### (ञ). पत्रकार आचारसंहिता २०५५

प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघद्धारा जारी गरिएको आचारसंहिताहरूमा भिन्नता रहँदा आचारसंहिताको कार्यान्वयनमा असुविधा उत्पन्न हुन जाने देखि २०५५ सालमा प्रेस काउन्सिल नेपालले नेपाल पत्रकार महासंघसँग समन्वय राखी पत्रकार आचारसंहितालाई एकीकृत गरी परिमार्जन गर्ने निधो गर्‍यो । सोही अनुरूप काउन्सिलले नेपाल पत्रकार महासंघलाई उक्त कार्यमा सहयोग पुर्‍याई दिन अनुरोध गर्‍यो र महासंघले सो प्रयोजनको लागि कार्यदल समेत  गठन गर्‍यो । समाचार एवं विचारको प्रकाशन प्रशारणमा पत्रकारहरूले सत्य र न्यायको पक्षमा इमान्दार र निष्पक्ष भई प्रस्तुत हुनुपर्ने, राष्ट्रिय एकताको पक्षपोषण गर्नुपर्ने, समाचारको मर्म र यथार्थतालाई बङ्ग्याउन नहुने, पत्रकारितालाई व्यक्तिगत स्वार्थपूर्तिको निम्ति प्रयोग नगर्ने लगायत ७ बुँदे संहिता उल्लेख छन् । आचारसंहिता उल्लंघन भएमा उजुरी र तत्तसम्बन्धी कार्यविधि निर्णय र कार्यान्वयन सम्बन्धी व्यवस्था समेत उल्लेख छन् ।

### (ट). पत्रकार आचारसंहिता २०६०

यो आचारसंहिता २०६० बैशाख २० गते नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालको संयोजनमा जारी गरिएको हो । यसमा छापा माध्यमका अतिरिक्त, विद्युतीय संचारमाध्यमहरू र अनलाइनसँग सम्बद्ध भई काम गर्ने तर २०५५ को आचारसंहितामा नसमेटिएका जस्तै कार्यक्रम निर्माता तथा संचालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादक, प्रेस क्यामराम्यान आदिलाई समेटेको छ । अर्कोतर्फ २०५५ को आचारसंहिताले छापा माध्यमलाई मात्र सञ्चार माध्यमका रूपमा लिएकोमा यो आचारसंहिताले *रेडियो, टेलिभिजन प्रसारणहरू, इन्टरनेटका समाचार* र विचारमुलक *अनलाइन* सेवाहरूलाई समेत संलग्न गराइएको पाइन्छ । समाचारको स्रोत खोल्नु हुँदैन भन्ने गलत र अस्पष्ट वाक्यांशलाई संशोधन गरी हालको आचारसंहितामा पत्रकारले समाचारको स्रोत खोल्नु पर्दछ भन्ने प्रावधान राखिएको छ । तर उक्त आचारसंहितामा गोप्य श्रोतको संरक्षण गर्नुपर्ने अवस्था आइपरेमा त्यस्ता श्रोतको नाम र पहिचान गोप्य राख्न सकिने प्रावधान पनि रहेको पाइन्छ । घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गरी उसको गोपनीयता, चरित्र हत्या सम्बन्धि समाचार प्रस्तुत गर्न नहुने नयाँ व्यवस्था गरिनु पनि यो आचारसंहिताको अर्को व्यवस्था मान्न सकिन्छ । यौनजन्य अपराध, सामाजिक अपहेलना एवं घृणाजन्य घटना वा सन्दर्भमा पीडित व्यक्तिको नाममा पीडा पुग्ने गरी समाचार, दृश्य, तस्वीर प्रकाशन गर्न नहुने कुरा यस अघिको आचारसंहितामा थिएन । संचार माध्मयहरूले अन्य संचारमाध्यमहरूको समाचार नक्कल गर्ने तर समाचार श्रोत उल्लेख नगर्ने एक किसिमको परम्परा बनिसकेको नेपाली संचार जगतमा श्रोत उदृत नगरी समाचार उपभोग गर्न नपाइने व्यवस्था गरिनु पनि यो आचारसंहिताको सकारात्मक पक्ष मानिन्छ । मानव अधिकार र अर्न्तराष्ट्रिय

सम्बन्धको सम्मान जस्ता महत्त्वपूर्ण बिषयहरू संलग्न गराउनका लागि पनि यो आचारसंहिताको निर्माणबाट नौलो आयाम मान्न सकिन्छ । अशक्त, असहाय, अपांग, वालवालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषाभाषी र अल्पसंख्यक समुदायहरूको उत्थान र विकासमा सूचना र विचारद्धारा सहयोग पुऱ्याउनु पर्ने एवं प्रकाशन प्रसारणमा भएका कमी कमजोरी सच्याउने तत्परता देखाउने जस्ता नयाँ व्यवस्थाहरू यो आचारसंहिताका सवल पक्ष हुन् ।

## पत्रकार आचार संहिता २०६०

### प्रस्तावना :

स्वस्थ्य पत्रकारिताको विकासका निम्ति आमसञ्चार माध्यम र पत्रकारलाई जिम्मेवार व्यवसायिक बनाई प्रेस स्वतन्त्रताको सम्बर्धन गर्दै यसको दुरूपयोग हुन नदिन तथा राष्ट्र र समाजप्रति बढि उत्तरदायी बनाउन एवं नेपाल अधिराज्यको संविधान २०४७ द्धारा प्रत्याभूत स्वतन्त्रता र हक अधिकारको जर्गेना गर्दै जतनालाई सुसूचित गर्ने मुलभूत उद्देश्यले समसामयिक अर्न्तराष्ट्रिय प्रचलन र मान्यताहरूलाई समायोजन गरी आमसञ्चारका सबै माध्यमहरूलाई समेत समेटेर मौजुदा आचारसंहितामा परिमार्जन गर्न वाञ्छनिय भएकाले नेपाल पत्रकार महासंघ समेतको सहमतिमा प्रेस काउन्सिल ऐनको दफा (७) को (ख) बमोजिमको यो पत्रकार आचारसंहिता २०६० बनाई जारी गरिएको छ ।

१. नाम प्रारम्भ र बिस्तार : (१) यस आचारसंहिताको नाम पत्रकार आचारसंहिता- २०६० रहेको छ ।

२. यो आचारसंहिता तुरून्त लागू हुनेछ ।

३. यो आचारसंहिता नेपाल अधिराज्यभित्र कार्यरत सम्पूर्ण पत्रकार तथा सञ्चार माध्यमहरूलाई लागू हुनेछ

२. परिभाषा : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस संहितामा

क) *पत्रकार* भन्नाले छापा, विद्युतीय तथा अनलाइन जस्ता कुनै पनि प्रकृतिका संचार माध्यममा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्पेषण जस्ता कार्यसँग आबद्ध प्रधान सम्पादक, सम्पादक, सम्पादक मण्डलका अन्य सदस्यहरू, संवाददाता, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामरा म्यान, व्यंग्य चित्रकार, कार्यक्रम निर्माता, तथा संचालक, साजसज्जा, दृश्य तथा भाषा सम्पादक जस्ता पत्रकारिता पेशासँग सम्बन्धित संचारकर्मीहरूलाई जनाउँछ ।

ख) सञ्चारमाध्यम भन्नाले नेपाल अधिराज्यमा संचालित *पत्रपत्रिका, रेडियो* एवं *टेलिभिजन* प्रसारणहरू तथा *इन्टरनेट*का समाचार र विचारमूलक *अनलाइन* सेवाहरू समेतलाई जनाउँछ ।

### ३. पत्रकार तथा सञ्चार माध्यमहरूले देहायका कर्तव्य निर्वाह गर्नेछन् :

१) प्रेस स्वतन्त्रताको संरक्षण र सम्बर्धनः विचार र अभिव्यक्ति स्वतन्त्रता नागरिकहरूको आधारभूत अधिकार भएकाले यसको संरक्षण र सम्बर्धनका निम्ति सदैब, दृढ, सजग र सर्तक रहुन पर्दछ ।

२) मानव अधिकार र अर्न्तराष्ट्रिय सम्बन्धको सम्मानः मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय लिखतहरूले प्रत्याभूत गरेका हक, अधिकार, सिद्धान्त, मान्यता र प्रचलनको सम्मान गर्दै प्रजातन्त्र, न्याय, समानता, शान्ति र अर्न्तराष्ट्रिय समझदारीको संरक्षण र सम्बर्द्धन तथा मित्र राष्ट्रहरूबीचको भाइचारालाई अभिवृद्धि गर्नु पर्दछ ।

३) सूचनाको हकको रक्षा र प्रचलनः आम नागरिको सुसूचित हुन पाउने हक अधिकारको रक्षा गर्न सदैव क्रियाशिल एवं समर्पित  रहनु पर्दछ ।

४) सत्य तथ्य सूचनाको सम्प्रेषण : व्यवसायिक पत्रकारितको लक्ष्य हासिल गर्न सत्य, तथ्य, निष्पक्ष एवं सन्तुलित सूचना सम्प्रेषण गर्नुपर्दछ ।

५) सम्पादकीय स्वतन्त्रता : पत्रकारमा सञ्चारमाध्यमबाट प्रकाशित प्रसारित सामग्रीको उत्पादन तथा सम्प्रेषणप्रतिको जिम्मेवारी र उत्तरदायित्व हुनु पर्दछ ।

६) गोपनीयताको हकको सम्मान : सार्वजनिक हितमा प्रतिकुल असर पार्ने बाहेकको अवस्थामा वैयक्तिक एवं व्यवसायिक गोपनियताको सम्मान गर्नु पर्दछ ।

७) उच्च व्यवसायिक अभ्यास : पत्रकारिताको अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली र भाषाको  प्रयोगमा सजग रहनु पर्दछ ।

८) शिष्ट व्यवहार :  व्यवसायिक अभ्यासमा सामाजिक शिष्टताको सम्मान गर्दै नैतिक, शिष्ट एवं मर्यादित कार्यशैली  र भाषाको प्रयोगमा सजग रहनु पर्दछ ।

९) गल्ती सच्याउने तत्परता : प्रकाशन तथा प्रसारणमा भएका त्रुटि एवं गल्तीको जानकारी हुनासाथ यथाशीघ्र त्यस्तो गल्ती एवं त्रुटिलाई सच्याउने तथा सप्रमाण खण्डन वा प्रतिक्रिया आएमा प्रष्ट भाषामा उचित स्थान दिई प्रकाशन-प्रसारण गर्नुपर्दछ ।

१०) सामाजिक उत्तरदायित्व : अशक्त, असहाय, अपांग, बालबालिका, महिला तथा पिछडिएका वर्ग, क्षेत्र, भाषा-भाषी र अल्पसंख्यक समुदायको उत्थान र विकासमा सूचना र विचार प्रवाहद्धारा विशेष सहयोग पुऱ्याउने सामाजिक उत्तरदायित्व  हुनेछ ।

११) आपसी सम्बन्धः पत्रकार तथा सञ्चारमाध्यमहरू बीचको आपसी सम्बन्ध व्यवसायिक, स्वस्थ्य, संयमित, मर्यादित र सुमधुर रहनु पर्दछ ।

## ४. पत्रकार तथा सञ्चार माध्यमहरूले देहायका कार्यहरू गर्ने छैनन् :

१) राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्न नहुनेः बहुभाषिक, बहुधार्मिक र बहुजातिय मुलुक नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीचको सुसम्बन्धमा खलल पार्ने वा गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको  प्रतिकूल हुने  समाचार र विचार प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

२) सामाजिक संरचनामा प्रतिकुल असर पार्न नहुने : सामाजिक संरचनामा  प्रतिकूल असर पुऱ्याउने तथा व्यवसायिक मर्यादा  विपरित हुने विकृत र उत्तेजक सामग्री प्रकाशन तथा प्रसारण गर्नु हुँदैन ।

३) समाचारको गोप्य स्रोत खोल्न नहुने : समाचार प्रस्तुत गर्दा समाचारको  आधिकारिकता र विश्सनीयताका लागि स्रोत उल्लेख  गर्नु पर्दछ । तर गोप्य स्रोतको संरक्षण गर्ने दायित्व पत्रकारको हुने हुँदा श्रोतको इच्छा र अनुमति बेगर त्यस्ता गोप्य स्रोतको नाम वा पहिचान गोप्य राख्नु पर्दछ ।

४) निजी स्वार्थ पूर्तिका लागि प्रयोग गर्न नहुने : प्रकाशन प्रसारण गर्ने उद्देश्यले लिइएका सूचना सामग्री निजी स्वार्थपूर्तिका लागि प्रयोग गर्नु हुँदैन ।

५) भेदभाव हुने गरी सूचनाको संम्प्रेषण गर्न नहुने : जातीय, लैगिंक, धार्मिक, क्षेत्रीय, भााषिक र रंगजस्ता आधारमा भेदभाव हुने गरी समाचार र विचारको सम्प्रेषण गर्नु हुदैन ।

६) पीडितलाई थप पीडा पुग्ने गरी सूचना सम्प्रेषण गर्न नहुने : पीडितलाई थप पीडा पुग्ने गरी भाषा, तस्वीर, चित्र र दृश्य समेतको प्रयोग गरी समाचार तथा दृश्य प्रकाशन प्रसारण गर्नु हुँदैन ।

७) पीडित व्यक्तिको नाम, ठेगााना प्रकाशन गर्न नहुने : विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता कियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार, तस्वीर र दृश्यहरू प्रस्तुत गर्नु हुँदैन् ।

८) हिंसा, आतंक र अपराधलाई प्रोत्साहन गर्न नहुनेः विध्वंस, हिंसा, आतंक र अपराधलाई प्रोत्साहन हुने गरी तथा त्यस्ता कियाकलापलाई अतिरञ्जित गर्ने गरी तथा त्यस्ता कियाकलापलाई अतिरञ्जित गर्ने गरी समाचार, विचार र दृश्यहरू प्रस्तुत गर्नु हुँदैन ।

९) घृणा र उत्तेजना फैलिने गरी विभत्स दृश्य र तस्वीर प्रकाशन प्रसारण गर्न नहुने : क्षतविक्षत, विभत्स र घृणा फैलाउने किसिमका दृश्य एवं तस्वीरहरू असान्दर्भिक, अश्लिल र उत्तेजना फैलिन सक्ने प्रकारले प्रस्तुत गर्नु हुँदैन ।

१०) घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख गर्न नहुने : कुनै घटनासँग सम्बन्धित समाचार प्रकाशन प्रसारण गर्दा घटनासँग सम्बन्ध नभएका नातेदार वा नजिकका व्यक्तिको नाम जोडी उसको मर्यादामा आँच पुग्ने वा चरित्र हत्या हुने गरी समाचार प्रस्तुत गर्नु हुँदैन् ।

११) तथ्यहिन समाचार प्रकाशन गर्न नहुने : तथ्यलाई तोडमोड गरी बंग्याउने, अनुचित लाभका लागि दिग्भ्रमित पार्ने तथा तथ्यहिन टिप्पणीलाई समाचारको रूपमा प्रस्तुत गर्नु हुँदैन ।

१२) विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न नहुने : विज्ञापनलाई समाचारको रूपमा प्रस्तुत गर्न, विज्ञापन गरेर समाचारको खण्डन गर्न तथा एउटा सञ्चार माध्यमबाट प्रकाशित प्रसारित समाचारको खण्डन सामान्यत अर्को सञ्चार माध्यमले गर्नु हुँदैन ।

१३) स्रोत उद्धृत नगरी समाचार उपयोग गर्न नहुने : कुनै समाचार संस्था वा माध्यमले प्रवाहित गरेको समाचार सामग्री उपयोग गर्दा त्यस्तो मूल स्रोत उद्धृत नगरी प्रकाशन वा प्रसारण गर्नु हुँदैन ।

## ५.१. प्रेस काउन्सिल र आचारसंहिता

नेपालमा अहिलेसम्म प्रेस काउन्सिलले छापा माध्यमहरूबाट संम्प्रेषण भएका सामग्रीलाई केन्द्रित भई अध्ययन- अनुसन्धान गरेको पाईन्छ । यहाँ *रेडियो, टेलिभिजन* जस्ता विधुतीय सञ्चार माध्यमबाट संम्प्रेषण भएका सामग्रीको अध्ययन-अनुसन्धान गर्ने निकायको अपेक्षाकृत अभाव रहेको छ । तसर्थ विद्युतीय सञ्चार माध्यमबाट सम्प्रेषण भएका सामग्री सम्प्रेषण गर्दा विद्युतीय सञ्चारमाधयमले आचारसंहिता उल्लघंन गरेको हुन्छ वा हुँदैन थाहा पाउन सकिएको छैन ।

## ५.२. वितरण संपरीवेक्षण र पत्रपत्रिकाको मूल्याङ्कन

प्रेस काउन्सिल ऐन-२०४८ अर्न्तगत गठित वितरण संपरीवेक्षण समितिले नेपाल अधिराज्यबाट नियमित रूपमा प्रकाशित भई वितरण संपरीवेक्षण फारम भरी नियमित देखिएका पत्रपत्रिकाहरूको वर्गीकरण गर्ने कार्य गर्दै आएको देखिन्छ । पत्रपत्रिका वितरण संपरीवेक्षणको मापदण्ड  र प्रक्रिया अनुसार समितिले निर्धारण गरेको १०० पूर्णाङ्क मध्ये ६० नम्बरको मूल्याङ्कन काउन्सिल सचिवालयबाट हुने र बाँकी ४० नम्बरको मूल्याङ्कनका लागि विशेषज्ञ नियुक्ति गरी सम्बन्धित विशेषज्ञबाट मूल्याङ्कन गरिने व्यवस्था छ । पत्रपत्रिका सम्बन्धि मूल्याङ्कन गर्दा विभिन्न पक्षको मूल्याङ्कनको निम्ती १०० पूर्णाङ्क कायम गरी वितरण परिणामको निम्ती ४०, आचारसंहिता १०, नियमितता ५, इन्टरनेट ३, पृष्ठ २ गरी पहिलो समूहमा कूल ६० अंक कायम गरिएको छ  भने विषयवस्तु १०, भाषा १० तस्वीर ५ साजसज्जा ५ छपाई ५ र लेखका निम्ती ५ गरी दोस्रो समूहमा जम्मा ४०अक कायम गरिएको छ । दोस्रो समूहको निम्ति पत्रिकामा असंलग्न तर पत्रकारिता क्षेत्रसँग अनुभव प्राप्त विशेषज्ञ नियुक्त गर्दै कार्य गर्ने व्यवस्था भएतापनि त्यस्तो विशेषज्ञबाट मूल्याङ्कन भएको देखिदैन । १० हजारको संख्यामा वितरण भएको परिमाणलाई मात्र आधार मान्दा त्यो भन्दा कम संख्यामा प्रकाशन हुने तर गुणस्तरीय अखवारलाई मर्का पर्ने तथ्यसँग काउन्सिलले विचार नपुऱ्याएको देखिन्छ । श्रेणी विभाजन अनुसार नै विज्ञापन पाउने भएकोले वर्गीकरणको कार्य बढी वैज्ञानिक र पारदर्शी नभएको देखिन्छ । अर्कातर्फ वर्गीकरणमा पर्न नहुने अनियमित पत्रिकाहरूले समेत भनसुनका भरमा नियमित र श्रेणीमा पर्ने गरेकोले पत्रपत्रिका संपरीक्षण र मूल्याङ्कनको कार्य प्रभावकारी हुन सकेको देखिदैन ।

## ५.३. कारवाही गर्ने आधारको मापदण्ड

आचारसंहिता उल्लघंन भएमा सम्बन्धित पक्षले प्रेस काउन्सिलमा उल्लघंन गर्ने पत्रकार वा सञ्चार माध्यम विरूद्ध १५ दिनभित्र उजुरी दिन सक्ने व्यवस्था छ । उक्त म्याद भित्र उजुरी नदिएमा उजुरी नलाग्ने प्रावधान छ । उजुरी दिंदा काउन्सिलको सचिवालयमा निम्न कागजात सहित उजुरी दिन सक्नेछ ।

(क) समाचारपत्रमा प्रकाशित सामग्रीको प्रतिलिपी

(ख) समाचार प्रकाशनबाट  पर्न गएको मर्काको विवरण र त्यसको प्रमाणिक तथ्य ।

(ग) सम्बन्धित पत्रिकालाई आफूले पठाएको खण्डन वा वक्तव्यको विवरण ।

(घ) सम्पादकले दिएको जवाफ , खण्डन वा वक्तव्यको विवरण ।

(ङ) सम्पादकलाई समाचार प्रकाशनका विषयमा भएका पत्राचारहरूको विवरण ।

(च) उजुरी सम्बन्धी सामग्री प्रकाशित भएको ३ महिना वा थाहा पाएको ३५ दिनभित्र उजुरी गरेको हुनुपर्ने ।

उजुरी उपर सामान्य जाँचबुझ गर्दा पत्रकार आचारसंहिता विरूद्ध कार्य भएको प्रमाणित भएमा आरोपित पक्षलाई सामान्यतया सात दिनभित्र वा सो भन्दा अगावै निर्दोष प्रमाणित गर्न समय प्रदान गर्ने व्यवस्था गरेको छ ।

## ५.४. उजुरी र तत्सम्बन्धी कार्यविधि

१) यस आचारसंहितामा उल्लेखित आचरणहरूको उल्लंघन गरेको छ भनी तथ्ययुक्त प्रमाणसाथ पीडित पक्षले कुनै पत्रकार तथा समाचार माध्यम विरूद्ध उपदफा (४) बमोजिमको म्यादभित्र काउन्सिल समक्ष उजुरी दिनसक्नेछ । यस्तो उजुरी परेमा काउन्सिलले सामान्य जाँचबुझ गरी यस आचारसंहिताको उल्लंघन हुने किसिमको कार्य भएको देखेमा आरोपित पक्षलाई सामान्यतया सात दिनभित्र वा सो भन्दा अगावै काउन्सिलले उचित ठानेको

म्यादभित्र त्यस्तो निर्दोषित प्रमाणित गर्ने प्रमाण भए उजुरीको प्रतिलिपि साथै राखी हाजिर हुन आउनु भनी म्याद पठाउने छ ।

२) उपदफा (१) मा जुनसुकैं कुरा लेखिएको भए पनि कुनै पत्रकार तथा सञ्चार माध्यमले सार्वजनिक हित र सरोकारमा प्रत्यक्ष वा अप्रत्यक्षरूपले नकारात्मक असर पार्ने गरी समाचार प्रकाशन तथा प्रसारण गरेमा प्रेस काउन्सिल आफैले त्यस्तो पत्रकार वा सञ्चार माध्यमका विरूद्ध यस संहिता बमोजिम कारवाही अगाडि बढाउन सक्नेछ ।

३) उपदफा (१) मा जुनसुकैं कुरा लेखिएको भएता पनि आरोपित पक्षलाई म्यादमा सूचना पठाउनु पूर्व उजुरीका सम्बन्धमा काउन्सिलले प्रारम्भिक जाँचबुझबाट तत्कालै खण्डन गर्नु पर्ने वा क्षमायाचना माग्नु पर्ने वा मुनासिव जवाफ पठाउन लगाउने जस्ता आवश्यक निर्देशन सम्वन्धित पत्रकार वा सञ्चार माध्यमलाई दिन सक्नेछ ।

४) यस आचारसंहिताको उल्लंघन गरी कुनै पत्रकार तथा सञ्चार माध्यमले समाचार प्रकाशन तथा प्रसारण गरेमा उजुरवालाले सो समाचार प्रकाशन तथा प्रसारण भएको मितिले १५ दिनभित्र उजुरी नदिए उजुरी लाग्नसक्दैन । प्रेस काउन्सिलले म्यादभित्र उजुरी गर्न नसकेको मनासिव कारण भएमा जहिले पनि उजुरी लिन सक्नेछ ।

५) माथि उल्लेखित उपदफाहरू बमोजिम आरोपित पक्षको लिखित जवाफ काउन्सिल समक्ष दाखिल भए पश्चात वा तोकिएको म्यादभित्र जवाफ प्राप्त नभए पनि काउन्सिलले सो विषयमा सामान्यतया ३० दिनभित्र निर्णय दिनेछ

६) उपदफा (५) बमोजिम निर्णय गर्नुअघि काउन्सिलले आवश्यक ठानेमा उजुरवाला र आरोपित पक्ष दुबैलाई झिकाई छलफल गर्न सक्नेछ ।


७) उजुरवाला र आरोपित पक्ष दुवैथरी मिली मिलापत्रको लागि संयुक्तरूपले लिखित अनुरोध गरेमा काउन्सिलले मिलापत्र गराइ विवाद टुंग्याउन सक्नेछ ।

## ५.५. कारवाहीको प्रवृत्ति


पत्रकार आचारसंहितामा निषेध गरेको कार्य गरी काउन्सिल समक्ष पीडित पक्षले पेश गरेको उजुरी ठीक भएमा आरोपित पक्ष पत्रकार वा सञ्चार माध्यमले सर्वप्रथम सम्बन्धीत सञ्चार माध्यमबाट तोकेको स्वरूप, स्थान र समयमा सम्प्रेषण गर्न आदेश दिइन्छ भन्ने आदेश सञ्चार माध्यमले मान्नै पर्दछ । प्रेस पास भएको पत्रकार वा संवाददाता रहेछ भने उसको प्रेस पास जफत गर्ने आचारसंहिता उल्लघंन गर्ने सञ्चारमाध्यमलाई काउन्सिलले वर्गीकरण मूल्याङ्कनबाट हटाउने, पत्रकार कल्याण कोषबाट निश्चित अवधिका लागि सहयोग वञ्चित गर्ने, श्री ५ को सरकारको तर्फबाट (२०६३ जेठ ४ बाट नेपाल सरकार भनिएको) उपलब्ध हुने सम्पूर्ण सेवाहरू निलम्बन गर्न काउन्सिलले सम्बन्धित सञ्चार माध्यमको विरूद्ध खेद प्रकट गरी सो कुरा सार्वजनिक रूपमा प्रकाशित गर्नुपर्दछ । पटक पटक व्यवसायिक आचारसंहिता उल्लघंन गर्ने पत्रकारलाई निजले पाएको प्रेस प्रतिनिधी प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न सक्ने व्यवस्था हालै मात्र जारी भएको सञ्चार अध्यादेश -२०६२ मा उल्लेख भएता पनि जनआन्दोलनबाट पुनःस्थापित प्रतिनिधिसभाले असोज १८ पछिको शाही सरकारका सबै निर्णय खारेजी गरेकोले सो पनि स्वतः खारेजी भएको छ ।

## ५.६. विगत १० वर्षमा परेका उजुरीहरूको विवरण

प्रेस काउन्सिल समक्ष आ.व. २०५१/२०५२ देखि आ.व. २०६०/२०६१ सम्म अर्थात १० वर्षको अवधिमा परेका कूल उजुरीहरूको संख्या १४७ रहेको देखिन्छ भने सोही अवधिमा प्राप्त वोधार्थको संख्या १४८ रहेको छ। आ. व. २०६०/२०६१ देखि कार्यार्थका लागि भनि लेखि आएका पत्रहरूका संख्या चार रहेको छ । यसरी काउन्सिल समक्ष परेका उजुरीहरू १४७ रहेकोमा ती मध्ये ७३ व्यक्तिगत तर्फबाट परेका थिए भने २९ वटा सरकारी निकाय र बाँकी ४५ वटा विभिन्न संस्थाहरूबाट प्राप्त भएका छन् ।
यसलाई ग्राफबाट तल प्रस्तुत गरिएको छ ।





यस्तै १० वर्षको उजुरीहरूलाई विषयगत रूपमा विभाजन गर्दा विभिन्न समाचारमुलक पत्रपत्रिकाहरूमा प्रकाशित समाचारबाट चरित्रहत्या भएको भनी काउन्सिलको आचारसंहिता अनुगमन इकाई समक्ष प्राप्त उजुरीहरूको संख्या ४९ रहेको देखिन्छ भने आचारसंहिता उल्लंघन भएको भनी उजुरी दिनेको संख्या ४२ रहेको छ । त्यसैगरी मानहानी १४ र भ्रष्टाचारको आरोपसम्बन्धी उजुरीहरूको संख्या १४ प्रतिशत देखिन्छ । गाली वेइज्जती भयो भनी काउन्सिल समक्ष उजुरी दिनेहरूको संख्या ६ रहेको छ । उल्लेखित विवरण बाहेकको विषयहरूसँग सम्बन्धित उजुरीहरूको संख्या २२ रहको छ । यसलाई ग्राफबाट तल प्रस्तुत गरिएको छ । (विगत १० वर्षसम्ममा परेका उजरीहरुको विवरण अनुसूची-४ मा हेर्नुहोला)




(स्रोत : प्रेस काउन्सिलको प्रतिवेदन ०६०/०६१)

## आचारसंहिता उल्लंघन गर्ने पत्रिकाहरूको संख्या

विगत १० वर्षको अवधिलाई विश्लेषण गर्दा पत्रकारआचारसंहिता उल्लंघन गरेका पत्रपत्रिकाहरूमा दैनिक भन्दा पनि साप्ताहिक पत्रिकाहरूको संख्या बढी रहेको पाईन्छ । माथिको तालिकाका अनुसार ६० वटा दैनिक पत्रिका, ६६ वटा साप्ताहिक पत्रिका, २ वटा अर्ध साप्ताहिक पत्रिका, २ वटा मासिक पत्रिका, ३ वटा द्वैमासिक पत्रिकाहरूमा प्रकाशित समाचारलाई लिएर विभिन्न प्रकृतिका उजुरी परेका छन् । यसबाट साप्ताहिक पत्रिका बढी सजक हुनुपर्ने देखिन्छ । यसलाई ग्राफमा राखर हेर्दा निम्नानुसार प्रकृत्तिको छ :-



## ५.७. आचारसंहिता अनुगमन आ. व. ०६१/०६२

यस आर्थिक वर्ष ०६१/०६२ को समयावधिमा काउन्सिल समक्ष प्राप्त उजुरी, कार्यार्थ र बोधार्थ पठाउनेको संख्या ८७ रहेको छ । उपरोक्त उजुरी, कार्यार्थ र बोधार्थहरूमध्ये उजुरीको संख्या ३५, कार्यार्थको संख्या २ र बोधार्थको संख्या ५० रहेको छ । काउन्सिल समक्ष प्राप्त भएका ३५ उजुरीहरूमा व्यक्तिगत २० र संस्थागत १५ उजुरीहरू परेका छन् । ती उजुरीहरूलाई उजुरीकर्ताको प्रकृतिको आधारमा विभाजन गर्दा चरित्रहत्या सम्बन्धी १५, आचारसंहिता उल्लंघन ७, मानहानी ४, भ्रष्टाचार सम्बन्धी २, मानहानी + चरित्रहत्या २, गाली वेइज्जती + मानहानी २, मानहानी + आचारसंहिता १, अन्य २ रहेका छन् । ती सबै उजुरीहरू नेपाल अधिराज्यबाट विभिन्न समयमा प्रकाशित ३ दैनिक, १८ साप्ताहिक, १ मासिक, २ विद्युतीय माध्यम र ५ वटा व्यक्ति तथा संस्थाविरूद्ध परेका छन् ।

| क.सं | आ.व. | उजुरी संख्या | उजुरी गर्ने व्यक्ति वा संस्था | उजुरीको प्रकृति | विपक्षीको किसिम |
|---|---|---|---|---|---|
| १ | २०६१/६२ | ३५ | व्यक्ति २०<br>संस्था १५ | चरित्रहत्या १५, आचारसंहिता उल्लंघन ७, मानहानी ४,भ्रष्टाचार सम्बन्धी २,<br>गाली वेइज्जती + मानहानी २, मानहानी +चरित्रहत्या २ मानहानी +आचारसंहिता १, अन्य २ | दैनिक ३<br>साप्ताहिक १८,मासिक १ प्रसारण माध्यम २ र व्यक्ति तथा संस्था ५ |

स्रोत : प्रेस काउन्सिल नेपाल

त्यस्तै कार्यार्थका लागि अनुरोध भई आएका २ वटा कार्यार्थपत्रहरूमा भ्रष्टाचार सम्बन्धी १ र आचारसंहिता उल्लंघन सम्बन्धी १ रहेको छ ।

| क. सं | आ.व. | कार्यार्थका लागि प्राप्त संख्या | कार्यार्थको प्रकृति |
|---|---|---|---|
| १ | २०६१/६२ | २ | आचारसंहिता उल्लंघन १, भ्रष्टाचार सम्बन्धी १ |

काउन्सिल समक्ष प्राप्त हुन आएका ५० बोधार्थपत्रहरू मध्ये चरित्रहत्या सम्बन्धी १३, आचारसंहिता उल्लंघन सम्बन्धी २८ , मानहानी ३, गाली वेइज्जती १, भ्रष्टाचारसम्बन्धी २, चरित्रहत्या+मानहानी २, र अन्य १ रहेका छन् । आ.व. २०६१/६२ मा काउन्सिल समक्ष प्राप्त भएका बोधार्थपत्रहरूको विवरण यसप्रकार छ :

| क.स. | आ.व. | बोधार्थको संख्या | बोधार्थको प्रकृति |
|---|---|---|---|
| १ | २०६१/६२ | ५० | चरित्रहत्या-१३, आचारसंहिता उल्ललंघन-२८,मानहानी-३,गालीबेइज्जती-१, भ्रष्टाचार-२, चरित्रहत्याΓमानहानी-२, र अन्य-१ |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने नेपाली मिडियाहरूले आचारसंहितामा खासै ध्यान दिन सकेका छैनन् । साथै यसको पालनाका तर्फमा प्रेस काउन्सिलको भूमिका पनि सशक्त हुन सकिरहेको छैन । ५० वटा बोधार्थमध्ये २८ वटा आचारसंहिता उल्लंघनका प्रकृति पर्नु पक्कै पनि राम्रो होइन ।

## ५.८. आचारसंहिताका केही मुद्दाहरूलाई नियाल्दा

- विश्व हिन्दु महासंघका अध्यक्ष उपरथी भरतकेशर सिंहले विभिन्न छापा तथा विद्युतीय संचारमाध्यमहरू मार्फत पं नारायणप्रसाद पोखरेललाई महासंघका अध्यक्ष भनी प्रचारप्रसार भएकोमा संघको ध्यानाकर्षण भएको जनाउँदै काउन्सिल समक्ष दिनुभएको उजुरी निवेदनका सम्बन्धमा आचारसंहिता अनुगमन उपसमितिको वैठकमा छलफल हुँदा यस विषयमा सम्बन्धित सरकारी संचारमाध्यमको ध्यानाकर्षण गराउने निर्णयानुसार ध्यानाकर्षण गराई पत्राचार गरियो ।

- लर्ड शिवा फुड कन्फेक्सनरी प्रा.लि. का प्रबन्ध निर्देशक सुरेशकुमार अग्रवालले *देशान्तर* साप्ताहिकका विरूद्ध दिनुभएको आचारसंहिता उल्लंघन सम्बन्धी उजुरी निवेदनका सम्बन्धमा २०६१/५/२ गतेको वैठकमा छलफल हुँदा सोही विषयमा अदालतमा मुद्दा दायर भएको भन्ने समाचार पत्रिकामा प्रकाशित भएको देखिएकोले अदालतमा मुद्दा परेको हो वा होइन ? यथार्थ जानकारी उपलब्ध गराउन उजुरीकर्तालाई पत्राचार गर्ने निर्णयानुसार पत्राचार गरिएकोमा उजुरीकर्तातर्फ जवाफ प्राप्त नभएकोले अदालत गएको पुष्टि हुन आयो, त्यसैले थप कारबाही गरिरहन नपर्ने भयो भन्ने कुरा प्रतिवेदनमा उल्लेख छ ।

- मञ्जु लामाको गीति एल्वम *'समपर्ण तिमीमा'* को लोकापर्ण सम्बन्धमा राष्ट्रिय समाचार समितिबाट तयार पारिएको समाचार *गोरखापत्र* र *द राइजिङ नेपाल*को २०६१ श्रावण २५ गतेको अंकमा प्रकाशन हुँदा भ्रमपूर्ण र अपूरो छापिएकोले भ्रम सिर्जना भएकोले यथार्थ समाचार प्रवाहका लागि पत्रकार आचारसंहिता २०६० अनुसार पहल गरिदिन अनुरोध गरी मञ्जु लामाले काउन्सिल समक्ष दिनुभएको उजुरी निवेदनमा छलफल हुँदा सो सम्बन्धमा यथार्थ विवरण प्रकाशन भए, नभएको सम्बन्धमा जानकारी गराउन भनी राष्ट्रिय समाचार समितिलाई पत्राचार गरिएकोमा सो संस्थाबाट समाचार स्रोतको असावधानीका कारण उक्त समाचारमा केही त्रुटी हुन गएको सत्य हो र उक्त त्रुटी राससद्धारा सच्याई *गोरखापत्र* र *द राइजिङ नेपाल*मा प्रकाशन भइसकेको छ भने समाचारसँग सम्बद्ध पक्षसँग राससले तत्कालै टेलिफोनमार्फत क्षमायाचना गरेको भनी सम्बन्धित संस्थाबाट लेखी आएको देखिँदा त्यसतर्फ अरू कारबाही गरिरहनु परेन ।

- *साँघु* साप्ताहिकका श्री कमल मिश्रले पत्रकार आचारसंहिता २०६० को दफा ४ को उपदफा १२ को उल्लंघन हुनेगरी खण्डनका नाममा गाली गलौजको भाषा प्रयोग गरी प्रायोजित खण्डन प्रकाशित गर्ने *कान्तिपुर* दैनिकका विरूद्ध दिएको आचारसंहिता उल्लंघन सम्बन्धी उजुरी निवेदनका सम्बन्धमा छानविन भई त्यस विषयमा *कान्तिपुर* दैनिक पत्रिकासँग लिखित प्रतिकिया माग गरिएकोमा पत्रिकाका तर्फबाट पेश भएको प्रतिक्रियाबाट असन्तुष्ट हुनु पर्ने कुनै कारण नदेखिएकोले कारबाही अघि बढाई रहन नपर्ने भयो ।

- काठमाडौंबाट प्रकाशित हुने *नेपाल समाचारपत्र* दैनिकको २०६१ भाद्र ११ गतेको अंकमा 'पूर्व क्याम्पस प्रमुख पकाउ' शीर्षकमा समाचार मेरो चरित्रहत्या गर्ने वदनियतले संम्प्रेषित अतिरञ्जनापूर्ण प्रतिशोधको दुर्भावनाले प्रेरित

र काल्पनिक रहेको हुँदा सो समाचार बारेमा छानवीन गरी आवश्यक कारबाही गरी पाऊँ भनी फणिन्द्र नेपालले काउन्सिल समक्ष दिनुभएको उजुरीका सम्बन्धमा सम्बन्धित पत्रिकालाई सातदिन भित्र आचारसंहिता उल्लंघनसम्बन्धी विषयमा छानवीन कार्यमा सहयोग गरिदिनुहुन भनी प्रतिक्रिया माग गरिएकोमा सो पत्रिकाका तर्फबाट उक्त समाचार कसैको चरित्रहत्या गर्न तथा प्रतिशोधको दुर्भावनाले प्रकाशित नगरिएको भनी लिखित जानकारी प्राप्त भएको छ । पत्रमा उक्त समाचार सत्य घटनामै आधारित भएको र समाचार लेख्ने संवाददाताप्रति संस्था पूर्ण विश्वस्त रहेको उल्लेख गर्दै उजुरीकर्ता फणिन्द्र नेपालले त्यससम्बन्धी समाचारको कुनै प्रतिक्रिया नपठाएको तथा निजले समाचारपत्रमाथि लगाएको आरोप निराधार रहेको र उक्त समाचार संकलन , लेखन तथा सम्प्रेषणमा सो दैनिकका वरिष्ठ सम्पादक विष्णुलाल श्रेष्ठको कुनै संलग्नता नरहेको भनी लिखित प्रतिक्रिया प्राप्त भएकोले सो सम्बन्धमा केही गर्नु परेन ।

) राजधानीबाट प्रकाशित साप्ताहिक *राष्ट्रिय विमर्श* पत्रिकाले साप्ताहिक *विमर्श*को मास्टहेड र अन्य स्थायी स्तम्भहरू नक्कल गरेकाले कडा छानवीनका साथै आवश्यक कारबाही गरी पाऊँ भनी *साप्ताहिक विमर्श*का अध्यक्ष एवं प्रधान सम्पादक राजेन्द्र वैद्यले काउन्सिल समक्ष दिनुभएको उजुरीका सम्बन्धमा छलफल हुँदा उजुरीकर्ता वैद्यले उल्लेख गर्नुभएको विषयहरू काउन्सिलको क्षेत्राधिकारभित्र नपर्ने हुँदा केही गरिरहनु परेन ।

) साप्ताहिक भैरहवाका व्यवस्थापक नारायण ज्ञावालीले *नव भैरहवा साप्ताहिक*मा प्रकाशित सूचनाका विरूद्ध दिएको चरित्रहत्या सम्बन्धी उजुरी निवेदनका सम्बन्धमा आवश्यक छानवीन गरी सो सूचनाका सम्बन्धमा यहाँको प्रतिक्रिया के छ ? काउन्सिललाई लिखित जानकारी गराउनु हुन भनी *नव भैरहवा साप्ताहिक*का सम्पादकलाई पत्राचार गरिएकोमा त्यसको जवाफ नपठाई काउन्सिलको आदेशको अवज्ञा गरेको देखिएकोले *नव भैरहवा साप्ताहिक* पत्रिकालाई अवज्ञाकारीको सूचीमा राख्ने निर्णय गरियो ।

) *सिने हटलाइन* मासिक पत्रिकाको वर्ष २ अंक ३ को २०६१ पुष अंकमा ' नेपाली ब्लु फिल्मको सुटिङ प्रशासन वेखवर' शीर्षकमा प्रकाशित समाचारबाट सुपर साउण्ड रेकर्डिङका शम्भु रायमाझीले आफ्नो चरित्रहत्या धमिल्याउने उद्देश्यले असत्य समाचार प्रकाशन गरेकोले दोषीउपर छानवीन गरी कडा भन्दा कडा कारबाही गरी पाऊँ भनी काउन्सिल समक्ष दिनुभएको उजुरीका सम्बन्धमा प्रेस काउन्सिल नेपालद्धारा जारी गरिएको पत्रकार आचारसंहिता अनुसार कुनै पनि पत्रिकामा प्रकाशित समाचार, लेख टिप्पणी वा अन्य सामग्रीबाट कसैलाई मर्कापर्न गई आचारसंहिता उल्लंघन भएको लागेमा सर्वप्रथम आफ्नो सत्य, तथ्य विवरण सहितको खण्डन सम्बन्धित पत्रिकामा पठाउनुपर्ने प्रावधान छ । त्यसरी पठाएको खण्डन सम्बन्धित पत्रिकाले नछापी अटेर गरेमा मात्र काउन्सिलसमक्ष खण्डनको पत्रको प्रतिलिपी समेत संलग्न गरी उजुरी दिन सकिन्छ । उजुरीकर्ताको निवेदनबाट खण्डन पठाए वा नपठाएको व्यहोरा खुल्न सकेन । यदि खण्डन नपठाएको भए पठाउनुहुन र पठाई नछापिएको भए सो को प्रतिलिपि उपलब्ध गराई आचारसंहिता उल्लंघन सम्बन्धी छानवीन कार्यमा सहयोग गरिदिनुहुन भनी उजुरीकर्तालाई पत्राचार भएकोमा हालसम्म कुनै जवाफ प्राप्त भएको छैन ।

) *जनआस्था* साप्ताहिकको २०६१ फागुन २६ गतेको अंकमा जापानी राजदूतावाससँग सम्बन्धित समाचारको विषयलाई लिएर सूचना तथा संचार मन्त्रालयमार्फत नेपालमा लागि जापानी राजदूत सुतोमो हिरोओकोले पठाउनु भएको प्रतिक्रियाका वारेमा आचारसंहिता अनुगमन उपसमितिको वैठकमा छलफल हुँदा उहाँको प्रतिक्रिया सो

साप्ताहिकको २०६१ चैत्र ३ गतेको अंकमा खण्डन प्रकाशित भएकोमा सो खण्डन सन्तोषजनक नभएको मात्र होइन त्यसबाट कुटनीतिक दम्पतिको निजी जीवन तथा छविमा पुगेको क्षतिप्रति पत्रिकाका तर्फबाट कुनै पश्चाताप अथवा दुःख व्यक्त गरिएको नदेखिएकोले भविष्यमा कुटनीतिज्ञ मर्यादाको पालनामा सजग रहन आग्रह गर्ने निर्णयानुसार सजग गराई पत्राचार गरिएकोले सो सम्बन्धमा अरू केही गर्न नपर्ने भयो ।

- *रेडियो नेपाल*को २०६२ वैशाख २५ गते ७ बजेको रेडियो नेपालद्धारा प्रसारित समाचारमा मेरो वक्तव्यलाई अतिरञ्जित गर्दै बोल्दै नवोलेको नभए नगरेको कुरालाई बोले भए गरेको भनी म लामो समयदेखि निरन्तर राजनीतिमार्फत मुलुकको सेवामा समर्पित राजनीतिक कार्यकर्ताको आत्म सम्मानमा चोट पुऱ्याउने तथा आदरणीय  राजनीतिक कार्यकर्ता मित्रहरूमा समेत भ्रम पर्न जाने गरी प्रसारित समाचारका जिम्मेवारीहरूप्रति आचारसंहिता बमोजिम यथोचित कारबाही गर्न भनी पूर्व सहायकमन्त्री एवं नेपाली कांग्रेस प्रजातान्त्रिक झापा जिल्ला सभापति केशव कुमार बुढाथोकीले काउन्सिल समक्ष दिनुभएको उजुरीका सम्बन्धमा के भएको हो ? कसरी *त्यस्तो* प्रसारण भएको हो त्यसको विवरणसहितको लिखित प्रतिक्रियाका लागि पत्राचार भएकोमा कुनै प्रत्युत्तर प्राप्त भएको छैन ।

- काठमाडौंबाट प्रकाशित *'बुधवार साप्ताहिक'*को २०६० चैत्र २५ गते वर्ष ९ अंक १८ मा 'एस. पी. रञ्जित कहाँ भाग्लान' शीर्षकमा प्रकाशित समाचारबाट आफ्नो चरित्रहत्या भएकोले आवश्यक कारबाही गरी पाऊँ भनी प्रहरी उपरीक्षक दीपक रञ्जितले दिनुभएको उजुरी निवेदन उपर आचारसंहिता अनुगमन उपसमितिमा छलफल हुँदा निज उजुरीकर्ताले पत्रकार आचारसंहिता २०६०  अनुरूप सम्बन्धित पत्रिकामा सत्यतथ्य विवरण सहितको खण्डन पठाएको वा नपठाएको भन्ने विषयमा यकिन नभएको हुँदा सोही बमोजिम खुलाई पठाउनका लागि पत्राचार गर्ने काम भयो । सो पत्राचारपश्चात् कुनै जवाफ प्राप्त भएको छैन । (आ.व. २०६०/०६१ को प्रतिवेदन)

समष्टिमा उल्लेखित मुद्दाहरुलाई नियाल्दा प्रेस काउन्सिलले गरेको निर्णय हलुका र फितलो भएको पाइन्छ । जस्तो कि *विर्मश*को साप्ताहिकको तर्फबाट सम्पादक तथा प्रकाशक राजेन्द्र वैद्यले आफ्नो पत्रिकाको स्तम्भ हुबहु नक्कल गरिएको भन्दै राष्ट्रिय विर्मशको विरुद्धमा दिएको उजुरी उल्लेखनीय छ । सो निर्णयमा प्रेस काउन्सिलले उक्त मुद्दा आफ्नो क्षेत्राधिकार भित्र नपर्ने भन्ने निर्णय गरि पन्छिने काम गरेको छ । त्यस्तै *सिने हटलाइन* मासिक पत्रिकाले 'नेपाली ब्लू फिल्मको सुटिङ प्रशासन वेखवर' शीर्षकको समाचारमा सुपर साउण्ड रेकर्डिङका शम्भु रायमाझीले आफ्नो चरित्रहत्या गरेको भनि दिएको उजुरीमा सम्बन्धित पत्रिकालाई प्रेस काउन्सिलले गराएको ध्यानार्कषणप्रति वेवास्ता गरेको पाइयो । यसबाट पनि नेपाली प्रेसले आचारसंहिता पालनामा कमजोर तथा प्रेस काउन्सिलको भूमिकालाई वेवास्ता गरेको देखिन्छ । त्यसैगरी निजी संचारमाध्यम मात्र नभएर *रेडियो नेपाल*ले पनि प्रेस काउन्सिलले मागेको लिखित प्रतिक्रियामा (२०६० वैशाख २५ गतेको रेडियो नेपालको समाचारको मुद्दा) हालसम्म कुनै प्रतिकिया दिएको छैन् । यसबाट प्रेस काउन्सिलप्रतिको प्रभावकारिता र जिम्मेवारीपन माथि निजी मात्रै होइन कि सरकारी मिडिया पनि अनुत्तरदायी भएको पाइयो ।

## ५.९. आचारसंहिता अनुगमन तथा उजुरी

काउन्सिल समक्ष श्रावण-चैतसम्मको समयावधिमा ३३ वटा उजुरी कार्यार्थ २ र बोधार्थ पत्र पठाउनेको संख्या ४८ रहेको छ । यस आर्थिक वर्षको तेस्रो त्रैमासिक (माघ-चैत) को समयावधिमा १३ वटा उजुरीहरू र १६ वटा बोधार्थहरू प्राप्त भएका छन् । २०६२ माघ-चैतको समयावधिमा आचारसंहिता अनुगमन उपसमितिसमक्ष प्राप्त उजुरी र बोधार्थहरूको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### ५.९.१ आचारसंहिता उल्लंघनका सम्बन्धमा काउन्सिलमा दायर हुन आएका उजुरीहरू (माघ-चैत २०६२)

### उजुरीहरूको विवरण

| क्रम संख्या | दर्ता मिति | उजुरीकर्ता वा संस्थाको नाम | विरूद्ध | उजुरी वा बोधार्थ | उजुरीको किसिम | खण्डन भएको वा नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | २०६२।१०।९ | दीपकबाबु तिवारी | राष्ट्रियपथ साप्ताहिक | उजुरी | आचारासीहता उल्लंघन | - | - |
| २. | २०६२।१०।१९ | जाकिर हुसेन | गोलमेच साप्ताहिक | उजुरी | आचारसंहिता उल्लंघन | खण्डन प्रकाशित | - |
| ३. | २०६२।१०।२४ | आशुतोष मिश्र | राष्ट्रिय जनमञ्च साप्ताहिक | उजुरी | आचारसंहिता उल्लंघन | - | - |
| ४. | २०६२।१०।२७ | कृष्णविक्रम आले | कान्तिपुर दैनिक | उजुरी | आचारसंहिता उल्लंघन | - | पत्राचार |
| ५. | २०६२।११।५ | सुरेश मल्ल | हिन्दू साप्ताहिक | उजुरी | चरित्रहत्या | खण्डन प्रकाशित | - |
| ६. | २०६२।११।५ | सुरेश मल्ल | रोडम्याप साप्ताहिक | उजुरी | चरित्रहत्या | खण्डन प्रकाशित | - |
| ७. | २०६२।११।१२ | मा. याङ्गिला शेर्पा, संस्कृति तथा पर्यटन राज्यमन्त्री | घटना र विचार सा. | उजुरी | चरित्रहत्या | खण्डन प्रकाशित | पत्राचार |
| ८. | २०६२।११।१६ | मोहन पोखरेल, केन्द्रीय पार्षद, नेपाल पत्रकार महासंघ | हरिप्रसाद पोखरेल | उजुरी | कारबाही गरिपाऊँ | - | पत्राचार |
| ९. | २०६२।११।१६ | वृजकुमार कुशवाह, कृष्णकुमार खनाल, वीरगञ्ज | सनतोष पौडेल | उजुरी | किर्ते गरी पैसा उठाएको | - | पत्राचार |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | २०६२।११।२५ | डा. अभयकुमार ठाकुर | दैनिक उद्घोष | उजुरी | चरित्रहत्या | - | पत्राचार |
| ११. | २०६२।१२।१० | कृष्णहरि वास्कोटा | राष्ट्रिय जनमञ्च समेत | उजुरी | आचारसंहिता उल्लंघन | खण्डन प्रकाशित | - |
| १२. | २०६२।१२।१४ | डा. अभयकुमार ठाकुर | दैनिक उद्घोष | उजुरी | चरित्रहत्या | - | पत्राचार |
| १३. | २०६२।१२।२३ | कोटेश्वर सरस्वती मा.वि. | रोडम्याप साप्ताहिक | उजुरी | चरित्रहत्या | खण्डन प्रकाशित | - |

## ५.९.२ बोधार्थहरूको विवरण

| क्रम संख्या | दर्ता मिति | उजुरीकर्ता वा संस्थाको नाम | विरूद्ध | उजुरी वा बोधार्थ | उजुरीको किसिम | खण्डन भएको वा नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २०६२।१०।१ | यातायात व्यवसायी महासंघ | कान्तिपुर टेलिभिजन | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| २. | २०६२।१०।११ | नेपालभूषण चन्द | मेट्रो दैनिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| ३. | २०६२।१०।२३ | स.प्र.ना.उ. पञ्चराम चौधरी | राष्ट्रिय दैनिक सुदूर सन्देश | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| ४. | २०६२।१०।२३ | स.प्र.ना.उ. पञ्चराम चौधरी | हिमालय टाइम्स दैनिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| ५. | २०६१।१०।३० | स.प्र.ना.उ. पञ्चराम चौधरी | हाम्रो परिचर्चा अर्धसाप्ताहिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| ६. | २०६२।११।८ | गेहेन्द्रबहादुर बज्राचार्य | ताजा खावर साप्ताहिक | वोधार्थ | चरित्रहत्या | खण्डन प्रकाशित | - |
| ७. | २०६२।११।८ | गेहेन्द्रबहादुर बज्राचार्य | विशाल नेपाल सा. | वोधार्थ | चरित्रहत्या | - | - |
| ८. | २०६२।११।११ | त्रिरत्न मान्धर, मामु महाप्रबन्धक, नेपाल नागरिक उड्डयन | घटना र विचार | वोधार्थ | चरित्रहत्या | खण्डन प्रकाशित | - |
| ९. | २०६२।११।१२ | श्रम तथा रोजगार प्रबर्द्धन विभाग, | राजधानी दैनिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | व्या. सि. तथा व्यवस्थापन तालिम | | | | | |
| १०. | २०६२।११।१८ | नेपाल पर्यटन वोर्ड | दृष्टि साप्ताहिक | वोधार्थ | चरित्रहत्या | - | - |
| ११. | २०६२।११।२२ | मालपोत कार्यालय टीकापुर | असल शासन मासिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| १२. | २०६२।११।२२ | मालपोत कार्यालय टीकापुर | सुशासन त्रैमासिक बुलेटिन | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| १३. | २०६२।१२।४ | नमिता गिरी | विश्वजागरण दैनिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| १४. | २०६२।१२।९ | केशवप्रसाद बराल | नेपाल राष्ट्रिय साप्ताहिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| १५. | २०६२।१२।३० | नेपाल पर्यटन वोर्ड | दृष्टि साप्ताहिक | वोधार्थ | आचारसंहिता उल्लंघन | - | - |
| १६. | २०६२।१२।३१ | त्रिभुवन हनुमान मा.वि.वीरगञ्ज | नारायणी टुडे | वोधार्थ | चरित्रहत्या | - | - |

## ५.९.३. नियमित अनुगमन विषयमा भएका पत्राचारहरूको विवरण

| क.सं | पत्रिकाको नाम | विषय | पत्राचार मिति | जवाफ प्राप्त भए वा नभएको |
|---|---|---|---|---|
| १. | निष्पक्ष सा. | आचारसंहिता उल्लंघन | २०६२।९।१५ | जवाफ प्राप्त भएको |
| २. | नेपाल सा. | ” | २०६२।९।२४ | जवापल प्राप्त नभएको |
| ३. | असन बजार सा. | ” | २०६२।९।२५ | ” |
| ४ | हाम्रो पहाड सा. | ” | २०६२।९।२५ | ” |
| ५. | निष्पक्ष सा. | ” | २०६२।१०।१० | ” |
| ६. | नेपाल न्यूज सा. | ” | २०६२।१०।१० | ” |
| ७. | धरहरा टाइम्स सा. | ” | २०६२।१०।१० | ” |
| ८. | दिशा निर्देश टुडे | ” | २०६२।१०।११ | ” |
| ९. | नेपाल साप्ताहिक | ” | २०६२।१०।११ | जवाफ प्राप्त भएको |
| १० | तरूण सा. | ” | २०६२।१०।१९ | जवाफ प्राप्त नभएको |
| ११ | सूर्योदय सा. | ” | २०६२।१०।१९ | ” |

| | | | | |
|---|---|---|---|---|
| १२ | बुधवार सा. | " | २०६२।१०।२० | " |
| १३ | कान्तिपुर दैनिक | " | २०६२।१०।२४ | जवाफ प्राप्त भएको |
| १४ | खोजतलास सा. | " | २०६२।११।२४ | जवाफ प्राप्त नभएको |
| १५ | उपत्यका स.दै. | " | २०६२।११।१८ | जवाफ प्राप्त भएको |
| १६ | गोरखापत्र दै. | " | २०६२।११।२१ | जवाफ प्राप्त नभएको |
| १७ | राजधानी दै. | " | २०६२।११।२१ | " |
| १८ | नेपाल समाचारपत्र दै. | " | २०६२।११।२१ | जवाफ प्राप्त भएको |
| | | | | |

स्रोतः प्रेस काउन्सिल

यसरी प्रेस काउन्सिल समक्ष तीन महिना(माघ-चैत) मा प्राप्त हुन आएका उजुरीको संख्या १३ रहेको छ। यी उजुरीमध्ये ५ वटा आचारसंहिता उल्लंघनका, ६ वटा चरित्रहत्याका र बाँकी २ वटा अन्य प्रकृतिका छन्। यसरी उजुरीमा परेका मध्ये जम्मा ६ वटाले मात्र खण्डन प्रकाशित गरेका छन् भने बाँकी ७ वटाले खण्डन प्रकाशित गरेका छैनन्। त्यस्तै यसै अवधिमा प्राप्त १६ वटा बोधार्थमध्ये ११ वटा आचारसंहिता उल्लंघनका, ५ वटा चरित्रहत्या प्रकृतिका छन्। जसमा २ वटाले मात्र खण्डन प्रकाशित गरेका छन् भने बाँकी १४ वटा सञ्चारमाध्यमहरूले खण्डन प्रकाशित गरेका छैनन्। प्रेस काउन्सिलको नियमित अनुगमनमा माथिको तालिकामा देखिएका आचारसंहिता उल्लंघनका विषयमा यस अवधिमा जम्मा १८ वटा पत्रपत्रिकाहरूलाई पत्राचार गरेको देखिन्छ। तर यसमा आचारसंहिता उल्लंघनका सम्बन्धमा खण्डन पठाउने पत्रपत्रिकाहरूको संख्या भने निकै न्यून रहेको छ। १८ वटा पत्रपत्रिकाहरूमध्ये जम्मा ५ वटाले मात्र प्रेस काउन्सिललाई जवाफ पठाएका छन् भने बाँकी १३ वटा पत्रपत्रिकाहरूले प्रेस काउन्सिलले गरेको पत्राचारलाई वेवस्ता गर्दै जवाफ पठाउन समेत इन्कार गरेको प्रष्ट हुन्छ। यसरी नेपाली मिडियाहरूले आचारसंहिता उल्लंघनका घटनालाई हल्का रूपमा लिएको देखिन्छ। तसर्थ अव नेपाली मिडियाले आफ्नो कतर्व्य निर्वाह गर्दा अरूको अधिकारमाथि पनि हनन् नहोस् भनी समाजलाई सही सूचना प्रदान गर्नमा बढी सजग हुनुपर्ने देखिन आएको छ।

## ५.१०. प्रेस काउन्सिलको आँखामा नपरेका केहि मुद्दाहरू

) वर्ष १२ अङ्क ६ को *हिमाल* खवरपत्रिकाको पृष्ठ ३६ मा प्रकाशित समाचार शीर्षक "१०+२ आकर्षण र अन्यौल दुवै" मा काठमाण्डौका दश जोड दुई कलेजका विषयवस्तुलाई समेटी समाचार प्रकाशित गरिएको छ। सो समाचारमा जुन जुन कलेजसँग सम्पर्क गरी समाचार बनाइएको छ, सोही कलेजका विज्ञापन समेत सोही समाचारका पृष्ठमा टाउके अक्षरमा दिएको पाइन्छ। जुन कलेजले विज्ञापन दियो सोही कलेजको भनाई मात्रै राख्नु र अन्य कलेजको संचालकहरूसँग सम्पर्क नै नगर्नु र समाचार आएको पृष्ठमा नै सोही कलेजका विज्ञापन दिनु पत्रकार आचारसंहिता विपरित हो कि होइन भन्ने बहसको विषय बन्न सक्छ। (*हेर्नुहोस्- हिमाल, वर्ष १२ अङ्क ६, १६-३२ असार २०५९*)

) वर्ष ४ अङ्क १४ को *नेपाल* पाक्षिक पत्रिकाको (हाल साप्ताहिक) पृष्ठ ४८ मा *"तपाईका लागि नवलपरासीबाट................"* शीर्षकमा प्रकाशित समाचारमा '*कस्मिक यिङ्याङ*' मोटरसाइकलका वारेमा समाचार प्रकाशित गरिएको छ। सो समाचार सोही मोटरसाइकलका वारेमा समाचारको शैलीमा लेखिएको छ र

मोटरसाइकलसँगै नेपाली चलचित्रका नायक राजेश हमालको फोटो छापिएको छ, जुन सो मोटरसाइकल कम्पनीले अन्य पत्रिकामा विज्ञापन दिंदा समेत प्रयोग गर्दथ्यो । न त सो समाचारमा समाचार लेख्नेको वाइलाइन छ न त संवाददाता भनि खुलाइएको छ । तसर्थ यो समाचार हो कि विज्ञापन हो पाठकलाई छुट्याउन गाह्रो छ । यो आचारसंहिता विपरित हो कि होइन ? यसतर्फ प्रेस काउन्सिलको आँखा पर्न सकेको छैन । (*हेर्नुहोस् नेपाल पाक्षिक वर्ष ४ अङ्क १४, १६-३० फागुन २०६०*)

- वर्ष २, अंक ८८, को *समय* साप्ताहिकको बढ्दो बजार शीर्षकमा नेपाली शेयर बजारका वारेमा समाचार प्रकाशित छ । तर यस समाचारमा जुन इन्स्योरेन्स कम्पनीका मालिकसगँ कुराकानी गरिएको छ, त्यही कम्पनीका विज्ञापन सोही समाचारमा आएको पृष्ठमा दिइएको छ । यस समाचारमा शिखर इन्स्योरेन्सलाई बढी महत्व दिई समाचार प्रकाशित गरिएको छ । उसैको ठूलो फोटो छापिएको छ । हेर्दा लाग्छ, पत्रिकाले यस कम्पनीलाई रिजाइ यस्तो गरेको हुनसक्छ । यस्तो गर्न पाउने कि नपाउने भन्ने बहसको विषय हुनसक्छ । (हेर्नुहोस् वर्ष २, अंक ८८, पुष २२-२८ को समय साप्ताहिक)

- सरकारी स्वामित्वमा रहेको *नेपाल टेलिभिजनले* देशमा जनयुद्ध शुरू भएयता माओवादी मरेको समाचार प्रशारण गर्दा क्षतविच्छेद भएको लासलाई नजिकै बाट निकै लामो समयसम्म देखाउनु पत्रकार आचारसंहिता विपरित हो कि होइन ? यसतर्फ प्रेस काउन्सिल मौन बसेको छ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय आचारसंहिता अनुसार कुनै पनि हत्या हिंसाको दृश्य टेलिभिजनबाट देखाउँदा सिधै नजिकबाट क्लोज अप गरी देखाउन पाइँदैन । त्यस्तो प्रकृतिको समाचारलाई टाढैबाट देखाउनुपर्दछ भन्ने मान्यता स्थापित छ । तर नेपाल सरकारले माओवादीको मनोवल गिराउने निउमा त्यसरी हत्याको दृश्य नजिकबाट देखाउँदा साना-साना वालबच्चाहरूमा नकारात्मक असर पर्ने र मानिसमा नकारात्मक धारणा उत्पन्न हुने कुरामा विशेष ध्यान दिएको पाइदैन ।

माथिका विषयमा उल्लेखित पक्षमाथि विश्लेषण गर्दा विज्ञापन र समाचार प्रस्तुतीमा भिन्नता नगराई पाठक वर्गमा भ्रम सिर्जना हुने ढंगबाट सामग्री संप्रेषण गरिएको पाइयो । *हिमाल* पाक्षिकले संप्रेषण गरेको इन्सोरेन्स सम्बन्धी समाचारमा विज्ञापन पाएको इन्सोरेन्सका व्यक्तिको मात्र भनाइलाई स्थान दिँदा अन्य इन्सोरेन्स कम्पनीको उपस्थिति र अस्तित्वलाई नै समाचारमा अस्वीकार गरेको देखियो । यस्तो गरिनु हुन्थ्यो कि हुँदैन थियो ? त्यसैगरी नेपाल पाक्षिकले छापेको ‘कस्मिक यिङयाङ मोटरसाइकल सम्बन्धी सामग्री विज्ञापन नै हो तर समाचारको शैलीमा प्रस्तुतीकरण गरिएकोले यसले पाठकलाई झुक्याउने सम्भावना बढी छ । पत्रकार आचारसंहिताले पनि यसलाई आचारसंहिताको उल्लंघन मानेको छ । यता आचारसंहिताले नै निषेध गरेको अर्को विषय हो हत्या, हिंसा सम्बन्धी विभत्स दृश्यलाई नजिकबाट नदेखाउने । तर माओवादी र सरकार जनयुद्धका वेला यस्ता दृश्यलाई नेपाल टेलिभिजनले निकै लामो समयसम्म देखाइएको पाइयो । यस्तो संवेदनशील विषयमा नेपाल टेलिभिजनले आचारसंहिता पालना गरेको पाइदैन । प्रत्यक्ष व्यक्तिगत चरित्र तथा अन्य हानी नोक्सानी नदेखिने यस्ता आम सरोकारको विषयमा न त उजुरी परेको पाइयो न त प्रेस काउन्सिल स्वयंले सम्बन्धीत मिडियालाई ध्यानार्कषण गरिएको पाइयो । यस्तो परिपाटी देखापर्नु पक्कै पनि राम्रो कुरा होइन । यतातर्फ पनि नेपाली मिडियाहरू सजग हुनुपर्ने देखिन आएको छ ।

## ५.११. पत्रकार आचारसंहिता उल्लंघनमा कारवाहीको स्थिति

पत्रकारहरूले आफ्नो आचारसंहिताको उल्लंघन गरेमा त्यस उपरको उजुरी लिने जाँचबुझ गर्ने र कारवाही गर्ने निकाय एवम् संस्थाका रूपमा केही मुलुकहरूमा *प्रेस अम्बुड्सम्यान,* कहिं *प्रेस काउन्सिल,* कतै सम्पादकहरूद्धारा गठित स्वतन्त्र संघ एवम् समाज जस्ता विभिन्न निकायहरू देखिन्छन् । *वेलायत, भारत* लगायत ५० भन्दा बढी मुलुकहरूमा *प्रेस काउन्सिल*को व्यवस्था देखिन्छ । नेपालमा प्रेस स्वतन्त्रताको दुरूपयोग हुन नदिन पत्रकारिता सम्बन्धी आचारसंहिता तोक्ने समेतको उद्धेश्य राखी प्रेस काउन्सिल ऐन २०४८ अनुसार प्रेस काउन्सिल नामक संस्था गठन भएको छ । स्वस्थ पत्रकारिताको विकास गर्न पत्रकारिता सम्बन्धी आचारसंहिता तयार गरी लागू गर्ने कर्तव्य समेत प्रेस काउन्सिललाई ऐनद्वारा तोकिएको छ । प्रेस काउन्सिललाई तोकिएको जिम्मेवारी र भूमिका निर्वाह गर्न प्रेस काउन्सिलको गठन गर्दा निष्पक्ष, निर्भिक र स्वतन्त्र व्यक्तिहरूको चयन हुनुपर्ने आवश्यकता छ । दोहोरो भूमिकाको निर्वाह हुन नसक्ने स्थितिहरू सिर्जना हुन सक्दछ । यसतर्फ स्वस्थ परम्पराको विकासनिम्ति सम्बन्धित पक्ष सचेत हुनु जरूरी छ । जे होस् पत्रकारको आचारसंहिता जारी गर्ने त्यसको पालना गराउने जिम्मेवारी पाएको प्रेस काउन्सिल सक्षम र प्रभावकारी हुनु जरूरी छ । प्रेस काउन्सिल ऐन २०४८ ले पत्रकारको आचारसंहितालाई केवल नैतिक शक्ति मात्र प्रदान नगरी कानूनी बन्धनकारी शक्ति समेत प्रदान गरेको छ । जसअनुसार पत्रकारको आचारसंहिताको उल्लंघन भएको अवस्थामा प्रेस काउन्सिलले आवश्यक जाचबुझ गरी त्यस्तो पत्रिकालाई नेपाल सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको भरको लागि आंशिक वा पुरै रोक लगाउन श्री ५ को सरकारमा सिफारिस गर्ने, प्रेस काउन्सिलको निर्णय पालना नगर्ने पत्रकारउपर प्रेस काउन्सिलले खेद प्रकट गरी सो कुरा सार्वजनिकरूपमा प्रकाशित गर्न लगाउन सक्ने समेतको कानूनी अधिकार देखिन्छ । पत्रकार आचारसंहिताले निषेध गरेको आचरण गरेको ठहरेमा निजलाई प्रेस काउन्सिलले क्षमायाचना वा खण्डन गर्न लगाउने, क्षमायाचना वा खण्डन नगरेमा प्रेस पास निलम्बित गर्न सिफरिस गर्ने, निलम्बित भएपछि पनि क्षमायाचना वा खण्डन नगरेमा त्यस्तो सञ्चारमाध्यमलाई मूल्यांकन प्रक्रियाबाट अलग गर्ने, यस्तो गर्दा पनि क्षमायाचना वा खण्डन नगरेमा नेपाल सरकारको तर्फबाट उपलब्ध हुने सम्पूर्ण सुविधाहरू निलम्बन गर्नको लागि सिफरिस गर्ने, यसरी सिफारिस गर्दापनि क्षमायाचना वा खण्डन नगरेमा त्यस्तो पक्षलाई कल्याणकारी कोषबाट सहयोग उपलब्ध नगराउने जस्ता निर्णयहरू गर्न सक्ने व्यवस्थाहरू पत्रकार आचारसंहितामा उल्लेख गरेको छ ।

आ.व २०३३/२०३४ देखि आव २०६१/२०६२ सम्मको अवधिमा प्रेस काउन्सिलमा परेको उजुरीको संख्या १९८ रहेको छ । आचारसंहिताको उल्लंघन नभएर उजुरी कम परेका भने होइनन् । तर पनि यसरी परेका उजुरीका प्रकृतिहरूमा चरित्रहत्या नै अधिक मात्रामा देखिएका छन् । अहिलेको स्थिति हेर्दा कुनै पनि व्यक्ति वा संस्थाले कुनै प्रकाशित सामग्रीबाट आफूमाथि गम्भीर अन्याय परेको महसुस गऱ्यो भने काउन्सिलमा उजुरी गर्ने कुरालाई भन्दा अदालतमा गाली र बेइज्जती मुद्दा दर्ता गर्ने कुरालाई बढी प्राथमिकता दिने गरेको देखिन्छ । प्रेस काउन्सिलले पत्रपत्रिकाले मर्यादा उल्लंघन गरेको ठहर गरेमा सामान्य नैतिक दवाबसम्म दिने कुरालाई प्राथमिकता दिएको देखिन्छ । पत्रकारिताको पेशागत मर्यादा कायम राखेर प्रेस जगत र पत्रकारितालाई जिम्मेवार र गरिमामय बनाई प्रेसको मानव समुदायमा उत्तरदायित्व बोध गराउनका लागि काउन्सिलको भूमिका प्रभावकारी

हुन सक्ने स्पष्ट छ । विद्युतीय सञ्चारमाध्यम पनि यस क्षेत्राधिकारभित्र रहने व्यवस्था गर्ने गठन प्रक्रिया एवम् कारवाही पद्धतिमा  समेत सुधारको आवश्यकता महसुस गरिएको छ ।

## ५.१२. नेपाली पत्रपत्रिकामा लेखनीको स्थिति

जनआन्दोलनको भाव र भावना अनुरूप बनेको संविधान अर्न्तगत संसदीय प्रजातन्त्रलाई व्यवस्थित गरी पत्रपत्रिकालाई पनि व्यवस्था अनुकूल मर्यादित, प्रभावकारी र नियन्त्रित गर्ने ऐन २०४८ मा प्रार्दुभाव भएपछि नेपालमा पत्रपत्रिकाको संख्यात्मक वृद्धि त भयो नै, साथै गुणात्मक वृद्धि हुने संकेत पनि देखा पर्दै गएको पाइन्छ । व्यवसायिकताको अवधारणाले पत्रकारिता प्रभावित हुन खोजेको तथा पत्रपत्रिका प्रकाशनले उद्योगको रूप लिन खोजेको छ । बहुलवादी उदार कानुनी व्यवस्थाले पनि नेपाली पत्रकारिता तथा लेखनीलाई नयाँ मोडमा उभ्याएको छ । राणाकालीन तथा पंचायतकालीन पत्रकारितालाई त्याग्ने प्रवृतिमा मात्र होइन प्रकाशन परिपाटीमा नै आमूल परिर्वतन आएको  देख्न सकिन्छ । आज नेपाली पत्रकारिता बजारमुखी, प्रतिस्पर्धा र पाठकरूचिमुखी हुन आफ्नो पत्रपत्रिकाको स्तर बढाउनमा निकै लागि परेको पाइन्छ । लेखनमामात्र नभई विज्ञापन लेखन, साजसज्जा तथा उपलब्ध उपभोग्य सामान र सेवाका विविधताले नेपाली पत्रपत्रिकाहरू आज संस्थागत रूपमा बजारमा देखा परेका छन् । कुनै समय नेपाली मिडियाले स्रोत साधनको कमीका कारण अरूको समाचारमा भर पर्नु पर्ने अवस्था थियो । तर प्रजातन्त्र पुनस्थापनापछि नेपाली पत्रकारिता जगतले निकै लामो फड्को मारेको छ । आज नेपाली बजारमा ठूला ठूला प्रकाशन गृहहरू खुलेका छन् । यिनीहरूका जनशक्ति पनि क्रमिक रुपले यहि हिसावले विस्तार गरेका छन् । आज नेपाली मिडियाले कुनै घट्नाको सूचना संकलनका लागि हेलिकप्टर चार्टर गरेर आफ्ना संवाददातालाई घटनास्थलसम्म लाने र ल्याउने कामसम्म गरेका छन् । (*होलरी काण्डमा माओवादी र सरकारको भिडन्तका वेला केहि निजी मिडिया हाउसले सूचना संकलनका लागि हेलिकप्टर प्रयोग गरेका थिए* )

नेपाल अधिराज्यभर आर्थिक वर्ष सन् १९९५-९६ मा बहुल अभिव्यक्तिको आंकाक्षा बोकेका विभिन्न दैनिकदेखि वार्षिक पत्रपत्रिकाहरू कूल १९८२ वटा दर्ता भएका थिए । यसमा १३९ वटा दैनिक, ७२७ वटा साप्ताहिक, १ वटा अर्धसाप्ताहिक, ११७ वटा पाक्षिक, ४८३ वटा मासिक, १६४ वटा द्वैमासिक, २५५ वटा त्रैमासिक, १० वटा चौमासिक, २१ वटा अर्धवार्षिक, तथा अन्य किसिमका ३५ वटा थिए । यी मध्ये १४५३ वटा नेपाली भाषाका, १९२ अंग्रेजी, १४ नेवारी, ७ हिन्दी र ५६ अन्य जनजाति भाषाका पत्रिका दर्ता भएका थिए । एक भन्दा बढी भाषामा दर्ता हुने पत्रपत्रिकाहरूको संख्या २५३ थियो । (हेर्नुहोस् प्रेस काउन्सिल नेपालको एक्कासौं प्रतिवेदन)

यी पत्रपत्रिका मध्ये समाचारमूलक पत्रपत्रिकाहरूकोसंख्या कूल ८७४ थियो अर्थात सम्पूर्ण पत्रपत्रिकाहरूमा समाचारपत्रहरूको  अनुपातमा ४४.०९ प्रतिशत थियो । तर वास्तवमा ३६९ (५० दैनिक, ५ अर्धसाप्ताहिक, २८३ साप्ताहिक, ३१ पाक्षिक) अर्थात ४२.२१ प्रतिशत समाचारपत्रहरू मात्र प्रकाशित भएको पाईन्छ । ती मध्ये पनि दैनिक १३२, अर्धसाप्ताहिक १२९ र पाक्षिक ११ गरी जम्मा १६० समाचार पत्रपत्रिकाहरू मात्र नियमित रूपले प्रकाशित भएको पाईन्छ । अर्थात दर्ता भएका कूल समाचारमूलक पत्रपत्रिकाको संख्या ८७४ मा १८.३ प्रतिशतले र कूल प्रकाशित समाचारपत्रपत्रिकाको संख्या ३६९ मा ४३.३६ प्रतिशतले मात्र नेपालमा समाचारपत्रहरू नियमित रूपले प्रकाशित हुने गरेको पाईन्छ । (हेर्नुहोस् प्रेस काउन्सिलको वाइसौं प्रतिवेदन)

आ.व. ०५३/०५४ मा अधिराज्यका ४४ जिल्लाबाट मात्र समाचारमूलक प्रकाशन भएको देखिन्छ । अर्थात कूल जिल्लाको ५८.६६ प्रतिशत जिल्लामा मात्र समाचारपत्रहरूका लागि लगानी गर्ने प्रकाशकहरू थिए । भाषागत दृष्टिकोणबाट हेर्दा दर्ता भएका समाचारपत्रहरू ८७४ मध्ये दैनिक समाचारपत्ररूमा १४.०७ प्रतिशत नेपालीमा , ०.४५ प्रतिशत अंग्रेजीमा, ०.३४ प्रतिशत नेवारीमा, ०.६८ प्रतिशत हिन्दीमा, र पाक्षिकमा ८.६२ प्रतिशत नेपालीमा, ०.११ प्रतिशत हिन्दीमा र भोजपुरीमा थियो । सन् १९९० मा बहुदलिय व्यवस्था प्रार्दुभाव भएपछि आजसम्मको पत्रपत्रिकाहरूको प्रकाशनको स्थितिलाई अध्ययन गर्दा प्रकाशनको वृद्धिदर सरदर ८.७२ प्रतिशत रहेको प्रेस काउन्सिलको एक्काईसौं प्रतिवेदनले जनाएको छ । प्रेस काउन्सिलको अभिलेखअनुसार आर्थिक वर्ष २०६१/०६२ को अन्त्यसम्ममा समाचारमूलक पत्रपत्रिकाको कुल दर्ता संख्या २१८१ पुगेको छ । गत आर्थिक वर्षसम्म पत्रिकाको कुल दर्ता संख्या २०३८ मात्र थियो । गत सालको तुलनामा यो आ.व. मा १४३ नयाँ पत्रिकाहरू थप भएका छन् । ती मध्ये दैनिकमा ९, अर्धसाप्ताहिकमा ४, साप्ताहिकमा ११७, र पाक्षिकमा २१ वटा रहेका छन् । यस वर्ष पत्रपत्रिकाको बृद्धि दर ७.०१ प्रतिशत रहेको छ ।

प्रजातान्त्रिक वातावरणले स्वतन्त्र, बहुलवादी अभिव्यक्तिको जन आकांक्षालाई जन्म दिई हुर्काउने हुनाले विभिन्न राजनीतिक विचारधारा, मत मतान्तर, लिई विभिन्न भाषा र शैलीमा पत्रपत्रिकाहरू आमसंचारको माध्यमको रूपमा वृद्धि हुनु कुनै आश्चार्य लाग्दो कुरो होइन । तर नेपाली पत्रपत्रिकाहरूको संख्यात्मक बृद्धिले स्वस्थ प्रजातन्त्रको संकेत गरेको हो कि होइन भन्ने कुरा गहन अध्ययनकै विषय बनेको छ । यस विषयमा प्रेस काउन्सिलको प्रतिवेदनमा अनुसन्धान शाखाले प्रस्तुत गरेको तर्कलाई मनन गर्नु उपर्युक्त मानिन्छ । यसमा भनिएको छ - प्रकाशनको लागि इजाजत प्राप्त गरिसकेको नियमित रूपमा प्रकाशन हुन नसकिरहेको अवस्थामा वर्षेनी नयाँ प्रकाशनहरू दर्ता भइरहेका छन् । यो स्थितिको लागि शैक्षिक वेरोजगारी र प्रकाशन सम्बन्धी कानुनको उदारता पनि केहि हदसम्म जिम्मेवार रहेको छ । तर यस किसिमको वृद्धिमा गुणात्मकताको पक्षमा भने अपेक्षित सुधार भएको छैन । आर्थिक, कमजोरी, सीमित पाठक र सूचनाको स्रोतको अभाव आदि कारणले गर्दा प्रतिस्पर्धात्मक व्यवसायिकतातर्फ नेपाली पत्रकारिता उन्मुख हुन नसकिरहेको देखिन्छ । अर्को शब्दमा, बहुलवादी अभिव्यक्तिले लेखनीको रूपमा गुणात्मक बृद्धि गर्न नसकेको महशुस हुनु यही कारणले पनि हो ।

लेखनीकै सिलशीलामा नेपालको एक मात्र *राष्ट्रिय समाचार समिति* (रा.स.स) ले पत्रकारिताको व्यवसायिकतालाई टेवा पुऱ्याउने साधनको रूपमा नेपाली संचार माध्यमहरूमा शुद्धता, एकरूपता, दक्षता, कुशलता, एवं सिर्जनशिलताका लागि एउटा 'शैली पुस्तक' (Style Book) पहिलो पटक वि.स.२०५१ मा प्रकाशित गरेको पाइन्छ । यो नेपाली-अंग्रेजी द्वैभाषिक निर्देशिकाले त्यस समाचार समितिको लेखन-शैलीमामात्र नभई सारा नेपाली पत्रकारिताकै स्तर निर्धारण गर्नमा मद्दत गरेको पाइन्छ । सो पुस्तकमा व्याकरण सम्बन्धि शुद्धाशुद्धि नियमानुसार चयन गरिएका हिज्जे, पद अनुदित शब्दावली वा पर्यायवाची शब्दहरूको प्रयोगमा सबै अखवारहरूले लेखन एकरूपताका लागि मान्यता दिने चलन नै छन् भन्ने विश्वास गर्न सकिन्छ । मुलभूत व्याकरणका नियमहरूलाई उल्लंघन गर्दै बहुलवादी अभिव्यक्तिको नाममा पत्रकारिताको अभ्यास गर्नु अक्षम्य नैतिक अपराध मानिन्छ भने नेपाली पत्रकारिताले व्यवसायिकताको मान्यता प्राप्त गर्न लेखनको स्तरमा एकरूपता ल्याउनु पनि मुख्य बुदाँकै रूपमा रहेको छ । यस किसिमको एककरूपता जाँच्ने कसीका रूपमा उक्त निर्देशिकाले निकै ठूलो भूमिका खेलेको पाइन्छ । (बहुलवादी नेपाली समाजमा आमसंचार, पत्रकारिता विभाग, त्रि.वि.वि., फ्रेडरिक इवर्ट स्टिफटुङ्ग)

यस्तै सरकारी स्तरको समाचारपत्र *गोरखापत्र*ले वि.स. २०५५ सालमा शैली पुस्तिका प्रकाशन गरेको पाईन्छ । समाचार लेखन, सम्पादन र प्रस्तुतिकरणका प्रमुख पक्षमा सामान्य निर्देशनका साथै बढी समस्या देखिएको भाषा-व्याकरणको क्षेत्रमा शुद्धता, एकरूपता र स्तरियता कायम होस् भन्ने हेतुले *गोरखापत्र*ले शैली पुस्तिका प्रयोग गर्दै आएको छ । त्यसैगरी  निजी क्षेत्रको प्रकाशन गृह *कान्तिपुर*ले वि.स. २०५७ सालमा शैली पुस्तिका निर्माण गरेको पाईन्छ । यसले एउटै प्रकाशन भित्रका प्रकाशनको प्रस्तुतीमा  एकरूपता ल्याउन सहयोग गर्ने जनाएको छ । यसमा देनिक कामकाजमा प्रयोग भइरहने शब्दहरू, लेखनका सामान्य नियमहरूलाई सम्बोधन गरेको पाइन्छ । यस पुस्तिकाले पत्रकारले व्यवसायिक धर्म पालना गर्दा अपनाउनुपर्ने अनुशासनका नियमलाई code of conduct को रूपमा परिभाषित गरेको छ । शैली पुस्तिकाले केहि पारिभाषिक शब्द प्रयोगका सम्बन्धमा व्याख्या  गरेको छ । विशेष ध्यान पुऱ्याउनुपर्ने विषय भनी पत्रकार वा संवाददातालाई जाति, समुदाय अपांग नारी, दलित जनजाति आदिलाई सम्बोधन गर्दा विचार पुऱ्याउनुपर्ने, तिनीहरूको व्यक्तित्वमाथि आँच पुऱ्याउन नहुने, १८ वर्ष मुनीका वालकहरूको हकमा उनीहरूको नाम यौनसँग सम्बद्ध वा कुनै सामान्य अपराधमा मुछिएको भए प्रयोग नगर्न भनेको छ । त्यस्तै समाचारमा प्रकाशित अंशले भविष्यमा कुनै हानी नोक्सानी नपुऱ्याओस् भन्नेतर्फ विशेष ध्यान दिने, आफ्नो परिचय लुकाउने स्रोतको सर्न्दभ प्रयोग नगर्न र अरूको धारणालाई पत्रिकाको धारणामा प्रयोग हुन नदिने जस्ता नियमहरू सो शैली पुस्तिकामा समावेश गरिएको छ ।

यसरी यस्ता शैली पुस्तिकाबाट पनि नेपाली पत्रकारिताको भाषा शैलीमा सुधार ल्याउन ठुलो भूमिका खेलेको पाइन्छ । तर सबै प्रकाशन गृहले भने यस्ता शैली पुस्तिका प्रकाशित गरेको भने पाईदैन । यसले व्यावसायिक कर्तव्य निर्वाह गर्ने तर्फ पत्रकारहरूलाई सचेत भने अवश्य गराएको छ ।

## ५.१३. कानुनी स्थिति

बहुदलीय व्यवस्था लागू हुनुअघि अर्थात पंचायत कालमा दलीय उद्देश्यले प्रेरित भएको संगठन संघ र संस्था नै खोल्न, खोलाउन वा चलाउन नपाउने तथा यही सवैधानिक प्रावधानका भावना समेट्दै छापाखाना र प्रकाशन ऐन २०३९ को परिच्छेद ५ ले प्रकाशन सम्बन्धी आचरण र दलीय व्यवस्था गरी समाचार लेखनमा निम्न विषय क्षेत्रमा प्रतिवन्ध लगाएको थियो ।

(क) श्री ५ महाराजाधिराज वा राजपरिवारप्रति घृणा वा निरादार गराउने वा अवहेलना वा द्वेष बढाउने वा श्री ५ को प्रतिष्ठामा आँच आउने ।

(ख) राष्ट्रको अखण्डता र सार्वभौमसत्तामा आँच आउने ।

(ग) नेपालको संविधानमा अन्तर्निहित मुलभूत सिद्धान्तको विपरित हुने ।

(घ) नेपालको संविधानले निषेध गरेको दलगत विषयबारे प्रत्यक्ष वा घुमाउरो तरिकाले भएतापनि आशंकामात्र हुने गरी कसैले लेखन गरी छपाउन वा प्रकाशिन गर्न प्रतिवन्ध लगाएको थियो । (छापाखाना तथा प्रकाशन ऐन २०४८)

यस ऐनको (धारा १४) मा प्रचलित कानून बमोजिमको अपराध गराउने उद्देश्यले वा सो अपराध नै सम्भावित परिणाम हुन सक्ने गरी कसैले प्रत्यक्ष वा घुमाउरो तरिकाले कुनै विषयको लेखन छपाउन वा प्रकाशित गर्न निषेध गरेको थियो । यस बाहेक नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै खास विषय, घट्ना वा क्षेत्रसँग सम्बन्धित समाचार, सूचना वा पाठ्यसामग्री राष्ट्रिय हितलाई ध्यानमा राखी तोकिएको अवधिसम्मका लागि अस्थायी रूपले लेखन तथा प्रकाशनमा प्रतिवन्ध लगाउन सक्ने व्यवस्था थियो । (धारा १५)

यस कानूनले कसैलाई पनि प्रतिबन्धित वा निषेधित लेखन तथा प्रकाशन पैठारी वा निकासी गर्ने छुट थिएन । (धारा २२) २०४६ सालको जनआन्दोलन पश्चात पुनःस्थापित बहुदलीय व्यवस्थालाई संवैधानिक मान्यता दिने नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा समाचार लेखन वा प्रकाशन गर्न पूर्व प्रतिवन्ध सरकारले लगाउन नपाउने, छापाखाना जफत गर्न नपाउने, समाचार पत्र-पत्रिकाको दर्ता खारेज गर्न नपाउने, नागरिकलाई सार्वजनिक महत्त्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने तथा गोपनियता अनतिक्रम्य हुने व्यवस्था गरेको छ । सरकारले केवल लेखन वा प्रकाशनमा मुनासिव प्रतिवन्ध लगाउन भने सक्ने व्यवस्था छ । त्यसैगरी गोपनियताको कानूनद्धारा अतिक्रम्य गराउन सक्ने प्रावधान रहेको छ । *छापाखाना तथा प्रकाशन ऐन-२०४८* ले *छापाखाना तथा प्रकाशन ऐन २०३९* ले जस्तै प्रतिबन्धित प्रकाशन र निषेधित प्रकाशनको व्यवस्था गरेको छ । तर केहि महत्त्वपूर्ण परिर्वतनहरू समावेश गरेको छ । यस ऐनले "सम्भावित परिणाम हुन सक्ने गरी कसैले प्रत्यक्ष वा घुमाउरो तरिकाले देहायको कुरा हुने आशंकाको कुनै कुराको" भन्ने वाक्यांशलाई हटाएको छ । त्यस्तै पुरानो ऐनको धारा १३ मा राखिएका (ग) र (घ) व्यवस्थालाई हटाएर सट्टामा निम्न प्रावधान गरेको छ ।

(ग) नेपाल अधिराज्यको सुरक्षा, शान्ति र व्यवस्थामा खलल पर्न जाने

(घ) विभिन्न जात, जाति, धर्म वर्ग क्षेत्र सम्प्रदायका मानिसहरू बीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र,

(ङ) सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने

यस्तैगरी यस नयाँ ऐनले पुरानो ऐनको धारा १४ लाई पुरै हटाएको छ भने धारा १५ मा केही संशोधन गरी यस प्रकारको व्यवस्था गरेको छ । श्री ५ को सरकारले प्रकाशन निषेधको सूचना नेपाल राजपत्रमा प्रकाशित तोकिएको अवधिसम्मका लागि प्रकाशित गर्न नपाउने गरी वा "सोही सूचना तोकिएको अधिकारीबाट जँचाएरमात्र प्रकाशित गर्न पाउने गरी आदेश जारी गर्न सक्नेछ ।" यसरी आदेश जारी भैसकेपछि कसैले पनि त्यस्तो समाचार, सूचना वा पाठ्यसामग्रीको प्रकाशन, अनुवाद वा उद्धरण गर्न समेत निषेध गरिएको छ ।

२०४८ को ऐनले पनि प्रतिबन्धित निषेधित प्रकाशनको निकासी, विकी वितरणमा रोक लगाएको छ भने यसले पुरानो कानूनमा स्पष्ट नभएको व्यवस्थालाई स्पष्ट रूपले धारा १६ मा राखेको छ । सो धाराले भनेको छ- देहायको उद्देश्य भएको वा त्यस्तो सम्भावित परिणाम हुन सक्ने सामग्री भएको विदेशी प्रकाशनको पैठारीमा रोक लगाउने गरी नेपाल सरकारले आदेश जारी गर्न सक्ने छ ।

(क) राष्ट्रिय हित र मर्यादाको विरूद्ध हुने कुराहरू गर्ने ।

(ख) राष्ट्रको शान्ति, व्यवस्था र सुरक्षामा खलल पुऱ्याउने ।

(ग) विदेशी राज्य तथा सरकारसँगको सम्बन्धमा खलल पुऱ्याउने

(घ) विभिन्न जात जाति, धर्म वर्ग क्षेत्र सम्प्रदायका मानिसहरू बीच वैमनष्य उत्पन्न गर्ने तथा साम्प्रदायिक दुर्भावना फैलाउने र

(ङ) सर्वसाधरण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने ।

यसरी बहुलवादी नेपाली समाजको निर्माण कालमा सरकारले विदेशी लेखनीमा तथा विदेशमा बसी विदेशी सञ्चार माध्यमबाट नेपालीले उपर्युक्त विषयहरूमा गरेको लेखनीमा सरकारले जुनसुकै वखत वा हुलाकका हाकिमले रोकिराखेको भए १२ घण्टा भित्र सो रोक हटाउन सक्छ । पुरानो *संविधान २०१९* ले राष्ट्रिय पंचायतका सदस्यको

वा स्वतन्त्रताको विशेषधिकार सुरक्षित गर्दै कुनै सदस्यले बोलेको कुनै कुराका सम्बन्धमा जानी गलत वा भ्रमक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन भनेर धारा १५ मा उल्लेख गरे झैं *२०४७ को संविधान*ले पनि बहुदलीय समाजमा स्वतन्त्रताको प्रत्याभूति दिदैं भनेको छ - कुनै सदस्यले बोलेको कुनै कुराको सम्बन्धमा जानी जानी वा भ्रामक अर्थ लगाई कुनै प्रकारको प्रकाशन गरिने छैन । (धारा ६३(३) यस संवैधानिक प्रावधानको भावना अनुरूप *संसदीय नियमावली २०४८* पनि लागू गरी व्यवहारमा उतार्ने व्यवस्था गरिएको छ । यस किसिमको विशेषाधिकार हनन् गर्ने लेखन प्रकाशित भएमा त्यसलाई संसदको अवहेलना मानिने छ, जसरी पंचायती व्यवस्थामा पनि सदस्यको अवहेलना मानिन्थ्यो । यस्तै गरी पंचायत कालमा जस्तै धारा ६५(२) ले बहुदलीय संविधानमा पनि अदालतको अवहेलना धारा ६८(२) को प्रावधानको भावना अनुरूप सर्वोच्च अदालतमा (दोस्रो संसोधन) ऐन २०२४ , आयकर न्याय व्यवस्था ऐन २०२४, न्याय प्रशासन ऐन २०४८ ले क्रमशः सर्वोच्च अदालत, कर अदालत र जिल्ला अदालतले लेखनद्धारा अवहेलना ठहर गरी कारवाही चलाउन सक्ने कानूनी व्यवस्था गरेको छ ।

पंचायतकालीन व्यवस्थामा संकटकालीन अवस्था आइपरेमा श्री ५ बाट संविधानको सबै, वा कुनै धारामात्र निलम्वित गर्न सकिबक्सन्थ्यो, (धारा ८१को (क) मा उल्लेख) भने हालको संसदीय व्यवस्थाको संविधानले श्री ५ लाई संकटकालीन अवस्थाको घोषणा वा आदेश जारी गरी प्रतिनिधि सभाबाट दुई तिहाई बहुमतले अनुमोदन गरेमामात्र सो घोषणा लागू गराउने अधिकार दिएको छ । (धारा ११५) यस्तो अवस्थामा विचार र अभिव्यक्तिको स्वतन्त्रता (धारा १२) , तथा धारा १३ ले पूर्व प्रतिवन्ध नलगाईने भनी दिएको प्रत्याभूति पनि निलम्बित गर्न सक्ने प्रावधान छ । तसर्थ बहुलवादी समाजमा संकटकालीन अवस्था आएमा समाचार लेखनीमा पूर्व प्रतिवन्ध पनि लाग्न सक्छ । तर छापाखाना जफत गरिने छैन न त कुनै पत्रिकाको दर्ता नै खारेज गरिनेछ । त्यसैले समाचार लेखन हुन सक्ने स्थिति रहिरहेको छ । तर, पंचायतकालको संविधानमा श्री ५ ले संकटकालमा कुनै पनि अधिकार ग्रहण गरिबक्सन सक्ने तथा लेखन स्वतन्त्रतामात्र निलम्बन नगरी छापाखाना र प्रकाशन ऐन तथा नियम प्रयोग गर्ने निकायको अधिकार पनि मौसूफले नै ग्रहण गरि सकिबक्सन्थ्यो । यस्तो अवस्थामा लेखनको स्वतन्त्रताको कल्पना गर्न पनि कठिन हुन्थ्यो । तर, आज नेपाली सार्वभौमसत्ता सम्पन्न भएको प्रजातन्त्रमा संकटकालीन अवस्थामा बाहेक समाचार लेखनमा समाजप्रति जिम्मेवार तथा संवैधानिक मुनासिव प्रतिवन्धको दायरामा रहेर पूर्ण स्वतन्त्रता उपभोग गर्न नेपाली मिडिया सफल भएका छन र गरिपनि रहेका छन् ।

## ५.१४. पंचायतकालमा परेका केही मुद्दाहरूको सम्बन्धमा प्रेस काउन्सिलको प्रतिवेदन

पंचायतकालीन समाचार लेखनका विरूद्ध गाली वेइज्जती ऐन २०१६ अर्न्तगत मुद्दाहरू पनि पर्दथ्यो भन्ने कुरा तत्कालिन प्रेस काउन्सिलको वार्षिक प्रतिवेदनले जनाएको छ । उक्त काउन्सिलको अनुसन्धान शाखाको गतिविधि शीर्षक अर्न्तगत अमर्यादित शब्दको प्रयोग विषयमा वि.स. ०४२/०४३ को प्रतिवेदनले भनेको छ - "......................केही पत्रपत्रिकाहरूले कुनै घट्ना वा समाचारको विश्लेषण गर्दा अमर्यादित शब्दहरूको प्रयोग गरी प्रचारात्मक पत्रकारिताको माध्यम अंगाली समाचार प्रस्तुत गर्ने प्रवृत्ति हाल बढेको पाइएको छ भन्ने उल्लेख छ । वि.स. २०४१/०४२ को प्रतिवेदनले भनेको छ - "केही पत्रपत्रिकाहरूमा घटनाको वस्तुगत विश्लेषण नै नगरी अतिरञ्जनात्मक रूपमा अशोभनीय शब्दहरू प्रयोग गरी प्रचारात्मक पत्रकारिताको माध्यम अंगाली समाचार प्रस्तुत गर्ने प्रवृत्ति हाल बढेको पाईएको छ ।"सो प्रतिवेदनमा अगाडि भनिएको छ - " ......समाचार शीर्षकबीच

केही तालमेल भएको पाइदैन.................. पत्रकारिताको मर्यादित सिद्धान्त विपरितका कडा एवं खरो खालका शब्दावलीको प्रयोग गरी यस क्षेत्रको भाषालाई नै अमिल्दो एवं अस्वस्थकर पारिदिएका छन् ।"

त्यस्तै वि. स. २०४४/०४५ को प्रेस काउन्सिलको प्रतिवेदनले केही अतिरञ्जित समाचार शीर्षक समेत प्रस्तुत गरेको छ ।

"प्रधानमन्त्रीलाई घोक्रेठ्याक"

"परराष्ट्र मन्त्रीले बम्बैमा वेश्यालय चलाई राखेको"

"रण्डीको साथमा झण्डावाल" जस्ता समाचार शीर्षकहरू त्यस वेलाका अखवारहरूले दिई पत्रकार आचारसंहिता प्रति वेवस्ता गरेको पाइएको छ ।

समग्रमा माथिको कुरालाई विश्लेषण गर्दा, आ.व २०३३/२०३४ देखि आव २०६१/२०६२ सम्मको अवधिमा प्रेस काउन्सिलमा परेको उजुरीको संख्या १९८ रहेको छ । आचारसंहिताको उल्लंघन नभएर उजुरी कम परेका भने होइनन् । तर पनि यसरी परेका उजुरीका प्रकृतिहरूमा चरित्रहत्या नै अधिक मात्रामा देखिएका छन् । अहिलेको स्थिति हेर्दा कुनै पनि व्यक्ति वा संस्थाले कुनै प्रकाशित सामग्रीबाट आफूमाथि गम्भीर अन्याय परेको महशुस गऱ्यो भने काउन्सिलमा उजुरी गर्ने कुरालाई भन्दा अदालतमा गाली र बेइज्जती मुद्दा दर्ता गर्ने कुरालाई बढी प्राथमिकता दिने गरेको देखिन्छ । प्रेस काउन्सिलले पत्रपत्रिकाले मर्यादा उल्लंघन गरेको ठहर गरेमा सामान्य नैतिक दवाबसम्म दिने कुरालाई प्राथमिकता दिएको देखिन्छ । पत्रकारिताको पेशागत मर्यादा कायम राखेर प्रेस जगत र पत्रकारितालाई जिम्मेवार र गरिमामय बनाई प्रेसको मानव समुदायमा उत्तरदायित्वको बोध गराउनका लागि काउन्सिलको भूमिका प्रभावकारी हुन सक्ने स्पष्ट छ । विद्युतीय सञ्चारमाध्यम पनि यस क्षेत्राधिकारभित्र रहने व्यवस्था गर्ने गठन प्रक्रिया एवम् कारवाही पद्धतिमा समेत सुधारको आवश्यकता महसुस गरिएको छ । प्रेस कानुनले अमर्यादित भाषाको प्रयोगमा प्रतिबन्ध लगाए तापनि पंचायतकालमा समेत विकृत शैलीका समाचार शीर्षक राख्ने गरेको नजीर पाइएको छ । यसको प्रेस काउन्सिलले समेत आपत्ति जनाई नेपाली प्रेसलाई यस्ता भाषा चयन गर्दा सजग हुनुपर्ने सुझाव समेत दिएको पाइन्छ ।

## ५.१५. नेपालमा पत्रपत्रिकाहरूको वस्तुस्थिति

नेपाल अधिराज्यमा नयाँ पत्रपत्रिकाहरूको दर्ताहुने क्रम प्रत्येक वर्ष बृद्धि हुँदै गएको छ । नेपाल सरकारले लोक कल्याणकारी विज्ञापनको रकममा शतप्रतिशत बृद्धि गरेपछि प्रकाशन बन्द भएका पुराना अखवारहरू पुनः प्रकाशित हुन थालेका छन् भने, नयाँ पत्रिका दर्ता हुने क्रम झनै बढेको छ । प्रेस काउन्सिलको अभिलेख अनुसार आर्थिक वर्ष २०६०/६२ को अन्त्यसम्ममा समाचारमूलक पत्रपत्रिकाहरूको कूल दर्ता संख्या २१८१ पुगेको छ । गत आर्थिक वर्षसम्म पत्रिकाको कूल दर्ता संख्या २०३८ मात्र थियो । गत सालको तुलनामा यो आ.व.मा १४३ नयाँ पत्रिकाहरू थप भएका छन् । ती मध्ये दैनिकमा ९, अर्धसाप्ताहिकमा ४ (किसिम परिर्वतन भई घटेको), साप्ताहिकमा ११७ र पाक्षिकमा २१ वटा रहेका छन् । यस वर्ष पत्रपत्रिकाको बृद्धि दर ७.०१ प्रतिशत रहेको छ ।

## नेपालमा समाचारमूलक पत्रपत्रिकाको दर्ता स्थिति

| आ.व. २०६०/०६१ सम्म | | | आ.व.२०६१/०६२ मा मात्र | | | |
|---|---|---|---|---|---|---|
| क.सं | पत्रिकाको किसिम | दर्ता संख्या | क.सं | पत्रिकाको किसिम | दर्ता संख्या | बढेको संख्या |
| १ | दैनिक | २९८ | १ | देनिक | ३०७ | ९ |
| २ | अर्ध-साप्ताहिक | २५ | २ | अर्ध-साप्ताहिक | २१ | -४ |
| ३ | साप्ताहिक | १४४२ | ३ | साप्ताहिक | १५५९ | ११७ |
| ४ | पाक्षिक | २७३ | ४ | पाक्षिक | २९४ | २१ |
| जम्मा | | २०३८ | जम्मा | | २१८१ | १४३ |

विकास क्षेत्रको आधारमा हेर्दा नेपाल अधिराज्यको पत्रपत्रिकाहरूको वस्तुस्थिति मध्यमाञ्चल विकास क्षेत्र अग्र स्थानमा रहेको छ । यस विकास क्षेत्रमा १४९७ पत्रिका दर्ता भएका छन् यसैगरी पूर्वाञ्चल विकास क्षेत्र दोस्रो स्थानमा रहेको छ । यस विकास क्षेत्रमा ३५५ वटा पत्रपत्रिकाहरू दर्ता भएका छन् । त्यस्तै पश्चिमाञ्चल विकास क्षेत्र तेस्रो स्थानमा रहेको छ  भने मध्य पश्चिमाञ्चल विकास क्षेत्रमा जम्मा ८८ वटा मात्र पत्रपत्रिकाहरू दर्ता रहेको देखिन्छ । यसैगरी सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा ६७ वटा मात्र पत्रिकाहरू दर्ता भएको पाइन्छ । गतवर्षको तुलनामा पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदुरपश्चिमाञ्चल विकास क्षेत्रमा यो वर्ष क्रमशः ७.४६ प्रतिशत, ६.९२ प्रतिशत, २.६४ प्रतिशत, १० प्रतिशत, १३.५५ प्रतिशतका दरले पत्रिका दर्ता संख्यामा बृद्धि भएको देखिन्छ । आर्थिक वर्ष २०६१/०६२ को अवधिमा नेपाल अधिराज्यभरमा दर्ता भएका कूल २१८१ समाचारमूलक पत्रपत्रिकाहरू मध्ये ५५७ पत्रपत्रिकाहरू मात्र यो वर्ष प्रकाशित भएका छन् । यो संख्या कूल दर्ता संख्याको २५.५३ प्रतिशत हो । यस आर्थिक वर्षमा प्रकाशित हुने पत्रपत्रिकाहरू मध्ये दैनिक ८१, अर्ध-साप्ताहिक ४, साप्ताहिक ४२२ र पाक्षिक ५० रहेका छन् भने १६२४ पत्रपत्रिकाहरू अप्रकाशित रहेको कुरा प्रेस काउन्सिलको तिसौं वार्षिक प्रतिवेदनले जनाएको छ ।

# ६. तथ्याङ्क विश्लेषण र नतिजा (Data analysis and Result)


यस अध्ययनका क्रममा विभिन्न संचारमाध्यममा कार्यरत ५० जना पत्रकारहरूलाई प्रश्नावली भराइएको थियो । पत्रकार आचारसंहिताको पालना पत्रकारहरूले नै गर्नु पर्ने भएकाले पनि प्रश्नावलीका माध्यमबाट पत्रकारहरूले पत्रकारिता गर्दा आचारसंहिता पालनामा के कस्ता समस्याहरू छन् भन्ने चुरो पत्ता लगाउनु यस अध्ययनको मुख्य उद्देश्य हो । प्रश्नावलीमा जम्मा ३७ वटा प्रश्नहरू रहेका थिए जसमा ३३ वटा बन्द प्रश्नावली र ४ वटा खुल्ला प्रश्नावली सोधिएको थियो । यसरी प्रश्नावली भराइएका ५० जना विभिन्न संचार क्षेत्रमा कार्यरत पत्रकारहरूमध्ये उनीहरूको शैक्षिक योग्यता र अन्य विशेषता फरक फरक पाइएको छ । सो प्रश्नावली भर्ने पत्रकारहरूमध्ये २१ जना पत्रकारिता विषय अध्ययन गरेर यस पेशामा लागेका थिए भने वाँकी २९ जना पत्रकारहरू अन्य विषय पढी पत्रकारिता सम्बन्धी प्रशिक्षण लिएर यस क्षेत्रमा कार्यरत पत्रकारहरू थिए । शैक्षिक योग्यतामा भने स्नातकोत्तरतहसम्म अध्ययन गरेका ११ जना पत्रकारहरू रहेका थिए जसमा १० जना पत्रकारिता विषयबाट आएका थिए भने १ जना अन्य विषयबाट थिए । त्यस्तैं स्नातकसम्म अध्ययन गरेका पत्रकारहरूको संख्या २० जना रहेको थियो  यसमा पत्रकारिता विषय अध्ययनगरी पत्रकारिता पेशामा लागेका पत्रकारहरूको संख्या जम्मा ८ जना थियो भने बाँकी १२ जना अन्य विषय पढी प्रशिक्षण लिएर यस क्षेत्रमा आएका थिए । त्यस्तै प्रविणता प्रमाणपत्र तह उर्तीण गरेका पत्रकारहरूको संख्या १९ रहेको थियो, जसमा पत्रकारिता विषयबाट आएकाको संख्या जम्मा ३ थियो भने वाँकी १६ जना अन्य विषयबाट यस क्षेत्रमा प्रवेश गरेका थिए । यस्ता फरक फरक शैक्षिक योग्यता एवं विषयबाट आएका पत्रकारहरूलाई प्रश्नावली भर्न लगाई उनीहरूबाट प्राप्त उत्तरहरूलाई तल तालिका तथा ग्राफ बनाई विस्तृत रूपमा प्रस्तुत गरिएको छ ।

के व्यवसायिक पत्रकारिताका लागि प्रेस काउन्सिल नेपालको भूमिका आवश्यक छ ?
(प्रश्नावली नं १.)

| उत्तरदाता | आवश्यक छ | | आवश्यक छैन | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४२ | ८४ | ८ | १६ | ५० | १०० |

के व्यवसायिक पत्रकारिताका लागि प्रेस काउन्सिल नेपालको भूमिका आवश्यक छ ? भन्ने प्रश्नमा ४२ जना अर्थात ८४ प्रतिशतले  यसको आवश्यकता रहेको तथा ८ जना अर्थात १६ प्रतिशतले यसको आवश्यकता नरहेको जवाफ दिएको पाइयो । यसबाट पनि प्रष्ट हुन जान्छ कि व्यवसायिक पत्रकारिताको लागि प्रेस काउन्सिल नेपालको भूमिका अपरिहार्य रहेको छ । यस तथ्यलाई तलको चार्टबाट पनि प्रस्तुत गरिएको छ ।

**ग्राफ नं १**





के पत्रकार आचारसंहिता व्यवसायिक पत्रकारिताको लागि आवश्यक छ ?
(प्रश्नावली नं २.)

| उत्तरदाता | आवश्यक छ | | आवश्यक छैन | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४७ | ९४ | ३ | ६ | ५० | १०० |

के पत्रकार आचारसंहिता व्यवसायिक पत्रकारिताको लागि आवश्यक छ ? भन्ने प्रश्नमा ४७ जना अर्थात ९४ प्रतिशतले आवश्यक रहेको तथा ३ जना अर्थात ६ प्रतिशतले मात्र आवश्यकता नरहेको जवाफ दिएको पाइयो । यसबाट हामी यो निष्कर्ष निकाल्न सक्छौं कि नेपाली सञ्चार जगतमा पत्रकार आचारसंहिताको आवश्यकता छ । आचारसंहिताकै कारण पत्रकारले आफ्नो पेशालाई मर्यादित एवं व्यवसायिक बनाउन सहयोग पुर्‍याएको देखिन्छ । यसरी ५० जना उत्तरदातामध्ये ९४ प्रतिशतले आचारसंहिताको आवश्यकता रहेको सहर्ष स्वीकार गरे । यसलाई तलको चार्टबाट यसरी प्रस्तुत गरिएको छ ।


ग्राफ नं. २




किन पत्रकार आचारसंहिता चाहिन्छ ?
(प्रश्नावली नं. २४)

| उत्तरदाता | स्वच्छ व्यावसायिक पत्रकारिताको विकासका निम्ति | | समाजमा अनुशासन कायम राख्न | | आफ्नो पेशाप्रति उत्तरदायी बनाउन | | क, ग र घ का लागि | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कुल संख्या | प्रतिशत |
| ५० | ६ | १२ | ३ | ६ | ३१ | ६२ | १० | २० | ५० | १०० |

पत्रकार आचारसंहिताको आवश्यकता रहेको मत ९४ प्रतिशतलले जनाएपछि, किन पत्रकार आचारसंहिता चाहिन्छ त ? भन्ने प्रश्नको जवाफमा ५० उत्तरदातामध्ये ६ जना अर्थात १२ प्रतिशतले स्वच्छ व्यवसायिक पत्रकारिताको विकासको लागि , त्यस्तै ३ जना अर्थात ६ प्रतिशतले समाजमा अनुशासन कायम राख्न, ३१ जना अर्थात ६२ प्रतिशतले पत्रकारहरूलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउन र १० जना अर्थात २० प्रतिशतले क, ग, घ का लागि भनेर आ- आफ्नो मत जाहेर गरे । सबैभन्दा बढी ६२ प्रतिशतले पत्रकारलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउन आचारसंहिताको चाहिन्छ भन्ने मत जाहेर गरेबाट के पुष्टि हुन आउँछ भने वास्तवमा आचारसंहिताले यस पेशालाई उत्तरदायी बनाउन अहम् भूमिका निर्वाह गर्दछ । यसतथ्यलाई तलको चार्टबाट झन प्रष्ट पार्न सकिन्छ ।





पत्रकार आचारसंहिता के बाट निर्देशित हुनुपर्छ ?
(प्रश्नावली नं. २३)

| उत्तरदाता | अर्न्तराष्ट्रिय मान्यताका आधारमा | | राष्ट्रिय धर्म र सामाजिक मूल्य मान्यताका आधारमा | | क र ख को संयोजनबाट | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ९ | १८ | १५ | ३० | २६ | ५२ | ५० | १०० |

केबाट पत्रकार आचारसंहिता निर्देशित हुनुपर्दछ ? भन्ने प्रश्नको जवाफमा ५० उत्तरदातामध्ये ९ जनाले अन्तर्राष्ट्रिय मान्यताका आधारमा, १५ जनाले राष्ट्रिय धर्म र सामाजिक मूल्य र मान्यताका आधारमा, २६ जनाले क र ख को संयोजनबाट पत्रकार आचारसंहिता निर्देशित हुनुपर्ने जवाफ दिए । यो तथ्य प्रतिशतमा क्रमशः १८ प्रतिशत, ३० प्रतिशत र ५२ प्रतिशत हुन जान्छ । यस तथ्यांकलाई नियाल्दा आचारसंहिता अर्न्तराष्ट्रिय मान्यता र राष्ट्रिय धर्म र सामाजिक मूल्य मान्यताका आधारबाट निर्देशित हुनुपर्छ । आचारसंहिताले अर्न्तराष्ट्रिय मूल्य मान्यतालाई वेवास्ता गर्न मिल्दैन भन्ने कुरालाई पनि प्रष्ट पारेको छ । यसलाई तलको चार्टबाट पनि प्रस्तुत गरिएको छ ।


ग्राफ नं. ४




के कत्तिको रूपमा नेपाली पत्रपत्रिकाहरूले आचारसंहिता पालना गरेका छन् ?
(प्रश्नावली नं ३.)

| उत्तरदाता | पूर्ण रूपमा गरेका छन् | | आंशिक रूपमा गरेका छन् | | गरेका छैनन् | | थाहा छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | ३५ | ७० | ७ | १४ | ६ | १२ | ५० | १०० |

नेपाली पत्रपत्रिकाहरूले के कत्तिको रूपमा आचारसंहिता पालना गरेका छन् ? भन्ने प्रश्नको जवाफमा पूर्ण रूपमा गरेका छन् भन्नेको संख्या २ जना मात्र अर्थात ४ प्रतिशत, त्यस्तै आंशिक रूपमा गरेका छन् भन्नेको संख्या ३५ अर्थात ७० प्रतिशत, कत्ति पनि पालना गरेका छैनन् भन्नेको संख्या ७ अर्थात १४ प्रतिशत र थाहा छैन भन्नेको संख्या ६ जना अर्थात १२ प्रतिशत रहेको पाईयो । आचारसंहिता कुनै बाध्यात्मक कानून होईन, तर यसलाई पालना गर्नु पत्रकारको धर्म हो । पत्रकार आचारसंहिता आंशिक रूपमा पालना गरेका छन् भनेर भन्ने उत्तरदाता ७० प्रतिशत पाइएबाट यो कुरा प्रमाणित हुन जान्छ कि, नेपाली पत्रपत्रिकाहरूले आचारसंहिता पूर्ण रूपमा पालना गरेका छैनन् । यसतथ्यलाई तलको चार्टबाट यसरी प्रस्तुत गरिएको छ ।





पत्रकार आचारसंहिता पालनाका समस्या के हुन सक्ला ?

(प्रश्नावली नं. २२)

| उत्तर दाता | सैद्धातिक र व्यावहारिक नीतिप्रति समन्वय नहुँदा | | कानूनी दण्ड सजाय कम भएका कारण | | प्रेस स्वतन्त्रतालाई कुण्ठित पर्दा | | अन्य | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३० | ६० | ११ | २२ | २ | ४ | ७ | १४ | ५० | १०० |

यस प्रश्नको जवाफमा ५० उत्तरदातामध्ये ३० जना अर्थात ६० प्रतिशतले सैद्धान्तिक र व्यवहारिक नीतिप्रति समन्वय नहुँदा, ११ जना अर्थात २२ प्रतिशतले कानूनी दण्ड सजाय कम भएका कारण, २ जना अर्थात ४ प्रतिशतले प्रेस स्वतन्त्रता कुण्ठित पर्दा र ७ जना अर्थात १४ प्रतिशतले अन्य कारणले पत्रकार आचारसंहिता पालनामा समस्या आएको बताए । माथिको तथ्याङ्कलाई नियाल्दा हामी यो निर्ष्कष निकाल्न सक्छौं कि वास्तवमा सैद्धान्तिक र व्यवहारिक नीतिप्रतिको समन्वयको अभाव नै पत्रकार आचारसंहिता पालनाको प्रमुख समस्या रहेको पाइयो । यसलाई सुधार गर्न सकेमा भावी दिनहरूमा पत्रकार आचारसंहिता पालनामा सहजता आउने कुरामा आशा गर्न सकिन्छ । यसतथ्यलाई तलको चार्टबाट यसरी प्रस्तुत गरिएको छ ।

## ग्राफ नं.६





नेपाली सञ्चारमाध्यमहरूले पत्रकार आचारसंहिता पालना गर्न किन कठिनाइ परेको होला ?

(प्रश्नावली नं १६)

| आर्थिक अभावका कारण | | लगानीकर्ताको दवावका कारण | | विज्ञापनदाताको दवावका कारण | | व्यावसायिक ज्ञानको अभाव | | माथिका सबैं | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रति शत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ८ | १६ | ३ | ६ | ६ | १२ | १० | २० | २३ | ४६ | ५० | १०० |


विभिन्न कठिनाईका कारण पत्रकार आचारसंहिता पालना हुन नसकिरहेको तितो यर्थात हामी सामु छर्लङ्ग छ । तर प्रमुख समस्या के हुन् भन्ने प्रश्नको जवाफमा २० प्रतिशतले व्यवसायिक ज्ञानको अभावको कारण कठिनाइले आएको बताए भने बाँकीमध्ये १६ प्रतिशतले आर्थिक अभावका कारण, ६ प्रतिशतले लगानी कर्ताको दवावका कारण, १२ प्रतिशतले विज्ञापनदाताको दवावका कारण र ४६ प्रतिशतले माथिका सबै कारण रहेको उल्लेख गरे । यसबाट के पुष्टि हुन आउँछ भने आचारसंहिता पालनामा कठिनाईको कारण एउटा मात्र छैन , यसमा यस्ता विविध कारणहरू छन् जुन दृष्य र अदृष्य समेत रहेका छन् । तर माथिको तथ्याङ्क नियाल्दा मुख्यतः व्यवसायिक ज्ञानको अभावका कारण कठिनाई सृजना भएको छ भन्न सकिन्छ । पत्रकारिता पढेर यस क्षेत्रमा आएका भन्दा पत्रकारिता नपढी कामको अनुभवको आधारमा यस क्षेत्रमा लाग्नेको संख्या अधिक छ । त्यसैले पनि यस्ता पत्रकारहरूमा व्यवसायिक ज्ञानको कमी हुन सक्छ भन्दा अत्युक्ति नहोला । यसतथ्यलाई चार्टबाट यसरी स्पष्ट पार्न सकिन्छ ।




पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका कस्तो देख्नुहुन्छ ?
(प्रश्नावली नं १० )

| उत्तरदाता | राम्रो छ | | आंशिक राम्रो छ | | राम्रो छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | २० | ४० | २८ | ५६ | ५० | १०० |


पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिल नेपालको भूमिका राम्रो नरहेको भनेर ५६ प्रतिशतले आफ्नो मत जाहेर गरे भने बाँकी उत्तरदाता मध्ये ४ प्रतिशतले राम्रो र ४० प्रतिशतले काउन्सिलको भूमिका आंशिक रुपमा राम्रो छ भनेर आफ्नो अभिमत प्रकट गरेका छन् । यसबाट काउन्सिल आचारसंहिता कार्यान्वयनमा सफल रहेको छ भनी सन्तोष मान्ने ठाउँ छैन । पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिल नेपालले सशक्त भूमिका खेल्न नसकेको कुरा काउन्सिलको तिसौं वार्षिक प्रतिवेदनले पनि जनाएको छ । यसतथ्यलाई चार्टबाट यसरी प्रस्तुत गर्न सकिन्छ ।




प्रेस काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन प्रक्रिया कस्तो छ ?
(प्रश्नावली नं १२)

| उत्तरदाता | राम्रो छ | | ठीकै छ | | फितलो छ | | राम्रो छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | ८ | १६ | २५ | ५० | १५ | ३० | ५० | १०० |


प्रेस काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन प्रकृया फितलो रहेको मत ५० प्रतिशतले जाहेर गरे भने वाँकी उत्तरदातामध्ये ४ प्रतिशतले राम्रो छ, १६ प्रतिशतले ठिकै छ र ३० प्रतिशतले राम्रो छैन् भन्ने जवाफ दिएको पाइयो । यसबाट के पुष्टि हुन आउँछ भने काउन्सिलको आचारसंहिता अनुगमन प्रक्रिया राम्रो छ भन्ने तथ्य न्यून रहेका कारण अनुगमन प्रक्रिया सशक्त बन्न सकेको छैन भन्ने कुरामा कसैको दुईमत छैन् । यस तथ्यलाई ग्राफबाट हेर्दा अझ प्रष्ट हुन्छ ।




के तपाई. प्रेस काउन्सिल नेपालको पत्रकार आचारसंहिता अनुगमन इकाइप्रति सन्तुष्ट हुनुहुन्छ ? (प्रश्नावली नं १३)

| उत्तरदाता | पूर्ण सन्तुष्ट छु | | आंशिक सन्तुष्ट छु | | सन्तुष्ट छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १ | २ | ११ | २२ | ३८ | ७६ | ५० | १०० |


प्रेस काउन्सिलको पत्रकार आचारसंहिता अनुगमन इकाइप्रति सन्तुष्ट नरहेको जवाफ ७६ प्रतिशतले व्यक्त गरे भने बाँकी २ प्रतिशतले पूर्ण सन्तुष्ट रहेको र २२ प्रतिशतले आंशिक सन्तुष्ट रहेको आफ्नो अभिमत व्यक्त गरेको पाइयो । माथिको तथ्याङ्कबाट के कुरा पुष्टि हुन जान्छ भने काउन्सिलको अनुगमन इकाईले सशक्त रूपमा कार्य गर्न सकेको छैन । यसलाई ग्राफबाट पनि यसरी प्रस्तुत गर्न सकिन्छ ।




किन पत्रकार आचारसंहिता अनुगमन चुस्त बन्न नसकेको होला ?
(प्रश्नावली नं १५)

| उत्तरदाता | दक्ष जनशक्तिको कमीका कारण | | अनुगमन इकाइको लापरवाहीका कारण | | ढिलासुस्तीका कारण | | माथिका सबै | | थाहा छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १६ | ३२ | १३ | २६ | ३ | ६ | १६ | ३२ | २ | ४ | ५० | १०० |

पत्रकार आचारसंहिता अनुगमन चुस्त बन्न किन नसकेको होला ? भन्ने प्रश्नको जवाफमा ५० उत्तरदातामध्ये ३२ प्रतिशतले दक्ष जनशक्तिको कमीका कारण, २६ प्रतिशतले अनुगमन इकाइको लापरवाहीका कारण, ६ प्रतिशतले ढिलासुस्तीका कारण, ४ प्रतिशतले थाहा छैन र बाँकी ३२ प्रतिशतले माथिका सबै कारणले पत्रकार आचारसंहिता अनुगमन कार्य चुस्त बन्न नसकेको जवाफ दिए । माथिको तथ्याङ्क केलाउदा दक्ष जनशक्तिको अभाव नै प्रमुख कारण मान्न सकिन्छ । तर यसो भन्दैमा अनुगमन इकाई सक्षम छ भन्न मिल्दैन । २६ प्रतिशतले अनुगमनको लापरवाहीका कारण पनि चुस्त बन्न नसकेको जवाफ व्यक्त गरेका छन् यसलाई न्यून संख्या कदापि मान्नु हुदैन , यसलाई अधिक नै मान्नुपर्दछ । माथिका सबै पक्ष दोषी रहेको अभिमत ३२ प्रतिशतले जाहेर गरेका छन्, जुन दक्ष जनशक्तिको अभावको प्रतिशतसँग बरावर हुन जान्छ । तसर्थ निष्कर्षमा हामी चुस्त बन्न नसक्नुमा दक्ष जनशक्ति लगायत माथिका सबै कारकतत्वलाई  लिन सकिन्छ । यसतथ्यलाई ग्राफबाट अझ प्रष्ट पार्न सकिन्छ ।





प्रेस काउन्सिलको सांगठनिक संरचनाको स्वरूप कस्तो छ ?

(प्रश्नावली नं ४)

| उत्तरदाता | राजनीतिले प्रभावित छ | | स्वतन्त्र छ | | सरकारप्रति बढी भ्रुकाव छ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३० | ६० | २ | ४ | १३ | २६ | ५ | १० | ५० | १०० |

प्रेस काउन्सिलको सांगठनिक संरचना ६० प्रतिशतले राजनीतिले प्रभावित रहेको बताए भने बाँकी ४ प्रतिशतले स्वतन्त्र रहेको, २६ प्रतिशतले सरकारप्रति बढी भ्रुकाव रहेको र १० प्रतिशतले आफूलाई थाहा नभएको बताए । माथिको तथ्याङ्कबाट हामी यो निर्ष्कषमा पुग्न सक्छौं कि काउन्सिलको सांगठनिक संरचनाको स्वरूप राजनीतिले प्रभावित पारेको छ । यसतथ्यलाई ग्राफद्धारा यसरी प्रस्तुत गर्न सकिन्छ ।


## ग्राफ नं.१२




के तपाई प्रेस काउन्सिल नेपालको गठन प्रक्रियाप्रति सन्तुष्ट हुनुहुन्छ ?
(प्रश्नावली नं ५)

| उत्तरदाता | सन्तुष्ट छु | | आंशिक सन्तुष्ट छु | | सन्तुष्ट छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३ | ६ | १२ | २४ | ३५ | ७० | ५० | १०० |

उत्तरदातामध्ये ७० प्रतिशतले प्रेस काउन्सिलको गठन प्रक्रियाप्रति असन्तुष्टि रहेको कुरा व्यक्त गरे भने वाँकी ६ प्रतिशतले सन्तुष्ट रहेको, २४ प्रतिशतले आंशिक सन्तुष्ट रहेको अभिमत प्रकट गरेको पाइयो । यसबाट के कुरा पुष्टि हुन जान्छ भने गठन प्रक्रियामा प्रेस काउन्सिको पुर्नविचार गर्नुपर्ने टड्कारो आवश्यकता रहेको तथ्य उजागर भयो । यस वस्तुप्रति न्यून ६ प्रतिशत उत्तरदातामात्र सन्तुष्ट रहेकोबाट पनि प्रमाणित हुन जान्छ । यसै कुरालाई ग्राफबाट यसरी प्रस्ट्याउन सकिन्छ ।





तपाइको विचारमा प्रेस काउन्सिलको गठन प्रकिया कस्तो हुनुपर्छ ?

(प्रश्नावली नं ६)

| उत्तरदाता | पूर्ण स्वतन्त्र निकाय हुनुपर्दछ | | अर्ध सरकारी निकाय हुनुपर्दछ | | सरकारको मातहतमा हुनुपर्दछ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४२ | ८४ | ३ | ६ | २ | ४ | ३ | ६ | ५० | १०० |

प्रेस काउन्सिलको गठन प्रकिया सम्बन्धी ८४ प्रतिशत उत्तरदाताले पूर्ण स्वतन्त्र निकायको रूपमा हुनुपर्ने अभिमत प्रकट गरेका छन् भने बाँकी ६ प्रतिशतले अर्धसरकारी निकायका रूपमा, ४ प्रतिशतले सरकारको मातहतमा र ६ प्रतिशतले आफूलाई थाहा नभएको जवाफ दिए । यसबाट के प्रमाणित हुन्छ भने वास्तवमा काउन्सिल एउटा स्वतन्त्र निकायका रूपमा खडा हुनु जरूरी छ । यसतर्फ काउन्सिल दुई कदम अगाडि बढ्नुपर्ने देखिन्छ । यसतथ्यलाई ग्राफबाट पनि यसरी प्रस्तुत गर्न सकिन्छ ।





कुन निकायप्रति प्रेस काउन्सिल उत्तरदायी बन्नुपर्छ होला ?

(प्रश्नावली नं ७)

| जनताप्रति | | पत्रकारहरूप्रति | | सरकारप्रति | | व्यावसायिक पत्रकारिताप्रति | | माथिका सबैं | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रति शत | संख्य ा | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ४ | ८ | १२ | २४ | १ | २ | २६ | ५२ | ७ | १४ | ५० | १०० |

प्रेस काउन्सिल कुन निकायप्रति उत्तरदायी बन्नु पर्छ होला भन्ने प्रश्नको जवाफमा सबैभन्दा बढी २० जना अर्थात ४० प्रतिशत उत्तरदाताले व्यावसायिक पत्रकारिताप्रति उत्तरदायी हुनुपर्ने, १२ जना उत्तरदाता अर्थात २४ प्रतिशतले पत्रकारहरूप्रति हुनुपर्ने, ६ जना अर्थात १२ प्रतिशतले पाठकहरूप्रति हुनुपर्ने, ४ जना अर्थात ८ प्रतिशतले जनताप्रति हुनुपर्ने, १ जना आर्थात २ प्रतिशतले  सरकारप्रति तथा ७ जना अर्थात १४ प्रतिशत उत्तरदाताले माथिका सबै बुँदाप्रति उत्तरदायी हुनुपर्ने जवाफ दिएको पाईयो । माथिको तथ्याङ्कबाट हामी यो निर्ष्कष निकाल्न सक्छौं कि काउन्सिल व्यवसायिक पत्रकारिताप्रति हरदम उत्तरदायी बन्न सकेमा मात्र प्रेस काउन्सिल एउटा सशक्त संस्थाको रूपमा पत्रकारिताको हक र हितका लागि सहयोगीको रूपमा अगाडि बढ्नेछ । यसतथ्यलाई तलको ग्राफबाट यसरी प्रस्तुत गर्न सकिन्छ ।


ग्राफ नं.१५
१४%
८%
२४%
२%
५२%
जनताप्रति
पत्रकारहरुप्रति
सरकारप्रति
व्यावसायिक पत्रकारिताप्रति
माथिका सबैं

## ६.१.. प्रश्नावलीबाट प्राप्त उत्तरहरूको तालिका

१.के व्यवसायिक पत्रकारिताका लागि प्रेस काउन्सिलको भूमिका आवश्यक छ ?

तालिका नं १.

| उत्तरदाता | आवश्यक छ | | आवश्यक छैन | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४२ | ८४ | ८ | १६ | ५० | १०० |

२. के पत्रकार आचारसंहिता व्यवसायिक पत्रकारिताको लागि आवश्यक छ ?

तालिका नं २.

| उत्तरदाता | आवश्यक छ | | आवश्यक छैन | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४७ | ९४ | ३ | ६ | ५० | १०० |

३. के कत्तिको रूपमा नेपाली पत्रपत्रिकाहरूले आचारसंहिता पालना गरेका छन ?

तालिका नं ३.

| उत्तरदाता | पूर्ण रूपमा गरेका छन् | | आंशिक रूपमा गरेका छन् | | गरेका छैनन् | | थाहा छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | ३५ | ७० | ७ | १४ | ६ | १२ | ५० | १०० |

४. प्रेस काउन्सिलको संगठनिक संरचनाको स्वरूप कस्तो छ ?

तालिका नं ४

| उत्तरदाता | राजनीतिले प्रभावित छ | | स्वतन्त्र छ | | सरकारप्रति बढी झुकाव छ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३० | ६० | २ | ४ | १३ | २६ | ५ | १० | ५० | १०० |

५. के तपाई प्रेस काउन्सिल नेपालको गठन संरचनाप्रति सन्तुष्ट हुनुहुन्छ ?

तालिका नं ५

| उत्तरदाता | सन्तुष्ट | | आंशिक सन्तुष्ट | | सन्तुष्ट छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३ | ६ | १२ | २४ | ३५ | ७० | ५० | १०० |

६. तपाइको विचारमा प्रेस काउन्सिलको गठन प्रकिया कस्तो हुनुपर्छ ?

तालिका नं ६

| उत्तरदाता | पूर्ण स्वतन्त्र निकाय हुनुपर्दछ | | अर्ध-सरकारी निकाय हुनुपर्दछ | | सरकारको मातहतमा हुनुपर्दछ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४२ | ८४ | ३ | ६ | २ | ४ | ३ | ६ | ५० | १०० |

७. कुन निकायप्रति प्रेस काउन्सिल नेपाल उत्तरदायी बन्नुपर्छ होला ?

तालिका नं ७

| जनताप्रति | | पत्रकारहरूप्रति | | सरकारप्रति | | व्यावसायिक पत्रकारिताप्रति | | माथिका सबै | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ४ | ८ | १२ | २४ | १ | २ | २६ | ५२ | ७ | १४ | ५० | १०० |

८. प्रेस काउन्सिल अर्ध-सरकारी निकाय भएकोले पनि आचारसंहिताको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्न नसकेको हो ? तालिका नं ८

| उत्तरदाता | हो | | होइन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३७ | ७४ | ७ | १४ | ६ | १२ | ५० | १०० |

९. के पत्रकार महासंघको सहयोगमा प्रेस काउन्सिलले जारी गरेको आचारसंहिता पूर्ण छ ?

तालिका नं ९

| उत्तरदाता | पूर्ण छ | | आंशिक छ | | पूर्ण छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ६ | १२ | १७ | ३४ | २७ | ५४ | ५० | १०० |

१०. पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका कस्तो देख्नुहुन्छ ?

तालिका नं १०

| उत्तरदाता | राम्रो छ | | आंशिक राम्रो छ | | राम्रो छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | २० | ४० | २८ | ५६ | ५० | १०० |

११. के अहिलेको आचारसंहिता (आचारसंहिता-२०६०) ले छापा माध्यम र विद्युतीय माध्यम दुवैलाई समेट्न सकेको छ ?

तालिका नं ११

| उत्तरदाता | छ | | छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४१ | ८२ | ४ | ८ | ५ | १० | ५० | १०० |

१२. प्रेस काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन प्रक्रिया कस्तो छ ?

तालिका नं १२

| उत्तरदाता | राम्रो छ | | ठीकै छ | | फितलो छ | | राम्रो छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | ८ | १६ | २५ | ५० | १५ | ३० | ५० | १०० |

१३ के तपाई. प्रेस काउन्सिल नेपालको पत्रकार आचारसंहिता अनुगमन इकाइप्रति सन्तुष्ट हुनुहुन्छ ?

तालिका नं १३

| उत्तरदाता | पुर्ण सन्तुष्ट छु | | आंशिक सन्तुष्ट छु | | सन्तुष्ट छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १ | २ | ११ | २२ | ३८ | ७६ | ५० | १०० |

१४. के प्रेस काउन्सिलको पत्रकार आचारसंहिता अनुगमन इकाईले छापा र विद्युतीय माध्यम दुवैलाई समेट्न सकेको छ?

तालिका नं १४

| उत्तरदाता | छापामाध्यमलाई मात्र छ | | दुवै माध्यम लाई समेटेको छ | | विद्युतीय माध्यमलाई समेट्न सकेको छैन् | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १५ | ३० | ५ | १० | ३० | ६० | ५० | १०० |

१५. किन काउन्सिलको पत्रकार आचारसंहिता अनुगमन कार्य चुस्त बन्न नसकेको होला ?

तालिका नं १५

| उत्तर दाता | दक्ष जनशक्तिको कमीका कारण | | अनुगमन इकाइको लापरवाहीका कारण | | ढिलासुस्तकि कारण | | माथिका सबै | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रति शत | संख्या | प्रति शत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १६ | ३२ | १३ | २६ | ३ | ६ | १६ | ३२ | २ | ४ | ५० | १०० |

१६. नेपाली सञ्चारमाध्यमहरूले पत्रकार आचारसंहिता पालना गर्न  किन कठिनाइ परेको होला ?

तालिका नं १६

| आर्थिक अभावका कारण | | लगानीकर्ताको दवावका कारण | | विज्ञापन दाताको दवावका कारण | | व्यावसायिक ज्ञानको अभाव | | माथिका सबैं | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रतिश | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ८ | १६ | ३ | ६ | ६ | १२ | १० | २० | २३ | ४६ | ५० | १०० |

१७. के तपाई प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिता उल्ल्घनको कानुनी प्रक्रियाप्रति सन्तुष्ट हुनुहुन्छ ?

तालिका नं १७

| उत्तरदाता | सन्तुष्ट छु | | खासै छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १० | २० | ३५ | ७० | ५ | १० | ५० | १०० |

१८. के अहिले प्रेस काउन्सिलले तोकेको आचारसंहिता उल्लंघन वापतको जरिवाना प्रर्याप्त छ ?

तालिका नं १८

| उत्तरदाता | प्रर्याप्त छ | | ठिकै छ | | कमी छ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ९ | १८ | १० | २० | २४ | ४८ | ७ | १४ | ५० | १०० |

१९. के प्रेस काउन्सिलले जारी गर्ने र संचार माध्यमले आफै लागू गर्ने आचारसंहिता बीच सामन्जस्यता (तालमेल) छ ?

तालिका नं १९

| उत्तरदाता | तालमेल छ | | तालमेल छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | २ | ४ | ३३ | ६६ | १५ | ३० | ५० | १०० |

२०. तपाईको विचारमा प्रेस काउन्सिललाई खारेजी गरेर मिडिया काउन्सिल बनाउनु जरूरी छ ?

तालिका नं.२०

| उत्तरदाता | जरूरी छ | | जरूरी छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३५ | ७० | ९ | १८ | ६ | १२ | ५० | १०० |

२१. प्रेस काउन्सिल र मिडिया काउन्सिल बीच के भिन्नता देख्नुहुन्छ ?

तालिका नं. २१

| कार्यक्षेत्राधिकार बढी हुन्छ | | दुवै माध्यम समेट्न सक्छ | | २१औं शताब्दीको मिडिया सुहाउँदो हुन्छ | | माथिका सबै | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | प्रति शत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ४ | ८ | १५ | ३० | १६ | ३२ | ९ | १८ | ६ | १२ | ५० | १०० |

२२. पत्रकार आचारसंहिता पालनाका समस्या के हुन सक्ला ?

तालिका नं. २२

| उत्तर दाता | सैद्धान्तिक र व्यावहारिक नीतिप्रति समन्वय नहुँदा | | कानूनी दण्ड सजाय कम भएका कारण | | प्रेस स्वतन्त्रता कुण्ठित पर्दा | | अन्य | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३० | ६० | ११ | २२ | २ | ४ | ७ | १४ | ५० | १०० |

२३. के बाट पत्रकार आचारसंहिता निर्देशित हुनुपर्छ ?

तालिका नं. २३

| उत्तरदाता | अर्न्तराष्ट्रिय मान्यताका आधारमा | | राष्ट्रिय धर्म र सामाजिक मूल्य मान्यताका आधारमा | | क र ख को संयोजनबाट | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ९ | १८ | १५ | ३० | २६ | ५२ | ५० | १०० |

२४. किन पत्रकार आचारसंहिता चाहिन्छ ?

तालिका नं. २४

| उत्तर दाता | स्वच्छ व्यावसायिक पत्रकारिताको विकासका निम्ति | | समाजमा अनुशासन कायम राख्न | | पत्रकारहरूलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउन | | क, ग र घ का लागि | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ६ | १२ | ३ | ६ | ३१ | ६२ | १० | २० | ५० | १०० |

२५. प्रेस काउन्सिलको वार्षिक प्रतिवेदन कहाँ पेश गर्नु उपयुक्त हुन्छ ?

तालिका नं.२५

| उत्तरदाता | सरकारमा | | संसदमा | | अन्य | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ४ | ८ | ४० | ८० | ६ | १२ | ५० | १०० |

२६. के तपाई प्रेस काउन्सिलको पत्रपत्रिकाहरूको वर्गीकरण र मूल्याङकन मापदण्ड प्रक्रियापंति सन्तुष्ट हुनुहुन्छ ?

तालिका नं.२६

| उत्तरदाता | सन्तुष्ट छु | | आंशिक सन्तुष्ट छु | | सन्तुष्ट छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३ | ६ | १७ | ३४ | ३० | ६० | ५० | १०० |

२७. कुनै पत्रपत्रिकाहरूले आचारसंहिता उल्लघन गरेमा उजुरी गर्ने निकाय कुन हो ?

तालिका नं.२७

| उत्तर दाता | अदालतमा | | पत्रिकाको कार्यालयमा | | प्रेस काउन्सिलको कार्यालयमा | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ६ | १२ | २ | ४ | ४० | ८० | २ | ४ | ५० | १०० |

२८. के तपाई अहिलेको प्रेस काउन्सिलको अध्यक्ष नियुक्ति योग्यताको आधारशिलाप्रति सन्तुष्ट हुनुहुन्छ ?

तालिका नं. २८

| उत्तर दाता | पूर्ण सन्तुष्टि छु | | आंशिक सन्तुष्टि छु | | सन्तुष्ट छैन् | | थाहा छैन् | | कुल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कुल संख्या | प्रतिशत |
| ५० | २ | ४ | १३ | २६ | ३३ | ६६ | २ | ४ | ५० | १०० |

२९. तपाईको विचारमा अध्यक्षको योग्यता कस्तो हुनुपर्दछ त ?

तालिका नं.२९

| उत्तर दाता | पत्रकार मात्रै | | प्रेससँग सम्बद्ध नभएका स्वतन्त्र व्यक्ति | | पत्रकारिता पढेको हुनुपर्दछ | | कानूनी क्षेत्रमा संलग्न भई पत्रकारिता बुझेको | | अन्य | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ९ | १८ | २ | ४ | १६ | ३२ | २१ | ४२ | २ | ४ | ५० | १०० |

३०. के तपाईलाई प्रेस काउन्सिल नेपालले संचार माध्यममा कार्यरत पत्रकारहरूको हक र हितको पक्षमा कुनै आवाज उठाएको थाहा छ ?

तालिका नं.३०

| उत्तरदाता | थाहा छ | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ३ | ६ | ४७ | ९४ | ५० | १०० |

३१. के प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघ बीच समन्वय कायम छ ?

तालिका नं. ३१

| उत्तर दाता | समन्वय छ | | नाम मात्रैको समन्वय छ | | समन्वय छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | ८ | १६ | २५ | ५० | ९ | १८ | ४ | ८ | ५० | १०० |

३२. प्रेस काउन्सिल र पत्रकार महासंघ बीच कस्तो समन्वय आवश्यक छ ?

तालिका नं. ३२

| उत्तर दाता | आचारसंहिता कार्यान्वयमा | | पत्रकारहरूको व्यावसायिक क्षमता अभिवृद्धिमा | | सरकार र प्रेस बीच सुसम्बन्ध कायम राख्न | | माथिका सबै | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १३ | २६ | २५ | ५० | ३ | ६ | ९ | १८ | ५० | १०० |

३३. के तपाई प्रेस काउन्सिलको पत्रपत्रिका वितरण संपरीक्षण समिति पत्रपत्रिका वितरण संपरीक्षणको मापदण्ड र प्रक्रिया प्रति सन्तुष्ट हुनुहुन्छ ? तालिका नं.३३

| उत्तर दाता | पूर्ण सन्तुष्ट छु | | आंशिक सन्तुष्ट छु | | सन्तुष्ट छैन | | थाहा छैन | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | कूल संख्या | प्रतिशत |
| ५० | १ | २ | ११ | २२ | ३५ | ७० | ३ | ६ | ५० | १०० |

## ६.२ समग्रमा तथ्याङ्कको विश्लेषण

समग्रमा माथिको तथ्याङ्कको विश्लेषण गर्दा पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका सशक्त रहेको पाइएन, किनकी उत्तरदातामध्ये ५० प्रतिशतले काउन्सिलको अनुगमन प्रक्रिया फितलो रहेको बताए। त्यस्तै अनुगमन इकाइप्रति सन्तुष्ट हुन नसक्ने उत्तरदाता अधिक अर्थात ७६ प्रतिशत रहेको पाइयो । पत्रकारिताको व्यावसायिक विकासका निम्ति प्रेस काउन्सिल चाहिन्छ भन्ने ८४ प्रतिशत रहेबाट पनि वास्तवमा प्रेस काउन्सिल जस्तो निकायको आवश्यकता रहेको कुरा पुष्टी हुन्छ । तसर्थ काउन्सिलले आफ्नो कार्यनीतिमा परिर्वतन गरि विश्वसनीयता आर्जन गर्न सक्नुपर्ने देखिन्छ । त्यस्तै पत्रकार आचारसंहिताको आवश्यकता छ भन्ने प्रश्नमा ९४ प्रतिशत उत्तरदाताले आवश्यकता रहेको कुरा प्रकट गरे । त्यस्तै काउन्सिलको सांगठनिक संरचनामा राजनीति हावी रहेको कुरा ६० प्रतिशत उत्तरदाताले जनाए । यसको गठन प्रक्रियामा चित्त नबुझेका कारण असन्तुष्ट प्रकट गर्ने ७० प्रतिशत उत्तरदाता रहेबाट अब काउन्सिलले आफ्नो गठन विधिमा पुनरालोकन गर्नुपर्ने अवस्थाको सिर्जना भएको छ । उत्तरदातामध्ये ८४ प्रतिशतले काउन्सिल पूर्ण स्वतन्त्र निकायको रुपमा खडा हुनुपर्ने जवाफ दिएका छन् । यता ५२ प्रतिशत उत्तरदाताले काउन्सिल व्यवसायिक पत्रकारिताप्रति उत्तरदायी

हुनुपर्नेमा जोड दिएका छन् । पत्रकार आचारसंहिता अनुगमन इकाईले विद्युतीय माध्यमलाई समेट्न नसकेको भनी ६० प्रतिशत उत्तरदाताले मत जाहेर गरेका छन् । यसबाट अब काउन्सिलले छापाका साथसाथै विद्युतीय माध्यमतिर पनि आफ्नो कार्यविस्तार गर्नुपर्ने देखिन्छ । अनुगमन कार्य चुस्त बन्न नसक्नुमा दक्ष जनशक्तिको कमी हो भनी ३२ प्रतिशतले अभिमत प्रकट गरेको पाइयो भने २६ प्रतिशतले काउन्सिलको लापरवाहीका कारण जनाए । त्यस्तै बाँकी ३२ प्रतिशतले माथिका सबै कारणहरुलाई दोषी देखाए । यसबाट के प्रष्ट हुन्छ भने आचारसंहिता अनुगमन कार्य चुस्त बन्न नसक्नुमा सबै पक्ष भागीदार रहेको कुरा प्रष्ट हुन्छ ।

प्रेस काउन्सिल खारेजी गरी मिडिया काउन्सिल बनाउनुपर्ने तर्फ ७० प्रतिशतले सुझाव दिएका छन् । त्यस्तै प्रेस काउन्सिलको वार्षिक प्रतिवेदन संसदमा पेश गर्नुपर्छ भनी ८० प्रतिशत उत्तरदाताले आफ्नो अभिमत व्यक्त गरेका छन् । प्रेस काउन्सिलको अध्यक्षको योग्यताका सम्बन्धमा सोधिएको प्रश्नमा ४२ प्रतिशतले कानुनी क्षेत्रमा लागि पत्रकारिता बुझेको व्यक्तिको चयन हुनुपर्ने बताएका छन् भने पत्रकारिता पढेको व्यक्ति आउनुपर्छ भन्नेको प्रतिशत पनि ३२ प्रतिशत रहेको छ । प्रेस काउन्सिल र पत्रकार महासंघको समन्वय नाम मात्रको रहेको भनी ५० प्रतिशत उत्तरदाताले बताएका छन् । यसबाट पनि प्रेस काउन्सिल र पत्रकार महासंघबीचको समन्वय आचारसंहिता निर्माण तथा पालनाका लागि समन्वय गरी अगाडि बढ्नुपर्ने आवश्यकता महशुस गरिएको छ । पत्रपत्रिकाहरुको वर्गीकरणका सम्बन्धमा वितरण संपरीक्षण समितिको प्रक्रियाप्रति ७० प्रतिशत उत्तरदाताले असन्तोष जाहेर गरेका छन् । यसबाट प्रत्येक वर्ष पत्रपत्रिकाहरु वर्गीकरणमा प्रेस काउन्सिल विवादबाट मुक्त रहन नसकेको कुराले पनि यसलाई पुष्टी गरेको छ । तसर्थ यस्ता समस्याको निराकरणका लागि प्रेस काउन्सिलले पाइला चाल्नुपर्ने टड्कारो आवश्यकता महशुस गरिएको छ ।

## ६.३. घटनावलीको अध्ययन (Case Study)

### ६.३.१.हृतिक रोशन[२९] प्रकरण

घटना वि.स. २०५७ साल पुष महिनातिरको हो । भारतीय सिनेकलाकार ऋतिक रोशनले नेपाल र नेपाली मन पर्दैन भन्यो भनेर कुनै षडयन्त्रकारी दिमागले चलाएको हौवालाई शुरूमा नेपाली प्रेस, पार्टी नेता, मन्त्री समेतले चर्काउन सम्म चर्काए । यथार्थमा सो हल्लाको उत्पत्ति चितवनबाट भएको थियो । स्थानीय *चितवन पोष्ट* ले ३० मंसीरमा हृतिकले नेपालविरूद्ध बोलेको भन्दै युवाहरूले उनको पुत्ला जलाएको समाचार छापेको थियो । पछि त्यस्तै प्रकृतिका समाचार राजधानीका ठूला दैनिकहरूमा पनि प्रकाशित भयो । त्यसको लगत्तै विराटनगरमा हृतिक विरोधी कार्यक्रम भयो । युवाशक्तिको प्रतिनिधित्व गर्ने विद्यार्थी सङ्गठनहरूले पनि छानवीन नै नगरिकन हल्लैहल्लाको भरमा हृतिकको भर्त्सना गरे, जसमा विभिन्न राजनीतिक पार्टी, पुरूत्थानवादी दरबारिया शक्ति र श्री ५ को सरकार समेत सामेल हुनपुगे । अनि त राजधानी लगायत देशभरि नै विरोध प्रर्दशनको लहर नै

[२९]हृतिक रोशन भारतीय सिने कलाकार हुन् । उनले सन् २००१ बाट सिने जगतमा प्रवेश गरेका थिए । उनीद्धारा अभिनित पहिलो चलचित्र *'कहो न प्यार हो'* थियो । हाल उनले झण्डै २० वटा भन्दा बढी हिन्दी चलचित्रमा नायकको भूमिका निर्वाह गरिसकेको छन् । उनले एक भारतीय सञ्चारमाध्यममा मलाई नेपाली र नेपाल देश मन पर्दैन भन्ने अभिव्यक्ति दिएको भन्ने आरोपमा नेपालमा यसले निकै चर्को रुप लिएको थियो । देशभर फैलिएको हृतिक विरोधी अभियानमा केहि नेपालीले ज्यान समेत गुमाउन पुगेका थिए । तर हृतिकमाथि लगाइएको आरोप सत्य हुन सकेन ।

चल्यो । नेपाल र नेपालीको भावनासँग असम्बन्धित र सम्भवतः निर्दोष समेत हृतिकका नाउँमा आधा दर्जन नेपालीहरूको अकालमै ज्यान समेत गयो ।

यहि मौका छोपेर बलेको आगो ताप्न स्वार्थ समूहहरू सडकमा निस्किए । राजधानी लगायत देशका मुख्य शहरका सडक टायरको आगो, धूँवा ढुङ्गा र मुढाले कुरूप बन्न पुग्यो । कम्युनिष्ट विद्यार्थी संगठनहरूले गृहमन्त्रीको राजीनामा माग गर्दै राजधानी बन्द गराए । त्यस्तै मालेको अगुवाईमा नौ वाम समूहले प्रधानमन्त्री गिरीजाप्रसाद कोइरालाको राजीनामाको माग गर्दै १७ र १८ गते पुषमा लगातार दुई दिन नेपाल बन्द गराए । जिम्मेवारहीन भीड हल्लाको पछाडि लाग्नु र विवेक गुमाएर उत्तेजित हुनुलाई अस्वाभाविक मान्न सकिंदैन । हृतिकले नेपाल र नेपाली माथि लगाएको आक्षेप सही हो कि होइन भन्ने सामान्य खोजीनीति नै नगरी देशका सूचना तथा संचारमन्त्री जयप्रकाश गुप्ताले समेत हृतिकले माफी माग्नुपर्ने बताउदै उनीद्धारा अभिनीत सिनेमामाथि अधिराज्यभर प्रतिबन्ध लगाइएको घोषणा गरे । यसबाट धमिलो पानीमा माछा मार्न खोज्नेहरूका लागि थप मौका मिल्यो । हृतिकले त्यसो भनेकै भए पनि त्यत्तिकै आधारमा कसैको फिल्ममा प्रतिबन्ध लगाउन मिल्छ कि मिल्दैन र त्यसो गर्नु प्रजातान्त्रिक संस्कार अनुकूल हुन्छ कि हुदैन भन्ने बारे सरकारले सोच विचारै गरेन । आफूले कहीं कतै कहिल्यै नेपाल र नेपालीविरूद्ध कुनै अभिव्यक्ति नदिएको वक्तव्य हृतिकले दिएपछि र उसले त्यसो भनेको कुनै प्रमाण फेला समेत नपरेपछि मन्त्री गुप्ताले त्यसवेला *हिमाल खवरपत्रिका*सँग अवोध प्रतिक्रिया व्यक्त गर्दै भनेका थिए- “भन्दै नभनेको भए यत्रो उथलपुथल कसरी हुन्थ्यो होला र ? *(हेर्नुहोस् हिमाल खवर पत्रिका,१६-२९ पुष, २०५७)*

सञ्चार मन्त्रालयको उक्त घोषणापछि आमजनमानसमा हृतिकले साँच्चै नै नेपाल र नेपालीमाथि गम्भीर आक्षेप लगाएको विश्वास स्थापित हुन पुग्यो । यहि मौकामा प्रमुख प्रतिपक्षी एमालेले संचारमन्त्रीको भनाइलाई हृतिकले नेपाल र नेपालीलाई मन पराउदैन भनेको प्रमाणको रूपमा लियो र नेकपा मालेका महासचिव वामदेव गौतमले त भीडले दावी गर्ने वित्तिकैं सबैकुरा सत्य हुन्छ भन्ने अराजक तर्क प्रस्तुत समेत गरे । परिर्वतन नेपाल र राष्ट्रवादी मिलन केन्द्र जस्ता संस्थाहरूले त झन् १० औं हजारप्रति पर्चाबाजी गरेर प्रोपोगाण्डा मच्याए । एउटा आधारहिन कुराबाट शुरू भएको आन्दोलन भए तापनि यसले सरकार र भारत दुवैप्रति आम जनतामा पाकिरहेको आक्रोश एकाएक विस्फोट हुन पुग्यो । सो घट्नालाई भारत र भारत पूर्वाग्रही मिडियाले भने पुरानै रट लगाउने उपयुक्त मौकाको रूपमा उपभोग गर्न खोजे । हृतिक विरूद्धको  षडयन्त्रमा मुम्वइका *दाउद इम्ब्राहिम*को नेतृत्वमा रहेको माफिया गिरोह लागेको र काठमाडौंमा भएको दङ्गामा पाकिस्तानी गुप्तचर संस्था आई एस आईको हात रहेको प्रचारवाजी भारतमा तीब्र रूपमा फैलियो । यही मुद्दामा भारतको सत्तारूढ भारतीय जनता पार्टीका मुख्य चिन्तक *के. आर. मल्कानीले इण्डिया टुडे*को वेवसाईट *न्यूज टुडे*सँगको अन्तर्वातामा नेपाललाई भारतको अङ्ग बनाउनुपर्ने भन्दै अत्यन्त आपत्तिजनक अभिव्यक्ति समेत सार्वजनिक गरे । आधारहीन कारणबाट शुरू भएकाको र अराजक मोड लिएको आक्रोशलाई आफ्नो स्वार्थ अनुरूप उपभोग गर्न चाहने षड्यन्त्र देशभित्रका शक्तिकेन्द्रहरूबाट मात्र नभई मौकाको ताकमा रहेका भारत र नेपालका साम्प्रदायिक कट्टरपन्थीहरू पनि योजनाबद्ध ढङ्गले रहेको अनुमान गर्न सकिन्छ

**गैरजिम्मेवार पत्रकारिताः** हृतिक रोशन प्रकरण आफूलाई जिम्मेवार र पेशेवार सम्झने नेपालका प्रमुख समाचारपत्रहरूका लागि उनीहरूको गैरजिम्मेवारीपूर्ण काम गराइको ज्वालन्त उदाहरण बनेको छ ।  जव देशका विभिन्न स्थानमा हृतिक विरोधी कार्यक्रमहरूको आयोजना गरियो र समाचार संकलन तथा लेखनीमा कतै कुनैपनि

प्रमुख दैनिकले हृतिकले वास्तवमै त्यस्तो टिप्पणी गरेका हुन वा हैनन् भन्ने कुराको पुष्टी भएको छैन भनेरसम्म लेखेनन् । सर्वप्रथम चितवनबाट प्रकाशित स्थानीय पत्रिका *चितवन पोष्ट*ले मंसीर ३० गते हृतिकले नेपाल र नेपाली मन नपर्ने अभिव्यक्ति दिइएको विरूद्धमा विरोधका कार्यक्रमको समाचार प्रकाशित गरेको थियो । त्यसपछि राजधानीका दैनिक पत्रिकाहरूले सो समाचारको अनुगमन गरी निरन्तर प्रकाशित गरिनै रहे । समाचारहरूमा ठाडै हृतिक रोशनले नेपाल र नेपालीलाई होच्याउने टिप्पणी गरेको विरोधमा यस्ता-यस्ता कार्यक्रमहरू भए भनेर लेखियो । जव भोली पल्ट विरोधले चर्को रूप लिएर मानिसहरूको ज्यान समेत गयो । पछि हृतिकको खण्डन पनि आयो तव मात्र हृतिकले गरेको भनिएको टिप्पणी कथित टिप्पणी जस्ता सन्तुलित भाषा प्रयोग हुन थाल्यो जुन निकै ढिला भैसकेको थियो । देशको स्थिति खल्बलिइसक्दा पनि साधन, स्रोत र पहुँच भएका समाचारपत्रहरूले समेत समाचारको पुष्टी गर्ने चेष्टा गरेको देखिएन । अन्यथा समाचारमा लेखिनुपर्थ्यो-हृतिकले गरेको भनिएको टिप्पणीको पुष्टी गर्न गरिएको प्रयास सफल हुन सकेन या जे जवाफ प्राप्त भयो त्यही छापिनु पर्दथ्यो । त्यति संवेदनशील विषयमा समाचारको पुष्टी गर्ने चेष्टा नै नगरी हल्लाको भरमा शुरू भएको विरोधको विवरण मात्र छाप्दा देशमा भएको धनजनको क्षति र आगो झैं फैलिएको जातीय द्वेषका लागि सम्बन्धित पत्रिकाका सम्पादकहरूले एकपटक क्षमा समेत मागेनन् । पत्रकारहरूले कुनै पनि पुष्टी हुन बाँकी समाचारलाई प्रकाशित वा प्रसारित गर्दा स्पष्ट रूपमा पुष्टी हुन बाँकी भनेर उल्लेख गर्नुपर्ने पत्रकारिताको सामान्य आचारसंहितालाई समेत नेपाली प्रेसले पटक्कै ख्याल गरिएको पाइएन । यस विषयमा न त आचारसंहिता परिपालनामा जिम्मेवारी लिएको प्रेस काउन्सिलले नै सशक्त कदम चाल्न सक्यो । यस समाचारकै कारण राष्ट्रिय अखण्डता र शान्तिमै खलल पुगी नेपालीहरूको ज्यान समेत गयो । तसर्थ यस्ता समाचारहरू संप्रेषण गर्दा जिम्मेवार ठानिएका पत्रिकाहरूले बढी गम्भीर हुनु जरूरी देखिएको छ भने आम पाठकले पनि समाचारकै लहैलहमा नलाग्न र सत्य तथ्य बुझ्ने सचेत पाठकका रूपमा आफूलाई प्रस्तुत गर्नु पर्ने टड्कारो आवश्यकता महशुस गरिएको छ ।

## ६.३.२. श्रीषा कार्की[३०] आत्महत्या प्रकरण

*जनआस्था* साप्ताहिकले मिति २०५९ असोज २३ गते बुधवार पहिलो पृष्ठमा एउटा विवादास्पद समाचार छाप्यो । यसको शीर्षक थियो -"*फिल्म नगरीको रङ्गीन रात*" अनि त्यहि समाचारसँगै छापिएको नायिका श्रीषा कार्कीको नग्न फोटो । समाचारको विषयवस्तु भने फिल्मी क्षेत्रका थुप्रै नायक, नायिका, पूर्वमन्त्री, उच्चपदस्थ कर्मचारी तथा नेपाली उद्योगपतिहरूका यौन गतिविधिका विषयमा सम्बन्धित थियो । सो समाचारमा भनिएको थियो - यौन लीलामा संलग्न नायिकाहरू "पेशेवार धन्दावाला" हुन् र उनीहरू पैसाका लागि आफ्नो शरीर सुम्पन तयार छन् । यस्ता नायिकाहरूले एक रातको पाँच हजारदेखि दश हजारसम्म लिने गरेको कुरा सो समाचारमा उल्लेख थियो । *(हेर्नुहोस् जनआस्था, २०५९ असोज २३ गते)* यसरी पत्रिकामा आफ्नो नग्न फोटो सहित समाचार

[३०] श्रीर्षा कार्की नेपाली सिने जगतकी नायिका थिइन् । कार्कीले पहिलोपटक *हत्यारा* नामक भिडियो फिल्मबाट अभिनय यात्रा प्रारम्भ गरेकी थिइन् । पहिलो पटक उनीद्धारा सुटिङ चलचित्र *जमिन* थियो भने रिलीज भएको चलचित्र *अंशवण्डा* थियो । उनले छोटो अवधिमा नै झण्डै १५ वटा नेपाली चलचित्रमा नायिकाको भूमिका निर्वाह गरिसकेकी थिइन् । नेपाली चलचित्रका नायिकाहरुका सम्बन्धमा *जनआस्था* साप्ताहिकमा प्रकाशित समाचारमा नेपाली नायिकाहरु पैसाको लागि उच्च पदस्थ व्यक्ति लगायत व्यापारीहरुसँग यौन गतिविधिमा संलग्न हुन्छन् भनी श्रीर्षा कार्कीको नग्न फोटो सो पत्रिकाले प्रकाशित गरेपछि नेपाली चलचित्रको क्षेत्रमा निकै हलचल मच्चियो । सोही समाचारका कारण कार्कीले आत्महत्या समेत गरिन् ।

आएपछि नायिका कार्कीको जीवनमा एकाएक वितृष्णा नै जाग्न पुग्यो । उनी आफ्नो घरको बाटो हिड्दा समेत समाजले जिस्क्याउन थाल्यो । उता परिवार तथा आफन्तमा पनि एउटा सामाजिक अपमान वेहोर्नु पर्‍यो । फलस्वरूप यी नायिकाले समाजको त्यही आपमान सहन नसकी असोज २८ गते घरमै झुण्डिएर आत्महत्या गर्न पुगीन् । अनि नेपाली समाज एवं नेपाली पत्रकारिता जगतमा एक किसिमको सनसनी नै फैलिन पुग्यो । महिला अधिकारवादी तथा सीनेकर्मीहरू सडकमा प्ले कार्ड सहित पीत पत्रकारिताको विरोधमा उत्रिए र दोषीमाथि कडा कारवाहीको माग राख्दै दरवारमा समेत कारवाहीका लागि विन्ती पत्र जाहेरी गरे । राजा ज्ञानेन्द्रले दोषीमाथि कानुनी कारवाही गर्न अन्तरिम प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई निर्देशन समेत दिए ।

यता प्रेस काउन्सिल र नेपाल पत्रकार महासंघले *जनआस्था*ले पत्रकार आचारसंहिताको उल्लंघन गरेकोले सम्पादक किशोर श्रेष्ठलाई माफि माग्न निर्देशन दियो । प्रेस काउन्सिलको आपतकालिन वैठक वसेर *जनआस्था*माथि समाचारलाई माध्यम बनाएर अनुचित आर्थिक लाभ लिएको, उत्तेजक फोटोछापेको र गोपनीयताको हकको हनन गरेको निष्कर्ष निकाल्यो । उत्तेजक फोटो र गोपनीयताको हकहननका सम्बन्धमा त पत्रिकाको कमजोरी देखियो । तर प्रेस काउन्सिलले समाचार छापेर आर्थिक लाभ लियो भन्ने कुराचाँहि विवादस्पद बन्यो किनकी प्रेस काउन्सिलसँग अनुचित लाभ लिएको पुष्टि गर्ने कुनै आधार नै थिएन । कुनै प्रमाण वेगर सम्पादकमाथि यति ठूलो आरोप लगाउनु प्रेस काउन्सिलको नै गैरजिम्मेवारीपूर्ण अभिव्यक्ति हो । आचारसंहिता पालना गराउने संस्था स्वयं पूर्वाग्रही हुनु मुलुककै दुर्भाग्य हो । पत्रकार आचारसंहिताका प्रचलित तीनवटा धारामध्ये स्वच्छन्द आचारसंहिताका अनुयायीहरू सबैखाले नियमलाई इन्कार गर्छन । उनीहरूका विचारमा पत्रकारिताका लागि पूर्वनिर्धारित व्यवहार र नैतिक नियम हुँदैनन् । उनीहरूको मनसाय, बाध्यता र परिणामसँग रत्तिभर सरोकार राख्दैनन् । श्रीषा कार्कीको नाङ्गो फोटो छाप्न यो आचारसंहिताले छुट दिन्छ । यस अर्थमा प्रेस काउन्सिलले उत्तेजक फोटो छापेर आचारसंहिता उल्लंघन गर्‍यो भनी निकालेको निष्कर्ष आचासंहिताका विभिन्न धारमा रहेको भिन्नता मात्र भने पुग्छ । गोपनीयताको हक हननको सर्न्दभमा भने अलग अलग आचारसंहिता अवलम्बनहरूले समेत उम्कन नसक्ने पक्ष हो । गोपनीयताको हक संविधान तथा कानुनले व्यक्तिको अधिकारका रूपमा सुरक्षित गरेको अधिकार हो । यसको उल्लंघन भनेको कानुनको समेत उल्लंघन हो । हेर्नुहोस् - मैनाली, रघु, रेडियो वचन

सो समाचारको प्रस्तुतीकरण हेर्दा समाचारको भाषा आक्रामक शैलीको छ । समाचारको स्रोत खुलाइएको छैन । अवलोकन अत्यन्त सतही छ । तथ्यको पूर्ण अभाव छ । अनुमान र संभावनालाई जवरजस्ती मनोगत रूपमा पुष्टि गर्न खोजिएको छ । आरोपित व्यक्तिको भनाइ कतै छैन । यसरी हेर्दा सो समाचार सन्तुलित, तथ्यपरकर पूर्वाग्रहरहित छैन । फोटोको सर्न्दभ खुलाइएको छैन । सो पत्रिकाका संम्पादकले घटनापछि दिएको सार्वजनिक स्पष्टिकरणमा सार्वजनिक व्यक्तिका वारेमा छाप्न पाइन्छ भनेका छन् । उनले वेश्यावृत्तिलाई अपराधिक गतिविधि भनेका छन् । तर यिनको भनाइमा कुनै तुक पाईँदैन किनकी विषयवस्तु र घटना कुन वेला सार्वजनिक मानिन्छ भन्नेमा सम्पादक प्रष्ट छैनन । त्यो फोटो कहाँ खिचिएको थियो ? सार्वजनिक ठाउँमा कि चारैतिर पर्दा लगाएको बन्द कोठाभित्र ? कसैलाई निजी विश्वासमा दिइएको फोटो हो भने पारस्परिक विश्वास भंग भयो कि भएन ? निजी फोटो छाप्न मन्जुरी थियो कि थिएन ? नेपाली कानूनले कस्तो व्यवहारलाई वेश्या भन्ने किटान गरेको छ ? कानूनले जुन कुरालाई निषेध गरेको छैन त्यो कार्य कसरी अपराध हो ? कुनै महिला वेश्या हो भनी किटान गर्ने

आधार के ? के वेश्या भनी दर्जा दिने अधिकार सञ्चारकर्मीलाई छ ? विनाआधार यी आरोपहरू गाली वेइज्जतीभित्र पर्दैनन् ? यस्ता प्रश्नहरूको जवाफ खोज्दा *जनआस्था*को त्यो समाचार पत्रकारिताका सामान्य सिद्धान्त तथा कानूनको समेत वर्खिलापमा छ । आचारसंहिताले व्यक्तिका आर्दश व्यवहारहरूसँग सरोकार राख्छ । कुनै पेशामा आचारसंहिता पेशालाई गरिमामय र मर्यादित बनाउन अबलम्बन गरिन्छ । व्यक्तिका न्यूनतम व्यवहार तय गर्ने काम भनेको कानुनको हो । जुन विन्दु भन्दा तल कुनै पेशेवर वा सामान्य नागरिकसमेत जान सक्दैन । त्यो विन्दु नाध्ने कार्य गैरकानुनी ठर्हछ । यसका लागि व्यक्तिले दण्ड सजाय भोग्नुपर्छ । *जनआस्था*को यो समाचार तथा फोटो प्रकाशनले सामान्य कानुन समेत मिचेको छ भने अर्को तर्फ दोषी पक्षको पनि भनाई राख्नुपर्ने पत्रकारिताको सामान्य आचारसंहितालाई पनि यसले वेवस्ता गरेको छ । यसका कारण समाचार प्रकाशित भएकै कारण एउटी नायिकाले अकालमा ज्यान गुमाउनु परेको तितो यर्थात हामी सामु नजिर स्थापित भएको छ ।

## ६.३.३. आप्का हाउस प्रकरण

२०५८ साल मंसिर ८ गतेदेखि *"दी हिमालयन टाइम्स"* प्रकाशन प्रारम्भ भएपछि नेपाली सञ्चार जगतमा विदेशी लगानीको विवादले स्थान लिन थालेको हो । यसको केही समयपछि नै *अन्नपूर्ण पोष्ट* नामक पत्रिका प्रकाशन प्रारम्भ भयो । शुरूका दिनमा सामान्य वहसमा केन्द्रित रहेका यी प्रकाशनहरू २०६० माघ १५ पछि निकै चर्चामा आए । नेपालका ठूला लगानीका सञ्चार मालिकहरूको संस्था *मिडिया सोसाईटी*ले उनीहरूले चलाएका हरेक अखबारका पुरा पानाभर यी दुई संस्था विरूद्ध जेहाद छाडे । तर, सञ्चारमा विदेशी लगानी आवश्यक छ कि छैन भन्ने विषयलाई सम्पादकीय क्षेत्राधिकार भित्र रहेर मात्र वहस चलाइएन । कलम चलाएर वैचारिक मत अभिमत जाहेर गर्नुपर्नेमा भौतिक रूपमा नै अघि बढाइयो । समाधानको लागि वहस प्रारम्भ हुन्थ्यो भने त्यसले केही निचोड दिनसक्थ्यो । सञ्चारमा विदेशी लगानीको विवादमा पत्रकारको ठूलो र निर्णायक संख्यालाई वास्ता नगरी पत्रिकाको व्यवस्थापकहरूले नेतृत्व लिए । फलस्वरूप यो सम्पादकीय मामिला नभएर व्यापारिक मामिला अनि नाफा घाटाको विषय हुन पुग्यो । वास्तवमा यो आन्दोलन मूल्य युद्धको रूपमा देखापऱ्यो र स्वत : सेलाएर गयो । यस परिणाम *मिडिया सोसाइटी* भित्रका सञ्चार माध्यम र त्यो इतरका पत्रिकामा एउटै व्यक्तिले बोलेका कुरा फरक दृष्टिकोणले प्रस्तुत भए । पाठकमा यसले सबैभन्दा प्रतिकूल असर पाऱ्यो । कुनै राजनीतिक वा सामाजिक क्षेत्रका व्यक्तिले कुन कुरा सही बोलेको हो पाठकले पत्ता लगाउन नसक्ने अवस्था श्रृजना भयो । २०६० माघ १९ का अखबारलाई आधार मान्ने हो भने नेपाली सञ्चारमा देखिएको एक-आपसको असमझदारीका कारण पाठकलाई ठगेको प्रष्टै देखिन्छ । नेपाली संचारमाध्यममा विदेशी लगानीका सम्बन्धमा *रिपोर्टर्स् क्लब*मा आयोजित कार्यक्रममा राजनीतिकर्मी र सञ्चारकर्मीको भनाइलाई प्रकाशनहरुले फरक-फरक ढंगमा प्रस्तुत गरे । सोही कार्यक्रममा *अन्नपूर्ण पोष्ट र दि हिमालयन टाइम्स* पत्रिकाहरुले वक्ताले यी दुई प्रकाशनमा विदेशी लगानी नभएको भन्ने अभिव्यक्ति समाचारमा प्रकाशित भए भने अन्य पत्रिकाहरुले छापा माध्यममा विदेशी लगानी हुनु हुँदैन र आप्का हाउसद्धारा प्रकाशित पत्रिकाहरमा विदेशी लगानी छ भन्ने खालका अभिव्यक्तिलाई प्राथमिकताका साथ प्रकाशित गरे । कुन कुरा बोलेको सही थियो, पाठकलाई छुट्याउन मुश्किल

पर्‍यो । सो दिन आमपाठकलाई दुईजना दुर्गानाथ शर्मा, दुईजना सरिता गिरी र दुईजना झलनाथ खनाल बोलेको भान हुन पुग्यो । *(हेर्नुहोस् २०६० माघ १९ गतेका पत्रपत्रिकाहरू)*

नेपालमा विदेशी लगानीमा प्रकाशित पत्रिका *"दि हिमालयन टाइम्स"*ले कार्तिक २९ गते भगवान गौतम बुद्ध भारतको उडिसामा जन्मेको भनेर भ्रमपूर्ण समाचार प्रकाशित गर्‍यो भनी अन्य पत्रिकाहरूले दोष लगाए । जुन आरोप यी पत्रिकाहरुले समाचार प्रकाशित भएको तिन महिनापछि मात्रै लगाएका थिए । अनि यसैको निउँमा यी दुई पत्रिकाहरू शहरका विभिन्न भागमा जलाउने काम समेत गरियो । यस्ता गतिविधीहरू यसका प्रतिस्पर्धी अखवार मानिने *कान्तिपुर, दि काठमाडौं पोष्ट* लगायत अरू दैनिक पत्रिकाहरूले निकैं जोडतोडका साथ समाचारको 'कभर' गरे । दुई प्रकाशन *दि हिमालयन टाइम्स* र *अन्नपूर्ण पोष्ट* जलाएको समाचार तथा फोटोले *कान्तिपुर, दि काठमाडौं पोष्ट* लगायत अन्य पत्रिकाहरूका अग्रभाग ढाकिए । आप्का हाउसबाट प्रकाशित यी अखवारलाई कथित पाठकवर्ग भनिनेले आर्यघाटमा जलाएको तस्वीर समेत *दि काठमाडौं पोष्ट*ले अग्रभागमा निकै महत्त्वका साथ प्रकाशित गर्‍यो । *(हेनुहोस् माघ १८, २०६० को दि काठमाडौं पोष्ट)* यसरी यी प्रकाशनका विरूद्धमा *मिडिया सोसाइटी* नामको संस्था समेत जन्मन पुग्यो । यी दुई प्रकाशन वाहेक अन्य ठूला दैनिक अखवारका व्यवस्थापकहरू यो सोसाइटीका मूलकर्ता थिए । तर विस्तारै यो विवाद सेलाउँदै गयो । यो द्वन्द्व अहिले ट्रेडमार्कमा आएर टुंगिएको छ । उद्योग विभागले *दी हिमालयन टाइम्स*ले प्रयोग गर्दै आएको ट्रेडमार्क *हिमालय टाइम्स*को भएको निर्णय सुनाएपछि पुनः एक पटक सबै ठूला अखबारले त्यो निर्णय विज्ञापनका रूपमा प्रकाशन गरी आत्मसन्तोष लिएको देखियो । मंसिर २०५८ देखि प्रकाशित हुन थालेको *'दि हिमालयन टाइम्स'* नामक दैनिक अंग्रेजी समाचारपत्र र प्रकाशनको लागि अस्थायी प्रमाणपत्र पाइसकेको तर प्रकाशित भइनसकेको *'नेपाल गार्जियन'* नामक अंग्रेजी दैनिक समाचारपत्रबारे अनुसन्धानबाट केही तथ्यहरू स्पष्ट भएता पनि नेपालका प्रेसहरूबाट प्रकाशित हुने अन्य दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रपत्रिकाहरूमा विदेशी लगानी छ वा छैन भन्ने स्थिति स्पष्ट हुन सकेको छैन ।

**आचारसंहिताको उल्लंघनः** पत्रकार आचारसंहिता-२०६० को पत्रकार तथा सञ्चार माध्यमहरूले देहायका कर्तव्य निर्वाह गर्नेछन् भन्ने दफा ३(११) मा आपसी सम्बन्धमा पत्रकार तथा सञ्चार माध्यमबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित र सुमधुर रहनुपर्दछ भनिएको छ । तर यस *आप्का हाउस प्रकरण*मा नेपाली प्रेस जगतले आचारसंहिता कार्यान्वयनमा ख्याल पुर्‍याएको देखिएन । यसै मुद्दामा काउन्सिलको आचारसंहिता अनुगमन उपसमितिसमक्ष इन्टरनेशनल मिडिया नेटवर्क प्रा.लि. का तर्फबाट नेपाल *मिडिया सोसाइटी*बाट प्रचारित वैदेशिक लगानीसम्बन्धी विषयहरूमा प्रकाशित समाचारहरू असत्य एवं भ्रामक रहेको र त्यस्ता समाचार प्रकाशन भएबाट पत्रकार आचारसंहिता उल्लंघन भएको जनाउँदै काउन्सिलसमक्ष प्राप्त उजुरीका सम्बन्धमा छलफल हुँदा विगतकेहि दिनदेखि नेपाली प्रेस जगतमा व्यावसायिक मर्यादा, पत्रकारिताका मूल्य, र आदर्श एवं पत्रकार आचारसंहिता विपरित अस्वस्थ प्रतिस्पर्धा र मर्यादाहीन कियाकलापले बढावा पाइरहेको सन्दर्भमा संचारकर्मीहरूलाई व्यावसायिक मूल्य, मान्यता र मर्यादाप्रति सजगरहन आग्रह गर्दैं देहाय अनुसारको प्रेस विज्ञप्ती

जारी गरेको थियो । सो विज्ञप्तीमा अगाडि भनिएको छ-"केही दिनयता नेपाली प्रेस जगतमा व्यावसायिक मर्यादा, पत्रकारिताका मूल्य र आदर्श एवं पत्रकार आचारसंहिता विपरित अस्वस्थ प्रतिस्पर्धा र मर्यादाहीन क्रियाकलापले बढावा पाइरहेको अवस्थाप्रति प्रेस काउन्सिलको गम्भीर ध्यानाकर्षण भएको छ । हालैका दिनहरूमा केहि दैनिक पत्रपत्रिकाहरूले पत्रकारिता क्षेत्रमा देखिएको वैदेशिक लगानीसम्बन्धी विषयलाई लिएर चलाइरहेको बहस र वादविवाद स्वस्थ एवं मर्यादित पाइएको छैन । यसले गर्दा पत्रकारिता जगतको मर्यादा र विश्वसनीयतामाथि गम्भीर असर पत्रपत्रिकाहरूको हालका क्रियाकलापबाट देखिएको छ। तसर्थ पत्रकार आचारसंहिता २०६० को दफा ३(११) को आपसी सम्बन्धमा पत्रकार तथा संचार माध्यमहरूबीचको आपसी सम्बन्ध व्यावसायिक, स्वस्थ, संयमित, मर्यादित र सुमधुर रहनुपर्दछ भन्ने बुँदाको ठाडो उल्लंघन भएको महसुस काउन्सिलले गरेको छ "। साथै काउन्सिलले पत्रकार आचारसंहिताको निष्ठापूर्वक पालना गरी स्वस्थ, मर्यादित र व्यावसायिक प्रतिस्पर्धामा सरिक भई संयमित रहन समेत काउन्सिलले आग्रह गरेको छ । विदेशी लगानीका सम्बन्धमा काउन्सिलले २०५८ सालमा नै कानूनी संयन्त्रको निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गरिसकेको उल्लेख गरेको छ । *(हेर्नुहोस्- प्रेस काउन्सिलको उनन्तीसौं वार्षिक प्रतिवेदन)*

# भाग -७

# अध्ययनको निष्कर्ष र सुझाव (Finding and Recommendation)

## ७.१. निष्कर्ष (Findings)

आचारसंहिता व्यावसायिक आचरणको सीमा एवं नैतिक बन्धन हो । कुनै पनि पेशा वा व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउन आचारसंहिताले नैतिक बन्धनको रूपमा काम गरेको हुन्छ । आमसंचारमा कार्यरत पत्रकारहरूका लागि आचारसंहिता भनेको उनीहरूको व्यवहारहरूलाई विवेकतर्फ उन्मुख गराउनु हो । अर्थात् आचारसंहिता त्यस्तो विवेकपूर्ण सजगता हो, जसले व्यक्तिका रूपमा पत्रकारका व्यवहारहरू तय गर्छ, निर्देशित गर्छ साथै ठीक-बेठीक, असल-खराब तथा जिम्मेवारी-गैर-जिम्मेवारी बीचको भेद छुट्टयाउने चेतना दिन्छ । सीधा अर्थमा आचारसंहिताले पत्रकारका काम कारवाहीको नैतिक र मानवीय स्तरसँग प्रत्यक्ष सम्बन्ध राख्छ । पत्रकारहरू समाजमा सूचनाका संवाहक हुन भने सत्य-तथ्यमा आधारित सूचना सम्प्रेषण गरी आम जनतालाई सुसूचित बनाउने नैतिक दायित्व बोकेका सचेत वर्ग पनि हुन् ।

यस अध्ययनले व्यावसायिक पत्रकाारिताको विकासका निम्ति प्रेस काउन्सिलको आवश्यकता रहेको कुरा उत्तरदातामध्ये अधिक ८४ प्रतिशतले मत जाहेर गरेबाट पनि स्पष्ट हुन्छ । वास्तवमा नेपाली प्रेस जगतलाई समय सुहाउँदो रूपमा अगाडि बढाउन अनुगमन संयन्त्र (monitoring unit) को रूपमा काउन्सिल रहेको छ । तर यसले आचारसंहिता कार्यान्वयनका दिशामा गरेको पहलबाट भने सन्तोष लिने ठाउँ छैन । यस अध्ययनमा ५६ प्रतिशत उत्तरदाताले काउन्सिलको भूमिकाप्रति असन्तोष जाहेर गरेका छन् । तसर्थ काउन्सिलले सशक्त भएर आफ्नो काम गर्न नसकेको पुष्टि हुन्छ । यस अध्ययनले काउन्सिलको अनुगमन प्रक्रियाको फितलोपनाका कारण यसप्रति असन्तोष पैदा भएको देखाएको छ । उत्तरदातामध्ये ५० प्रतिशतले यसको अनुगमन प्रक्रियामा फितलो रहेको र ३० प्रतिशतले त राम्रो नरहेको जनाएका छन् । प्रेस काउन्सिलले नेपाली मिडियामा आचारसंहिता लागू गराउन तथा आचारसंहिता उल्लंघन भए नभएको अनुगनमन गर्न एउटा अनुगमन इकाईको व्यवस्था गरी त्यसको कार्यक्षेत्र तोकिदिएको छ । तर यस अध्ययनले इकाईले आफ्नो जिम्मेवारीमा उल्लेख्य रूपमा काम गर्न नसकेको देखाएको छ । यस अध्ययनमा ७६ प्रतिशतले इकाईको कामप्रति असन्तुष्ट रहेको कुरा अभिव्यक्त गरेका छन् । सो इकाईमा दक्ष जनशक्तिको कमीका कारणपनि अनुगमन कार्य सशक्त रूपमा अगाडि बढ्न नसकेको मानिन्छ । अध्ययनका क्रममा हाल सो इकाईमा जम्मा दुई जना मात्र कर्मचारी रहेको कुरा अवगत भयो । अध्ययनले पनि दक्ष जनशक्तिको कमी तथा इकाईको लापरवाहीका कारण अनुगमन कार्य सशक्त हुन नसकेको ज्ञात हुन्छ ।

यस अध्ययनले नेपालमा पत्रकार आचारसंहिता कार्यान्वयनमा सशक्त भूमिका खेल्न नसक्नुमा काउन्सिलको सांगठनिक संरचनामा राजनीति हावी रहनु मुख्य कारण रहेको कुरा देखाएको छ । राजनीतिक कारण काउन्सिलको कार्यशैलीप्रति असन्तुष्ट गर्नेको संख्या अधिक रहेको छ । यस अध्ययनमा ६० प्रतिशतले प्रेस काउन्सिल राजनीतिले प्रभावित रहेको कुरा व्यक्त गरेबाट पनि प्रष्ट हुन्छ कि, अब यसले आफ्नो सांगठनिक संरचनामा परिवर्तन गर्नुपर्ने वेला आइसकेको छ किनकी ७० प्रतिशतले यसको संरचनामाथि नै असन्तुष्टी जनाएका छन् । अब बन्ने नयाँ संरचनामा प्रेस काउन्सिल एउटा पूर्ण स्वतन्त्र निकायको रूपमा हुनपर्ने कुरामा

८४ प्रतिशतले आफ्नो मत जाहेर गरेका छन् । प्रेस काउन्सिल कुन निकायप्रति उत्तरदायी हुने भन्ने सर्न्दभमा विभिन्न बहस चलेता पनि यस अध्ययनले काउन्सिल व्यावसायिक पत्रकारिताप्रति उत्तरदायी हुनुपर्दछ भन्नेको संख्या अधिक अर्थात ५२ प्रतिशत रहेको पाइयो । यसबाट पनि के प्रमाणित हुन जान्छ भने व्यावसायिक पत्रकारिताको विकास नै काउन्सिलको मुख्य लक्ष्य हो भन्न सकिन्छ । त्यस्तै २४ प्रतिशतले पत्रकारहरूप्रति उत्तरदायी बन्नुपर्ने सुझाव दिएका थिए ।

यस अध्ययनमा व्यावसायिक पत्रकारिताको विकासका लागि आचारसंहिताको आवश्यकता छ भन्ने प्रश्नमा अत्याधिक उत्तरदाता अर्थात ९४ प्रतिशतले आचारसंहिताको आवश्यकता रहेको कुरा अध्ययनको क्रममा बताएका छन् । आखिर आचारसंहिता पत्रकारहरूको लागि एउटा नैतिक बन्धन तथा सीमा पनि हो । पत्रकारहरूले के गर्नु हुन्छ र के गर्नु हुँदैन भनेर तोकिदिएको एउटा निश्चित कार्यक्षेत्र पनि हो । यस अध्ययनमा जम्मा ६ प्रतिशतले मात्र आचारसंहिताको आवश्यकता नरहेको कुरा जनाएबाट हामी स्पष्ट हुन सक्दछौं कि नेपाली मिडियालाई स्वस्थ एवं मर्यादित बनाउन पनि यसको आवश्यकता रहेको छ । यदि आचारसंहिताको ख्याल गरिएन भने यसले समाजमा जघन्य अपराध पनि निम्त्याउन सक्छ भन्ने उदाहरण हामीले माथि घटनावली अध्ययनबाट पनि पुष्टि गर्न सक्दछौं । आचारसंहिताप्रति वेवस्ता गर्दा नैं हृतिक रोशन प्रकरण, श्रीषा कार्की हत्या प्रकरण जस्ता समाजमा कालो इतिहासका रूपमा घटित घटनाका रूपमा चित्रित हुन पुगेको छ । नेपाली पत्रकारितामा आचारसंहिता उल्लंघनको घटना बढेबाट पनि पालना सशक्त हुन नसकेको कुरा प्रमाणित हुन्छ । यस अध्ययनले आचारसंहिताको पालना आंशिक रूपमा गरेको कुरा देखाएको छ । सो अध्ययनमा ७० प्रतिशतले आंशिक पालना गरेको तथा १४ प्रतिशतले पटक्कै पालना नगरेको , ४ प्रतिशतले पूर्ण रूपमा गरेको तथा १२ प्रतिशतलले आफूलाई थाहा नभएको कुरा जनाएका छन् । विगत आ.व. २०५१/०५२ देखि आ.व. २०६१/०६२ सम्म र पछिल्लो तीन महिना( २०६२ साल माघ देखि चैत सम्मको प्रेस काउन्सिलमा परेका उजुरीहरूलाई केलाउँदा पनि आचारसंहिता उल्लंघनका घट्ना आ.व.२०६०/०६१ मा जम्मा १७ वटा उजुरी परेकोमा आ.व.२०६१/२०६२ मा ह्वात्तै बढेर ३५ वटा उजुरी परेका छन् । त्यसपछि आ.व. २०५९/२०६० मा ३० वटा उजुरी परेका छन् । प्रकृतिका आधारमा सबभन्दा बढी आचारसंहिता उल्लंघनका सम्बन्धमा आव. २०५९/०६० मा १५ वटा उजुरी आचारसंहिता उल्लंघनका मात्रै परेका छन् । त्यस्तै पछिल्लो तीन महिना (माघ-चैत) को तथ्याङ्कलाई विश्लेषण गर्दा १३ उजुरीमध्ये ५ वटा आचारसंहिता उल्लंघनका छन् । त्यसैले पनि यो अध्ययनले नेपाली पत्रकारितामाथि आचारसंहिता पालनाप्रति विशेष ख्याल राख्नुपर्ने आवश्यकता महसुस भएको देखाएको छ ।

नेपाली पत्रकार आचारसंहिता पालना गराउने प्रमुख समस्याको रूपमा राजनीतिक झुकाव, दक्ष तालिमप्राप्त जनशक्तिको अभाव, आर्थिक दुरावस्था, विज्ञापनदाताको दवाव, व्यावसायिक ज्ञानको कमी तथा सूचनाको हक सम्बन्धी कानून बन्न नसक्नु आदि कारण छन् । पत्रकार आचारसंहिता पत्रकारहरूलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउन आवश्यक रहेको कुरामा ६२ प्रतिशतले आफ्नो विचार व्यक्त गरेका छन् । आफ्नो पेशाप्रति उत्तरदायी बन्न सकेमा मात्र पत्रकारले समाजमा सही सूचना आदानप्रदान गर्नमा अहम् भूमिका खेल्न सक्छ । वास्तवमा पत्रकारले समाजमा ऐनाको रूपमा कार्य गर्न सक्नुपर्दछ । उसले समाजमा विद्यमान भएका विसंगती विकृतिलाई औंल्याइदिन सक्नुपर्दछ । एउटा पत्रकारको काम सरकारलाई पहरेदार (Watch Dog) गर्नु पनि हो । पत्रकार भनेका समाजका आँखा र कान हुन जसले समाजमा भएका कुराहरूलाई जनतासामु ल्याउने

काम गरेको हुन्छ । आचारसंहिता देश पिच्छे फरक फरक रहेको हुन्छ । आफ्नो देशको मूल्य मान्यता, भेषभूषा तथा संस्कृतिमा आधारित आचारसंहिता बन्नुपर्दछ । यस अध्ययनमा राष्ट्रिय धर्म र संस्कृतिका आधारमा आचारसंहिता निर्माण गरिनुपर्दछ भनेर ३० प्रतिशतले मत जाहेर गरेका छन् भने १८ प्रतिशतले अन्तर्राष्ट्रिय मान्यताका आधारमा हुनुपर्ने तथा अन्तर्राष्ट्रिय मान्यता तथा राष्ट्रिय मूल्य मान्यता र संस्कृति दुबैको संयोजनबाट निर्माण हुनुपर्ने कुरामा ५२ प्रतिशतले मत जाहेर गरेबाट पनि हामी संहिता निर्माण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य मान्यतामा आधारित हुनुपर्दछ भन्न सक्दछौं । यस अध्ययनले नेपाली पत्रकारितामा आचारसंहिता पालनाका समस्यामा ६० प्रतिशतले सैद्धान्तिक र व्यावहारिक नीतिप्रति समन्वय हुन नसक्दा समस्या भोग्नुपरेको कुरा बताएका छन् । त्यस्तै कानूनी दण्ड सजाय कमी भएका कारण पनि यथेष्ट रूपमा पालना हुन नसकेको भनी २२ प्रतिशतले अभिमत जाहेर गरेबाट पनि काउन्सिलले यतातिर पनि ध्यान दिने हो कि भन्ने प्रश्न अघि सारिदिएको छ । आचारसंहिता पालनाका विविध कारणहरू मध्ये मुख्य कारण पत्रकारहरूमा व्यावसायिक ज्ञानको अभाव रहेको कुरा अध्ययनले देखाएको छ । अध्ययनमा व्यावसायिक ज्ञान लगायत आर्थिक अभाव, विज्ञापनदाताको दवाव, लगानीकर्ताको दवावका कारण पालनामा कठिनाई रहेको कुरामा अधिक ४६ प्रतिशतले आफ्नो मत जाहेर गरेबाट पनि समस्या एउटामात्र छैन, अनगिन्ती छन् भन्न सकिन्छ । प्रेस काउन्सिलको संरचना अर्धसरकारी भएका कारण पनि यसले पत्रकार आचारसंहिता कार्यान्वयनका दिशामा सशक्त भूमिका खेल्न नसकेको ७४ प्रतिशत उत्तरदाताले आफ्नो सहमति जनाएबाट पनि थप पुष्टि भएको छ ।

आचारसंहिताको लागि शैली पुस्तिकाले पत्रकारको भाषागत प्रयोगमा एकरूपता ल्याउने भएतापनि सबै निजी क्षेत्रका अखवारहरूले शैली पुस्तिका प्रकाशन गरिएको पाइएन । पत्रकारिता नैतिकताबाट प्रभावित हुनपर्नेमा यस अध्ययनले नेपाली पत्रकारहरूको आचारसंहिता राजनीतिक  स्वार्थबाट प्रभावित भएको कुरा प्रष्ट्याएको छ । प्रेस काउन्सिलले छापामाध्यमलाई मात्र समेटेको तर विद्युतीय माध्ययमलाई समेट्न नसकेको कुरा जगजाहेरैं छ । यसका कारण विद्युतीय माध्ययमले आचारसंहिता उल्लंघन गर्‍यो कि गरेन भनेर मापन गर्न सक्ने कुनै दक्ष जनशक्ति नरहेको यस अध्ययन क्रममा जानकारीमा आएको छ । छापा माध्यमलाई यसले स्वअनुगमन (Self Monitoring) गर्ने भनिएता पनि उपलब्ध दक्ष जनशक्तिकै. कारण काठमाडौंबाट प्रकाशित अखवारलाई मात्र हेर्ने गरेको पाइयो । यसको राजधानी बाहिरका पत्रपत्रिकाहरू अध्ययन गरी आचारसंहिता उल्लंघन गरे वा नगरेको पत्ता लगाउन असमर्थ रहेको पाइयो । नेपाली पत्रकारहरूले आचारसंहितालाई नैतिक चेतावनी र आत्म निर्देशनका रूपमा भन्दा पनि स्वेच्छिक रूपमा लिएको पाइयो । पत्रकार आचारसंहिता हनन गरेपछि पीडित पक्ष काउन्सिलको ढोका ढकढक्याउन जानुपर्नेमा काउन्सिलप्रति भरोसा कम हुनाले सोभैं अदालतमा जाने गरेको यस अध्ययनले देखाएको छ । जसको उदाहरणको रूपमा प्रेस काउन्सिलका पूर्व अध्यक्ष हरिहर विरही अदालतको मानहानी सम्बन्धी मुद्दामा अदालत गएको नजिरबाट काउन्सिलप्रति जनविश्वास गुमेको हो कि भन्ने प्रश्न उब्जाएको छ ।[३१]

---

[३१] वर्ष २२, अङ्क १३, २०४९ साल कार्तिक २१ गते शुक्रवार *विमर्श साप्ताहिक*मा  प्रकाशित बाँदरको हातमा नरिवल देखाइएको कार्टुनलाई लिएर थिरप्रसाद पोखरेल वि. हरिहर विरही भएको मुद्दामा सर्वोच्च अदालतले ७ दिन कैदको सजाय गर्ने निर्णय गरेको थियो । सम्पादकले माफी  मागे सजाय फिर्ता हुने बताइएता पनि विरहीले माफी नमागी  ७ दिन कैदमा बस्नुभएको थियो ।

पत्रकारिता क्षेत्रलाई कति मर्यादित, प्रतिष्ठित, उत्तरदायी अनि भरपर्दो माध्यम वनाउने भन्ने जिम्मा पत्रकारको हातमा हुन्छ । पत्रकारले समाजलाई डोऱ्याई राखेका हुन्छन् । पत्रकारले दिएको सन्देशमा भर परेर आफ्नो जीवन शैली त्यहीं अनुरूप चलाउने व्यक्तिको संख्या धेरै हुन्छ । यति धेरै सामाजिक उत्तरदायित्व बोकेको पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकार कस्तो हुनुपर्छ ? नेपाली पत्रकारिता क्षेत्रमा कस्ता पत्रकार छन ? यही विषयलाई उल्लेख गर्नु उपयुक्त देखिन्छ । हामी कहाँ नवुझीकनै पत्रकारिता पेशामा लागेका, पत्रकारिताको सिद्धान्त नजानेका, नवुझेका, आफूले रिपोर्टिङ्ग गर्ने क्षेत्रको ऐन कानून नपढेका, नवुझेका, पत्रकारले पालना गर्नुपर्ने आचार संहिता र नैतिकता वारे थाहा नपाएका व्यक्तिहरू पनि पत्रकारिता जस्तो संवेदनशील क्षेत्रमा लाग्ने गरेकाले पत्रकारिताले बढी आलोचना खेप्नु परेको हो । पत्रकारिताको सिद्धान्त वुझेको, ऐन कानुन वुझेको, आचार संहिता वुझेको पत्रकारले मात्र राम्रो पत्राकारिता गर्न सक्छ र उसले सामाजिक उत्तरदायित्व निर्वाह गर्न सक्छ । पत्रकारले स्वतन्त्रतासँगै उत्तरदायित्व र निष्पक्षता अर्थात् Freedom with Fair को सिद्धान्तलाई विर्सनु हुँदैन । पत्रकार दक्ष, अध्ययनशील, पत्रकारिताको सिद्धान्त, धर्म, मर्म र आचारसंहिता वुझेको, पत्रकारिता सम्बन्धी ऐन, नियम वुझेको अनि व्यवसायिक पत्रकारको भूमिका निर्वाह गर्न सक्ने खालको हुनुपर्छ ।

पत्रकारले वस्तुगत सूचनाको सम्प्रेषण, सामाजिक मूल्य मान्यता, नैतिकता, मानवअधिकार एवं प्रेस स्वतन्त्रताको सम्मान, गोपनीताको रक्षा, मानवीय मर्यादा एवं सार्वजनिक हितको सम्मान गर्नुपर्छ । नेपाली प्रेसमा उत्तरदायित्व र जिम्मेवारीको भावना कम र परपीडक स्वभाव बढी छ भन्ने आरोप समाजका कुनै पनि क्षेत्रबाट पनि लाग्नु राम्रो हुदैन । धेरैतिरबाट प्रेसले आफूप्रति अन्याय गरेको गुनासो प्रकट भएको पाइन्छ । प्रेसले आफूलाई विश्वसनीय र मर्यादित बनाउन यस्ता गुनासा र आरोप प्रकट हुने अवस्था नआओस् भनेर सजगता अपनाउनु पर्दछ । त्यसका लागि प्रेस आफ्नो आचारसंहिताप्रति निष्ठावान् हुनुपर्दछ । एकथरीले उसले पाएको संवैधानिक स्वतन्त्रताको परिधि बढी भएको हो कि भन्ने धारणा प्रकट गर्न थालेको पाइन्छ । तर सहिष्णुता, पारदर्शिता र उदार संवैधानिक कवच भएन भने प्रेसले राष्ट्र, समाज र नागरिकप्रतिको जिम्मेवारी प्रभावकारी ढंगले निर्वाह गर्न सक्तैन । हाम्रो देशमा बहुसंख्यक पत्रकारहरू राजनीतिमा संलग्न भएको पाईन्छ । २०४६ सालपछि पत्रकारितामा परिवर्तन आयो, तर पत्रकारको राजनीति गर्ने मानसिकतामा कुनै परिवर्तन आएको देखिंदैन । फलतः पार्टीको झण्डा र पत्रकारिताको पेशा सँगसँगै डोरिएको देखिन्छ । ***द न्यूयोर्क टाइम्स*** का *ए एम राजेयेलले* एक पटक भनेका थिए - 'पत्रकारले मतदान गर्नु बाहेक अन्य कुनै किसिमको राजनीतिक क्रियाकलापमा लाग्नु हुँदैन । यो पत्रकार भए वापत हामीले चुकाउनुपर्ने मूल्य हो' । तर नेपालका बहुसंख्यक पत्रकारहरूले यस कुरामा विश्वास गरेको देखिंदैन ।

## पत्रकार आचारसंहिता प्रभावकारी रूपमा पालना हुन नसक्नुका कारणहरू

१. राजनीतिक झुकाव
२. दक्ष, तालिम प्राप्त पत्रकारको कमी
३. पत्रकारहरूमा जवाफदेहिताको कमी
४. आर्थिक दुरावस्था
५. स्वार्थ समूहबाट अलग रहन नसक्नु
६. सूचनाको हक सम्बन्धी कानुनको अभाव

७. आचारसंहिता सम्बन्धी प्रशिक्षण गर्ने परिपाटीको अभाव

८. प्रेस काउन्सिलले पत्रकार अनुगमन कार्यमा सक्रिय भूमिका नखेल्नु

९. श्रमजीवि पत्रकार सम्बन्धी ऐनको कार्यान्वयन नहुनु

१०. विज्ञापन वितरण नीतिमा एकरूपता नहुनु

११.अध्ययन अनुसन्धानको अभाव

१२. पत्रकारहरू बीच विश्वास र परस्पर सहयोगको अभाव

१३. पारदर्शी कानूनको अभाव

१४. आचारसंहिताको व्यवहारिक र सैद्धान्तिक नीतिप्रति तालमेल हुन नसक्नु

१५.संचारका व्यवस्थापकीय कार्यमा अवैज्ञानिक नीति

## ७.२. **सुझावहरू** (Recommendation)

कुनै पनि व्यावसायिक आचरणको सीमा वा नैतिक बन्धन नै आचारसंहिता हो । कुनै पनि पेशामा संलग्न व्यक्तिले के गर्न हुन्छ तथा के गर्न हुँदैन भनेर मापदण्ड निर्धारण गर्छन् । यही कामको सीमाङ्कनलाई नै आचारसंहिताका रूपमा लिंइदै आएको पाइन्छ । तर, यो कुनै कानून नभई व्यावसायिक संस्थाहरूले नैतिक बन्धनमा रहन तयार गरेको सीमा मात्र हो । राज्यको चौथो अंग मानिने प्रेसले छाडा रूपमा प्रस्तुत हुँदा जनता सुसूचितको ठाउँमा कुसूचित हुने खतरा सिर्जना हुन्छ । त्यसैबाट टाढा रहन आचारसंहिता प्रयोगमा ल्याइन्छ । पेशागत मर्यादा, नैतिक बन्धन, कानूनको सम्मान जस्ता विषयमा सचेत पार्ने आचारसंहिताको उद्देश्य हुन्छ । पत्रकार आचारसंहिता कार्यान्वयनका दिशामा प्रेस काउन्सिल एउटा पूर्ण स्वतन्त्र निकायको रूपमा स्वच्छ भावना बोकी नयाँ पुर्नसंरचनाका साथ आउनुपर्ने टड्कारो आवश्यकता देखिएको छ । प्रेस काउन्सिलका सम्बन्धमा विभिन्न संघ संस्था, आयोग तथा विद्वानहरूले पनि आ-आफ्नो सुझावहरू पेश गरेका छन् । यहाँ केही मननयोग्य सुझावहरू प्रस्तुत गरिएको छ । "यसको गठन, नाम र मूलतया छापा माध्यमसँग सम्बन्धित रहेको पनि छ । यसै पृष्ठभूमिमा हामी मिडिया आयोगको सम्भावना हेरिरहेका छौं । यस अवस्थामा छापा क्षेत्रलाई मात्रै नहेरेर रेडियो टेलिभिजनको दुबै क्षेत्रमा विस्तार आइरहेको छ । त्यस विस्तारलाई पनि समेट्ने गरेर एउटा अलग्गै आयोगको आवश्यकता सम्भवतः महसुस गरिएको हुनसक्छ । बाह्र वर्षको अवधि खासगरी राष्ट्रिय संचार नीति -२०४९ बनेपछि यस क्षेत्रमा जुन किसिमका परिवर्तन आएको छ  त्यस परिस्थितिलाई एकपटक गम्भीर पुनरावलोकन गर्न जरूरी छ । संचार नीति बनेपछि कै हिसावले पनि दश वर्षको प्रयोगमा हामीले त्यस नीतिलाई पनि केहि परिवर्तन गर्नु र थप स्पष्टता दिनु आवश्यक छ । त्यसैले यस सर्न्दभमा बीच बीचमा भएका अध्ययनहरू विभिन्न किसिमका सुझावहरू ती सबैलाई एक ठाउँमा राखेर संचार नीतिकै एकपटक पुनरावलोकन गर्ने र त्यससँग सम्बन्धित संस्थाहरूलाई एकपटक नयाँ ढगंबाट फेरी हेर्न जरूरी छ । यसबारे संस्थागत भूमिकाको पुनःमूल्याङ्कन गर्नु जरूरी छ । आजको आवश्यकता भनेको प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा परिवर्तन गर्न ऐनमा परिवर्तन र सुधार जरूरी भएको छ । छापा माध्यममा मात्रै आफ्नो कार्यक्षेत्र केन्द्रित गर्दै आएको प्रेस काउन्सिलले मिडिया क्षेत्रमा आज आएको विविधता र व्यापकता समेत ध्यानमा राख्दै आफ्नो कार्यक्षेत्रको विस्तार गर्नु बढी व्यवहारिक र

औचित्यपूर्ण देखिन्छ" । (प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण किन नगर्ने - नरहरि आचार्य , २०५८ कार्तिक १ गते गोरखापत्रमा प्रकाशित लेख)

"व्यक्तिको ख्याति मर्यादामा प्रतिकूल प्रभाव पार्ने, सदाचार शिष्टतामा प्रभाव पुऱ्याउने, व्यक्तिको निजीपनामा अतिक्रमण गर्ने, अदालतको स्वतन्त्रता र मर्यादामा प्रतिकूल प्रभाव पुऱ्याउने, जातजाति वा सम्प्रदायहरू बीच सुसम्बन्धमा खलल पर्ने जस्ता समाचारहरू संप्रेषण भई नै रहेका देखिन्छन् । यसरी व्यक्तिगत रूपमा अभिव्यक्तिको स्वतन्त्रताको दुरूपयोग गर्ने प्रवृति एकातर्फ बढिरहेको छ भने अर्कोतर्फ अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्दा सरकारी हस्तक्षेपद्धारा  अभियोग लगाउने र मुद्दा चलाउने कार्यहरू पनि यदाकदा भइरहेको देखिन्छ । यसैगरी राजनीतिक शक्तिहरूबाट पत्रकारहरूलाई बन्धन बनाउने एवं हस्तक्षेप गर्ने कार्यहरू पनि यदाकदा भइरहेको अवस्था छ । व्यावसायिक मयार्दा कायम राख्ने अभिप्रायले जारी गरिएका आचारसंहिताको उल्लंघन गर्ने प्रवृतिमा समेत कुनै कमी आएको देखिन्न । प्रेस स्वतन्त्रताको प्रयोग संयमित र मर्यादित रूपमा गर्न सकिएमा नै समाजलाई प्रजातान्त्रिकरण गर्न सहायक सिद्ध हुनसक्छ । सबै शक्ति र स्वतन्त्रताहरू जनताबाट प्राप्त नासो हो । यस्तो स्वतन्त्रताको प्रयोग जनताको हित र कल्याणका लागि मात्र प्रयोग गरिनुपर्छ । आचारसंहिता यो आफैले आफूलाई संयमित बनाउने आफैद्धारा निर्मित बन्धन मात्र हो । यसमा कानूनी बन्धनभन्दा नैतिक बन्धन प्रवल हुन्छ, तर पनि प्रेस काउन्सिलले जारी गरेको पत्रकार आचारसंहिता नैतिक बन्धन मात्र नभएर कानूनी बाध्यकारी शक्ति प्राप्त छ, यसलाई पत्रकार जस्तो समाजको प्रवुद्ध वर्गले उल्लंघन गर्नु भनेको आफूले नै बनाएको कानूनलाई आफूले नमान्ने कानूनी शासनको मान्यता प्रतिकूलको व्यवहार हो । प्रजातान्त्रिक समाज भनेको विधिको शासन हो, यसै मान्यतालाई आत्मसाथ गर्न आफूले बनाएको कानूनलाई आफैले मिच्ने संस्कृति भन्दा मान्ने संस्कारको विकास गर्नु आजको  आवश्यकता हो" । (पत्रकार आचारसंहिताः सिद्धान्त र व्यवहार, काशीराज दाहाल, २०५८ कार्तिक २७ नेपाल जागरण साप्ताहिकबाट)

"पत्रकार आचारसंहिता पत्रकारको स्वविवेकमा भरपर्ने कुरा हो । प्रेस स्वतन्त्रता खोसिएको देशमा पत्रकार आचारसंहिता पालनाको कुरा गर्नु निरर्थक हुन्छ । तसर्थ जहाँ प्रेस स्वतन्त्रता हुन्छ, त्यहाँ पत्रकार आचारसंहिता पनि पालना हुने गर्दछ । नेपालको सर्न्दभमा हेर्दा, २०४७ कार्तिक २३ गते अघि अलग्गै अवस्था थियो र २०४७ कार्तिक २३ पछिको अवस्था बेग्लै छ । नेपाली प्रेस अहिले विस्तारै किशोर अवस्थामा आउँदैछ । २०६० सालको आचारसंहिता निर्माण भएपछि मुलुकमा २०६१ साल माघ १९ घटना घटित भयो । केही दिन पत्रपत्रिकाका सम्पादक सेना बने । जसले गर्दा प्रेस स्वतन्त्रता कुण्ठित भयो । २०६० को आचारसंहिता बनेपछि आचारसंहिता के हो भनेर सबैलाई बुझाउनु पर्दथ्यो, तर त्यसो गर्न सकिएन । यस्तो वेलामा संहिताको कुरा गर्नु न्यायसंगत हुँदैन थियो । त्यसैले पनि प्रेस काउन्सिल आचारसंहिता पालनामा सशक्त हुन सकेन । स्वतन्त्र प्रेस, स्वच्छ प्रतिस्पर्धात्मक अवस्थामा मात्र आचारसंहिताले काम गर्न सक्दछ । २०६३ वैशाख ११ पछिको अवस्थाबाट भने केहि आशा पलाएको छ । अहिले देश संकमणकालिन अवस्थामा छ, यस्तो वेला प्रेसले देशलाई हिंसात्मक द्वन्दबाट मुक्त बनाउन मिडियाले पनि केहि भूमिका खेल्नु पर्दछ । यस्तो वेला मिडियालाई आचारसंहिता हु-बहू पालना गर भन्दा पनि समय अनुकूल संयमितता अपनाउ भन्नुपर्छ । प्रेसले शब्दलाई भन्दा भाव र मर्मलाई महत्त्व दिनुपर्दछ । प्रेसले तथ्य बुझ्न सक्नुपर्दछ । तारिफ गर्नुस् वा गाली गर्नुस् तर भनेको कुरा तथ्य हुनुपर्छ । अहिले नेपाली प्रेसमा

देखिएको समस्या भनेको व्यक्तिगत पक्षलाई ख्याल नगर्नु हो, अनि व्यक्तिलाई सम्मान नगर्ने परिपाटीको अभाव । प्रेसले विना सर्न्दभ तथ्य पस्कनु हुँदैन, सर्न्दभ सहित तथ्य बुझनुपर्दछ तर नेपाली मिडियाले यतातर्फ खासै ध्यान दिएको देखिंदैन । प्रेस काउन्सिलले नैतिक बल, साहस, प्रोत्साहन दिने मात्र काम हो । कतिपय स्थितिमा यसका पनि आफ्ना कमी कमजोरीहरू छन् । केही हदसम्म राजनीति हावी भएको भन्ने आरोप छ । आचारसंहितामा व्याख्यात्मक टिप्पणी स्पष्ट नभएका कारण पनि समस्याको रुपमा देखापरेको छ । आचारसंहिता विस्तारै अनुभव गरिने कुरा हो, देखिने कुरा होइन । प्रेस काउन्सिलले समाजलाई विश्वसनीयता प्राप्त गर्न सक्षम (Society need credible) भएका व्यक्ति चयन गर्न नसक्दा पनि यसको जनविश्वास घट्न पुगेको छ । तसर्थ काउन्सिलमा क्षमता, मान प्रतिष्ठा भएका, सक्षम व्यक्तिको चयन गरिनुपर्दछ । प्रेस काउन्सिललाई राज्य र मिडियाले आवश्यक अंगको रूपमा स्वीकार  गर्नु पर्दछ । राज्यले काउन्सिलाई आफ्नै विभाग जस्तो ठान्नु हुँदैन । पत्रकारहरूले पनि संकटका वेला मात्र काउन्सिलप्रति गुहार गर्ने अनि अरु वेला वेवस्ता गर्ने परिपाटी त्याग्नुपर्दछ । समग्रमा प्रेस काउन्सिल वामे सर्दैछ । जति गर्नु पर्दथ्यो त्यति गर्न अघि बढ्न सकिरहको छैन । अझै काउन्सिलले पूर्णता पाउन सकेको छैन । यसले पूर्णता पाएपछि काउन्सिलले विश्वसनीयता कायम राख्न र आचारसंहिताको अनुगमन तथा कार्यान्वयनका पक्षमा  सशक्त भूमिका खेल्दै विद्युतीय माध्यमलाई पनि समेट्दै अगाडि बढ्नु पर्ने आवश्यकता महशुस गरिएको छ ।"(राजेन्द्र दाहाल, प्रेस काउन्सिलका अध्यक्षसगँको कुराकानीबाट)

"आचारसंहिता देशको धर्म, मूल्य मान्यता र संस्कृति अनुसार बन्नुपर्दछ  अर्थात Dharmic Approach बाट मार्गनिर्देशित हुनुपर्दछ । नेपाली प्रेसले आचारसंहिता पालनामा प्रयत्न गर्दैछन् । पत्रकार आचारसंहिता  कार्यान्वयनका दिशामा काउन्सिलको भूमिका सशक्त बन्न सकेको छैन । प्रेस काउन्सिल सरकारी दवावबाट मुक्त हुन सकिरहेको छैन । प्रेस काउन्सिलप्रति जनविश्वास घट्दैछ । काउन्सिलमा पदको लागि तछाडमछाड छ । सरकारी दवावका कारण पनि न्याय पाउन गाह्रो छ ।  काउन्सिलमा समझदारीको भावना देखिएन । काउन्सिलले नैतिक दवाव मात्र दिने भएकोले पनि दण्ड दिने वा खोज्ने प्रवृत्तिले अदालत जानेको संख्या बढेको हो । यसले गर्दा काउन्सिलको प्रभावकारितामा कमी आएको देखिन्छ ।  काउन्सिलमा न्यायधिस होइन संस्कृत पढेका,  नेपाली भाषामा आचार्य गरेका धर्म संस्कृतका विद्धानहरूलाई वोर्डमा नियुक्त गरिनुपर्दछ । सरकारी कर्मचारी नियुक्त गरेर प्रेस काउन्सिलको छवि स्वच्छ हुन सक्दैन  । काउन्सिल सामाजिक नैतिक दवाव (social ethical  pressure) बाट चल्नुपर्दछ, न कि राजनीतिक दवाव (political pressure) बाट । मानिसमा न्याय पाइन्छ भन्ने विश्वास नभएर पनि  मुद्दा कोर्टमा जाने प्रचलन बढ्दो छ । उदाहरण स्वरुप तपाई हरिहर विरहीलाई लिनोस, उहाँ किन काउन्सिल नगएर सिधैं अदालत जानुभयो त ? अव काउन्सिलको गठन विधि र संरचनामा आमूल परिर्वतन ल्याउनु पर्दछ । संगठन शुद्ध हुनुपर्दछ । अनि मात्र विश्वसनियता बढ्न जान्छ ।" (प्रा.लाल देउसा राईसँगको कुराकानीबाट)

"राष्ट्र र जनतालाई हित हुने कुरा छाप्दा वा अन्यायको विरोध गर्दा आचारसंहिता तोडिदैन । यो भनेको न्यायको पक्षमा लाग्नु हो, विपक्षमा बस्ने होइन । तर यहाँ निष्पक्षताको नाउँमा राष्ट्र र जनता विरोधी काम भएका छन्  । प्रेस काउन्सिलले आफै त्यस्तो काम गरेको छ । इमान्दार जनपक्षीय पत्रकारहरू जनताको पक्षमा

उभिन्छन् दृढ भएर, तर यस्ता पत्रकारहरूलाई तह लगाउन माघ १९ पछि निरकुंश राजतन्त्रका पक्षमा लाग्न त्यो प्रेस काउन्सिलले बल जफत गऱ्यो ।  काउन्सिलले न्यायको पक्षमा होइन, निरकुशतालाई बढावा दिन राष्ट्रको विरोध गर्न पत्रकारहरूलाई लेख्न लगायो । अव काउन्सिल लोकपक्षीय हुनुपर्दछ, राज्य, समाज, अर्थात राज्ययन्त्रमा लोकतान्त्रिकरण हुनुपर्दछ । जो आफैं आचारसंहितामा बसेको छैन भने यसले प्रेसले आचारसंहिता कार्यान्वयन गरे वा नगरेको कुरा हेर्न सक्दैन । जो देश र समाजप्रति वफादार हुने नैतिकता देखाउँछ, त्यसले मात्रै आचारसंहिता पालना गर्नसक्छ । आचारसंहिता कार्यान्वयनका लागि संचार माध्यमलाई छेकेवार लगाउनु हुँदैन र पत्रकार असल हुनुपर्दछ । आचारसंहिताको सवै देशमा प्रयत्न मात्र गरेका छन् हाम्रो देशमा पनि प्रयत्न मात्रैं भएको छ । समाजमा व्यक्ति लोभी पापी भइदिनु, व्यक्तिगत स्वार्थपूर्तिमा लाग्ने कारण पनि आचारसंहिता पालना हुन सकिरहेको छैन् ।  प्रेस काउन्सिलमा आमूल परिर्वतन गरिनुपर्दछ । प्रेस काउन्सिल जनताप्रति वफादार हुनपर्दछ, लोकतन्त्रप्रति वफादार हुनुपर्दछ, नत्र गठनको कुनै अर्थ रहँदैन । तपाई नाम जे दिनुस् चाहे मिडिया काउन्सिल वा अन्य तर यसले आफ्नो कार्यशैलीमा लोकतान्त्रिकरण अपनाउन सक्नुपर्दछ तवमात्र प्रेस काउन्सिलप्रति जनविश्वास बढ्छ" ।  (दक्षिण एशियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा), नेपाल च्याप्टरका अध्यक्ष तथा छलफल साप्ताहिकका सम्पादक गोपाल थपलियासँगको कुराकानीबाट)

यसरी काउन्सिलमा राजनीति हावी हुँदा पनि यसले आफ्नो कार्य कुशलतापूर्वक गर्न नसकेको कुरा प्रष्ट छ । यसका लागि काउन्सिलका अध्यक्षको नियुक्ति प्रक्रिया सरकारले गर्ने परिपाटी तुरून्त रोकिनुपर्दछ । अध्यक्ष जस्तो गरिमामय पदका लागि पत्रकारिता अध्ययन गरि पत्रकारिता क्षेत्रमा लागेका कानूनका ज्ञातासमेत भएको सक्षम व्यक्तिको चयन हुनु पर्दछ । हाल रहेको प्रेस काउन्सिल खारेजी गरी विद्युतीय सञ्चारमाध्यमलाई पनि समेट्ने गरी मिडिया काउन्सिल बनाउनुपर्ने सुझाव ७० प्रतिशत उत्तरदाताले व्यक्त गरेबाट पनि अव यसले त्यतातिर ध्यान दिनु पर्ने देखिन्छ । काउन्सिलको वार्षिक प्रतिवेदन नेपाल सरकारमा होइन कि संसदमा प्रस्तुत गरी छलफल गरिनुपर्ने सुझाव यस अध्ययनले देखाएको छ । सञ्चार माध्यमको दुरूपयोग नियन्त्रण गर्न प्रेस काउन्सिल सशक्त हुनुपर्ने देखिन्छ । दुरूपयोग फेला परे सुविधा कटौती गरिहाल्नुपर्छ । छिमेकी मुलक भारतमा दुरूपयोग भएको ठहर भएमा राज्यले उपलब्ध गराउँदै आएका सुविधा तत्काल रोक्ने व्यवस्था छ । सञ्चारका माध्यम सम्बन्धी वर्गीकरण गर्ने नीतिप्रतिं पनि प्रेस काउन्सिल तटस्थ नभएको गुनासो रहँदै आएको छ । हरेक पटक काउन्सिलमा नेतृत्व फेरिने वित्तिकैं पत्रिकाको वर्गीकरणमा तल माथि हुनु एउटा विशेषता नै बन्न पुगेको छ । सोमनाथ घिमिरे काउन्सिलमा रहँदा उनको पत्रिका युगसंवाद 'क'  वर्गमा पर्नु र वोर्डबाट बाहिरिने वित्तिकैं 'ख' वर्गमा झर्नु, त्यस्तै यसअघि 'ख' वर्गमा परेको पुर्नजागरण साप्ताहिक माथवर सिंह वस्नेत काउन्सिलको अध्यक्ष हुनेवित्तिकैं पहिलो पटक 'क' वर्गमा पर्नु जस्ता घट्नाले पक्कै पनि प्रेस काउन्सिलको निष्पक्षता माथि ठूलो प्रश्न चिन्ह लाग्न गयो । तसर्थ यस अध्ययनबाट निम्न सुझावहरू अघि सारिएका छन्, जुन प्रेस काउन्सिल नेपालले अबको लोकतान्त्रिक बाटोमा हिड्न र सबैको नजरमा प्रेस काउन्सिल एउटा स्वच्छ र निष्पक्ष स्वतन्त्र निकायको रूपमा अगाडि बढ्न सहयोग पुग्नेछ । अझ भन्नुपर्दा, यसले  पत्रकार आचारसंहिता कार्यान्वयनका दिशामा सशक्त भूमिका खेल्न सक्ने वातावरणको निर्माण हुनेछ ।

१) पत्रकार आचारसंहिताको पालना गर्न गराउन प्रेस काउन्सिललाई अझ शक्तिशाली र सुविधा सम्पन्न बनाउनुपर्दछ। आचारसंहिताको नियमित अनुगमन गरेर काउन्सिलले समय-समयमा आचारसंहिता पालनाको स्थिति सार्वजनिक गर्नुपर्दछ।

२) पत्रपत्रिका र पत्रकारलाई प्रदान गर्ने सुविधा तथा मूल्यांकनमा आचारसंहिता पालना गरे नगरेको तथ्यलाई पनि आधार बनाउनु पर्दछ। व्यावसायिक आचरणको उल्लंघन गरी पेशालाई अमर्यादित बनाउने पत्रकार र पत्रिकालाई पेशागत संघ संगठनहरूले पनि संरक्षण दिनुहुँदैन।

३) पत्रकारहरूलाई तालिम र अध्ययनको अवसर प्रदान गरेर उनीहरूको व्यवसायिक दक्षता वृद्धि गर्न राज्यको तहबाट ठोस कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गरिएमा र पीत पत्रकारिता गर्ने प्रवृत्ति भएका पत्रकारहरूलाई त्यस्ता अवसरबाट वञ्चित गरिएमा त्यसले व्यवसायप्रतिको प्रतिवद्धतालाई व्यवहारमा उतार्न प्रोत्साहित गर्नेछ।

४) पत्रकारलाई दिइने सम्पादकीय स्वतन्त्रता र उनीहरूले पाउने मासिक तलब ठीक समयमा दिए नदिएको हेरेर पनि श्रेणी मूल्यांकन हुनु आवश्यक छ। समयमा तलब नदिने वा सम्पादकीय स्वतन्त्रता नदिने अखबारलाई ऋणात्मक अंक दिने हो भने लागू हुन नसकेको श्रमजीवी ऐनलाई केही राहत मिल्ने देखिन्छ।

५) पत्रिकाको वर्गीकरण गर्दा आचारसंहिता पालना गरेको पत्रपत्रिकाहरूलाई विशेष वर्गीकरणमा राखी राज्यले दिने सुविधामा पनि यस्ता पत्रिकालाई विशेष रूपमा हेरिनुपर्दछ ताकी आचारसंहिता पालनाप्रतिको प्रत्यक्ष फाइदा मिडियाले अनुभव गर्न पाउन्।

६) प्रेस स्वतन्त्रता व्यवहारमा नै पूर्णतः उपभोग गर्न सकिने अवस्था राज्यबाट हर समय कायम राखिनुपर्दछ। प्रेसलाई अनावश्यक नियन्त्रण गर्ने वा गलत ढंगबाट प्रयोग गर्न खोजियो भने त्यसले अत्यन्त प्रत्युत्पादक परिणाम सिर्जना गर्दछ। प्रलोभन, दवाब वा भयग्रस्त मानसिकताबाट प्रेसले सही र तथ्यपूर्ण सूचना एवं स्वच्छ र रचनात्मक विचार प्रवाह गर्न सक्दैन। यस्तो अवस्थाले जिम्मेवार प्रेसलाई पनि कमजोर एवं विचलित गर्न सक्छ। त्यस्तो वातावरणमा पीत पत्रकारिताले जरो गाड्ने र फस्टाउने मौका पाउँछ। त्यसैले प्रेसलाई जिम्मेवार बनाउन प्रेस स्वतन्त्रता निर्वाध उपयोग गर्ने वातावरण हुनै पर्दछ।

७) प्रेसलाई यथोचित सुविधा र संरक्षण प्रदान नगरी उत्तरदायी मात्रै बनाउँछु भनेर सकिँदैन। त्यसैले सेवा, सुविधा र संरक्षणको योजनालाई पत्रिकाको गुणस्तरीयता, विश्वसनीयता र जिम्मेवार प्रस्तुती जस्ता विषयसँग गाँसेर कार्यान्वयन गर्नुपर्दछ।

८) राष्ट्रिय हित र सुरक्षाको संवेदनशीलतामा प्रेस जगत्लाई सजग, सचेत र सुसूचित वातावरण बनाइरहन राज्यको तहबाट विश्वासपूर्ण ढंगले सही सूचना र धारणा उपलब्ध गराउनु पर्दछ। यसका लागि राज्यले एउटा संयन्त्रको निर्माण गरी समय-समयमा पत्रकारहरूसँग अन्तरक्रिया गर्नु आवश्यक छ।

९) पत्रकार आचारसंहिता उल्लंघन गर्ने पत्रकार र पत्रिकालाई राज्यका साथै प्रेस काउन्सिल, पत्रकार महासंघ र पत्रकारितासित सम्बन्धित कुनै पनि संघसंस्थाले संरक्षण र प्रोत्साहन दिनु हुँदैन। सरकारले त्यस्ता पत्रिका वा पत्रकारलाई निश्चित अवधिसम्म भौतिक सुविधाहरू कटौती गर्नुपर्दछ। त्यस्ता पत्रकारलाई राष्ट्राध्यक्ष र सरकारप्रमुखको भ्रमणमा संलग्न गराइनु हुँदैन।

१०) सूचनाको हकसम्बन्धी ऐन र नियम तर्जुमा गरी सूचना प्रवाहलाई सहज र व्यापक नबनाएसम्म भ्रमपूर्ण सूचना प्रवाहको स्थितिलाई अन्त्य गर्न सकिंदैन । त्यसैले पत्रकारिता पेशालाई मर्यादित गर्न पनि सूचनाको हकसम्बन्धी संवैधानिक व्यवस्था कार्यान्वयन गराउनुपर्दछ ।  व्यक्तिको गोपनियताको हकसम्बन्धी कानुन पनि निर्माण हुनु पर्छ । यी कानुनको तर्जुमा नभएसम्म प्रेसले सूचनाको स्रोतमा सहज प्रवेश नपाएको मानिने छ । हालको कमजोरी केही ऐन कानुनको अभावले गर्दा भएको ठहरिने छ ।

११) प्रेस काउन्सिल राजनीतिक हस्तक्षेपबाट पूर्ण मुक्त रहनुपर्दछ तथा व्यवसायिक मर्यादा र प्रेस स्वतन्त्रतामा बढी केन्द्रीत भएर पारदर्शी ढंगले अघि बढ्नुपर्छ ।

१२) प्रेस काउन्सिल  पूर्ण स्वतन्त्र निकायको रूपमा स्थापित हुनुपर्दछ । यसमा हुने सरकारी हस्तक्षेप तुरून्त  बन्द गरिनुपर्दछ ।

१३) प्रेस काउन्सिलको अध्यक्ष पदका लागि पत्रकारिता पढी, सोही पेशामा लागेको र प्रेस कानूनको समेत ज्ञाता रहेको सक्षम, समाजमा राम्रो छवि भएको व्यक्तिको चयन हुनु पर्दछ ।

१४) पत्रकारिता क्षेत्रमा क्रियाशिल सक्षम र सवल व्यक्तिहरूलाई समेट्नका लागि काउन्सिललाई पूर्णरूपमा व्यवस्थित, पारदर्शी र राजनीतिबाट अलग राख्नुपर्छ ।

१५) आचारसंहिता विना नेपाली संचार माध्यम छाडा हुने हुँदा समाजमा अकल्पनीय घटना समेत घटन जाने हुँदा आचारसंहिताका वारेमा काउन्सिलले वेला वखतमा पत्रकारहरूलाई तालिम दिने, प्रशिक्षण दिने परिपाटीको विकास गर्नुपर्दछ ।

१६) व्यवसायिक हित रक्षाका लागि अन्तरक्रियात्मक चौतारीको रूपमा प्रेस काउन्सिललाई अगाडि बढाउनुपर्छ ।

१७) पत्रकारहरूको हकहितका लागि श्रमजीवी पत्रकार ऐन लागु गर्ने, व्यावसायिकतामा जोड दिने र गैर कानुनी पत्रकार नियन्त्रणतर्फ आफूपनि सजग रहँदै सरकारी दबाबलाई क्षीण गर्दै अघि बढ्नु पर्छ ।

१८) सूचनाको हक सम्बन्धी कानून तुरून्त बन्नु पर्दछ । यो कानून नबन्दा पनि सरकारी कार्यालयमा सूचना लुकाउने प्रवृत्ति बढ्दो छ, यसका कारण पत्रकारले समाचार अनुमानका भरमा लेख्नुपर्ने बाध्यता छ । यसले पनि आचारसंहिता पालनामा कठिनाई उत्पन्न भएको छ ।

१९)  आचारसंहिता अनुगमनका लागि दक्ष जनशक्तिको कमी भएको देखिन्छ, तसर्थ यस अनुगमन इकाईका लागि थप कर्मचारीको व्यवस्था गरिनु पर्दछ ।

२०)  हाल प्रेस काउन्सिलले छापा माध्यमलाई मात्र आचारसंहिता पालना भए वा नभएको अनुगमन गर्दै आएको देखिन्छ । अब यसले आफनो कार्यक्षेत्रलाई रेडियो, टेलिभिजन, अनलाइन इन्टरनेट जस्ता विद्युतीय माध्यमलाई पनि समेट्न सक्ने बनाउनु पर्दछ ।

२१) प्रेस काउन्सिललाई अव मिडिया काउन्सिलको रूपमा विकास गरी समय अनुरूप अगाडि लैजानुपर्छ ।

२२) प्रेस काउन्सिललाई श्रमजीवि पत्रकारको हकहित हेर्ने संस्थाको रूपमा पनि विकसित गराउनुपर्छ ।

२३)  प्रेस काउन्सिलको नेतृत्वतहको निर्णयहरू पारदर्शी हुनुपर्छ । पत्रकारहरूलाई गरिने व्यवहार समान हुनुपर्छ

२४) पत्रकार आचारसंहिताको व्याख्यात्मक टिप्पणी स्पष्ट हुनुपर्दछ । कस्तो भाषामा समाचार लेख्दा आचारसंहिता हनन् हुन्छ भन्ने सम्बन्धमा पहिले नै एउटा खाका तयार गरी सोही अनुरूप कारवाही अगाडि बढाउनु पर्दछ ।

२५) पत्रपत्रिकाको सुपरीवेक्षण तथा मूल्यांकन वितरणलाई निष्पक्ष र पारदर्शी बनाउनुपर्दछ ।

२६). काउन्सिलको आर्थिक कारोवारमा पारदर्शीता कायम गर्नुपर्छ ।

२७) काउन्सिलले अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गरी नेपाली पत्रकारहरूको अन्तर्राष्ट्रिय संजालमा आवद्ध गराउन पहल गर्नुपर्छ ।

२८) काउन्सिलको उद्देश्यलाई स्थानीय पत्रकारहरूको पहुँचसम्म पुऱ्याउनुपर्छ ।

## अनुसूची १

पत्रकार आचारसंहिता कार्यान्वयमा प्रेस काउन्सिलको भूमिका विषयक शोधपत्रका लागि तयार पारिएको प्रश्नावली । कृपया आफूलाई चित्त बुझेको उत्तरको कोष्ठक भित्र ठीक ☑ चिन्ह लगाइदिनु भई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ । तपाईको नाम गोप्य राखिनेछ ।

**प्रश्नावलीहरू**

१. के व्यवसायिक पत्रकारिताका लागि प्रेस काउन्सिल नेपालको भूमिका आवश्यक छ ?
(क) आवश्यक छ ☐ (ख) आवश्यक छैन ☐ (ग) थाहा छैन ☐

२. के पत्रकार आचारसंहिता व्यवसायिक पत्रकारिताको लागि आवश्यक छ ?

(क) आवश्यक छ ☐ (ख) आवश्यक छैन ☐ (ग) थाहा छैन ☐

३. नेपाली पत्रपत्रिकाहरूले के कत्तिको आचारसंहिता पालना गरेका छन ?
(क) पूर्णरूपमा गरेका छन्☐(ख) आंशिक मात्रामा गरेका छन् ☐ (ग) गरेका छैनन्☐

(घ) थाहा छैन ☐

४. प्रेस काउन्सिलको सांगठनिक संरचनाको स्वरूप कस्तो छ ?

(क) राजनीतिले प्रभावित छ ☐ (ख) स्वतन्त्र छ ☐(ग) सरकारप्रति बढी झुकाव छ☐
(घ) थाहा छैन् ☐

५. के तपाई प्रेस काउन्सिल नेपालको गठन संरचनाप्रति सन्तुष्ट हुनुहुन्छ ?
(क)सन्तुष्ट छु ☐(ख) आंशिक सन्तुष्ट छु ☐ (ग) सन्तुष्ट छैन☐(घ) थाहा छैन् ☐

६. तपाइको विचारमा प्रेस काउन्सिलको गठन प्रकिया कस्तो हुनुपर्छ ?

(क) पूर्ण स्वतन्त्र निकाय हुनुपर्छ ☐ (ख) अर्धसरकारी निकाय हुनुपर्छ☐ (ग) सरकारको मातहतमा हुनपर्छ ☐ (घ) थाहा छैन्☐

७. कुन निकायप्रति प्रेस काउन्सिल नेपाल उत्तरदायी बन्नुपर्छ होला ?

(क) जनताप्रति☐ (ख) पत्रकारहरूप्रति☐ (ग) नेपाल सरकारप्रति☐ (घ) व्यवसायिक पत्रकारिताप्रति ☐ (ङ) पाठकप्रति☐ (च) माथिका सबै ☐ (छ) थाहा छैन☐

८. प्रेस काउन्सिल नेपाल अर्ध सरकारी निकाय भएकोले पनि आचारसंहिताको कार्यान्वयनमा प्रभावकारी भूमिका खेल्न नसकेको हो ?

(क) हो ☐(ख) होइन☐ (ग) थाहाछैन ☐

९. के पत्रकार महासंघको सहयोगमा प्रेस काउन्सिलले जारी गरेको आचारसंहिता पूर्ण छ ?
(क)पूर्ण छ☐ (ख) आंशिक छ☐ (ग) पूर्ण छैन ☐

१०. पत्रकार आचारसंहिता कार्यान्वयनमा प्रेस काउन्सिलको भूमिका कस्तो देख्नुहुन्छ ?
(क) राम्रो छ ☐(ख) आंशिक राम्रो छ ☐ (ग) राम्रो छैन ☐ (घ) अन्य ..........................

११. के अहिलेको आचारसंहिता( आचारसंहिता-२०६०) ले छापा माध्यम र विद्युतीय माध्यम दुवैलाई समेट्न सकेको छ ?
(क) छ ☐(ख) छैन ☐ (ग) थाहा छैन् ☐

१२.तपाइलाई प्रेस काउन्सिलको पत्रकार आचारसंहिताको अनुगमन प्रकिया कस्तो छ ?
(क) राम्रो छ ☐ (ख) ठीकैं छ ☐ (ग) फितलो छ ☐ (घ) राम्रो छैन ☐

१३ के तपाई. प्रेस काउन्सिल नेपालको पत्रकार आचारसंहिता अनुगमन इकाइप्रति सन्तुष्ट हुनुहुन्छ ?
(क) पूर्ण सन्तुष्ट छु ☐ (ख) आंशिक सन्तुष्ट छु ☐ (ग) सन्तुष्ट छैन ☐

१४. के प्रेस काउन्सिलको पत्रकार आचारसंहिता अनुगमन इकाईले छापा र विद्युतीय माध्यम दुवैलाई समेट्न सकेको छ ?
(क) छापामाध्यम लाई मात्र छ☐ (ख) दुवैलाई समेटेको छ ☐ (ग) विद्युतीय माध्यमलाई समेटेको छैंन् ☐

१५ .किन पत्रकार आचारसंहिता अनुगमन चुस्त बन्न नसकेको होला ?
(क) जनशक्तिको कमीका कारण ☐ (ख) अनुगमन इकाइको लापरवाहीका कारण☐
(ग) ढिलासुस्तीका कारण☐ (ग) थाहा छैंन☐ (घ) अन्य............................................

१६. नेपाली सञ्चारमाध्यमहरूले पत्रकार आचारसंहिता पालना गर्न किन कठिनाइ परेको होला ?
(क) आर्थिक अभावका कारण☐ (ख) लागानीकर्ताको दवावका कारण☐
(ग) विज्ञापनदाताको दवावको कारण☐ (घ) व्यवसायिक ज्ञानको अभाव (ङ) माथिका सबै ☐ (च) थाहा छैन्......

१७. के तपाई प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता उल्ल्घनको कानुनी प्रकिया प्रति सन्तुष्ट हुनुहुन्छ ?
(क) सन्तुष्ट छु ☐ (ख) खासै छैन ☐ (ग) थाहा छैन् ☐

१८. के अहिले प्रेस काउन्सिलले तोकेको आचारसंहिता उल्लघन वापतको जरिवाना प्रर्याप्त छ ?
(क) प्रर्याप्त छ ☐ (ख) ठिकै छ☐ (ग) कमी छ☐ (घ) थाहा छैन ☐

१९. के प्रेस काउन्सिलले जारी गर्ने र संचार माध्यमले आफै लागू गर्ने आचारसंहिता बीच सामन्जस्यता( तालमेल) छ ?
(क) छ ☐ (ख) छैन ☐ (ग) थाहाछैन☐

२०. तपाईको विचारमा प्रेस काउन्सिललाई खारेजी गरेर मिडिया काउन्सिल बनाउनु जरूरी छ ?
(क) जरूरी छ☐ (ख) जरूरी छैन्☐ (ग) थाहाछैन ☐

२१. प्रेस काउन्सिल र मिडिया काउन्सिल बीच के भिन्नता देख्नुहुन्छ ?

(क) कार्यक्षेत्राधिकार बढी हुन्छ ☐ (ख) दुवै माध्यम समेट्न सक्छ ☐ (ग) २१ औ शताब्दिको मिडिया सुहाउँदो अगाडि बढ्छ ☐ (घ) थाहा छैन ☐

२२.पत्रकार आचारसंहिता पालनाका समस्या के हुन सक्ला ?

(क) सैद्धान्तिक र व्यवहारिक नीतिप्रति समन्वय नहुँदा☐ (ख) कानूनी दण्डसजाय कम भएका कारण☐
(ग) प्रेस स्वतन्त्रता कुण्ठित गर्दा☐ (घ) वा अन्य............................

२३. के बाट पत्रकारआचार संहिता निर्देशित हुनुपर्छ ?
(क) अन्तराष्ट्रिय मान्यताका आधारमा☐ (ख) राष्ट्रिय धर्म र सामाजिक मूल्य मान्यताका आधारमा☐

(ग) राजनितिका आधारमा ☐ (घ) अन्य ...................................

२४. किन पत्रकार आचार संहिता चाहिन्छ ?
(क) स्वच्छ व्यवसायिक पत्रकारिताको विकासका लागि☐ (ख) पत्रपत्रिकालाई संकुचन गर्नका लागि ☐
(ग) समाजमा अनुशासन कायम गर्न ☐ (घ) पत्रकारहरूलाई आफ्नो पेशाप्रति उत्तरदायी बनाउन
(ङ) सम्पादक प्रकाशकलाई सचेत पार्न☐ (च) अन्य.......................

२५.प्रेस काउन्सिलको वार्षिक प्रतिवेदन कहाँ पेश गर्नु उपयुक्त हुन्छ ?
(क) नेपाल सरकारमा☐ (ख) संसदमा☐ (ग) अन्य..................

२६. के तपाई प्रेस काउन्सिलको पत्रपत्रिकाहरूको वर्गीकरण र मूल्याङकन प्रकिया मापदण्डप्रति सन्तुष्ट हनुहुन्छ?

(क) सन्तुष्ट छु ☐ (ख) आंशिक सन्तुष्ट छु ☐(ग) सन्तुष्ट छैन ☐

२७. कुनै पत्रपत्रिकाहरूले आचारसंहिता उल्लघन गरेमा उजुरी गर्ने निकाय कुन हो ?
(क) अदालतमा (ख) पत्रिकाको कार्यालयमा (ग) प्रेस काउन्सिलको कार्यालयमा (घ) थाहा छैन्

२८ के तपाई अहिलेको प्रेस काउन्सिलको अध्यक्ष नियुक्ति योग्यताको आधारशीलाप्रति सन्तुष्ट हुनुहुन्छ ?
(क) पूर्ण सन्तुष्ट छु ☐(ख) आंशिक सन्तुष्ट छु ☐(ग) सन्तुष्ट छैन ☐

२९. तपाईको विचारमा अध्यक्षको योग्यता कस्तो हुनुपर्दछ त ?
(क) पत्रकारमात्रै हुनुपर्दछ☐ (ख) प्रेससँग सम्बद्ध नभएका स्वतन्त्र व्यक्ति ☐
(ग) पत्रकारिता पढेको हुनुपर्दछ ☐(घ) कानूनी क्षेत्रमा लागेको व्यक्ति हुनुपर्दछ☐ (ङ) अन्य.....................

३०. के तपाईलाई प्रेस काउन्सिल नेपालले संचार माध्यममा कार्यरत पत्रकारहरूको हक र हितको पक्षमा कुनै आवाज उठाएको थाहा छ ?

(क) थाहा छ ☐ (ख) थाहा छैन☐

३१. के प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघ बीच समन्वय छ ?
(क) समन्वय छ☐ (ख) नाम मात्रैको छ ☐(ग) समन्वय छैन☐ (घ) थाहा छैन ☐

३२.प्रेस काउन्सिल र पत्रकार महासंघ बीच कस्तो समन्वय आवश्यक छ ?
(क) आचारसंहिता कार्यान्वयनमा☐ (ख) पत्रकारहरूको व्यवसायिक क्षमता अभिवृद्धिमा ☐(ग) सरकार र प्रेस बीच सुमधुर सम्बन्ध राख्नमा ☐(घ) अन्य...................................................

३३. के तपाई प्रेस काउन्सिलको पत्रपत्रिका वितरण संपरिक्षण समिति पत्रपत्रिका वितरण संपरिक्षणको मापदण्ड र प्रक्रिया प्रति सन्तुष्ट हुनुहुन्छ ?

(क) पूर्ण सन्तुष्ट छु (ख) आंशिक सन्तुष्ट छु (ग) सन्तुष्ट छैन ।

३४. पत्रकार आचारसंहिताको अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउन काउन्सिलका तर्फबाट कस्तो सुधार गर्नुपर्ला ?

..........................................................................................................................................

३५. तपाईलाई प्रेस काउन्सिलको संगठनात्मक संरचना कस्तो लाग्छ ? यसमा सुधार ल्याउन के गर्नुपर्ला ?

..........................................................................................................................................

३६ तपाईको विचारमा प्रेस काउन्सिल नेपाललाई अझै बढी सक्षम, सवल र व्यवस्थित पार्न के गर्नु पर्ला ?

..........................................................................................................................................

३७. आचारसंहिता अनुगमन तथा मूल्याङ्कन कार्यका चुनौती के के हुन ?

..........................................................................................................................................

नाम :.................................................. कार्यरत संस्थाको नाम.................................

ठेगाना................................ सम्पर्क फोन वा इमेल.........................................................

**शैक्षिक योग्यता:** एस.एल.सी. सम्म ☐ प्रविणता प्रमाणपत्रतह☐ स्नातक तह☐ स्नातकोत्तर तह ☐ सो भन्दा माथि☐

सहयोगका लागि धन्यवाद ॥

शोधकर्ता :

कृष्णप्रसाद तिवारी

रत्नराज्य लक्ष्मी क्याम्पस, काठमाडौं

# अनुसूची-२

## हरिहर विरही कार्यदलको प्रतिवेदनले दिएका सुझावहरु

पत्रपत्रिका एवं पत्रकारहरूको अभिलेख राख्ने, र तिनको अनुगमन गर्ने लगायतका काम कारबाहीको लागि छापाखाना तथा प्रकाशन ऐन एवं श्रमजीवी पत्रकार ऐनले कल्पना गरेअनुसारको प्रेस रजिष्ट्रारको कार्यालय स्थापना हुन सकेको छैन । प्रेस कार्यालय स्थापना हुनु आवश्यक छ । पत्रपत्रिकाको दर्ता गर्ने व्यवस्था स्थानीय पदाधिकारीको सट्टा प्रेस रजिष्ट्रार कार्यालय अन्तर्गत नै हुनुपर्ने व्यवस्था गरिनुपर्दछ । प्रेस रजिष्ट्रारको कार्यालय स्थानीय इकाइका रूपमा संचार केन्द्रहरूलाई परिचालित गराउन सकिन्छ । प्रेस रजिष्ट्रारको व्यवस्थाले पत्रपत्रिकाको दर्ता, अभिलेख, पत्रकारहरूको मान्यता एवं उनीहरको हक हितको सुरक्षा क्षेत्रमा सकारात्मक परिणाम दिन सक्नेछ ।

**प्रेस काउन्सिल नेपाल**

क) प्रेस काउन्सिलको स्वायत्ततालाई अझ प्रभावकारी बनाउन तथा प्रेस जगतको संरक्षण र विकासको प्रतिष्ठित एवं केन्द्रीय निकायका रूपमा विकास गर्न यसको संगठनात्मक संरचना र नियुक्ति प्रक्रियामा परिर्वतन गरिनु आवश्यक छ । यसलाई चुस्त, प्रभावकारी, सक्षम र शक्तिशाली बनाउने ध्येयले मौजुदा ऐनमा संशोधन गर्नुपर्दछ ।

ख) प्रेस काउन्सिललाई पत्रपत्रिकामा मात्र सीमित नगरी आमसंचारका सम्पूर्ण माध्यमलाई यसको परिधिमा ल्याउनु आवश्यक छ ।

ग) मर्यादित, संस्थागत एवं जिम्मेवार पत्रकारिताको प्रवद्धनका लागि प्रेस काउन्सिलले पत्रकार आचारसंहिता जारी गर्ने तथा त्यसको अनुगमन गर्ने कार्यलाई प्रभावकारी रूपमा संचालन गर्न प्रेस काउन्सिललाई प्रसारण र कम्प्युटर अनलाइन पत्रकारितासमेत समेट्ने गरी कार्यक्षेत्रलाई व्यापक पारिनुपर्दछ ।

घ) नेपाल सरकारले प्रेस काउन्सिललाई दिने अनुदान राष्ट्रिय बजेटको अंशमा परिभाषित हुनुपर्दछ ।

ङ) काउन्सिलले कुनै प्रसंगमा दिएको राय, अभिमत, सुझाव र निर्देशनलाई नेपाल सरकार, सम्वद्ध पदाधिकारी वा पत्रकारहरूले गम्भीररूपमा लिनुपर्ने व्यवस्था गरिनुपर्दछ ।

च) काउन्सिलको वार्षिक प्रतिवेदन संसद्मा प्रस्तुत गरिने व्यवस्था गर्नुपर्दछ ।

छ) प्रेस काउन्सिलसँग हाल साधन र स्रोत अत्यन्त सीमित छ । सरकारका तहबाट हाल उपलब्ध साधनको सीमामा उल्लेखनीय वृद्धि हुनु आवश्यक छ । काउन्सिलले आफ्नै स्रोतहरूबाट पनि विस्तार गर्नु आवश्यक देखिन्छ ।

ज) पत्रपत्रिका वर्गीकरण, आचारसंहिताको नियमित अनुगमन र पत्रकारिताका विविध विषयमा अनुसन्धानमूलक गतिविधिलाई सुदृढ ढंगले संचालन गर्न मौजुदा जनशक्ति र साधनले पुग्ने आवस्था देखिदैन । काउन्सिलका सदस्यहरूको परिचालन र विशेषज्ञ जनशक्तिको लागि थप साधन एवं स्रोत परिचालनको खाँचो छ ।

झ) काउन्सिललाई पत्रकारिता सम्बन्धी अध्ययन अनुसन्धानको केन्दीय प्रतिष्ठानको रूपमा पनि अघि बढाउनुपर्दछ । (यी सुझावहरू नेपाल सरकारद्धारा पत्रपत्रिकाको विकासका लागि सुझाव दिन प्रेस काउन्सिलका अध्यक्ष हरिहर विरहीको संयोजकत्वमा २०५९ साल पुष ९ गते गठित कार्यदलले दिएको हो ।

## अनुसूची-३

## साफ्मा सम्मेलनबाट पारित ६ वटा संशोधन प्रस्तावका सुझावहरु

- प्रेस काउन्सिल ऐन २०४८ अनुसार प्रस्तवनामा उल्लेख गरिएको पत्रकारितासम्बन्धी उच्चतम व्यावसायिक मूल्य मान्यताको अभिवृद्धिका लागीको सट्टा 'मुन्द्रण तथा विद्युतीय संचार' पत्रकारिता राखिनुपर्ने,
- काउन्सिलको गठन प्रक्रियाको दफा ६ को प्रेस काउन्सिलको गठन श्री ५ को सरकारले गर्ने को सट्टा श्री ५ ले मन्त्रिपरिषद्को सिफारिसमा प्रमुखको नियुक्त गर्ने हुनुपर्ने,
- दफा ६ कै प्रेस काउन्सिलको गठनमा श्री ५ को सरकार गर्ने भन्नेमा उपधारा () अर्न्तगत श्री ५ को सरकारले प्रमुखको परामर्शमा काउन्सिलका अन्य सदस्यहरूको मनोदयन गर्ने
- दफा ६ (घ) मा भएको सदस्यहरूको मनोनयन पत्रकार, सम्पादक र प्रकाशकहरू बीचबाट छानिनेछ को सट्टामा 'पत्रकार संगठन तथा सो सम्बन्धी सरोकार राख्ने संगठनहरूको परामर्शमा सम्पादक, प्रकाशक तथा प्रसारकहरूबाट ६ जना सदस्यको मनोनयन गरिने छ राखिनुपर्ने, तथा उपधारा ( ञ) अर्न्तगत महिला पत्रकारहरूबाट एक जना सदस्यको मनोनयन गरिने समावेश गर्ने,
- दफा ६ कैं उपधारा (ञ) लाई (ञ) र (ट) मा परिर्वतन गर्ने दफा १० को वितरण समितिको लेखा परीक्षण एकाइको गठनका सम्बन्धमा २ धाराको (१) (घ) पछि (ङ) मा जिल्लाहरूबाट एकजना संचारकर्मीलाई राख्ने व्यवस्था समावेश गर्ने
- दफा ७ को काउन्सिलको अधिकार, कर्तव्य र दायित्वहरूमा उपधारा (ञ) मा जिल्लाहरूमा रहेका समाचारपत्र तथा अन्य संचार माध्यमको विकासका लागि नीति अवलम्बन गर्न समावेश गर्ने, जस्ता बुँदाहरूमा परिर्वतन गरिनुपर्ने सुझाव दक्षिण एशियाली स्वतन्त्र पत्रकार संगठन (साफ्मा , नेपाल च्याप्टरले अघि सारेको छ ।

(साफ्माको प्रथम राष्ट्रिय स्वतन्त्र संचार सम्मेलन २०६१ आसार ११ गते काठमाडौंमा भएको थियो)

## अनुसूची -४

### विगत १० वर्षमा (आ.व.०५०/०५१ देखि आ.व.०६०/०६१) सम्ममा परेका उजुरीहरूको विवरण

| क.सं | आ.व. | उजुरीको संख्या | कार्याथ/ वोधार्थ | उजुरीगर्ने व्यक्ति वा संस्था | विपक्षीको किसिम | उजुरीको प्रकृति |
|---|---|---|---|---|---|---|
| १ | ०५१/०५२ | ८ | - | सरकारी निकाय-१<br>संस्था-४<br>व्यक्ति-३ | दैनिक-१<br>साप्ताहिक-७ | चरित्रहत्या-४<br>आचारसंहिता उल्लंघन-१<br>अन्य-३ |
| २ | ०५२/०५३ | १५ | वोधार्थ-१ | सरकारी निकाय-४<br>संस्था-४<br>व्यक्ति-६ | दैनिक-९<br>साप्ताहिक-५<br>अर्धसाप्ताहिक-१ | चरित्रहत्या-२<br>मानहानी-३<br>भ्रष्टाचार-५<br>गाली वेइज्जती-१<br>अन्य-१ |
| ३ | ०५३/०५४ | १० | - | सरकारी -१<br>संस्था-३<br>व्यक्ति-६ | दैनिक-४<br>साप्ताहिक-५<br>अर्द्धसाप्ताहिक-१ | चरित्रहत्या-३<br>आचारसंहिता उल्लंघन-१<br>अन्य-६ |
| ४ | ०५४/०५५ | १९ | वोधार्थ-३ | सरकारी निकाय-४<br>संस्था-५<br>व्यक्ति-१० | दैनिक-६<br>साप्ताहिक-१०<br>मासिक-२<br>अन्य-१ | चरित्रहत्या-६<br>आचारसंहिता उल्लंघन-२<br>मानहानी-१<br>भ्रष्टाचार-३<br>अन्य-७ |
| ५ | ०५५/०५६ | ११ | वोधार्थ-९ | सरकारी निकाय-३<br>संस्था–१<br>व्यक्ति-७ | साप्ताहिक-६<br>दैनिक-१<br>पाक्षिक-२<br>मासिक-४ | चरित्रहत्या-६<br>मानहानी-३<br>आचारसंहिता उल्लंघन-१<br>भ्रष्टाचार-१ |
| ६ | ०५६/०५७ | ११ | वोधार्थ-२४ | सरकारी निकाय-२<br>संस्था-३<br>व्यक्ति-६ | दैनिक-३<br>साप्ताहिक-८ | चरित्रहत्या-२<br>आचारसंहिता उल्लंघन-७<br>मानहानी-१<br>भ्रष्टाचार-१ |
| ७ | ०५७/०५८ | १० | वोधार्थ-११ | सरकारी निकाय-२<br>संस्था-४<br>व्यक्ति-४ | साप्ताहिक-१० | चरित्रहत्या-२<br>आचारसंहिता उल्लंघन-४<br>मानहानी-१<br>भ्रष्टाचार-१<br>गाली वेईज्जती-२ |
| ८ | ०५८/०५९ | १६ | वोधार्थ - ३८ | सरकारी निकाय-२<br>संस्था-७<br>व्यक्ति-७ | दैनिक-७<br>साप्ताहिक-८<br>द्वैमासिक-१ | चरित्रहत्या-८<br>आचारसंहिता उल्लंघन-५<br>मानहानी-२<br>अन्य-१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | ०५९/०६० | ३० | वोधार्थ -३४ | सरकारी निकाय-१०<br>संस्था-७<br>व्यक्ति-१३ | दैनिक -६<br>साप्ताहिक-६<br>द्वैमासिक-२ | चरित्रहत्या-६<br>आचारसंहिता उल्लंघन-१५<br>मानहानी-३<br>अन्य-१<br>भ्रष्टाचार-३<br>गाली वेइज्जती-२ |
| १० | ०६०/०६१ | १७ | कार्यार्थ-४<br>वोधार्थ-२८ | संस्था-६<br>व्यक्ति-११ | दैनिक-६<br>साप्ताहिक-९<br>प्रसारण माध्यम-२ | चरित्रहत्या-१०<br>आचारसंहिता उल्लंघन-६<br>गाली वेइज्जती एवं चरित्रहत्या-१ |

*स्रोत: प्रेस काउन्सिल नेपाल*

## सन्दर्भ सामग्रीहरू (Biblography)

१) अधिकारी, कृष्ण, पराजुली, शेखर, वन्त, प्रत्यूष, भट्ट, कोमल, हुमागाई, देवराज -नेपाली मिडिया सन्दर्भ ग्रन्थ- २०६० मार्टिन चौतारी ।

२) अधिकारी, निर्मलमणि.आमसञ्चार र पत्रकारिता, प्रशान्ति पुस्तक भण्डार, २०६२ ।

३) अधिकारी, विजयराज 'नेपालमा पत्रकार आचारसंहिता र व्यवहारमा प्रयोग' विषयक कार्यपत्र २०६१

४) खनाल, चिरञ्जीवी, सञ्चार जगत–२०५९

५) खनाल, चिरञ्जीवि. 'साप्ताहिक समाचार पत्रका चुनौतीहरू, एडिटर्स गिल्ड नेपालद्वारा आयोजित कार्यक्रममा प्रस्तुत कार्यपत्र

६) खरेल, परशुराम, राई, लाल देउसा, खनाल, चिरञ्जिवी  नेपाली पत्रकारिता व्यवस्था र व्यवहार -पत्रकारिता विभाग त्रि.वि. र एफ.इ. एस.(FES) २०५५

७) खनाल, श्रीराम. प्रयोगात्मक पत्रकारिता, विद्यार्थी प्रकाशन प्रालि, २०६१ ।

८) खनाल, श्रीराम प्रेस काउनिसल र पत्रकार आचारसंहिताः प्रमुख दैनिक समाचारपत्रहरूमा पत्रकार आचारसंहिताको अभ्यास विषयक शोधपत्र २०६२ ।

९) गाउँले, शिव. खबर त्रैमासिक पत्रिका, नेपाल प्रेस इन्सिच्यूट, २०५६ ।

१०) छापाखाना र प्रकाशन ऐन, २०१९

११) छापाखाना तथा प्रकाशन ऐन २०४८

१२) तिमिल्सिना, डा. रामकृष्ण, पत्रकार आचारसंहिताः आजको सन्दर्भ -, पत्रकारिता- २०६१ पुष अंक

१३) तिमल्सिना, डा. रामकृष्ण, सूचनाको हक र सुशासन

१४) देवकोटा, गृष्म बहादुर नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, साझा प्रकाशन, २०५१ ।

१५) द्वन्द्व संवेदनशिल पत्रकारिता – नेपाल प्रेस इन्स्टिचूट

१६) दाहाल, काशिराज, आमसञ्चार र कानून, नेपाल प्रेस इन्स्टिच्यूट २०५८ ।

१७) दाहाल, काशीराज, प्रेस विधिशास्त्र

१८) दाहाल, काशीराज 'पत्रकार आचारसंहिताः सिद्धान्त र व्यवहार, २०५८ कार्तिक २७ नेपाल जागरण साप्ताहिक

१९) दाहाल, काशीराज पत्रकार आचारसंहिताः सिद्धान्त र व्यवहार ( कार्यपत्र) २०६१

२०) दाहाल, ऋषिकेश,  'नेपाली मिडियामा द्वन्द' विषयक कार्यपत्र २०६१

२१) नेपाल अधिराज्यको सविधान, २०४७ ।

२२) नेपाल, किशोर (स). नेपाली पत्रकारिताको विकासक्रम, प्रेस काउन्सिल नेपाल-२०५५ ।

२३) नेपालः किशोर नेपाली पत्रकारितामा भाषा-२०५७

२४) नेपाल, सूचना विभागको विशेषांक-२०५५

२५) नेपाली पत्रकारिता र प्रेस काउन्सिलको भूमिका - अच्यूतमणि नेउपाने । २०५९ असोज ६ गते कान्तिपुर

२६) पत्रकार आचार संहिता हुनैपर्दछ -दिनबन्धु अर्याल,२०५० मंसीर १२ कान्तिपुर

२७) पाण्डे, युवराज, शर्मा विष्णुप्रसाद, नेपालमा पत्रकार आचारसंहिता प्रेस काउन्सिल नेपाल- २०५६

२८) पोखरेल, प्रबलराज, पत्रकारिताको सामान्य परिचय, युदेवास लाँघाली प्रिन्टिङ प्रेस, २०५० ।

२९) पोखरेल, गोकुल, पत्रकारिता मर्यादित र जिम्मेवारी -पत्रकारिता हातेकिताव ।

३०) पोखरेल, गोकुल, विधिको शासन र मर्यादित पत्रकारिता, पूर्णाङ्क-३१ कानून पत्रिका

३१) प्रेस काउन्सिल ऐन- २०४८

३२) प्रकाशनको दिग्दर्शन चौथो संस्करण,२०६० । प्रेस काउन्सिल नेपाल

३३) प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण किन नगर्ने - नरहरि आचार्य । २०५८ कार्तिक १ गते गोरखापत्रमा प्रकाशित लेख

३४) प्रेस काउन्सिलको तिसौं प्रतिवेदन

३५) प्रेस काउन्सिलको उनन्तीसौं वार्षिक प्रतिवेदन

३६) प्रेस काउन्सिलको सत्रौं प्रतिवेदन

३७) प्रेस काउन्सिलको एक्कासौं प्रतिवेदन

३८) प्रेस काउन्सिलको वाईसौं प्रतिवेदन

३९) प्रेस काउन्सिलको ०४२/०४३ को प्रतिवेदन

४०) प्रेस काउन्सिलको २०४१/०४२ को प्रतिवेदन

४१) प्रेस काउन्सिलको २०४४/०४५ को प्रतिवेदन

४२) मानवअधिकारको सार्वभौम घोषाणपत्र १९४८

४३) मैनाली, रघु, रेडियो वचन - २०५९ ।

४४) मैनाली, रघु सामुदायिक रेडियो, नेपाल वातावरण पत्रकार समूह, -२०५७ ।

४५) राई, लाल देउसाद्वारा प्रस्तुत "पत्रकारिता तथा आम सञ्चारमा नैतिकताको प्रश्न" विषयक कार्यपत्र २०६०

४६) रेग्मी, रामकृष्ण 'पत्रकार आचारसंहिताः सर्न्दभ व्यवसायको चासो वर्तमानको' (कार्यपत्र)

४७) लुईटेल, प्रेम कुमार, दक्षिण एसियामा पत्रकार आचारसंहिता कार्यपत्र २०६०

४८) सञ्चार नीति २०४९ र दीर्घकालीन संचार नीति २०५९

४९) Bhattarai, Binod. (2004), "Nepali Press Under Emergency" Centre For Investigative Journalism.

५०) Clifford, G Christians, Kim B. Rotzoll, Mark Fackler, Kathy Brittain Makee, Robert H. woods,jr, Media Ethics , Case and Moral Reasoning , Seventh edition

५१) Gunawardena, South Asian Absenes of an ethic is shared by journalists.

५२) John Herbert, Practising Global Journalism

५३) Kharel, P (e).Media Nepal 2000, Nepal press Institute, 2000.

५४) Kharel, P (e).Media Issues In Nepal, Nepal Association of Media Educators, 2001.

५५) Kharel, P Media Practices in Nepal, Nepal Press Institute, 2002.

५६) Kafle, Chiranjibi (e).Nepali Press During State Emergency, Federation of Nepalese Journalsits, 2003.

५७) Press Institute of Bangladesh (PIB), Dhaka, Bangladesh

५८) Press Council (Code of Ethics for Journalists) Rules 1981, The Gazette of the Victor

५९) Roger D. wimmer, Joseph R. Dominick, Mass Media Research, 7th edition

६०) Shelton, A Gunaratne, Handbook of the Media in Asia, 2002

६१_ Thussu, Daya Kishan, International Communication Continuity and Change,page - 46 "The Mc.Bride Commission Report".

६२) Tiwari, Chiranjibi (2005) "Garment Industry In Nepal under WTO Framework" unpublished Master's Degree Dissertation, Central Department of Ecomonics,Tribhuvan University, Kirtipur.

**इन्टरनेट सामग्रीहरू**

* www.freedomhouse.org

* www.journalism.edu.np
* www.ifj.org( International Federation of Journalists)

***** www.freedomforum.org ( Freedom Forum)

* www.uta.fi/ethicnet/ ( Eureopean codes of conduct)

* साथै कान्तिपुर दैनिक, गोरखापत्र दैनिक, नेपाल समाचारपत्र दैनिक, अन्नपूर्ण दैनिक, राजधानी दैनिक, The Kathmandu Post, The Rising Nepal, The Himalayan times, हिमाल पाक्षिक, नेपाल साप्ताहिक, समय साप्ताहिक जनआस्था साप्ताहिक, देशान्तर, छलफलका विभिन्न अंकहरु